पाठ्यक्रम
विकास केन्द्र

# शिक्षक निर्देशिका


# सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा

# ५




नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर


शिक्षक निर्देशिका - सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा-५




मुल्य रु.


मुद्रक : **सहयात्रा प्रिन्टर्स एण्ड पब्लिसर्स प्रा. लि.**
विराटनगर, मोरङ
मो. ९८५२०२६०९४, ९८५११९७६६५, ९८५२०३००९४

# शिक्षक निर्देशिका

## सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा

### कक्षा ५

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

**प्रकाशक** : **नेपाल सरकार**
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**पाठ्यक्रम विकास केन्द्र**
**सानोठिमी, भक्तपुर**

**© पाठ्यक्रम विकास केन्द्र**

**पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधनमा उतार्न वा अन्य रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन । पाठ्यपुस्तक सम्बन्धमा सुझाव भएमा पाठ्यक्रम विकास केन्द्रमा पठाइदिनुहुन अनुरोध छ ।**

**प्रथम संस्करण** : **वि.सं. २०८१**

(यो शिक्षक निर्देशिका पाठ्यक्रमले तोकेका विषयगत सिकाइ उपलब्धि पूरा गर्न तथा पाठ्यपुस्तकका क्रियाकलापको सहजीकरणमा शिक्षकलाई मदत पुगोस् भन्ने हेतुले विकास गरिएको हो । यसलाई अझ राम्रो बनाउन प्रयोगकर्ताका सुझाव भए केन्द्रको समन्वय तथा सम्पादन शाखामा उपलब्ध गराउनुहुन अनुरोध छ । )

**मुद्रक** : **सहयात्रा प्रिन्टर्स एन्ड पब्लिसर्स प्रा. लि.**
**विराटनगर, मोरङ**
**मो. ९८५२०२६०९४, ९८५११९७६६५,**
**९८५२०३००९४**

# हाम्रो भनाइ

शिक्षण एउटा कला हो । पाठ्यक्रम शिक्षण सिकाइको मूल आधार हो । पाठ्यपुस्तक विद्यार्थीमा अपेक्षित दक्षता विकास गर्ने एक मुख्य साधन हो । यही पाठ्यपुस्तकको सफल र अर्थपूर्ण कार्यान्वयनका लागि शिक्षकलाई सहजीकरण गर्ने सामग्री शिक्षक निर्देशिका हो । यस पक्षलाई दृष्टिगत गर्दै पाठ्यक्रम विकास केन्द्रले विद्यालय शिक्षालाई व्यावहारिक, समयसापेक्ष र गुणस्तरीय बनाउने उद्देश्यले पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास तथा परिमार्जन कार्यलाई निरन्तरता दिँदै आएको छ । आधारभूत शिक्षाले बालबालिकामा आधारभूत साक्षरता, गणितीय अवधारणा र सिप एवम् जीवनोपयोगी सिपको विकासका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाइसम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्नुपर्छ । आधारभूत शिक्षाका माध्यमबाट बालबालिकाहरूले प्राकृतिक तथा सामाजिक वातावरणप्रति सचेत भई अनुशासन, सदाचार र स्वाबलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्नुपर्छ । यसले विज्ञान, वातावरण र सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास गराई कला तथा सौन्दर्यप्रति अभिरुचि जगाउनुपर्छ । शारीरिक तन्दुरुस्ती, स्वास्थ्यकर बानी एवम् सिर्जनात्मकताको विकास तथा जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास पनि आधारभूत शिक्षाका अपेक्षित पक्ष हुन् । दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान गरी समाधानका उपायको खोजी गर्नु पनि आधारभूत तहको शिक्षाका आवश्यक पक्ष हुन् । यी सबै पक्षको सहज प्राप्तिका लागि शिक्षण गर्न शिक्षकलाई उचित निर्देशन दिने कार्य शिक्षक निर्देशिकाले गर्ने भएकाले सोको प्रभावकारी कार्यान्वयनका लागि यस निर्देशिकाको विकास गरिएको हो ।

यस शिक्षक निर्देशिकाको लेखन श्री .होमनाथ पौडेल, सिर्जना घिमिरे दहाल, सरस्वती भट्टराई र हेमराज खतिवडा संलग्न कार्यदलबाट भएको हो । निर्देशिकालाई यस रूपमा ल्याउने कार्यमा केन्द्रका महानिर्देशक श्री वैकुण्ठप्रसाद अर्याल, श्री रेनुका पाण्डे भुसाल, प्रा.डा. रामकृष्ण तिवारी, डा. टीकाराम गौतम, श्री दीपिका शर्मा र श्री युवराज ढकालको योगदान रहेको छ । यस निर्देशिकाको भाषा सम्पादन श्री चिनाकुमारी निरौलाबाट भएको हो । यस निर्देशिकाको कला सम्पादन श्री श्रीहरि श्रेष्ठबाट भएको हो । यस निर्देशिकाको विकास तथा सम्पादन कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ । शिक्षक निर्देशिका शिक्षकलाई कार्यगत प्रशिक्षण दिने र सिकाइ सहजीकरण प्रक्रियामा नवीन प्रविधिसँग सधैँ सक्रिय राख्ने पूरक सामग्री हो । यसमा पाठ्यक्रम तथा पाठ्यपुस्तकमा निर्देश गरिएका सिकाइ सक्षमता, सिकाइ उपलब्धि, विषयवस्तुको विश्लेषण तथा सिकाइ सहजीकरणका क्रममा शिक्षकले अपनाउनुपर्ने विधि र तरिका उल्लेख गरिएको छ । यसबाट सिकाइ बालकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक, प्रयोगमुखी र क्रियाकलापमा आधारित हुने अपेक्षा गरिएको छ । यसमा दिइएका क्रियाकलापलाई शिक्षकले आधारका रूपमा उपयोग गरी उत्पादनमूलक क्रियाकलापका माध्यमबाट विद्यार्थीको ज्ञान, सिप र धारणको विकास गराई सिकेका विषयवस्तुलाई प्रयोगिक बनाउन सक्ने छन् भन्ने अपेक्षा गरिएको छ ।

सिकाइ सहजीकरणका क्रममा शिक्षकलाई निरन्तर सहयोग पुऱ्याओस् भन्ने हेतुले यस निर्देशिकाको विकास गरिएको छ । कक्षामा सबै प्रकारका क्षमता भएका विद्यार्थीको सिकाइ उपलब्धिलाई वैयक्तिक रूपमै आकलन गर्न सहज होस् भन्ने ध्येय यस निर्देशिकाको रहेको छ । सिकाइ र विद्यार्थीको जीवन्त अनुभवबिच तादात्म्य कायम गर्दै यसको सहज प्रयोग गर्न शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिकाको अपेक्षा यस निर्देशिकाले गरेको छ । यस निर्देशिकालाई अझ परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत विशेष भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

**पाठ्यक्रम विकास केन्द्र**

# विषयसूची

| विषयक्षेत्र र पाठ | पृष्ठ सङ्ख्या |
|---|---|


| | | |
|---|---|---|
| **एकाइ** | **१ – हामी र हाम्रो समुदाय** | **१** |
| पाठ | १ – हाम्रा सामुदायिक कार्य | ४ |
| पाठ | २ – सामुदायिक कार्यमा सहभागी होऔँ | ८ |
| पाठ | ३ – समुदायमा सामाजिक सम्बन्ध | १२ |
| पाठ | ४ – हाम्रा पेसा तथा व्यवसाय | १४ |
| **एकाइ** | **२ – हाम्रो मानव मूल्य र मान्यता** | **२१** |
| पाठ | १ – हाम्रा परम्परागत प्रचलनहरू | २४ |
| पाठ | २ – वेशभूषा र रहनसहन | २८ |
| पाठ | ३ – हाम्रा मेलापर्व र जात्राहरू | ३१ |
| पाठ | ४ – प्रेरणादायी व्यक्तित्व | ३५ |
| पाठ | ५ – अनुशासित बनौँ | ३८ |
| पाठ | ६ – फुर्सदको सदुपयोग | ४२ |
| पाठ | ७ – सहयोगी बनौँ | ४६ |
| पाठ | ८ – हाम्रा राष्ट्रिय विभूतिहरू | ४९ |
| **एकाइ** | **३ – नागरिक चेतना, कर्तव्य र अधिकार** | **५४** |
| पाठ | १ – सम्पदाहरूको संरक्षण गरौँ | ५६ |
| पाठ | २ – हाम्रा परम्परागत सामाजिक नियम | ६३ |
| पाठ | ३ – विवाद र यसको समाधान | ६९ |
| पाठ | ४ – सडक सुरक्षा र सावधानी | ७४ |
| पाठ | ५ – सुरक्षामा सहयोगी सेवाहरू | ७९ |
| **एकाइ** | **४ – सामाजिक समस्या र समाधान** | **८४** |
| पाठ | १ – असल समाजको निर्माण | ८६ |
| पाठ | २ – लागुपदार्थ विरुद्धको सचेतना | ९१ |
| पाठ | ३ – चोरी डकैतीबाट सचेत रहौँ | ९६ |
| पाठ | ४ – सामाजिक समस्या समाधानमा सङ्घसंस्थाहरू | १०१ |

# विषयसूची


| विषयक्षेत्र र पाठ | | पृष्ठ सङ्ख्या |
|---|---|---|
| एकाइ | ५ - हाम्रो विगत | १०६ |
| पाठ | १ - नेपाल शब्दको उत्पत्ति | १०८ |
| पाठ | २ - हाम्रा ऐतिहासिक वस्तु | ११२ |
| पाठ | ३ - हाम्रो समुदायको विगत र वर्तमान | ११७ |
| पाठ | ४ - सामाजिक संरचना र रहनसहन | १२२ |
| एकाइ | ५ - हाम्रा आर्थिक क्रियाकलाप | १२७ |
| पाठ | १ - श्रमको सम्मान र सहयोग | १२९ |
| पाठ | २ - हाम्रा स्थानीय आर्थिक क्रियाकलाप | १३३ |
| पाठ | ३ - हाम्रा स्थानीय वस्तुहरू | १३८ |
| पाठ | ४ - स्वदेशी सामानहरूको प्रयोग गरौँ | १४३ |
| पाठ | ५ - हाम्रो देशका प्रमुख आर्थिक क्रियाकलाप | १४७ |
| एकाइ | ७ - हाम्रो पृथ्वी | १५२ |
| पाठ | १ - सौर्यमण्डल, ग्रह र उपग्रह | १५५ |
| पाठ | २ - पृथ्वीको बनावट | १५९ |
| पाठ | ३ - नेपालको प्राकृतिक स्वरूप तथा हावापानी र | १६२ |
| पाठ | ४ - नेपालमा वनस्पति र सामाजिक जनजीवन | १६२ |
| पाठ | ५ - विपत् पहिचान गरौँ | १६६ |
| पाठ | ६ - नक्सा निर्माण र अध्ययन | १६९ |

एकाइ १

# हामी र हाम्रो समुदाय

**अनुमानित कार्यघण्टा : २०**

## १. एकाइ परिचय

हामी समुदायमा रहन्छौँ । समुदायमा सञ्चालित विभिन्न सामुदायिक कार्यमा सहभागी हुन्छौँ । समुदायबाट नै हाम्रा विभिन्न आवश्यकता पूरा हुने गर्छन् । सामुदायिक कार्यमा सहभागी भई आफूले सकेको सहयोग गर्ने, योगदान गर्ने क्रममा सामाजिक सम्बन्धको विकास हुन्छ । सामाजिक सम्बन्धको विकासले समाजमा हुने सामुदायिक कार्य सजिलै सम्पन्न गर्न सकिन्छ । समुदायका मानिसले जीविकोपार्जनका लागि विभिन्न पेसा तथा व्यवसाय अवलम्बन गर्ने गरेका हुन्छन् । ती पेसा तथा व्यवसायसँग सम्बन्धित कामको उपलब्धिबाट समुदायको विकासमा सहयोग पुगेको हुन्छ । विद्यार्थीलाई समुदायको महत्त्वबोध गरी समुदायको विकासमा योगदान गर्न सक्ने बनाउनु यस एकाइको मुख्य औचित्य हो । यस एकाइमा बालबालिकालाई समुदायको विकासका लागि सञ्चालित सामुदायिक कार्यहरू पहिचान एवम् महत्त्वबोध गराउने, सामुदायिक कार्यहरूमा सहभागी भई सहयोग गर्ने, सामाजिक सम्बन्धको आवश्यकता बोध गराउने एवम् सामाजिक सम्बन्ध विकास गर्ने उपाय सिकाउने विषयवस्तु समावेश गरिएका छन् । त्यस्तै समुदायका विभिन्न पेसा तथा व्यवसायको पहिचान र विभिन्न पेसामा गरिने मुख्य कार्य बोध गराउने विषयवस्तु पनि यस एकाइमा समावेश गरिएको छ । यस एकाइबाट सामाजिकीकरण, सहकार्य, सहयोग, सामुदायिक सोच र भावनाको विकास, सहभागितालगायत सिप तथा मूल्यको विकास हुने अपेक्षासमेत गरिएको छ । यस्ता विषयवस्तु शिक्षण गरी अपेक्षित सिकाइ उपलब्धि हासिल गराउन उपयुक्त शिक्षण विधि, शैक्षणिक सामग्री छनोट गरी त्यसको प्रभावकारी ढङ्गबाट प्रयोग गर्नुपर्ने हुन्छ साथै विद्यार्थीको सिकाइ अवस्था मूल्याङ्कन गरी आवश्यकताअनुसार थप सहयोग पनि गर्नुपर्ने हुन्छ । सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा सबै प्रकारका बालबालिका सिकाइ प्रक्रियामा समावेश हुने सुनिश्चितता हुनुपर्छ ।

यस एकाइमा समाविष्ट भएका पाठ तथा विषयवस्तु सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, अवलोकन भ्रमण, नाटक, खेल विधि जस्ता शिक्षण विधि र सोहीअनुसारका नमुना क्रियाकलाप विकास गरिएका छन् । शिक्षकले कक्षाको आकार, विद्यार्थी सङ्ख्या, भौतिक सुविधाको उपलब्धतासमेतलाई ध्यानमा राखी अन्य सिर्जनात्मक सिकाइ क्रियाकलाप पनि सञ्चालन गर्न सक्नुहुने छ ।

## २. सिकाइ उपलब्धि

यस एकाइको शिक्षणपश्चात् निम्नानुसारको सिकाइ उपलब्धि हासिल गर्ने छन् :

१. समुदायका विकासका लागि सञ्चालित सामुदायिक कार्यहरू पहिचान गरी तिनीहरूको

महत्त्व बताउन

२. आफ्नो समुदायमा सञ्चालित विभिन्न किसिमका सामुदायिक कार्यमा सहयोग गर्न र सहभागी हुन

३. समुदायमा सामाजिक सम्बन्धको आवश्यकता बताउन र असल सामाजिक सम्बन्ध विकासका लागि आवश्यक उपाय अवलम्बन गर्न

४. समुदायमा प्रचलित विभिन्न पेसा तथा व्यवसाय पहिचान गरी ती पेसाका मुख्य कार्य उल्लेख गर्न ।

## ३. विषयवस्तु, सिकाइ उपलब्धि, शैक्षणिक सामग्री र समय विभाजनसम्बन्धी विवरण

| पाठ | पाठको नाम | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अ. काघ |
|---|---|---|---|---|
| १ | हाम्रा सामुदायिक कार्य | समुदायका विकासका लागि सञ्चालित सामुदायिक कार्यहरू पहिचान गरी तिनीहरूको महत्त्व बताउन | • समुदाय, सामुदायिक कार्यसँग सम्बन्धित चित्र, फोटो, भिडियो<br>• सामुदायिक कार्यको महत्त्व उल्लेखित चार्टपेपर/कम्प्युटर स्लाइड | ५ |
| २ | सामुदायिक कार्यमा सहभागी होऔँ | आफ्नो समुदायमा सञ्चालित विभिन्न किसिमका सामुदायिक कार्यहरूमा सहयोग गर्न र सहभागी हुन | • सामुदायिक कार्यहरू सार्वजनिक स्थल विद्यालय, बाटाघाटो, धारा आदिको सरसफाइसँग सम्बन्धित चित्र, फोटो र भिडियो<br>• समुदायमा सञ्चालित विभिन्न किसिमका सामाजिक तथा सांस्कृतिक कार्य तथा पर्वहरूमा सहभागिता जनाई सहयोग गरेको चित्र, फोटो र भिडियो<br>• सामुदायिक कार्यमा सहभागी हुँदा हुने फाइदा उल्लिखित चार्टपेपर/कम्प्युटर स्लाइड | ५ |

| | | | | |
|---|---|---|---|---|
| ३ | सामुदायिक कार्यमा सहभागी होऔँ | आफ्नो समुदायमा सञ्चालित विभिन्न किसिमका सामुदायिक कार्यहरूमा सहयोग गर्न र सहभागी हुन | • सामुदायिक कार्यहरू सार्वजनिक स्थल विद्यालय, बाटाघाटो, धारा आदिको सरसफाइसँग सम्बन्धित चित्र, फोटो र भिडियो<br>• समुदायमा सञ्चालित विभिन्न किसिमका सामाजिक तथा सांस्कृतिक कार्य तथा पर्वहरूमा सहभागिता जनाई सहयोग गरेको चित्र, फोटो र भिडियो<br>• सामुदायिक कार्यमा सहभागी हुँदा हुने फाइदा उल्लिखित चार्टपेपर/कम्प्युटर स्लाइड | ५ |
| ४ | हाम्रा पेसा तथा व्यवसाय | समुदायमा प्रचलित विभिन्न पेसा तथा व्यवसाय पहिचान गरी ती पेसाका मुख्य कार्य उल्लेख गर्न | • पेसा तथा व्यवसायसँग सम्बन्धित चित्र, फोटो, भिडियो र पोस्टर<br>• पेसा तथा व्यवसायको परिचय उल्लिखित चार्टपेपर,<br>• समुदायका मानिसले मेलमिलाप, सहयोग, एकता कायम गरेको अर्थात सामाजिक सम्बन्ध झल्कने चित्र, फोटो वा भिडियो<br>• पेसा तथा व्यवसायको नाम लेखिएको मेटाकार्ड | ५ |

पाठ १

# हाम्रा सामुदायिक कार्य

**अनुमानित कार्यघण्टा : ५**

## (क) पाठ परिचय

व्यक्ति व्यक्ति मिलेर परिवार बन्छ । परिवार परिवार मिलेर समुदाय बन्छ । एकै खालका भाषा धर्म, संस्कृति परम्परा भएका र एउटै भौगोलिक क्षेत्रमा बसोबास गर्ने मानिसको समूह समुदाय हो । साझा उद्देश्य प्राप्तिका लागि समुदायका मानिस आपसमा मिलेर कार्य गर्छन् । आपसमा मिलेर काम गर्दा सहयोग आदानप्रदान हुन्छ र काम छिटो तथा सजिलोसँग गर्न सकिन्छ । समुदायप्रति समुदायका सदस्यको अपनत्व पनि बढ्छ ।

विद्यार्थीलाई आफ्नो समुदायमा हुने सामुदायिक कार्यको पहिचान गराई सामुदायिक कार्यको महत्त्वबोध गराउन यस पाठको औचित्य रहेको छ । समुदाय र सामुदायिक कार्यको परिचय र महत्त्व जस्ता विषयवस्तुमा विविध शैक्षणिक सामग्री र छलफल, प्रदर्शन, अवलोकन, संवाद आदि विधिको प्रयोग गरी पाठको सहजीकरण गरिने छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| समुदायको विकासका लागि सञ्चालित सामुदायिक कार्यहरू पहिचान गरी तिनीहरूको महत्त्व बताउन | • समुदायको परिचय दिन<br>• समुदायको महत्त्व उल्लेख गर्न<br>• सामुदायिक कार्यको पहिचान गर्न र महत्त्व बताउन |

## (ग) शैक्षणिक सामग्री

- समुदाय र सामुदायिक कार्यसँग सम्बन्धित चित्र, फोटो र भिडियो
- सामुदायिक कार्यको महत्त्व उल्लिखित चार्टपेपर/कम्प्युटर स्लाइड

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

## (अ) सुरुआती क्रियाकलाप

- नयाँ कक्षामा पहिलो दिन भएकाले विद्यार्थीलाई स्वागत गर्नुहोस् । सुरुमा शिक्षकले आफ्नो परिचय दिनुहोस् र नयाँ विद्यार्थी आएका भए उनीहरूबिच परिचय कार्यक्रम सञ्चालन गर्नुहोस्
- प्रत्येक विद्यार्थीलाई आफ्नो रुचिअनुसारको प्रतिभा देखाई आफ्नो नाम, ठेगाना, धर्म,

मातृभाषा बताउँदै परिचय दिन लगाउनुहोस् । विद्यार्थीले बताएको परिचयका आधारमा उनीहरूको समुदाय पहिचान गर्नुहोस् ।

## (आ) मुख्य क्रियाकलाप

### क्रियाकलाप १ : प्रदर्शन र छलफल

सुरुआती क्रियाकलापलाई समेट्दै विद्यार्थीलाई समुदाय भनेको के हो ? एउटै समुदायमा बसोबास गर्ने मानिसहरूको के के कुरा मिल्छ ? जस्ता प्रश्न सोध्नुहोस् । विद्यार्थीबाट आएका जवाफ टिपोट गर्नुहोस् र उनीहरूको जवाफ समावेश गर्दै समुदायको अवधारणा बुझाउने चित्र, चार्ट प्रदर्शन गराई छलफल गर्नुहोस् र समुदायको परिचय प्रस्ट पार्नुहोस् ।

### क्रियाकलाप २ : संवाद

हाम्रा सामुदायिक कार्य पाठमा रहेको काका र प्रियाबिच भएको कुराकानीलाई कक्षामा विद्यार्थीलाई एक जना काका र अर्को एक जना प्रिया भएर अभिनय गराउनुहोस् । हाउभाउ कसरी गर्ने हो, सिकाउनुहोस् र अभिनय गर्न लगाउनुहोस् । धेरै विद्यार्थीलाई सहभागी हुने अवसर प्रदान गर्नुहोस् । केही विद्यार्थीलाई आफूले बुझेका कुरा व्यक्त गर्न लगाउनुहोस् ।

### क्रियाकलाप ३ : छलफल/प्रदर्शन

समुदायमा रहँदा हामीलाई के के फाइदा हुन्छ भनी प्रश्न गर्दै सोच्न लगाई आफूले सोचेका बुँदाहरू कापीमा टिपोट गर्न लगाउनुहोस् । प्रतिनिधिमूलक हुने गरी केही विद्यार्थीलाई उनीहरूले टिपोट गरेका बुँदाहरू सुनाउन लगाउनुहोस् । विद्यार्थीको प्रयासमा स्याबासी दिनुहोस् । शिक्षकले समुदायको महत्त्व लेखिएको चार्टपेपर/स्लाइड प्रदर्शन गरी छलफल गराएर समुदायको महत्त्व प्रस्ट पार्नुहोस् ।

### क्रियाकलाप ४ : जोडी छलफल

समुदायमा सञ्चालित सामुदायिक कार्यका बारेमा चित्र, फोटो, भिडियो प्रदर्शन/विभिन्न उदाहरणमार्फत मौखिक छलफल गराउनुहोस् । विद्यार्थीलाई उनीहरूको आफ्नो समुदायमा सञ्चालित सामुदायिक कार्यहरू जोडीमा छलफल गर्न लगाई केही जोडीलाई भन्न लगाउनुहोस् । त्यसपछि सबै विद्यार्थीलाई आफ्नो कापीमा सामुदायिक कार्यहरूको सूची बनाउन लगाउनुहोस् । उक्त कार्य सकिएपछि विद्यार्थीलाई आवश्यक पृष्ठपोषण दिँदै सामुदायिक कार्यको परिचय खुल्ने चार्टपेपर प्रस्तुत गर्नुहोस् र विषयवस्तु प्रस्ट पार्नुहोस् ।

### क्रियाकलाप ५ : सिर्जना

शिक्षकले तलको जस्तै वा आफैँ सिर्जना गरी सामुदायिक कार्यको महत्त्व झल्कने गीत वा कविता कक्षामा गाउने अभ्यास गराउनुहोस् र उक्त गीतको भाव बताउन लगाउनुहोस् ।

त्यसपछि विद्यार्थीलाई पनि त्यस्तै खालको गीत, कथा, कविता र नाटक सिर्जना गर्न अभिप्रेरित गर्नुहोस् ।

समुदायमा काम हुने गर्छन् थरिथरि
सबै मिली काम गर्नुपर्छ सधैँभरि ।
बाटोघाटो पाटीपौवा सफा गर्ने काम
घेवा, छेवार, पूजा, मेला, जात्रा पनि मान
समुदायमा एकअर्काको भर पर्नुपर्छ
गाह्रो साह्रो अप्ठ्यारोमा सहयोग गर्नुपर्छ ।
मेलमिलाप, सद्भाव र एकता कायम हुने
सबै मिली काम गर्दा सजिलो नि हुने ।

उनीहरूको सिर्जनालाई प्रस्तुत गर्ने अवसर प्रदान गरी सँगसँगै पृष्ठपोषण प्रदान गर्नुहोस् र उनीहरूको प्रयासमा स्याबासी दिनुहोस् ।

### क्रियाकलाप ६ : **अवलोकन भ्रमण**

विद्यार्थीलाई आफ्नो समुदायमा सञ्चालन भइरहेका सामुदायिक कार्यको अवलोकन भ्रमणमा लैजानुहोस् र त्यहाँ भएका गतिविधि (वृक्षरोपण, गोबरग्याँस प्लान्ट निर्माण, खानेपानी ट्याङ्की निर्माण, विद्यालय तथा स्वास्थ्यचौकी भवन निर्माण आदि) अवलोकन गर्न लगाई सोको सूची तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषणसमेत प्रदान गर्नुहोस् ।

समुदायमा भएको विकास कार्यको नाम :

**उद्देश्य :**

लाभान्वित परिवार सङ्ख्या/समूह :

कामको हालको अवस्था :

### क्रियाकलाप ७ : **अब मेरो पालो** (Pens in the middle)

विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी समूहका सदस्यलाई आफ्नो बेन्चअगाडि कलम वा डटपेन वा सिसाकलम राख्न लगाउनुहोस् । शिक्षकले म एउटा प्रश्न भन्छु तपाईंहरूले पालैपालो त्यसको उत्तर दिनुपर्ने हुन्छ । उत्तर मिलाएमा आफ्नो कलम फिर्ता लान सक्नु हुने छ भनी स्पष्ट निर्देशन दिनुहोस् ।

जस्तै : समुदाय भनेको के हो ? अब पालैपालो विद्यार्थीले समुदायको अवधारणा बताउनुपर्ने छ । सही उत्तर मिलाउने साथीहरूले आफ्नो कलम फिर्ता लैजानुहुने छ, सही उत्तर नभनेमा कलम फिर्ता लान पाइँदैन । अन्तिमसम्म कलम फिर्ता लान नसक्नेलाई साथीहरूले सहयोग गरि फिर्ता लैजाने वातावरण तयार गर्नुपर्ने छ ।

यो काम सबै समूहमा एकैचोटि गर्नुपर्ने छ । माथिको प्रक्रिया अपनाई अरू पनि प्रश्न सोध्नुहोस् ।

जस्तै : सामुदायिक कार्यको कुनै एक महत्व भन्नुहोस् ।

### (ङ) मूल्याङ्कन

पाठमा दिइएको क्रियाकलाप र अभ्यासमा दिइएका प्रश्नका तथा तल दिइएका नमुना प्रश्नहरूका आधारमा मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् । थप सिकाइको अवसर प्रदान गर्नुहोस् र आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गराउनुहोस् ।

### नमुना प्रश्न

(क) सामुदायिक कार्य भनेको के हो ?

(ख) सामुदायिक कार्यमा सहभागी हुँदा के फाइदा हुन्छ ?

(ग) तपाइँ कुन कुन समुदायिक कार्यमा सहभागी हुनुभएको छ, नाम लेख्नुहोस् ।

विद्यार्थीले अवलोकन भ्रमणका क्रममा गरेका क्रियाकलाप र तयार पारेको विवरणका आधारमा निम्नानुसार मूल्याङ्कन गर्नुहोस् :

- अवलोकन
- समूहमा मिलेर कार्य सम्पादन गरेको
- सक्रियता
- विवरण प्रस्तुति
- प्रस्तुतीकरण शैली

पाठ २

# सामुदायिक कार्यमा सहभागी होऔँ

**अनुमानित कार्यघण्टा : ५**

## (क) पाठ परिचय

एकै किसिमकाका भाषा धर्म, संस्कृति परम्परा भएका र एउटै भौगोलिक क्षेत्रमा बसोबास गर्ने मानिसको समूह समुदाय हो । साझा उद्देश्य प्राप्तिका लागि समुदायका मानिस आपसमा मिलेर कार्य गर्छन् । यसरी समुदायका सबै जना मिलेर काम गर्नु सामुदायिक कार्य हो । समुदायमा विभिन्न सामुदायिक कार्यहरू, जस्तै : सार्वजनिक स्थल विद्यालय, बाटाघाटो, धारा आदिको सरसफाइ, चौतारो, पाटीपौवा आदिको निर्माण तथा मर्मत कार्य, वृक्षरोपण आदि हुने गर्छन् । त्यस्तै समुदायमा विभिन्न किसिमका सामाजिक तथा सांस्कृतिक कार्य तथा पर्वहरू विवाह व्रतबन्ध, छेवर, घेवा, पूजा, जात्रा, मेला हुने गर्छन् । विद्यार्थीलाई आफ्नो समुदायमा हुने यस्ता सामुदायिक कार्यको महत्त्वबोध गराई आफ्नो समुदायमा सञ्चालित विभिन्न किसिमका सामुदायिक कार्यमा सहयोग गर्न र सहभागी हुन सक्ने बनाउनु यस पाठको औचित्य रहेको छ ।

सामुदायिक कार्यसँग सम्बन्धित विभिन्न चित्र, फोटो, भिडियो प्रदर्शन गरी व्याख्या, छलफल गराई विषयवस्तु प्रस्ट गर्न सकिने छ । साथै विद्यार्थीलाई सामुदायिक कार्यहरूको अवलोकन भ्रमण गराई विभिन्न सामुदायिक कार्यहरू विद्यालय सरसफाइ, नजिकैको ऐतिहासिक, धार्मिक स्थलहरूको सरसफाइ, विद्यालय हाताभित्र वा समुदायको कुनै खाली ठाउँमा वृक्षरोपण कार्य गर्न लगाई पाठको सहजीकरण गर्न उपयुक्त हुने छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| आफ्नो समुदायमा सञ्चालित विभिन्न किसिमका सामुदायिक कार्यहरूमा सहयोग गर्न र सहभागी हुन | • सार्वजनिक स्थल विद्यालय, बाटोघाटो, धारा आदिको सरसफाइ कार्यमा सहभागी हुन<br>• चौतारो, पाटीपौवा आदिको निर्माण तथा मर्मत कार्यमा आफूले सकेको सहयोग गर्न<br>• वृक्षरोपण तथा वातावरणीय सरसफाइमा सहभागिता जनाउन<br>• समुदायमा सञ्चालित विभिन्न किसिमका सामाजिक तथा सांस्कृतिक कार्य तथा पर्वहरूमा सहभागिता जनाउन : विवाह, व्रतबन्ध, छेवर, घेवा पूजा, जात्रा, मेला<br>• सामुदायिक कार्यमा सहभागी हुँदा हुने फाइदा बताउन |

## (ग) शैक्षणिक सामग्री

- सामुदायिक कार्यहरू सार्वजनिक स्थल विद्यालय, बाटाघाटो, धारा आदिको सरसफाइसँग सम्बन्धित चित्र, फोटो र भिडियो
- समुदायमा सञ्चालित विभिन्न किसिमका सामाजिक तथा सांस्कृतिक कार्य तथा पर्वहरू विवाह, व्रतबन्ध, छेवर, घेवा पूजा, जात्रा, मेलामा सहभागिता जनाई सहयोग गरेको चित्र, फोटो र भिडियो
- सामाजिक कार्यमा सहभागी हुँदा हुने फाइदा उल्लेखित चार्टपेपर/कम्प्युटर स्लाइड

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

द्यिार्थीलाई घरपरिवार, समुदाय वा विद्यालयले गर्न लागेको कुनै काममा उनीहरू संलग्न भएको कुनै काम स्मरण गरी भन्न लगाउनुहोस् र विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

### (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ : चित्र प्रस्तुति र अनुभव आदानप्रदान**

केही सामुदायिक क्रियाकलापहरू जस्तै : वृक्षरोपण, विद्यालय, बाटोघाटो, धारा आदि सार्वजनिक स्थलहरूका सरसफाइ गरिरहेको चित्र प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई यस्तै खालका कुनै सामुदायिक कार्यमा सहभागी भएको अनुभव बताउन लगाउनुहोस् । उनीहरूको अनुभव सुन्दै शिक्षकले पनि आफू सहभागी भएका सामुदायिक कार्यहरूको अनुभव बताइदिनुहोस् ।

**क्रियाकलाप १ : चित्र प्रस्तुति र अनुभव आदानप्रदान**

केही सामुदायिक क्रियाकलापहरू, जस्तै : वृक्षरोपण, विद्यालय, बाटोघाटो, धारा आदि सार्वजनिक स्थलहरूका सरसफाइ गरिरहेको चित्र प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई यस्तै खालका कुनै सामुदायिक कार्यमा सहभागी भएको अनुभव बताउन लगाउनुहोस् । उनीहरूको अनुभव सुन्दै शिक्षकले पनि आफू सहभागी भएका सामुदायिक कार्यहरूको अनुभव बताइदिनुहोस् ।

**क्रियाकलाप २ : छलफल र सहभागिता**

कक्षाका तीन जना विद्यार्थीलाई हात उठाउन लगाउनुहोस् । त्यसपछि पाठ्यपुस्तकमा दिइएको पेज न. ६ को विद्यालय सरसफाइ, वृक्षरोपण र सरसफाइ समूहले पेस गरेको विवरणमध्ये एक एकओटा विवरण पढेर सुनाउन लगाउनुहोस् । अन्य विद्यार्थीलाई बुँदा टिपोट गर्न लगाउनुहोस् । त्यसपछि विद्यार्थीका अनुभवसमेतका आधारमा छलफल गराउनुहोस् र यस्ता सामुदायिक कार्यमा सहभागी हुन प्रेरित पनि गर्नुहोस् ।

### क्रियाकलाप ३ : **समूहकार्य**

कक्षालाई विद्यार्थी सङ्ख्याअनुसार ४/५ समूहमा विभाजन गर्नुहोस् । उनीहरूलाई आफ्नो समुदायमा हुने सामुदायिक कार्यमा सहभागी हुँदा हुने फाइदा सम्बन्धमा समूहमा छलफल गरी बुँदागत रूपमा टिपोट गर्न लगाउनुहोस् । समूहमा लिडर तोक्न लगाई लिडरले आफ्नो समूहमा छलफल गरी तयार गरेका बुँदा क्रमश : सबैसामु प्रस्तुत गर्न लगाउनुहोस् । प्रत्येक समूहको प्रस्तुतिपछि अन्य समूहबाट पृष्ठपोषण दिन लगाउनुहोस्र अन्त्यमा शिक्षकले विद्यार्थीको प्रस्तुतिको प्रशंसा गर्दै निष्कर्ष दिनुहोस् ।

### क्रियाकलाप ४ : **सरसफाइ अभ्यास**

विद्यार्थीलाई आवश्यक निर्देशनसहित सरसफाइका लागि आवश्यक पर्ने सामग्रीहरू (कुचो, झाडु, खरेटो) र स्वास्थ्य सुरक्षासम्बन्धी सामग्रीहरू (पन्जा, माक्स आदि) उपलब्ध गराई विद्यालयको हाता वा नजिकैको कुनै एउटा ऐतिहासिक, धार्मिक वा सार्वजनिक स्थलको सरसफाइ गर्न लगाउनुहोस् र यस्ता कार्यबाट वातावरणीय सरसफाइ र सम्पदा संरक्षणमा सहयोग पुग्ने कुरा छलफल गर्दै यस्ता कार्य गर्न प्रेरित गर्नुहोस् ।

### क्रियाकलाप ५ : **अनुभव आदानप्रदान र चार्ट पेपर वा स्लाइड प्रस्तुति**

पाठ्यपुस्तकको क्रियाकलाप ३ मा दिइएको अनिषाको सामाजिक तथा सांस्कृतिक कार्यमा सहभागिता सम्बन्धमा दिइएको अनुच्छेद पढ्न लगाई छलफल गराउनुहोस् । विद्यार्थीलाई अनिषाको जस्तै मेला, जात्रा, विवाह, व्रतबन्ध, छेवर, पूजा आदि सामाजिक तथा सांस्कृतिक कार्य तथा पर्वहरूमा सहभागी भएको आफ्नो अनुभव साथीहरूलाई सुनाउन लगाउनुहोस् ।

त्यसपछि विभिन्न किसिमका सामाजिक तथा सांस्कृतिक कार्य तथा पर्वहरू : विवाह व्रतबन्ध, छेवर, घेवा पूजा, जात्रा, मेला आदिको चित्र, फोटो, भिडियो प्रदर्शन गर्दै त्यस्ता कार्यमा भएका गतिविधिमा छलफल गराउनुका साथै शिक्षकले सामाजिक कार्यमा सहभागी हुँदा हुने फाइदा उल्लिखित चार्टपेपर/कम्प्युटर स्लाइड प्रस्तुत गरी विषयवस्तुलाई प्रस्ट पार्नुहोस् ।

### क्रियाकलाप ६ : **फूलबारी निर्माण वा वृक्षरोपण**

विद्यालयको खाली जग्गामा वृक्षरोपण वा फूलबारी निर्माणमा विद्यार्थीलाई सहभागी गराउनुहोस् । जग्गा नभएमा गमला वा प्लास्टिकको बोतल आदिमा फूल रोप्न लगाई यसको नियमित हेरचाह र संरक्षण गर्न लगाउनुहोस् । प्रत्येक हप्ता संरक्षण व्यवस्थापन कसरी गर्ने भन्ने सम्बन्धमा छलफल पनि गर्नुहोस् ।

## (ङ) मूल्याङ्कन/प्रतिबिम्बन

अभ्यासमा दिइएका वा निम्न लिखित प्रश्नका आधारमा विद्यार्थीको सिकाइ मूल्याङ्कन गरी

पृष्ठपोषण प्रदान गर्नुहोस् । साथै थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पार्ने कार्यसमेत गर्नुहोस् :

**नमुना प्रश्नहरू**

(क) सामुदायिक कार्यमा कुन कुन कार्य पर्छन् ?

(ख) सामुदायिक कार्यमा सहभागी हुँदाको अनुभव दुई अनुच्छेदमा लेख्नुहोस् ।

(ग) सामुदायिक कार्यले मेलमिलाप र सहयोग बढाउँछ, यस भनाइलाई पुष्टि गर्नुहोस् ।

वृक्षरोपण वा फूलबारी निर्माण कार्यको अवलोकन गरी निम्नानुसारको रुजुसूची बनाई मूल्याङ्कन र अभिलेखीकरण गर्नुहोस् ।

विद्यार्थी/समूहको नाम

| क्र.स. | विवरण | छ | छैन |
|---|---|---|---|
| १ | सक्रिय रूपमा सहभागी भएका | | |
| २ | कार्यमा उत्सुकता तथा सिर्जनशीलता | | |
| ४ | नियमित रेखदेख तथा सरसफाइ गरेको | | |
| ४ | जिम्मेवारी पूरा गरेको | | |

पाठ ३

# समुदायमा सामाजिक सम्बन्ध

**अनुमानित कार्यघण्टा : ५**

## (क) पाठ परिचय

एकै किसिमकाका भाषा धर्म, संस्कृति परम्परा भएका र एउटै भौगोलिक क्षेत्रमा बसोबास गर्ने मानिसको समूह समुदाय हो । साझा उद्देश्य प्राप्तिका लागि समुदायका मानिसहरू आपसमा मिलेर काम गर्ने, आवश्यक पर्दा एकअर्कालाई सहयोग गर्ने, सहकार्य गर्ने, एकता कायम गर्ने गर्छन् । यसरी समुदायका मानिसहरूबिच आपसमा मेलमिलाप कायम हुनु, सहयोग आदानप्रदान हुनु, सहकार्य हुनु सामाजिक सम्बन्ध हो । सामाजिक सम्बन्ध बलियो हुँदा समुदायको साझा उद्देश्य प्राप्त गर्न सजिलो हुन्छ । त्यसैले समुदायमा सामाजिक सम्बन्ध बलियो हुनुपर्छ । समुदायमा सामाजिक सम्बन्ध बलियो बनाउन मानिसहरूबिच हामी भन्ने भावना अर्थात् एकता कायम हुनुपर्छ । समुदायका मानिसहरू आवश्यक पर्दा एकअर्कालाई सहयोग गर्ने, सुख दुःखका भावना साटासाट गर्ने, मिलेर काम गर्ने गर्नुपर्छ । मानिसहरूबिच आपसी सद्भाव कायम गर्ने, जानेको ज्ञान सिप एकअर्कामा हस्तान्तरण गर्ने, समय समयमा सामूहिक रमाइलो गर्ने गर्नुपर्छ । समुदायमा सामाजिक सम्बन्ध बलियो हुँदा समाजमा सुरक्षा कायम हुन्छ, समाजमा हुने कामहरू पनि छिटो र छरितो रूपमा सम्पन्न गर्न सजिलो हुन्छ । यस पाठमा सामाजिक सम्बन्धको परिचय, समुदायको विकासमा सामाजिक सम्बन्धको आवश्यकता, असल सामाजिक सम्बन्ध विकासका लागि आवश्यक उपाय जस्ता विषयवस्तुमा चर्चा गरिएको छ :

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| समुदायमा सामाजिक सम्बन्धको आवश्यकता बताउन र असल सामाजिक सम्बन्ध विकासका लागि आवश्यक उपाय अवलम्बन गर्न । | • सामाजिक सम्बन्धको परिचय बताउन<br>• समुदायका विकासमा सामाजिक सम्बन्धको आवश्यकता बोध गर्न<br>• असल सामाजिक सम्बन्ध विकासका लागि आवश्यक उपायको अभ्यास गन |

## (ग) शैक्षणिक सामग्री

- समुदाय, समाज, सामाजिक सम्बन्धको परिचय उल्लिखित चार्टपेपर
- समुदायका मानिसहरू मेलमिलाप, सहयोग, एकता कायम गरेको अर्थात् सामाजिक सम्बन्ध झल्कने चित्र, फोटो, भिडियो
- मेटाकार्ड

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

विद्यार्थीलाई तपाइँको छिमेकमा को को हुनुहुन्छ ? तपाइँले उहाँहरूलाई के भनेर सम्बोधन गर्नुहुन्छ? छिमेकीहरूसँग तपाइँको परिवारले के कस्ता सहयोग लिनेदिने गर्नुहुन्छ? छिमेकीहरूसँग तपाइँहरूको सम्बन्ध कस्तो छ ? जस्ता प्रश्न सोध्दै छलफल गराउँदै विषय प्रवेश गर्नुहोस् ।

### (आ) मुख्य क्रियाकलाप

#### क्रियाकलाप १ : **चित्र छलफल**

समुदायका मानिस मेलमिलाप, सहयोग, एकता कायम गरेको अर्थात् सामाजिक सम्बन्ध झल्कने चित्र, फोटो, भिडियो कक्षामा प्रस्तुत गर्नुहोस् । सामाजिक सम्बन्ध भनेको के होला भनी प्रश्न गर्दै विद्यार्थीलाई त्यसको उत्तर कापीमा टिपोट गर्न लगाउनुहोस् । समावेशी प्रतिनिधित्व हुने गरी केही विद्यार्थीलाई उत्तर भन्न लगाउनुहोस् । त्यसपछि विद्यार्थीको भनाइसमेत समेट्दै शिक्षकले सामाजिक सम्बन्धको परिभाषा उल्लिखित चार्टपेपर प्रस्तुत गरी छलफल गराएर निष्कर्ष बताइदिनुहोस् ।

#### क्रियाकलाप २ : **कथा वर्णन**

पाठ्यपुस्तकको समुदायमा सामाजिक सम्बन्ध पाठलाई कथात्मक शैलीमा वर्णन गर्दै विगतको सामाजिक सम्बन्धका बारेमा बताइदिनुहोस् । पाठमा दिइएको सामाजिक कार्यबाट मानिसमा के कस्ता सिपको विकास भएका रहेछन् सोको सूची बनाउन लगाउनुहोस् । ती सिपलाई (मेलमिलाप, सहयोग, सहकार्य, माया, सद्भाव) मेटाकार्डमा उतार्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

#### क्रियाकलाप ३ : **प्रश्नोत्तर**

समुदायको विकासमा आपसी सम्बन्धको आवश्यकता किन होला भनी प्रश्न गर्दै सोच्न लगाउनुहोस् । प्रत्येक विद्यार्थीलाई नदोहोरिने गरी उत्तर दिन प्रेरित गर्नुहोस् । विद्यार्थीको प्रयासमा स्याबासी दिँदै शिक्षकले पनि थप सान्दर्भिक उदाहरण प्रस्तुत गर्दै सामाजिक सम्बन्धको आवश्यकता प्रस्ट पार्नुहोस् ।

#### क्रियाकलाप ४ : **गीत गायन**

समुदायमा सामाजिक सम्बन्धको आवश्यकता झल्काउने एउटा गीत सिर्जना गर्नुहोस् र विद्यार्थीलाई गाउन लगाउनुहोस्, जस्तै : यो गीत गाइसकेपछि समाजमा जस्तै गरी कक्षामा

पनि साथीहरूसँग मेलमिलाप, आपसी सहयोग, असल सम्बन्धका लागि प्रेरित गर्नुहोस् । विद्यार्थीलाई पनि यस्तै गीत वा कविता सिर्जना गर्न अभिप्रेरित गर्नुहोस् ।

सुन साथी, मानिस हो सामाजिक प्राणी
समाजमा हाँस्ने खेल्ने समाजमै रमाउनी ।
मेलमिलाप गर्नुपर्छ, सहयोगी हुनुपर्छ
एकअर्काको आवश्यकता तब पूरा हुन्छ ।
विकासका काममा सधैँ सहभागी हुनुपर्छ
काम सकी वेला वेला रमाइलो नि गर्नुपर्छ ।
बलियो बनाउँ मिलीजुली आपसी सम्बन्ध
राम्रो हुन्छ यति भए सामाजिक सम्बन्ध ।

**क्रियाकलाप ५ : नाटक प्रस्तुति**

समुदायको विकासका लागि सामाजिक सम्बन्धको आवश्यकता झल्काउने स्थानीय सन्दर्भ र परिवेश मिल्ने एउटा घटना/नाटक सिर्जना गर्नुहोस् र विद्यार्थीलाई नाटक मञ्चन गर्न लगाउनुहोस् । नाटक वा घटना दिँदा सामाजिक सद्भाव कायम राख्ने, विद्यार्थीले भूमिका निर्वाह गर्न सक्ने, सन्देशमूलक र समावेशी सहभागिता हुने कुरामा ध्यान पुऱ्याउनुपर्ने छ ।

**क्रियाकलाप ६ : समूह छलफल र प्रस्तुति**

वद्यार्थीलाई कक्षामा विद्यार्थी सङ्ख्याअनुसार ४/५ समूहमा विभाजन गर्नुहोस् । पाठमा दिइएको अर्थात् हजुरआमाले सुनाएको कथामा जस्तै वर्तमान समाजमा असल सामाजिक सम्बन्ध विकासका लागि के कस्ता गतिविधि हुने गरेका छन्, समूहमा छलफल गरी आएको निचोड चार्टमा प्रस्तुत गर्न लगाउनुहोस् । शिक्षकले थप उदाहरण तथा सन्दर्भ जोड्दै थप स्पष्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ७ : चिट्ठा खेल**

विद्यार्थीलाई असल सामाजिक सम्बन्ध विकास गराउन गर्नुपर्ने एक एकओटा उपाय साना कागजको टुक्रामा टिपोट गर्न लगाई एउटा कागजको बाकसमा जम्मा गर्न लगाउनुहोस् । त्यसपछि बाकसमा भएका कागजका टुक्रालाई मिसमास गरी प्रत्येक विद्यार्थीलाई पालैपालो झिक्न लगाई त्यसमा भएको कुरा पढेर सुनाउन लगाउनुहोस् । विद्यार्थीले टिपोट गरेका कुरा समेट्दै असल सामाजिक सम्बन्ध विकास गर्न मेलमिलाप, सहयोग, सहकार्य, समझदारी, सम्मान, सद्भाव आदि आवश्यक पर्ने कुरा बताइदिनुहोस् ।

### (ङ) मूल्याङ्कन ⁄ प्रतिविम्बन

पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्दै, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पार्ने कार्यसमेत गर्नुहोस् ।

**नमुना प्रश्नहरू**

(क) तपाईंले आफ्ना साथीहरूसँग असल सम्बन्ध बनाउनका लागि के के गर्नुभएको छ, उल्लेख गर्नुहोस् ।

(ख) असल सामाजिक सम्बन्ध विकासका उपायको सूची बनाउनुहोस् ।

(ग) समुदायको विकासका लागि किन सामाजिक सम्बन्धको आवश्यकता पर्छ, लेख्नुहोस् ।

पाठ ४

# हाम्रा पेसा तथा व्यवसाय

**अनुमानित कार्यघण्टा : ५**

## (क) पाठ परिचय

आयआर्जनका लागि गरिने क्रियाकलापलाई पेसा तथा व्यवसाय भनिन्छ । पेसा व्यवसायबाट आयआर्जन गर्न सकिन्छ । हाम्रो समुदायमा विभिन्न मानिसले विभिन्न किसिमका पेसा तथा व्यवसाय गर्ने गरेका छन् । समुदायका मानिस कृषि, पशुपालन, माछापालन, व्यावसायिक तरकारी खेती, व्यापार, शिक्षण, मजदुरी आदि विभिन्न पेसा तथा व्यवसाय गर्ने गर्छन् । त्यस्तै सिलाइबुनाइ, नेपाली कागज बनाउने, धारा जडान गर्ने, बत्ती जडान गर्ने जस्ता सिपमूलक काम पनि गर्ने गर्छन् । समुदायका कतिपय व्यक्ति सरकारी सेवामा कार्यरत हुन्छन् भने कतिपय व्यक्ति विभिन्न सङ्घसंस्थामा कार्यरत हुन्छन् । समाजमा पेसासित सम्बन्धित साना तथा घरेलु उत्पादन, स्थानीय व्यापार, अनलाइन व्यापारलगायत थुप्रै प्रकारका गतिविधि हुने गर्छन् । समाजमा गरिने यस्ता कामले मानिसका लागि रोजगारी सिर्जना हुन्छ । रोजगारीले कमाइ हुने हुँदा जीवनस्तरमा सुधार आउँछ । समाजमा हुने हरेक पेसा र व्यवसायको महत्त्व बुझी सबै प्रकारको पेसाको सम्मान गर्नुपर्छ । यस पाठमा पेसा तथा व्यवसायको परिचय, समुदायमा प्रचलित पेसा व्यवसाय पहिचान, पेसा तथा व्यवसायको महत्त्व, विभिन्न पेसा तथा व्यवसायमा गरिने मुख्य कार्य, पेसा तथा व्यवसायको सम्मान जस्ता विषयवस्तुमा चर्चा गरिएको छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| समुदायमा प्रचलित विभिन्न पेसा तथा व्यवसायहरू पहिचान गरी ती पेसाका मुख्य कार्य उल्लेख गर्न र सम्मान गर्न | • समुदायमा प्रचलित पेसा व्यवसाय पहिचान गर्न<br>• विभिन्न पेसामा गरिने मुख्य कार्यहरू बताउन<br>• पेसा तथा व्यवसायको महत्त्वबोध गरी सबै पेसाको सम्मान गर्न |

## (ग) शैक्षणिक सामग्री

- पेसा तथा व्यवसायसँग सम्बन्धित वास्तविक सामग्री, चित्र, फोटो, भिडियो र पोस्टर
- पेसा तथा व्यवसायको परिचय उल्लिखित चार्ट
- समुदायका मानिस मेलमिलाप, सहयोग, एकता कायम गरेको अर्थात् सामाजिक सम्बन्ध झल्कने चित्र, फोटो र भिडियो
- पेसा तथा व्यवसायको नाम लेखिएको मेटाकार्ड

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

तपाईंको घरपरिवारका सदस्य के के काम गर्नुहुन्छ ? तपाईंको परिवारको आम्दानीका स्रोत के के छन् ? जस्ता प्रश्न कक्षामा सामूहिक रूपमा सोध्नुहोस् । उनीहरूले दिएको जवाफलाई सिकाइ पाटीमा टिपोट गर्नुहोस् । विद्यार्थीको जवाफलाई समेट्दै सिकाइ सहजीकरण प्रक्रिया सुरु गर्नुहोस् । शिक्षकले पेसा तथा व्यवसायसँग सान्दर्भिक गीत वा कविता सुनाएर पनि सुरुआती क्रियाकलाप गराउन सक्नुहुने छ ।

फरक जात भाषा धर्म मानिस थरीथरी
विविध पेसा गर्ने व्यक्ति हाम्रै वरिपरि
कोही गर्छन् कृषि काम कोही पशुपालन
यसैबाट चलेको छ हाम्रो जीवनयापन
कोही गर्छन् जागिर यहाँ कोही गर्छन् व्यापार
पेसाबाटै आम्दानी भई जीवन बन्छ अपार
थरीथरी पेसा यहाँ थरीथरी काम
यही पेसाले दिन्छ हामीलाई सम्मान अनि नाम

### (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ : प्रदर्शन, पहिचान र प्रस्तुति**

पेसा तथा व्यवसायसँग सम्बन्धित केही उत्पादनका सामग्रीको वास्तविक नमुना, जस्तै : दुध, तरकारी, छुर्पी, गुड, ढाकाको कपडा, नेपाली कागज आदि प्रदर्शन गर्नुहोस् । यी वस्तु कुन कुन पेसा व्यवसायसँग सम्बन्धित छन्, पहिचान गर्न लगाउनुहोस् । त्यसपछि कक्षामा भएका र विद्यार्थीसँग भएका वस्तुको सूची बनाउन लगाउनुहोस् र विद्यार्थीहरूलाई समूहमा रहेर ती वस्तु कुन कुन पेसा व्यवसायसँग सम्बन्धित छन्, पहिचान गरी प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थीले समेट्न नसकेका वस्तु सम्झाउँदै यस्ता वस्तुसँग सम्बन्धित पेसा तथा व्यवसायहरू पनि बताइदिनुहोस् ।

**क्रियाकलाप २ : अनुमान र चार्टपेपर प्रस्तुति**

पेसा व्यवसायसँग सम्बन्धित फोटो, भिडियो, पोस्टर आदि प्रदर्शन गरी पेसा व्यवसाय भनेको के होला भनी अनुमान गर्न लगाउनुहोस् र अनुमान गरेका जानकारीलाई कापीमा टिपोट गर्न लगाउनुहोस् । टिपोट गरिएका कुरा विद्यार्थीलाई प्रतिनिधिमूलक रूपमा भन्न लगाउनुहोस् । शिक्षकले पेसा व्यवसायको परिभाषा उल्लिखित चार्टपेपर प्रस्तुत गर्दै विद्यार्थीको भनाइसमेत समेट्दै निष्कर्ष बताइदिनुहोस् ।

आयआर्जनसँग सम्बन्धित कुनै कामलाई पेसा वा व्यवसाय भनिन्छ ।

### क्रियाकलाप ३ : सिकाइ आदानप्रदान

विद्यार्थीलाई केही समूहमा विभाजन गरी आफ्नो समुदायका मानिसहरूले कुन कुन पेसा अवलम्बन गरेका छन्, समूहमा छलफल गरी टिपोट गर्न लगाउनुहोस् । टिपोट गरिएका कुरालाई एकअर्को समूहमा आदानप्रदान गरी अध्ययन गर्न लगाई अर्को समूहबाट सिकेका कुरा र आफ्नो समूहले तयार गरेको कुरा समूहगत रूपमा कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थीको उक्त क्रियाकलाप अवलोकन र मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

### क्रियाकलाप ४ : संवाद

पाठ्यपुस्तकको पेज न. ११ मा भएको 'हाम्रा पेसा र व्यवसाय' पाठको विषयवस्तुलाई पाँच जना विद्यार्थीलाई एक एकओटा भूमिका दिई त्यसको अध्ययन तथा तयारी गराउनुहोस् । गुरुआमाको भूमिकामा शिक्षक आफैँ रहेर संवाद गर्नुहोस् । पाठमा उल्लिखित पेसा व्यवसायसँग सम्बन्धित मेटाकार्ड तथा चित्र पनि सँगसँगै प्रदर्शन गरी पाठलाई रोचक बनाउनुहोस् ।

### क्रियाकलाप ५ : मेटाकार्ड र चार्ट पेपरमा प्रस्तुति र छलफल

विद्यार्थीलाई समूहमा विभाजन गरी पेसा तथा व्यवसायको महत्त्वका सम्बन्धमा छलफल गर्न लगाउनुहोस् र समूह छलफलबाट आएका बुँदालाई मेटाकार्डमा लेख्न लगाउनुहोस् । समूहका प्रत्येकले एक एकओटा मेटाकार्ड प्रदर्शन गरी आफ्नो समूहले तयार गरेको पेसा तथा व्यवसायको महत्त्व बताउन लगाउनुहोस् र उक्त मेटाकार्डलाई कक्षाको कुनै स्थानमा समूहगत रूपमा टाँस्न लगाउनुहोस् । त्यसपछि शिक्षकले विद्यार्थीलाई समूह कार्यका लागि धन्यवाद दिँदै आफूले तयार गरेको चार्टपेपर प्रस्तुत गरी पेसा तथा व्यवसायको महत्त्व सम्बन्धमा सान्दर्भिक उदाहरणसमेत दिई प्रस्ट पार्नुहोस् ।

- आयआर्जन हुन्छ ।
- सहज रूपमा जीविकोपार्जन गर्न सकिन्छ ।
- आफैँ काम गरेर कमाउन र अरूलाई पनि रोजगारी प्रदान गर्न सकिन्छ ।
- समाजका मानिसहरूका आवश्यकता पूरा गर्न सजिलो हुन्छ ।
- पेसाले मानिसलाई काममा व्यस्त गराउँछ ।
- कुलतमा लाग्नबाट बचाउँछ ।
- वस्तु सजिलै प्राप्त गर्न सकिन्छ ।
- देश आत्मनिर्भर बन्छ ।
- पेसा तथा व्यवसाय फस्टाउँदै जाँदा प्रशस्त आयआर्जन भई समाज र
- राष्ट्रको विकासमा सहयोग पुग्छ ।

**क्रियाकलाप ६ : तालिका निर्माण**

विद्यार्थीलाई केही समूहमा विभाजन गरी पाठ्यपुस्तकको पेज न. १५ स्वप्रतिबिम्बन ३ मा दिइएको समुदायमा गरिने पेसा व्यवसायसँग सम्बन्धित मुख्य कार्यहरू सम्बन्धमा आवश्यक छलफल गर्न लगाई तलको जस्तै तालिकामा भर्न लगाउनुहोस् । प्रत्येक समूहलाई पालैपालो प्रस्तुत गर्न लगाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

| पेसा तथा व्यवहार | मुख्य कार्यहरू | समुदायमा हुनेफाइदा |
| --- | --- | --- |
| कृषि | खनजोत तथा मलजल गरी अन्न, तरकारी, फलफूल उपादन, पशुपालन, माछापालन | खाद्यान्न, दुध, तरकारी, फलफूल, माछामासुको आपूर्ति, आर्थिक आयआर्जनमा वृद्धि |
| व्यापार | | |
| शिक्षण | | |
| घरेलु उद्योग | | |
| स्वरोजगारका कामहरू | | |

**क्रियाकलाप ७ : नाटक प्रदर्शन**

विद्यार्थीलाई हरेक पेसा तथा व्यवसायको उत्तिकै सम्मान गर्नुपर्छ भन्ने सन्देश दिने नाटक तयार गर्न सहजीकरण गर्नुहोस् । केही विद्यार्थीलाई उनीहरूको भूमिका अनुसारको अभिनय गर्न सिकाउनुहोस् । भूमिका सिकेका विद्यार्थीलाई सहभागी गराई कक्षामा नाटक मञ्चन गर्न लगाउनुहोस् । शिक्षकले सबै पेसालाई उत्तिकै सम्मान गर्नुपर्ने कुरा नाटकको सन्देश भएको कुरा बताइदिनुहोस् ।

**क्रियाकलाप ८ : चित्रकला प्रतियोगिता**

विद्यार्थीलाई उनीहरूको समुदायका मानिसहरूले गर्ने विभिन्न पेसासँग सम्बन्धित चित्र सङ्कलन गरी वा आफैँले चित्र कोरी सुहाउँदो रङ भर्न लगाई कक्षामा प्रदर्शन गर्न लगाउनुहोस् । हरेक विद्यार्थीलाई आफ्नोबाहेक सबैभन्दा बढी राम्रो लागेको एउटा चित्र र उक्त चित्र बनाउने साथीको नाम एउटा कागजको टुक्रामा लेखी कागजको बाकसमा खसाउन लगाउनुहोस् । त्यसपछि जसको चित्रलाई सबैभन्दा बढी विद्यार्थीले रोज्छन् त्यसलाई विजेता घोषणा गरी सामान्य पुरस्कार प्रदान गर्नुहोस् । चित्रकला प्रतियोगितामा संलग्न भएकामा सबै विद्यार्थीलाई धन्यवाद दिनुहोस् ।

### (ङ) मूल्याङ्कन/प्रतिविम्बन

पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पार्ने जस्ता क्रियाकलाप गर्नुहोस् ।

**नमुना प्रश्नहरू**

(क) कृषि पेसामा कुन कुन मुख्य कार्य पर्छन् ?

(ख) तपाईंको समुदायमा सञ्चालित पेसाको नाम र ती पेसाका मुख्य कार्यलाई तालिकामा प्रस्तुत गर्नुहोस् ।

(ग) हाम्रा समुदायको पेसा र समुदायलाई पुगेको फाइदा सम्बन्धमा एक पेज लेख्नुहोस् ।

एकाइ २

# हाम्रो मानव मूल्य र मान्यता

**अनुमानित कार्यघण्टा : २६**

## १. एकाइ परिचय

मूल्यको अर्थ गुण, विशेषता हुन्छ जुन अदृश्य हुन्छ, भावनात्मक हुन्छ । मान्यताको अर्थ मान्य भएको अवस्था वा स्वीकार्य भन्ने बुझिन्छ जुन भौतिक हुन्छ । मानवमा हुनुपर्ने गुण, विशेषता, उच्च नैतिक चरित्रले मानव मूल्यलाई जनाउँछ भने मान्यताले समाज स्वीकार्य व्यवहारलाई जनाउँछ । हाम्रो मानव मूल्य र मान्यता समाजअनुसार फरक हुने गर्छन् । विद्यार्थीमा मानवीय मूल्यको विकास गराई त्यसको पालना गर्न सक्ने बनाउनु यस एकाइको मुख्य औचित्य हो । यस एकाइमा स्थानीय परम्परागत मान्यता र प्रचलनहरूको पहिचान गराउने, स्थानीय भाषा, वेशभूषा, रहनसहन, मेलापर्व र जात्राको परिचय र महत्त्वबोध गराउने विषयवस्तु समावेश गरिएका छन् । त्यस्तै आफ्नो समुदायका प्रेरणादायी व्यक्तित्वबाट प्रेरणा लिने, अनुशासन तथा असल आचरणको पालना गर्न सक्षम गराउने विषयवस्तु पनि यस एकाइमा समावेश गरिएका छन् । यसका साथै राष्ट्रिय विभूतिको योगदानमा परिचित भई त्यसबाट प्रेरणा लिई समाजमा योगदान गर्न प्रेरित गर्ने जस्ता विषयवस्तु यस एकाइमा समावेश गरिएका छन् । यस्ता विषयवस्तुको शिक्षण गरी अपेक्षित सिकाइ उपलब्धि हासिल गराउन उपयुक्त शिक्षण विधि र सामग्री छनोट गरेर प्रयोग गर्नुपर्ने हुन्छ । यसका साथै विद्यार्थीको सिकाइ अवस्था मूल्याङ्कन गरी आवश्यकताअनुसार थप सहयोग गर्नुपर्ने हुन्छ ।

यस एकाइमा समावेश भएका पाठ तथा विषयवस्तुको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, अवलोकन, TPS, ग्यालरी वाक, मस्तिष्क मन्थन, परियोजना कार्य, कथा प्रस्तुति, भूमिका अभिनय, परियोजना कार्य आदि जस्ता विधि प्रयोग गर्न सकिन्छ । यिनै विधिमा आधारित भई नमुना क्रियाकलाप विकास गरिएका छन् । शिक्षकले कक्षाको आकार, विद्यार्थी सङ्ख्या भौतिक सुविधाको उपलब्धता समेतलाई ध्यानमा राखी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सक्नुहुने छ ।

## २. सिकाइ उपलब्धि

यस एकाइको शिक्षणपश्चात् निम्नानुसारको सिकाइ उपलब्धि हासिल गर्ने छन् :

१. स्थानीय परम्परागत सामाजिक मान्यता तथा प्रचलनको पहिचान गर्न
२. स्थानीय भाषा, वेशभूषा, रहनसहन, मेलापर्व र जात्राको परिचय दिई महत्त्व पहिचान गर्न
३. आफ्ना समुदायका प्रेरणादायी व्यक्तित्वको पहिचान र योगदानको खोजी गर्न
४. अनुशासन तथा असल आचरणको पालना गर्न
५. राष्ट्रिय विभूतिको सामान्य परिचय दिन र प्रेरणा प्राप्त गर्ने

## ३. विषयवस्तु, सिकाइ उपलब्धि, शैक्षणिक सामग्री र समय विभाजनसम्बन्धी विवरण

| पाठ | पाठको नाम | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अ. का.घ. |
|---|---|---|---|---|
| १ | हाम्रा परम्परागत प्रचलनहरू | स्थानीय परम्परागत सामाजिक मान्यता तथा प्रचलनको पहिचान गर्न | • सामुदायिक काममा समुदायका सदस्यहरूको सहभागिता सम्बन्धित चित्रहरू, समुदायका परमपरागत प्रचलनसँग सम्बन्धित चित्रहरू, गीत | ४ |
| २ | वेशभूषा र रहनसहन | रहनसहन, मेलापर्व र जात्राको परिचय दिई महत्व पहिचान गन | • विभिन्न जातिगत पोसाक लगाएका मानिसको तस्बिर<br>• नमुना, जातिअनुसारको गरगहना, परिकारको चित्र, फोटो भिडियो, पाठको वेशभूषा र रहनसहनसम्बन्धी कविता | ३ |
| ३ | हाम्रा मेलापर्व र जात्राहरू | स्थानीय भाषा, वेशभूषा, रहनसहन, मेलापर्व र जात्राको परिचय दिई महत्त्व पहिचान गन | • विभिन्न चाडपर्व मनाइरहेको तस्बिर, मेलापर्व जात्राहरूको सूचीको चार्ट, मेटाकार्ड | ३ |
| ४ | प्रेरणादायी व्यक्तित्व | आफ्ना समुदायका प्रेरणादायी व्यक्तित्वको पहिचान र योगदानको खोजी गर्न | • मेटाकार्ड, चार्ट, स्लाइड, असल काम गर्ने व्यक्तिले सम्मान र प्रशंसा पाउने भनी प्रेरित गर्ने गीत | ३ |
| ५ | अनुशासित बनौँ | अनुशासन तथा असल आचरणको पालना गर्न | • बालबालिकाका अनुशासित व्यवहार झल्कने चित्र, असल व्यवहारको सूची, अनुशासित व्यवहारसँग सम्बन्धित गीत वा कविता | ३ |

| | | | | |
|---|---|---|---|---|
| ६ | फुर्सदको सदुपयोग | फुर्सदको समयको सही सदुपयोग गर्न | • फुर्सदको सदुपयोग गरेको चित्रहरू, फुर्सदको सदुपयोगसँग सम्बन्धित गीत | ३ |
| ७ | सहयोगी बनौँ | सहयोगी बानीको विकास गर्न | • अपाङ्गता भएका, ज्येष्ठ नागरिक वा दुःखमा परेका व्यक्तिलाई बालबालिकाहरू संलग्न भई सहयोग गरिरहेको चित्रहरू, स्वप्रतिविम्बन १ को कविता, स्वप्रतिविम्बन २ को घटना उल्लेखित चार्ट | ३ |
| ८ | हाम्रा राष्ट्रिय विभूतिहरू | राष्ट्रिय विभूतिको सामान्य परिचय दिन र प्रेरणा प्राप्त गर्न | • १८ विभूतिको फोटो, विभूतिहरूको फोटोसहित परिचय तथा योगदान लेखिएको चार्ट वा स्लाइड | ४ |

पाठ १

# हाम्रा परम्परागत प्रचलनहरू

**अनुमानित कार्यघण्टा : ४**

## (क) पाठ परिचय

हाम्रा समुदायमा परम्परागत रूपमा अवलम्बन गरिँदै आएको संस्कार चालचलन, गतिविधिहरू हाम्रा परम्परागत प्रचलन हुन् । समुदाय, समाजअनुसार परम्परागत प्रचलन फरक फरक हुने गर्छन् । स्थानीय राम्रा परम्परागत सामाजिक मान्यता तथा प्रचलनको पहिचान हुँदा त्यस्ता प्रचलनको अभ्यासमा सहयोग पुग्छ । यस पाठमा समुदायमा हुने सामूहिक कार्यहरूमा सबैको सहभागिता, विवाद समाधान गर्ने स्थानीय अभ्यासहरू, विभिन्न चाडपर्वमा समुदायका सदस्यको सहभागिता, असल नेतृत्व चयन, समुदायमा राम्रो काम गर्ने, व्यक्तिलाई दिने हौसला, सहयोग र सम्मान जस्ता विभिन्न परम्परागत सामाजिक प्रचलनलगायत विद्यार्थीको स्थानीय समुदायको परम्परागत सामाजिक मान्यता तथा प्रचलनहरूमा छलफल गरिने छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| स्थानीय परम्परागत सामाजिक मान्यता तथा प्रचलनको पहिचान गर्न | • समुदायका परम्परागत प्रचलनहरू जानकारी लिई सोको सूची तयार गर्न<br>• राम्रा परम्परागत सामाजिक मान्यता र प्रचलनहरू अवलम्बन गरी संरक्षणमा सहयोग पुऱ्याउन |

## (ग) शैक्षणिक सामग्री

- समुदायमा हुने बाटो, चौतारी, पार्क जस्ता विकास निर्माणका कार्य, सरसफाइ तथा स्वास्थ्य शिविर सञ्चालन, मठमन्दिर, पाटीपौवाको निर्माण, वृक्षरोपण, नदी, पोखरी, इनार तथा ढुङ्गेधाराको सरसफाइ र संरक्षणमा समुदायका सदस्यहरूको सहभागिता झल्कने चित्रहरू
- चित्रकथा
- समुदायमा हुने सामुदायिक कार्यमा सहभागिता एवम् विवाद सामाधानका स्थानीय मौलिक तरिकासम्बन्धी कविता वा गीत

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

कक्षामा भिन्न भिन्न समुदायबाट आएका विद्यार्थीलाई उनीहरूको समुदायमा मनाइने चाडपर्व, जात्रा मेलामा उनीहरू सहभागी हुँदाको एउटा एउटा अनुभव भन्न लगाउनुहोस् । उनीहरूको अनुभवलाई समेट्दै विभिन्न समुदायमा फरक फरक परम्परागत प्रचलन रहेको बताउँदै विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

### (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ : समूह छलफल र प्रस्तुति**

कक्षामा विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी आफ्नो समुदायमा प्रचलित चालचलनहरू टिपोट गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । त्यसपछि उनीहरूको प्रस्तुतिलाई समेट्दै विभिन्न उदाहरणसहित फरक समुदायमा फरक किसिमका चालचलन हुने तथ्य स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप २ : तुलना गरौँ**

विद्यार्थीलाई पहिलेकै समूहमा रही क्रियाकलाप न. १ मा तयार गरिएको सूचीमा भएका परम्परागत चालचलनहरूमध्ये आफूलाई राम्रा लागेका प्रचलनहरू टिपोट गर्न लगाउनुहोस् । टिपोट गरिएका विवरण समूहगत रूपमा बताउन लगाई शिक्षकले तयार गरी ल्याएको समुदायमा प्रचलित राम्रा प्रचलनहरूको प्रदर्शन गर्नुहोस् । त्यसपछि उनीहरूले बताएका कुरा र चार्टमा लेखिएका कुराको तुलना गर्न लगाई विषयवस्तुलाई प्रस्ट्याउनुहोस् ।

- सामुदायिक कार्यमा सबैले सहभागिता जनाउने
- चाडपर्वमा मिलेर काम गर्ने
- स्थानीय स्तरका विवाद स्थानीय स्तरबाट नै सुल्झाउने
- असल नेतृत्व चयन गर्ने
- राम्रो काम गर्ने व्यक्तिलाई हौसला, सहयोग, सम्मान गने

**क्रियाकलाप ३ : समूह प्रस्तुति**

पाठमा दिइएको परियोजना कार्यको समूहगत अध्ययन गर्न लगाउनुहोस् । पाठमा दिइएका र आफ्नो समुदायमा हुने परम्परागत प्रचलनमा भएका फरक कुरा बताउन लगाउनुहोस् । शिक्षकले विभिन्न समुदायमा प्रचलित सामूहिक कार्यमा हुने सहभागिता, विवाद समाधान गर्ने स्थानीय अभ्यास, विभिन्न चाडपर्वमा समुदायका सदस्यहरूको सहभागिता, नेतृत्व चयन गर्ने प्रक्रिया, राम्रो काम गर्ने व्यक्तिलाई दिने हौसला जस्ता प्रचलनहरूको सम्बन्धमा थप प्रस्ट पार्दै यस्ता प्रचलनहरूको सम्मान गर्न र राम्रा प्रचलनहरूको अभ्यास गर्न प्रेरित गर्नुहोस् ।

**क्रियाकलाप ४ : घुलमिल स्थिर जोडी (Mix Freeze Pair)**

विद्यार्थीलाई आआफ्नो समुदायमा विवाद हुँदा समाधानका लागि गरिने स्थानीय प्रयास सम्झन लगाउनुहोस् । घुलमिल स्थिर जोडी विधिको प्रयोग गरी आफ्ना साथीहरूसँग एकआपसमा आदानप्रदान गर्न लगाउनुहोस् ।

त्यसैगरी सामुदायिक कार्यमा आफ्नो सहभागिताको अनुभव, असल नेतृत्व कस्तो हुनुपर्छ ? आदि विषयवस्तुमा पनि जोडीमा छलफल हुने गरी यो क्रियाकलाप गराउन सकिन्छ ।

**घुलमिल स्थिर जोडी प्रयोग गर्नका लागि निर्देशन :**

- सर्वप्रथम विद्यार्थीलाई छरपस्ट उभिन लगाउने
- कुनै म्युजिक, मादल वा गीत केहीबेर बजाउने, यसरी बजाउँदा विद्यार्थीलाई हिँड्न
- आफ्नो जोडामा परेको साथीसँग आफ्नो समुदायमा विवाद हुँदा गरिने स्थानीय प्रयास
- आपसमा सेयर गर्न लगाउने
- यही क्रम केही समयको लागि दोहोऱ्याउँदै जाने

क्रियाकलापको अन्त्यमा केही विद्यार्थीलाई आफूले सिकेका कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ५ : चित्र प्रदर्शन र छलफल**

समुदायमा मनाउने गरेका विभिन्न चाडपर्वमा (दसैँ, छठ, ल्होसार, बिस्केट जात्रा, इद, मह पूजा, उँधौली, उँभौली तथा माघी) लगायत समुदायका सदस्यको सहभागिता तथा शुभकामना आदानप्रदानसम्बन्धी चित्रहरू प्रदर्शन गरी छलफल गराउनुहोस् । पर्व विशेषमा शुभकामना आदानप्रदानसमेत गराउनुहोस् ।

**क्रियाकलाप ६ : अवलोकन र टिपोट**

समुदायमा मनाउने विभिन्न चाडपर्व, जात्रा, मेलामा विद्यार्थीलाइ सहभागी गराई त्यहाँ उनीहरूले अवलोकन गरेका क्रियाकलापलाई टिपोट गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ७ : चार्ट तयारी र प्रदर्शन**

- चाडपर्व तथा जात्राहरूमा गरिने विभिन्न कार्यहरूमा सहभागी हुँदा हुने फाइदाहरू व्यक्तिगत रूपमा सोच्न लगाई बुँदागत रूपमा टिपोट गर्न लगाउनुहोस् ।
- विद्यार्थीले आफूले लेखेको विषयवस्तुलाई समूहमा विभाजन गरी छलफल गर्न लगाउनुहोस् र सँगसँगै चार्टमा उतार्न लगाउनुहोस् ।
- त्यसपछि प्रत्येक समूहको नेतालाई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।

- सबैको प्रस्तुतिमा स्याबासी दिँदै सबैभन्दा राम्रा बुँदा उल्लिखित राम्रो अक्षरले लेखिएको चार्टपेपर कक्षाको भित्तामा टाँस्न लगाउनुहोस् ।

(चाडपर्वमा सहभागिता जनाउँदा सामाजिक सद्भाव कायम भई आपसी सम्बन्ध पनि बलियो हुने हुँदा सबै जातिविशेष तथा धर्मविशेषका चाडपर्वहरूमा सहभागिता जनाउने, सहयोग गर्ने र सम्मान गर्ने गर्नुपर्छ भनी अभिप्रेरित गर्नुहोस्)

**क्रियाकलाप ८ : अभिभावकसँग छलफल र विवरण तयार**

विद्यार्थीलाई आफ्नो समुदायको असल नेतृत्व गर्ने व्यक्तिका बारेमा अभिभावकसँग सोधी विवरण तयार गर्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ९ : द्रुतलेखन**

- विद्यार्थीलाई यस पाठबाट सिकेका मुख्य विषयवस्तुलाई द्रुतलेखन गर्न लगाउनुहोस् ।
- यसका लागि पाँच मिनेट समय उपलब्ध गराउनुहोस् ।
- यस विधिमा द्रुत लेखन गर्दा कलम रोक्न नहुने तथ्य बताउनुहोस् ।
- बिच बिचमा बाँकी समयको जानकारी गराउनुहोस् ।
- केही विद्यार्थीलाई आफूले टिपेका कुरा सुनाउन लगाउनुहोस् ।

## (ङ) मूल्याङ्कन/प्रतिबिम्बन

पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पार्ने जस्ता क्रियाकलाप गर्नुहोस् ।

पाठ २

# वेशभूषा र रहनसहन

**अनुमानित कार्यघण्टा : ३**

## (क) पाठ परिचय

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक राष्ट्र हो । वि.स. २०७८ को जनगणनाअनुसार १४२ जात, १२४ भाषा, १० भन्दा बढी धार्मिक सम्प्रदाय छन् । जात, भाषा र धर्ममा भएको फरकपनका कारण यहाँ वेशभूषा, गरगहना र खानपान आदिमा पनि विविधता पाइन्छ । बक्खु, पाङ्देन, दोचा, दौरा सुरुवाल, गुनिउँचोली, धोती, कुर्ता, लेहेङ्गा जस्ता पहिरन, तिलहरी, शिरबन्दी, माला, चुरा आदि गरगहना नेपाली समाजको पहिचान हुन् । त्यस्तै थुक्पा, रिल्दुक, सुप, भात, ढिडो, गुन्द्रुक, रोटी, दाल, अचार नेपाली समाजको खानेकुराका पहिचानअन्तर्गत पर्छन् । यस पाठमा स्थानीय भाषा, वेशभूषा, रहनसहनको पहिचान र यसको महत्त्व सम्बन्धमा छलफल गरिने छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| स्थानीय भाषा, वेशभूषा, रहनसहनको परिचय दिई महत्त्व पहिचान गर्न | • स्थानीय भाषा, वेशभूषा, रहनसहनको पहिचान गर्न<br>• स्थानीय भाषा, वेशभूषा, रहनसहनको महत्वबोध गर्न |

## (ग) शैक्षणिक सामग्री

- विभिन्न जातिगत पोसाक लगाएका मानिसको तस्बिर, नमुना
- विभिन्न जातिअनुसारका गरगहना, परिकारको चित्र, फोटो, भिडियो
- पाठको वेशभूषा र रहनसहनसम्बन्धी कविता

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

भेशभूषा र रहनसहन पाठको सहजीकरण गर्ने अगिल्लो दिन नै विद्यार्थीलाई आफ्नो मौलिक वेशभूषा र गरगहना लगाई विद्यालय आउनका लागि जानकारी दिने र शिक्षक आफू पनि आफ्नो मौलिक वेशभूषा तथा गरगहनामा प्रस्तुत भई विद्यार्थी भाइबहिनीहरूलाई कक्षामा स्वागत गर्नुहोस् ।

## (आ) मुख्य क्रियाकलाप

### क्रियाकलाप १ : जानकारी प्रदान

- पाठको सामान्य जानकारी गराउँदै शिक्षकले आफूले लगाएको वेशभूषा र गरगहनाका बारेमा जानकारी दिनुहोस् ।
- विद्यार्थीलाई पनि आफूले लगाएका मौलिक वेशभूषा र गरगहनाका बारेमा प्रतिनिधिमूलक ढङ्गबाट बताउन लगाउनुहोस् ।

### क्रियाकलाप २ : अभिवादन अभ्यास

विद्यार्थीलाई आफ्नो भाषामा प्रयोग गरिने अभिवादनका शब्द प्रयोग गरी एकअर्कामा अभिवादन गर्ने अभ्यास गर्न लगाउनुहोस् ।

जस्तै तामाङ-फ्याफुल्ला, शेर्पा- टासिदेले, मगरः झोर्ले, राई- सेवा, लिम्बू- सेवारो

### क्रियाकलाप ३ : कविता वाचन र छलफल

- पाठ्यपुस्तकमा दिइएको वेशभूषा र रहनसहन सम्बन्धमा दिइएको कविता लय हाली गाउनुहोस् र विद्यार्थीलाई पनि सँगसँगै गाउन लगाउनुहोस् ।
- कवितासँग सम्बन्धित वेशभूषा र गरगहनाको चित्र पनि सँगसँगै प्रस्तुत गरी रोचक ढङ्गबाट छलफल गराउनुहोस् ।

### क्रियाकलाप ४ : पावरपोइन्ट प्रस्तुति

भौगोलिक क्षेत्रअनुसार हिमाल, पहाड र तराइमा बस्ने मानिसहरूले लगाउने वेशभूषा र गरगहनाकी बारेमा चित्रात्मक रूपमा वा पावरपोइन्ट स्लाइडको माध्यमबाट रोचक तरिकाबाट छलफल गराउनुहोस् ।

### क्रियाकलाप ५ : तालिका निर्माण र प्रस्तुति

विद्यार्थीलाई अभ्यास २ मा दिइएको जस्तै तालिकामा आफ्नो परिवारको सदस्यले लगाउने र समुदायका लगाउने वेशभूषा र गरगहनाको नाम लेख्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

### क्रियाकलाप ६ : खेल

जातिगत एवम् स्थानीय वेशभूषा र रहनसहनको महत्त्वका बारेमा खेलका माध्यमबाट छलफल गराउनुहोस् ।

शिक्षकले प्लास्टिक/कागज वा नमुना बल कक्षाका विद्यार्थीहरूमध्ये कोही एक जनालाई पास गर्नुहोस् र जातिगत एवम् स्थानीय वेशभूषा र रहनसहनको कुनै एक महत्त्व भन्न लगाउनुहोस् । बल प्राप्त गर्ने विद्यार्थीले उत्तर दिएपछि अर्को कुनै साथीलाई बल पास गर्न भन्नुहोस् र उक्त साथीलाई अर्को महत्त्व भन्न लगाउनुहोस् यसरी नै क्रमशः बल पास गर्न लगाई एउटा एउटा महत्त्व भन्न लगाउनुहोस् । यसमा थप सहजीकरणको भूमिका शिक्षकले गर्नुहोस् ।

**क्रियाकलाप ७ : चित्र निर्माण/प्रदर्शन**

- विद्यार्थीलाई कक्षामा विद्यार्थी सङ्ख्याअनुसार समूहमा विभाजन गर्नुहोस् ।
- विभिन्न जातजातिका व्यक्तिले लगाउने पोसाक र गरगहनाका चित्र बनाउन वा इन्टरनेटको माध्यमबाट डाउनलोड गरेर प्रिन्ट गरी चार्टपेपरमा टाँसेर कक्षामा प्रस्तुत गर्न लगाउनुहोस्।

**क्रियाकलाप ८ : पोसाक प्रदर्शनी**

वद्यार्थीलाई समुदायमा प्रचलनमा रहेको आफ्नो जातिको भन्दा फरक जातिको वेशभूषा र गरगहना लगाउन लगाएर सांस्कृतिक पोसाक प्रदर्शनी कार्यक्रम आयोजना गर्नुहोस् ।

## (ङ) मूल्याङ्कन/प्रतिबिम्बन

१. विद्यार्थीले कक्षामा गराएको समूह कार्य, क्रियाकलापमा सहभागिता, प्रस्तुतीकरण र देखाएको सक्रियताका आधारमा निम्नानुसारको मूल्याङ्कन गर्नुहोस् ।

| क्र.स | नाम थर | क्रियाकलापमा सहभागिता | छलफलमा संलग्नता | प्रस्तुतीकरण |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

धेरै राम्रो ३, राम्रो २, सुधार गर्नुपर्ने १

२. पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पार्ने जस्ता क्रियाकलाप गर्नुहोस् ।

पाठ ३

# हाम्रा मेलापर्व र जात्राहरू

**अनुमानित कार्यघण्टा : ३**

## (क) पाठ परिचय

नेपालमा विभिन्न जातजाति, भाषा तथा धर्मका मानिस बसोबास गर्ने गर्छन् । जातजाति, धर्म, भौगोलिक क्षेत्रअनुसार चाडपर्व र चाडपर्व मनाउने तरिका फरक हुने गर्छ । हिन्दुहरूको दसैं, तिहार, बौद्धहरूको बुद्धपुर्णिमा, किराँतहरूको साकेला, क्रिस्चियनहरूको क्रिस्मस धर्मविशेषका मुख्य पर्व हुन् । त्यस्तै जनैपूर्णिमा, तिज, छठ, ल्होसार, गौरापर्व, सिरुवापर्व, माघीपर्व, फागुपूर्णिमा, मेला, जात्रा आदि विभिन्न जाति, समुदाय र स्थान विशेषका पर्व हुन् । विशेषगरी नेवार समुदायमा विभिन्न जात्रा र उत्सव मनाउने गरिन्छ । विस्केटजात्रा, भोटोजात्रा, इन्द्रजात्रा, गाईजात्रा, घोडेजात्रा आदि नेवार समुदायमा मनाइने महत्त्वपूर्ण जात्रा हुन् । चाडपर्व, मेलाजात्रा भनेको विशेष दिन हो । यस दिनमा आफन्त, साथीभाइ, इष्टमित्र जम्मा हुने, मिठा मिठा परिकार खाने, राम्रो लगाउने र सबै मिली रमाइलो गर्ने गरिन्छ । हाम्रो देशमा मनाइने विभिन्न चाडपर्व, जात्राहरूका माध्यमले हामीलाई एकआपसमा घुलमिल गराउन मदत गर्छ । सामाजिक सद्भाव कायम राख्न मदत गर्छ । देशको सामाजिक तथा सांस्कृतिक विविधताबिचको एकतालाई प्रतिबिम्बन गर्छन् । यस पाठमा स्थानीय मेलापर्व र जात्राको परिचय, महत्त्व र संरक्षणका लागि गर्नुपर्ने काम सम्बन्धमा छलफल गरिने छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| स्थानीय मेलापर्व र जात्राको परिचय दिई महत्त्व पहिचान गर्न | • स्थानीय मेलापर्व र जात्राको पहिचान गर्न<br>• स्थानीय मेलापर्व र जात्राको महत्त्वबोध गर्न<br>• स्थानीय मेलापर्व र जात्राको संरक्षणका लागि गर्नुपर्ने काम बताउन । |

## (ग) शैक्षणिक सामग्री

- विभिन्न जातजातिका मानिसले विभिन्न चाडपर्व मनाइरहेको तस्बिर
- मेलापर्व तथा जात्राको परिचय लेखिएको चार्ट
- समुदायमा मनाइने मेलापर्व र जात्राहरूको सूचीको चार्ट
- मेलापर्व र जात्राहरूको नाम उल्लिखित मेटाकार्ड र महत्त्व उल्लिखित चार्ट

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

विभिन्न जातजातिले मनाइरहेको विभिन्न चाडपर्व, जात्रा आदिका तस्बिर देखाउँदै यस चित्रमा के भइरहेको छ भनी सोच्न लगाई विद्यार्थीलाई छलफलमा पर्याप्त सहभागी हुने अवसर प्रदान गर्नुहोस् र चित्रमा प्रस्ट पारिदिनुहोस् ।

### (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ : सूची निर्माण र प्रस्तुति**

- विद्यार्थीलाई आफ्नो समुदायमा मनाइने मेलापर्व, जात्राको नाम भन्न अभिप्रेरित गर्नुहोस् ।
- शिक्षकले आफूले मनाउने र समुदायमा मनाइने अन्य मेलापर्व र जात्राहरूको सूचीको चार्ट प्रस्तुत गरी छलफल गराउनुहोस् ।

**क्रियाकलाप २ : भिडियो र चार्ट प्रदर्शन र छलफल**

- केही मेलापर्व र जात्रासम्बन्धी भिडियो प्रस्तुत गरी कक्षालाई रोचक बनाउनुहोस् ।
- मेलापर्व तथा जात्रा भन्नाले के बुझ्नुहुन्छ भनी प्रश्न गर्दै परिचय दिन अभिप्रेरित गर्नुहोस् ।
- विद्यार्थीका विचारलाई समेट्दै मेलापर्व तथा जात्राको परिचय चार्टमार्फत प्रस्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ३ : संवाद पठन र छलफल**

- विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् ।
- केही चाडपर्वको नाम उल्लिखित मेटाकार्ड छ्यासमिस पारेर राख्नुहोस् (दसैं, छठ, ल्होसार, माघीपर्व, गौरापर्व, गाईजात्रा, इन्द्रजात्रा, बिस्केटजात्रा) र समूहबाट एक जना नेता तोकी छान्न लगाउनुहोस् ।
- आफ्नो समूहमा परेका चाडपर्वमा के कस्ता गतिविधि गरिन्छ ? समूहमा छलफल गर्न लगाई चार्टपेपरमा टिपोट गर्न लगाउनुहोस् । छलफलका लागि समय तोकिदिनुहोस् ।
- प्रत्येक समूहले तयार पारेको चाडपर्वमा गरिने गतिविधि उल्लिखित चार्ट भित्तामा टाँस्न
- लगाउनुहोस् ।
- प्रत्येक समूहलाई फरक फरक रङको कलम प्रदान गरी प्रत्येक चार्टको अवलोकन हिँडेर गर्ने अवसर प्रदान गर्नुहोस् र पृष्ठपोषणका रूपमा केही भए उक्त कलमको प्रयोग गरी लेख्न निर्देशन दिनुहोस् ।
- अन्त्यमा शिक्षकसहित प्रत्येक चार्टमा छलफल गरी निश्कर्ष दिनुहोस् ।

- पाठ्यपुस्तकमा भएका संवादमा केही विद्यार्थीलाई विद्यार्थी र शिक्षकको भूमिका निर्वाह गर्न लगाई पढ्न लगाउनुहोस् ।
- संवादमा उल्लिखित पर्व र जात्रा सम्बन्धित चित्रसँगै प्रस्तुत गरी रोचक तरिकाबाट पाठमा छलफल गराउनुहोस् ।

**क्रियाकलाप ४ : ग्यालरी वाक**

- ग्यालरी वाक विधिको प्रयोग गरी निम्नलिखित क्रियाकलाप गराउनुहोस् ।

**क्रियाकलाप ५ : मस्तिष्क मन्थन**

- स्थानीय मेलापर्व र जात्राहरूको महत्त्व सम्बन्धमा विद्यार्थीलाई सोच्न लगाउनुहोस् र प्रत्येक विद्यार्थीलाई नदोहोऱ्याई एक एक बुँदा भन्न अभिप्रेरित गर्नुहोस् ।
- विद्यार्थीको प्रयासमा स्याबासी दिँदै स्थानीय मेलापर्व र जात्राहरूको महत्व लेखिएको स्लाइड वा चार्ट प्रस्तुत गरी प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ६ : तालिकामा विवरण प्रस्तुति**

- समुदायमा मनाउने गरिएका मेलापर्व र जात्राका सम्बन्धमा छलफल गर्न लगाई तालिकामा जस्तै विवरण भर्न लगाउनुहोस् ।

| मेला वा जात्राको नाम | मनाउने समय | मनाउने तरिका |
|---|---|---|
| | | |
| | | |
| | | |

**क्रियाकलाप ७ : अनुभव आदानप्रदान**

विद्यार्थीलाई आफ्नो समुदायमा मनाइने कुनै एक मेलापर्व र जात्रामा सहभागी हुँदा प्राप्त भएको अनुभव विवरणका रूपमा तयार गर्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् । (नमुना उदाहरणका लागि पाठ्यपुस्तकको क्रियाकलाप २ हेर्न लगाउनुहोस्)

**क्रियाकलाप ८ : परियोजना कार्य**

समुदायमा प्रचलनमा रहेका मेलापर्व जात्राको संरक्षण गर्न के के गर्न सकिन्छ ? अभिभावक वा स्थानीय जानकार व्यक्तिलाई सोधेर तालिका पूरा गर्नुहोस् भनी परियोजना कार्य दिनुहोस् ।

| मेलापर्व, जात्रा र उत्सव | संरक्षणका लागि गर्नुपर्ने काम |
|---|---|
| | |
| | |
| | |

## (ङ) मूल्याङ्कन/प्रतिबिम्बन

(क) विद्यार्थीले गरेको समूह कार्य निम्नलिखित आधारमा मूल्याङ्कन गर्नुहोस् :

| क्र.स | समूहको नाम | सक्रियता र सहभागिता | प्रस्तुतीकरण | जिम्मेवारीबोध |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

उत्कृष्ट ३, मध्यम २, सामान्य १

(ख) पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

पाठ ४

# प्रेरणादायी व्यक्तित्व

**अनुमानित कार्यघण्टा : ३**

## (क) पाठ परिचय

समुदायमा राम्रा काम गरी योगदान पुऱ्याउने व्यक्तिहरू समुदायका प्रेरणादायी व्यक्ति हुन् । कुनै काम गर्नका लागि मनबाट आउने हौसला वा उत्साह प्रेरणा हो । समुदायमा राम्रो काम गर्ने व्यक्तिबाट अरूलाई पनि त्यस्तै वा अरू राम्रो काम गर्न प्रेरणा मिल्ने हुन्छ । परिवार समाजमा रहँदा असल र राम्रो काम गरेमा सबैबाट प्रशंसा पाउन सकिन्छ । आफ्नो व्यक्तिगत स्वार्थलाई त्यागी समाजको हितमा काम गर्दा समाजका मानिसबाट प्रशंसा पाइन्छ र सबैको प्रेरणादायी व्यक्ति बन्न सकिन्छ । यस पाठमा केही प्रेरणादायी व्यक्तिहरूको उदाहरणमार्फत प्रेरणादायी व्यक्तिको पहिचान र योगदान सम्बन्धमा छलफल गराइने छ । त्यस्तै आफ्नो समुदायमा भएका प्रेरणादायी व्यक्तिहरूको पहिचान गरी उनीहरूको योगदानबाट प्रेरणा प्राप्त गर्न विविध सहजीकरण विधि र सामग्री प्रयोग गरी यस पाठको सहजीकरण गरिने छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| आफ्ना समुदायका प्रेरणादायी व्यक्तित्वको पहिचान र योगदानको खोजी गर्न । | • प्रेरणादायी व्यक्तित्वको परिचय बताउन<br>• समुदायका प्रेरणादायी व्यक्तित्वको पहिचान गर्न<br>• समुदायका प्रेरणादायी व्यक्तित्वको योगदान उल्लेख गर्न<br>• प्रेरणादायी व्यक्तित्वको योगदानबाट अभिप्रेरित हुन |

## (ग) शैक्षणिक सामग्री

- प्रेरणा शब्दको अर्थ उल्लिखित मेटाकार्ड
- हर्क दाजु प्रेरणाको स्रोत बन्नुको कारण उल्लिखित चार्ट
- सबैको प्रशंसा पाउन गर्नुपर्ने काम उल्लिखित चार्ट
- असल काम गर्ने व्यक्तिले सबैको सम्मान र प्रशंसा पाउने भनी प्रेरित गर्ने गीत वा कविता

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

- कक्षाका विद्यार्थीलाई स्वागत गरी पाठ शीर्षकमा जानकारी गराउनुहोस् ।

- प्रेरणा शब्दको अर्थ अनुमान गर्न लगाउनुहोस् र प्रेरणा शब्दको अर्थ उल्लिखित मेटाकार्ड प्रस्तुत गरी उनीहरूको प्रयासमा थप हुने गरी प्रस्ट पार्नुहोस् ।

## (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ : अनुभव आदानप्रदान**

- विद्यार्थीलाई विद्यालय आउन, भर्ना हुन, पढ्न लेख्न कोबाट प्रेरित हुनुभयो भनी प्रश्न गरी रोचक तरिकाबाट छलफल गराउनुहोस् ।
- केही विद्यार्थीलाई आफ्नो अनुभव बताउने अवसर प्रदान गर्नुहोस् र विद्यार्थीलाई अनुभव सेयर गरेकामा धन्यवाद दिँदै आफू पनि शिक्षक बन्न कोबाट र कसरी अभिप्रेरित भएको भनी आफ्नो अनुभव रोचक ढङ्गबाट बताउनुहोस् ।

**क्रियाकलाप २ : कथा प्रस्तुति र छलफल**

आफ्नै गाउँ समुदायमा रहेका प्रेरणादायी व्यक्तित्व वा कुनै काल्पनिक व्यक्तित्वका बारेमा रोचक कथा सिर्जना गरी छलफल गराउनुहोस् ।

**क्रियाकलाप ३ : प्रश्नोत्तर र छलफल**

- पाठमा रहेको हर्क दाजुका बारेमा स्लाइडमार्फत वा चार्टमार्फत रोचक ढङ्गले प्रश्नोत्तर शैलीमा छलफल गराउनुहोस् ।
- अभ्यास २ को हर्क दाजु किन सबैको प्रेरणाका स्रोत बन्न पुगे भनी प्रश्न गर्दै छलफल गराउनुहोस्। कारणलाई ३/४ बुँदामा प्रस्ट पार्नुहोस् ।
- त्यसरी नै गोपीनाथ हजुरबुबा र छिरिङ काकीको प्रेरणादायी काममा पनि प्रश्नोत्तर शैलीमा छलफल गराउनुहोस् ।

**क्रियाकलाप ४ : चार्ट प्रस्तुति र छलफल**

- सबैको प्रशंसा पाउन के कस्ता काम गर्नुपर्छ भनी प्रश्न गर्दै विद्यार्थीलाई अनुमान गर्न लगाई आआफ्ना कापीमा टिपोट गर्न लगाई पालैपालो भन्न लगाउनुहोस् ।
- त्यसपछि शिक्षकले चार्टमार्फत थप प्रस्ट पारिदिनुहोस् ।

> - आफ्नो आचरण असल बनाउनुपर्छ ।
> - मिठो र नरम बोलीवचन व्यवहार गर्नुपर्छ ।
> - सबैसँग मेलमिलाप, सहयोग कायम गर्नुपर्छ ।
> - गरिब, अशक्त र दुःखीको सेवा गर्नुपर्छ ।
> - आफ्नो स्वार्थ त्यागेर अरूका हितमा काम गर्नुपर्छ ।
> - समाजको विकासका काम जस्तै : बाटो निर्माण, सरसफाइ आदि कार्यमा आफूले सक्ने योगदान गर्नुपर्छ ।

**क्रियाकलाप ५ : गीत वा कविता प्रस्तुति र छलफल**

असल काम गर्ने व्यक्तिले सबैको सम्मान र प्रशंसा पाउने भनी प्रेरित गर्ने गीत वा कविता सिर्जना गरी गाउन लगाउनुहोस् ।

**गीत**

हामी असल भयौँ भने समाज असल हुन्छ
हामीले गर्ने कामहरू राम्रो हुनुपर्छ ।
छिमेकी हजुरबुबा समाजसेवी हुनुहुन्छ
दुःखी, गरिब, अशक्तलाई सहयोग गर्नुहुन्छ ।
हाम्रा काका व्यावसायिक खेती गर्नुहुन्छ
स्वरोजगार भई अरूलाई नि रोजगार दिनुहुन्छ ।
मेरो आमा सामाजिक संस्थामा काम गर्नुहुन्छ
समाजका समस्या हटाउन पहल गर्नुहुन्छ ।
आमा, काका, हजुरबुबा राम्रो काम गर्नुहुन्छ
त्यसैले त वेला वेला सम्मान पनि पाउनुहुन्छ ।

**क्रियाकलाप ६ : अभिभावकसँग छलफल र टिपोट**

विद्यार्थीलाई उनीहरूका अभिभावकको सहयोगमा समुदायमा असल काम गर्ने व्यक्तित्वको सोधीखोजी गर्न लगाउनुहोस् र उहाँहरूले गर्नुभएका कार्यको विवरण टिपोट गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ७ : तालिका प्रस्तुति**

पाठ्यपुस्तकको क्रियाकलाप ३ मा दिइएको आफ्नो समुदायको प्रेरणादायी व्यक्तिको नाम र उहाँहरूबाट प्राप्त प्रेरणा तालिकामा भर्न सहजीकरण गर्नुहोस् ।

| प्रेरणादायी व्यक्तिको नाम | प्राप्त प्रेरणा |
|---|---|
| १. | |
| २. | |
| ३. | |

**(ङ) मूल्याङ्कन/प्रतिबिम्बन**

पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पार्ने कार्यसमेत गर्नुहोस् ।

**नमुना प्रश्नहरू**

(क) प्रेरणादायी व्यक्तित्व भन्नाले के बुझ्नुहुन्छ ?
(ख) असल काम गर्ने व्यक्तिलाई किन सबैले सम्मान गर्छन् ?
(ग) सबैको प्रशंसा पाउने असल व्यक्ति बन्न के गर्नुपर्छ ?

पाठ ५

# अनुशासित बनौँ

**अनुमानित कार्यघण्टा : ३**

## (क) पाठ परिचय

निश्चित नियमभित्र रही असल आचरण प्रदर्शन गर्नु अनुशासन हो । मानिसको सबैभन्दा उत्तम गुणका रूपमा अनुशासनलाई लिइन्छ । हाम्रो जीवनमा अनुशासन एकदमै महत्वपूर्ण छ । यसले व्यक्तिलाई जिवनमा प्रगति गर्न र सफलता प्राप्त गर्न प्रेरित गर्छ । अनुशासनको क्षेत्र ज्यादै फराकिलो छ । हामीले घर, विद्यालय, खेलमैदान, सङ्घसंस्था वा जुनसुकै स्थानमा रहँदा अनुशासनको पालना गर्नुपर्छ । अनुशासनले व्यक्तिमा असल चरित्र निर्माणमा सहयोग गर्छ । अनुशासित व्यक्तिलाई सबैले मन पराउँछन् । विद्यार्थी जीवनमा अनुशासनको ज्यादै महत्व रहन्छ । अनुशासित विद्यार्थीले नै पढाइमा प्रगति गरी सफलता हासिल गर्न सक्छ । विद्यालयको नियम पालना गर्ने, कक्षामा रहँदा अनुशासित रहने, शिक्षकको सम्मान गर्ने, शिक्षकले पढाएका सिकाएका कुरा ध्यान दिएर सुन्ने, अध्ययन गर्ने असल अनुशासित विद्यार्थी नै पछि गएर असल नागरिक बन्छ । उसको भविष्य पनि उज्ज्वल हुन्छ ।

विद्यार्थीलाई दैनिक जीवनमा अनुशासन तथा असल आचरण पालना गर्न अभ्यस्त गराउनु यस पाठको औचित्य रहेको छ । यस पाठमा अनुशासनको परिचय, महत्त्व विषयवस्तुमा जानकारी गराई असल आचरण पालना गर्न अभिप्रेरित गरिने छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| अनुशासन तथा असल आचरण पालना गर्न | • अनुशासनको परिचय बताउन<br>• असल व्यवहार उल्लेख गर्न<br>• परिवारका सदस्य, समुदाय, विद्यालय र साथीहरूका बिचमा मेलमिलाप, शान्ति, संयम र धैर्य जस्ता असल आचरण कायम गर्न<br>• मान्यजन तथा प्रतिष्ठित व्यक्तिको सम्मान र आज्ञा पालन गर्न<br>• समानुभूति कायम गर्न |

## (ग) शैक्षणिक सामग्रीहरू

- बालबालिकाका अनुशासित व्यवहार झल्कने चित्र
- असल व्यवहारअन्तर्गत पर्ने व्यवहारहरूको सूचीको चार्ट

- असल व्यवहार एवम् अनुशासित व्यवहारसम्बन्धी कविता या गीत
- घर तथा विद्यालयमा रहँदा गर्नुपर्ने अनुशासित व्यवहार समेटिएको नमुना संवाद

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

- कक्षाका विद्यार्थीलाई स्वागत गरी पाठ शीर्षकमा जानकारी गराउनुहोस् ।
- बालबालिकाका अनुशासित व्यवहार झल्कने चित्र प्रदर्शन गरी छलफल गराउनुहोस् र अनुशासन शब्दको परिचय प्रस्ट पार्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : चित्र प्रदर्शन र छलफल**

पाठ्यपुस्तकको अनुशासित बनौँ पाठमा दिइएको राधिका र सरोजको असल, अनुशासित व्यवहार विद्यार्थीलाई जोडी जोडीमा टिपोट गर्न लगाउनुहोस् र विद्यार्थीलाई पनि असल र अनुशासित बन्न उत्प्रेरित गर्नुहोस् ।

**क्रियाकलाप २ : समूह छलफल**

- कक्षाका विद्यार्थीलाई २ समूहमा विभाजन गरी एक समूहलाई राधिकाको र अर्को समूहलाई सरोजको असल व्यवहार टिपोट गर्न लगाउनुहोस् ।
- दुवै समूहले टिपोट गरिसकेपछि प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् र राधिका र सरोजको जस्तै असल व्यवहार अवलम्बन गर्न अभिप्रेरित गर्नुहोस् ।

**क्रियाकलाप ३ : गीत रचना**

- असल आचरण र व्यवहारसम्बन्धी गीत रचना गरी विद्यार्थीलाई पनि सँगसँगै गाउन लगाउनुहोस् र यस्तै अनुशासनसँग सम्बन्धित गीत, चित्र, कथा, कविता, नाटक रचना गर्न विद्यार्थीलाई अभिप्रेरित गर्नुहोस् ।

**गीत**

अनुशासित बनौँ भनी पढ्छौँ हामी पाठ<br>
घर, विद्यालय, कक्षाकोठामा रहन्छौँ<br>
ज्ञानी, असल, अनुशासित धैर्य भई बस्छौँ<br>
अरूको दुःखलाई पनि आफ्नै जस्तै ठान्छौँ<br>
समानुभूतिको भाव सधैँभरि राख्छौँ ।<br>
एक, दुई, तीन, चार, पाँच, छ, सात, आठ<br>
अनुशासित बनौँ भनी पढ्छौँ हामी पाठ ।<br>
आफूभन्दा ठुलालाई सधैँ सम्मान गर्छौँ<br>
सानालाई माया अनि सहयोग गर्छौँ ।<br>
असल, शिष्ट, सभ्य भई व्यवहार गर्छौँ<br>
अभिभावक, शिक्षकमाझ लोकप्रिय बन्छौँ

**क्रियाकलाप ४ : संवाद तयारी र भूमिका अभिनय**

- घर तथा विद्यालयमा रहँदा गर्नुपर्ने अनुशासित व्यवहार समेटिएको नमुना संवाद तयार गरी रोचक तरिकाबाट छलफल गराउनुहोस् । (संवादमा भूमिका अभिनय गर्न लगाउनुहोस्)

**क्रियाकलाप ५ : सूची प्रदर्शन र छलफल**

- असल व्यवहारअन्तर्गत कस्ता व्यवहार पर्छन् ? भनी प्रश्न गर्दै छलफल गराउनुहोस् र असल व्यवहारअन्तर्गत पर्ने व्यवहारहरूको सूची चार्टमार्फत प्रस्ट पारिदिनुहोस् ।
- विद्यार्थीलाई आफूमा पनि त्यस्तै व्यवहार विकास गर्न अभिप्रेरित गर्नुहोस् ।

**क्रियाकलाप ६ : आफ्नो व्यवहार चिनौँ**

क्रियाकलाप ४ को तपाईंले प्रदर्शन गर्ने गरेका असल आचरण र व्यवहारमा ठिक चिह्न लगाउनुहोस् भन्ने अभ्यास प्रश्नोत्तर शैलीमा गरेर देखाउने जसले गर्दा बालबालिकालाई असल बन्न अभिप्रेरित गरोस् ।

| व्यवहार | गर्छु | गर्दिनँ |
|---|---|---|
| घर, विद्यालय र कक्षाकोठामा अनुशासनमा रहने | | |
| शिक्षक अभिभावकले भनेका राम्रा कुराको पालना गर्ने | | |
| कक्षाकोठामा सिक्ने र सिकाउने | | |
| साथीसँग झगडा गर्ने | | |
| जस्तोसुकै अप्ठेरो पर्दा पनि धैर्य हुने | | |
| आफूलाई रिस उठ्दा वा अप्ठेरो पर्दा पनि संयमित हुने | | |
| अरूको दुःखलाई आफ्नै दुःख जस्तो ठान्ने | | |
| आफूभन्दा ठुलालाई सम्मान गर्ने | | |
| साना भाइबहिनीलाई पिट्ने | | |

**क्रियाकलाप ७ : भूमिका अभिनय**

- अनुशासनमा बस्नुपर्छ भनी प्रेरित गर्ने नाटक सिर्जना गरी भूमिका अभिनय गर्न लगाउनुहोस् । क्रियाकलाप - ८ नियम बनाउन छलफल र प्रदर्शन

- कक्षामा अनुशासन र असल आचरण प्रदर्शन गर्न आपसी छलफलमा नियम बनाउन लगाई कक्षामा टाँस्न लगाउनुहोस् ।

**क्रियाकलाप ९ : नाटक गरौँ**

- अनुशासित रहनुपर्छ भनी सचेतना जगाउने नाटक तयार गरी विद्यार्थीलाई भूमिका अभिनय गर्न लगाउनुहोस् ।

### नाटकका लागि बुँदा

- एक जना अनुशासित, अर्को अनुशासन नभएको
- एक जनाले घर, परिवार, समाजमा रहँदा अनुशासित व्यवहार गर्ने अर्कोले नगर्ने
- अनुशासितलाई सबैले माया गर्ने, मन पराउने, अर्कोलाई मन नपराउने
- अनुशासितले पढाइमा प्रगति गरेको, अर्को पढाइमा असफल भएको र पछुतो मानी अनुशासित रहनुपर्छ भनी प्रेरणा मिलेको

## (ङ) मूल्याङ्कन/प्रतिविम्बन

१. विद्यार्थी विद्यालय कक्षाकोठामा रहँदा प्रदर्शन गर्ने असल एवम् अनुशासित कार्यको नियमित मूल्याङ्कन गर्नुहोस् ।

| क्र.स. | नाम थर | मेलमिलाप | सहयोगी | समयको पालना | सामूहिक कार्यमा सहभागिता |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

धेरै राम्रो ३, राम्रो २, सुधार गर्नुपर्ने १

२. पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पार्ने कार्यसमेत गर्नुहोस् ।

पाठ ६

# फुर्सदको सदुपयोग

**अनुमानित कार्यघण्टा : ३**

## (क) पाठ परिचय

कामबाट खाली रहेको अवस्था फुर्सद हो। दैनिक जीवनमा नियमित गरिने कामबाट समय खाली भएको अवस्थालाई फुर्सद भनिन्छ। फुर्सदलाई रुचिपूर्ण, सिर्जनात्मक काममा सही सदुपयोग गर्न सकेमा समय फलदायी रहन्छ। फुर्सदको सदुपयोग गर्नु राम्रो बानी हो। यस्तो बानीले व्यक्तिलाई जीवनमा प्रगति गर्न र सफलता प्राप्त गर्न प्रेरित गर्छ। बालबालिकालाई फुर्सदको समय सदुपयोग गर्न अभिप्रेरित गर्नु अभिभावक शिक्षकको कर्तव्य पनि हो। बालबालिकालाई घरको कामा सहयोग गर्न विभिन्न सिर्जनात्मक काम चित्र, कथा कविता रचना गर्न, गीत, सङ्गीत, नृत्यमा सहभागी हुन तथा विभिन्न खेलकुदमा सहभागी भई फुर्सदको सदुपयोग गर्न प्रेरित गर्न सकिन्छ। यसबाट बालबालिकालाई व्यस्त राख्न मदत गर्नुका साथै विभिन्न कुलतमा लाग्नबाट बचाउन सकिन्छ। विद्यार्थीलाई फुर्सदलाई रुचिपूर्ण, सिर्जनात्मक काममा सही सदुपयोग गर्न प्रेरित गर्नु यस पाठको औचित्य रहेको छ। फुर्सदको परिचय सदुपयोगको उपायसँग सम्बन्धित भई पाठमा छलफल गरिने छ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| • फुर्सदको समयको सही सदुपयोग गर्न | • फुर्सद के हो भनी बोध गर्न<br>• फुर्सदलाई रुचिपूर्ण, सिर्जनात्मक काममा सही सदुपयोग गर्न |

## (ग) शैक्षणिक सामग्रीहरू

- विद्यालयको चउर सरसफाइ गरी डस्टबिनमा राखेको, विद्यालयको फूलबारी गोडमेल गरेको पुस्तकालयमा गएर विभिन्न पुस्तक र पत्रपत्रिका अध्ययन गरेको, कक्षामा हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गरेको, बालक्लबमा आबद्ध भएर विभिन्न काम गरेको, मोबाइल या टेलिभिजन हेरेको जस्ता क्रियाकलाप गरी फुर्सदको सदुपयोग गरेका चित्र
- फुर्सदको सदुपयोगसम्बन्धी बालगीत
- विद्यालयमा बालबालिका बालक्लबमा लागेर विभिन्न रचनात्मक कार्य गरेको साथै नयाँ नयाँ ठाउँ घुम्न गएर ज्ञान हासिल गरेको बालबालिकाको कथा

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

### क्रियाकलाप १ : **अनुभव आदानप्रदान**

तपाईंहरू हिउँदे र बर्से बिदाको समयमा वा वार्षिक परीक्षा सकिएपछिको बिदामा के के गर्नुहुन्छ ? यस्तो समयलाई के भनिन्छ होला भनी छलफल गराउँदै फुर्सदको समयको अवधारणा स्पष्ट पारिदिनुहोस् ।

### क्रियाकलाप २ : **चित्र छलफल**

घरमा आमाबुबालाई काममा सघाएको, विद्यालयको चउर सरसफाइ गरी डस्टबिनमा राखेको, विद्यालयको फूलबारी गोडमेल गरेको पुस्तकालयमा गएर विभिन्न पुस्तक र पत्रपत्रिका अध्ययन गरेको कक्षामा हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गरेको, बालक्लबमा आबद्ध भएर विभिन्न काम गरेको, मोबाइल वा टि.भि हेरेको जस्ता क्रियाकलाप गरी फुर्सदको सदुपयोग गरेको चित्रहरू प्रस्तुत गरी छलफल गराउनुहोस् ।

### क्रियाकलाप ३ : **प्रश्नोत्तर**

- विद्यार्थीलाई आफ्नो फुर्सदको समयमा के गर्नुहुन्छ भनी सोध्नुहोस् र पालैपालो बताउन लगाउनुहोस् ।
- उनीहरूले गर्ने गरेको काममा प्रोत्साहन गर्दै थप रचनात्मक र सिर्जनात्मक क्रियाकलापमा सहभागी हुन अभिप्रेरित गर्नुहोस् ।

### क्रियाकलाप ४ : **भूमिका अभिनय**

- पाठ्यपुस्तकको फुर्सदको सदुपयोग पाठमा दिइएको संवाद पढ्न लगाई भूमिका अभिनय गर्न लगाउनुहोस् ।

### क्रियाकलाप ५ : **पाठ अध्ययन र टिपोट**

- पाठमा छलफल गराउनुहोस् र फुर्सदमा के के काम गर्न सकिने रहेछ भनी पाठबाट टिपोट गर्न लगाउनुहोस् ।
- विद्यार्थीले टिपोट गरेका कुरा प्रतिनिधिमूलक ढङ्गबाट बताउन लगाउनुहोस् । (बिच बिचको रोल नम्बरअनुसार, बसाइअनुसार वा विद्यार्थीको इच्छाअनुसार)

### क्रियाकलाप ६ : **गीत रचना र गायन**

- फुर्सदको सदुपयोगसम्बन्धी गीत शिक्षक विद्यार्थी दुवै मिली रचना गर्नुहोस् र गाउने अभ्यास गराउनुहोस् ।

भनभन साथीहरू फुर्सदमा के गर्नुहुन्छ ?
फुर्सद हुँदा चित्र कोर्छु, कथा पनि पढ्छु
पानी थाप्ने चिया बनाउने घरको काम नि गर्छु तरकारी
केलाउँछु, फुलबारीमा पानी हाल्छु
घरभित्र बाहिर पनि सरसफाइ गर्छु ।
कहिलेकाही साथीसँग खेल्ने पनि गर्छु
मोबाइलमा नयाँ कुरा खाजी हेर्ने गर्छु
गीत गाउन नि मन पर्छ कहिलेकाँही गाउँछु मादल, गितार
सिक्ने गर्छु, नाच्ने पनि गर्छु ।
यसरी नै फुर्सदलाई सदुपयोग गर्छु
फुर्सद सदुपयोग हुँदा रमाइलो मान्छु
आमाबुबा शिक्षकले नि माया गर्नुहुन्छ
सबले मलाई राम्रो मान्छे भनी भन्नुहुन्छ ।

**क्रियाकलाप ७ : समूह छलफल**

- बालक्लबमा सहभागी हुँदा प्राप्त गर्न सकिने फाइदाहरू के हुन सक्छन् भनी समूह समूहमा छलफल गराउनुहोस् र प्रस्तुत गर्न लगाउनुहोस् त्यसपछि शिक्षकले बालक्लबमा सहभागी हुँदा प्राप्त गर्न सकिने फाइदाहरू चार्ट वा स्लाइडमार्फत प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ८ : तातो आलु खेल**

- विद्यार्थीलाई फुर्सदको समयमा गर्न सकिने सिर्जनात्मक, रचनात्मक काम भन्नका लागि तातोआलु खेल खेलाउनुहोस् ।
- तातोआलु खेल तातोआलु खेल खेलाउनका लागि विद्यार्थीलाई गोलो घेरामा उभिन लगाउनुहोस् र विद्यार्थी मध्ये एक जना विद्यार्थीलाई भकुन्डो वा कागजको डल्लो दिनुहोस्। मादल वा गीतको धुन बजाउन लगाई त्यसलाई क्रमशः अर्को विद्यार्थीलाई पास गर्न लगाउनुहोस् । धुन रोकिँदा जसको हातमा बल वा कागजको डल्लो पुगेको हुन्छ, उसलाई फुर्सदको समयमा गर्न सकिने कुनै एउटा बुँदा भन्न लगाउनुहोस्र प्राप्त बुदालाई टिपोट गर्दै जानुहोस् । यस क्रमलाई सबैको पालो नपुगुन्जेल दोहोऱ्याउनुहोस् र प्राप्त बुँदामा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**क्रियाकलाप ९ : चार्ट निर्माण**

- कक्षामा शिक्षक अनुपस्थित हुँदा विभिन्न विषयमा गर्न सकिने सिर्जनात्मक कार्यलाई कक्षामा समूह छलफल गर्न लगाउनुहोस् ।
- छलफलबाट आएका सिर्जनात्मक कार्यलाई चार्टपेपरमा उतार्न लगाई कक्षाको भित्तामा टाँस्न लगाउनुहोस् र सोही तालिकाअनुरूप कक्षा सञ्चालन गर्न कक्षाको मनिटरलाई निर्देशन दिनुहोस् ।

## ५. मूल्याङ्कन/प्रतिबिम्बन

१. विद्यार्थीले घरमा फुर्सद हुँदा गर्ने काम (अभिभावकको सहयोगमा) को विवरण अभिलेख गरी सोहीबमोजिम मूल्याङ्कन गर्नुहोस् ।

२. पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पार्ने कार्यसमेत गर्नुहोस् ।

पाठ ७

# सहयोगी बनौँ

**अनुमानित कार्यघण्टा : ३**

## (क) पाठ परिचय

कुनै पनि काममा वा असहज परिस्थितिमा एकले अर्कोलाई मदत गर्नु सहयोग हो । हरेक व्यक्तिलाई आफ्नो परिवार, समाजमा रहँदा सहयोगको आदानप्रदान गर्नुपर्ने हुन्छ । दैनिक जीवनका विभिन्न काम सरल, सहज र छिटो सम्पन्न गर्न, असहज परिस्थितिलाई सहज बनाउन सहयोगको आवश्यकता पर्छ । सहयोग गर्दा सहयोग पाउने व्यक्तिको मन खुसी हुन्छ भने सहयोग गर्ने व्यक्तिलाई पनि आत्मसन्तुष्टि मिल्छ । बालबालिकालाई सहयोगी बन्न अभिप्रेरित गर्नु अभिभावक र शिक्षकको कर्तव्य पनि हो । बालबालिकालाई आफ्नो पढाइ, लेखाइ र गृहकार्यको काम सकिएपछि घरको काममा सहयोग गर्न प्रेरित गर्नुपर्छ, जस्तै : चिया, खाना बनाउने, घर, कोठा सरसफाइ गर्ने, करेसाबारी, फूलबारीमा पानी हाल्ने जस्ता विभिन्न काममा सहयोग गर्न लगाउनुपर्छ । विद्यालयमा रहँदा फुर्सदको समयमा सबै मिली कक्षाकोठा सफाइ गर्ने, साथीभाइ, शिक्षकहरूलाई आवश्यकता पर्दा सहयोग गर्न प्रेरित गर्ने गर्नुपर्छ । समाजमा रहेका अशक्त, अपाङ्ग, वृद्ध र दुःखमा परेकालाई सहयोग गर्न प्रेति गर्नुपर्छ । समाजमा हुने सरसफाइका काम, विकासका काममा पनि सकेको सहयोग गर्न अभिप्रेरित गर्नुपर्छ । अरूलाई सहयोग गर्दा आफूले पनि परेको वेला सहयोग पाइन्छ । सहयोगी बानीले आपसी सद्भाव कायम भई मेलमिलाप र एकताको भावना कायम हुन्छ । त्यसैले विविध क्रियाकलापका माध्यमबाट बालबालिकामा सहयोगी बानी निर्माण गर्नु यस पाठको औचित्य रहेको छ । सहयोगको अवधारणा, सहयोगको फाइदा विषयमा सम्बन्धित भई पाठमा छलफल गरिने छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| • सहयोगी बानीको विकास गर्न | • सहयोगको महत्त्वबोध गर्न<br>• सहयोगी बन्न अभिप्रेरित भई सहयोग गर्न |

## (ग) शैक्षणिक सामग्रीहरू

- अपाङ्गता भएका व्यक्ति वा जेष्ठ नागरिक वा विपत्मा परेका व्यक्तिलाई सहयोग गरिरहेका चित्रहरू
- पाठ्यपुस्तकको पाठको विभिन्न परिस्थितिमा सहयोग गरिरहेको चित्र

- स्वप्रतिबिम्बन १ को कविता
- स्वप्रतिबिम्बन २ को दिइएका घटनामध्ये तपाईंलाई राम्रा लागेका घटना छनोट गरी चार्ट वा तालिका बनाउनुहोस् भन्ने अभ्यास चार्ट या स्लाइडमा

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

तपाईंले घरमा के के काम गर्नुहुन्छ ? आफ्ना अभिभावक र भाइबहिनीलाई के के कामका लागि सघाउने गर्नुभएको छ ? जस्ता प्रश्न सोधी पाठ प्रवेश गर्नुहोस् ।

**क्रियाकलाप १ : चित्र प्रदर्शन र प्रश्नोत्तर**

- अपाङ्गता भएका व्यक्ति वा जेष्ठ नागरिक वा दुःखमा परेका व्यक्तिलाई सहयोग गरिरहेको चित्र देखाउँदै छलफल गराउनुहोस् ।
- सहयोग भनेको के होला भनी प्रश्न गर्दै सहयोगको परिचय दिन अभिप्रेरित गर्नुहोस् ।
- सहयोग शब्द उल्लिखित मेटाकार्ड प्रस्तुत गरी सहयोग शब्दको अवधारणा बुझाउनुहोस् ।

**क्रियाकलाप २ : अनुभव आदानप्रदान**

- विद्यार्थीलाई आफू घर, परिवार, समाजमा रहँदा कसलाई कस्तो सहयोग गर्नुभएको छ भनी प्रश्न सोध्नुहोस् र केही समय सोच्नका लागि समय प्रदान गर्नुहोस् ।
- पालैपालो विद्यार्थीलाई आफूले गरेको सहयोगको काम बताउन अवसर प्रदान गर्नुहोस् र त्यस्तै सहयोग आउने दिनमा पनि गर्नका लागि प्रेरित गर्नुहोस् ।

**क्रियाकलाप ३ : संवाद**

पाठ्यपुस्तकको सहयोगी बनौँ भन्ने पाठमा पाठको विभिन्न परिस्थितिमा सहयोग गरिरहेको चित्र पाठसँगै प्रस्तुत गरी रोचक तरिकाबाट संवादमा छलफल गराउनुहोस् ।

**क्रियाकलाप ४ : कविता वाचन**

- स्वप्रतिविम्बन १ मा प्रस्तुत गरिएको कविता वाचन गरी बालबालिकालाई पनि सँगै गाउन लगाउनुहोस् ।
- कविताले दिन खोजेको सन्देश टिपोट गर्न लगाई कक्षामा प्रतिनिधिमूलक ढङ्गबाट सुनाउन लगाउनुहोस् र शिक्षकले कवितामा थप प्रस्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ५ : समूह छलफल**

- सहयोगबाट हुने फाइदा विद्यार्थीलाई समूहमा छलफल गराउनुहोस् ।
- शिक्षकले सहयोगबाट हुने फाइदा चार्टमा उतार्न सहयोग गरी सहयोगबाट हुने फाइदा प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ६ : अभिभावक सम्पर्क**

- अभिभावकको सहयोगमा सहयोगी बन्नुपर्छ भनी प्रेरित गर्ने कथा, कविता, नाटक रचना गर्न लगाई कक्षामा प्रस्तुत गर्ने अवसर दिनुहोस् ।

## ५. मूल्याङ्कन/प्रतिबिम्बन

१. विद्यार्थीको सहयागी बानीको अवलोकन गरी अभिलेख राख्नुहोस् र सोही बमोजिम मूल्याङ्कन गर्नुहोस् ।

| क. स. | नाम थर | सहयोगी बानी | | |
|---|---|---|---|---|
| | | उत्कृष्ट | मध्यम | सामान्य |
| | | | | |

उत्कृष्ट ३ मध्यम २ सामान्य १

२. पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ  अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पार्ने कार्यसमेत गर्नुहोस् ।

पाठ ८

# हाम्रा राष्ट्रिय विभूतिहरू

**अनुमानित कार्यघण्टा : ४**

## (क) पाठ परिचय

देश र जनताका भलाइका लागि उल्लेखनीय योगदान दिने महत्त्वपूर्ण व्यक्ति राष्ट्रिय विभूतिका रूपमा चिनिन्छन् । यस्ता व्यक्तिले देश र जनताको हित र स्वार्थका लागि आफ्नो व्यक्तिगत स्वार्थलाई त्याग वा बलिदान गरेका हुन्छन् । देशको मान सम्मान बढाउन महत्त्वपूर्ण योगदान गरेका हुन्छन् । यस्ता योगदानका क्षेत्र विविध हुन सक्छन् । कुनै पनि क्षेत्र जस्तै युद्धमा वीरता देखाउने, भाषा, साहित्य, संस्कृतिको विकासमा योगदान दिने, प्रजातन्त्र, लोकतन्त्र प्राप्तिका लागि त्याग गर्ने, विभिन्न साहसिक काम गरी देशको नाम उँचो राख्ने काम गरेका हुन्छन् । यसरी देशको आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक, धार्मिक, सांस्कृतिक आदि क्षेत्रमा उल्लेखनीय योगदान दिने व्यक्तिलाई सरकारले राष्ट्रिय विभूतिका रूपमा घोषणा गर्छन् । हालसम्म नेपालमा १८ जना व्यक्तिलाई सरकारले राष्ट्रिय विभूतिका रूपमा घोषणा गरेको छ । तीमध्ये केही राष्ट्रिय विभूतिको परिचय र योगदानमा यस पाठमा छलफल गरिने छ । विद्यार्थीलाई राष्ट्रिय विभूतिको योगदानबाट अभिप्रेरित भई असल काम गर्न प्रेरित गर्नु यस पाठको औचित्य रहेको छ । यस पाठमा (क) अमरसिंह थापा (ख) बलभद्र कुँवर (ग) भक्ति थापा (घ) भीमसेन थापा (ङ) भानुभक्त आचार्य (च) मोतीराम भट्ट (छ) त्रिभुवन वीरविक्रम शाह (ज) पासाङ ल्हामु शेर्पा (झ) फाल्गुनन्द लिङ्देन (ञ) जयपृथ्वीबहादुर सिंह जस्ता विभूतिको परिचय र योगदानमा छलफल गरिने छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| • राष्ट्रिय विभूतिको सामान्य परिचय दिन र प्रेरणा प्राप्त गर्न | • हाम्रा राष्ट्रिय विभूतिहरूको सामान्य परिचय दिन र प्रेरणा प्राप्त गर्न<br>• राष्ट्रिय विभूतिको सम्मान गर्न |

## (ग) शैक्षणिक सामग्री

- १८ जना राष्ट्रिय विभूतिहरूको फोटो
- राष्ट्रिय विभूतिको परिचय लेखिएको चार्ट
- राष्ट्रिय विभूतिहरूको फोटोसहित परिचय तथा योगदान लेखिएको चार्ट वा स्लाइड
- राष्ट्रिय विभूतिको योगदानबाट लिन सकिने प्रेरणा उल्लिखित चार्ट

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

## (ङ) सुरुआती क्रियाकलाप

- कक्षाका विद्यार्थीलाई स्वागत गर्दै पाठको सामान्य परिचय दिनुहोस् ।
- १८ राष्ट्रिय विभूतिहरूको सामूहिक फोटो प्रदर्शन गर्नुहोस् र चित्रबारे अनुमान गर्न लगाउनुहोस् ।

### क्रियाकलाप १ : **चित्र प्रदर्शन र छलफल**

चित्रमा छलफल गराउँदै राष्ट्रिय विभूतिको परिचय दिन प्रेरित गर्नुहोस् ।

राष्ट्रिय विभूतिको परिचय लेखिएको चार्ट वा भिडियोमार्फत प्रदर्शन गरी राष्ट्रिय विभूतिको परिचय प्रस्ट पार्नुहोस् ।

### क्रियाकलाप २ : **परिचय चार्ट निर्माण**

- अगिल्लो दिन नै कक्षाका विद्यार्थीलाई ५ समूहमा विभाजन गर्नुहोस् ।
- प्रत्येक समूहलाई एक विभूतिको फोटोसहितको परिचय र योगदान उल्लिखित चार्ट तयार गर्न दिनुहोस् । यसका लागि पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्रीको प्रयोग गरी खोज गर्न निर्देशन दिनुहोस् ।

(क) अमरसिंह थापा

(ख) बलभद्र कुँवर

(ग) भक्ति थापा

(घ) भीमसेन थापा

(ङ) भानुभक्त आचार्य

### क्रियाकलाप ३ : **प्रदर्शन र छलफल**

- अमरसिंह थापा, बलभद्र कुवँर, भक्ति थापा, भीमसेन थापा, भानुभक्त आचार्यको फोटोसहित उनको परिचय तथा योगदान लेखिएको चार्ट वा स्लाइडमार्फत प्रस्ट पारिदिनुहोस् ।
- विद्यार्थीले तयार गरेको चार्टमा स्याबासी प्रदान गर्दै आवश्यकताअनुसार क्रमशः पृष्ठपोषण पनि दिनुहोस् ।

### क्रियाकलाप ४ : **चार्ट वा स्लाइड प्रदर्शन र छलफल**

- मोतीराम भट्ट, त्रिभुवन वीरविक्रम शाह, पासाङ ल्हामु शेर्पा, फाल्गुनन्द लिङ्देन, जयपृथ्वीबहादुर  सिंहको फोटोसहित उनको परिचय तथा योगदान लेखिएको चार्ट वा स्लाइडमार्फत प्रस्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ५ : समूहकार्य**

- छलफलपश्चात् विद्यार्थीलाई समूहमा विभाजन गरी त्यस्तै चार्ट तयार गर्न सहजीकरण गर्नुहोस् ।
- सबै चार्ट तयार भइसकेपछि प्रदर्शन गर्न लगाउनुहोस् र समूह समूहबिचमा नै एकअर्काको मूल्याङ्कन गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ६ : अनुमान**

- हाम्रा राष्ट्रिय विभूतिहरूको योगदानबाट के कस्तो प्रेरणा प्राप्त गर्न सकिन्छ भनी प्रश्न गरी अनुमान गर्न लगाउनुहोस् ।
- केही समय सोचेर बुँदा टिपोट गर्ने समय दिनुहोस् ।
- बुँदा टिपोट गरिसकेपछि प्रस्तुतिका लागि अवसर दिनुहोस् ।
- विद्यार्थीको प्रस्तुतिमा स्याबासी दिँदै विभूतिहरूको योगदानबाट लिन सकिने प्रेरणा उल्लिखित चार्ट प्रदर्शन गरी प्रस्ट पार्नुहोस् ।

- विभूतिको योगदानबाट प्रेरित भई राम्रा र असल काम गर्ने हुँदा समाजमा राम्रो योगदान पुग्छ ।
- विभूतिको सम्झना राष्ट्रको गौरव, पहिचान एवम् सम्मान पनि हो ।

**क्रियाकलाप ७ : समूह छलफल**

हामीले हाम्रा विभूतिहरूलाई सधैँ सम्झिरहनुपर्छ किन भनी समूहमा छलफल गराउनुहोस् र निष्कर्ष कक्षामा सुनाउन लगाउनुहोस् ।

**क्रियाकलाप ८ : एल्बम विकास**

विद्यार्थीलाई समूहमा विभाजन गरी नेपालका राष्ट्रिय विभूतिहरूको चित्र वा फोटो सङ्कलन गरी एल्बम तयार गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ९ : खोज र प्रस्तुति**

पाठमा समावेश भएकाबाहेक अन्य विभूतिका बारेमा खोजी गरेर लेख्न दिनुहोस् र कक्षामा प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् ।

**क्रियाकलाप १० : समूह छलफल र प्रस्तुति**

- विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् ।
- राष्ट्रिय विभूतिको नाम उल्लिखित मेटाकार्ड छ्यासमिस पारेर राख्नुहोस् र प्रत्येक समूहको नेतालाई पालैपालो लिन लगाउनुहोस् ।
- आफ्नो समूहलाई परेको विभूतिको परिचय र योगदान समूहमा छलफल गर्न भन्नुहोस् ।
- समूहको नेतालाई भन्न लगाउनुहोस् र आवश्यकताअनुसार अन्य साथीलाइ पनि सहयोग गर्न  अभिप्रेरित गर्नुहोस् ।

**क्रियाकलाप ११ : पात्र पहिचान**

कक्षाका विद्यार्थीमध्ये एक विद्यार्थीलाई कक्षाअगाडि बोलाउनुहोस् । उसको ढाडमा कुनै एक विभूतिको नाम लेखिएको कागज टाँसिदिनुहोस् । ती विभूतिको सम्बन्धमा विद्यार्थीले अरू साथीमाझ  विभिन्न अनुमान योग्य र विकल्प नजिकका प्रश्न राख्नुपर्ने हुन्छ ? उसको ढाडको नाम सबैले देख्नेगरी विद्यार्थीलाई शरीर घुमाउन लगाउनुहोस् । जस्तै : विद्यार्थीको ढाडमा राजा जनक लेखिएको छ भने, ती विद्यार्थीले निम्नानुसारको प्रश्न सोधी उत्तरको छिटो र सही अनुमान गर्न सक्नेछन् ।

- के यी विभूति राजा हुन् ?
- अरू विद्यार्थीले हुन् भन्ने छन् ।
- त्यसपछि विद्यार्थीले सही उत्तर नजिक पुग्न अर्को अनुमान प्रस्तुत गर्ने छन्, जस्तै : के उनी प्राचीन कालका राजा हुन् ?
- अरू विद्यार्थीले हो भन्ने छन् । त्यसपछि उनीले सही उत्तरको नजिक पुग्ने छन् । प्राचीनकालका  राजामा त एकै व्यक्ति विभूति छन् । उनले अब उनी राजा जनक हुन भन्न सक्छन् । उनले  राजा जनक भनेमा अरूले मिल्यो वा ठिक भन्ने छन् ।
- त्यसपछि अरू विद्यार्थीलाई फरक विभूतिको यसैगरी क्रियाकलाप गराउन सकिन्छ ।

## ५. मूल्याङ्कन/प्रतिबिम्बन

१. समूह कार्य गराउँदा श्रेणी मापन वा रुब्रिक्सका आधारमा मूल्याङ्कन गर्न सकिन्छ, जसको नमुना तल दिइएको छ :

| क्र. स | नाम थर | छलफलमा सक्रियता/सहभागिता प्रस्तुतीकरण | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | उत्कृष्ट | मध्यम | सामान्य | उत्कृष्ट | मध्यम | सामान्य |
| | | | | | | | |
| | | | | | | | |

**उत्कृष्ट ३ मध्यम २ सामान्य १**

२. पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पार्ने कार्यसमेत गर्नुहोस् ।

एकाइ ३

# नागरिक चेतना, कर्तव्य र अधिकार

**अनुमानित कार्यघण्टा : २४**

## १. एकाइ परिचय

यस एकाइमा कक्षा पाँचमा अध्ययनरत बालबालिकालाई आफ्नो समुदायमा भएका प्राकृतिक तथा सांस्कृतिक सम्पदाको पहिचान गराउने, सम्पदा संरक्षणमा भएका स्थानीय प्रयासहरू र स्थानीय विकास कार्यक्रमसँग परिचित गराउने, परम्परागत रूपमा चलिआएका राम्रा सामाजिक प्रचलनहरूको पालना, संरक्षण र प्रचारप्रसारमा सहयोग गर्न सिकाउने विषयवस्तु समावेश गरिएका छन् । यसका साथै कक्षाकोठामा साथीहरूका बिचमा हुने विवाद, यसको कारण पहिचान गरी विवादको समाधानमार्फत मेलमिलाप कायम गरी शान्तिपूर्ण वातावरण निर्माण गर्न सिकाउने, सडक सुरक्षा र ट्राफिक नियमको जानकारी र सडक सुरक्षाका लागि नियमको पालना गरी सुरक्षित हुन सिकाउने विषयवस्तु समाविष्ट छन् । यसैगरी व्यक्तिगत र पारिवारिक सुरक्षामा सहयोग पुऱ्याउने निकायहरू (जस्तै : वारुण यन्त्र, एम्बुलेन्स र प्रहरी) ले प्रदान गर्ने सेवाहरूका बारेमा जानकारी दिने र आवश्यक परेको वेला त्यस्ता सेवाहरूको प्रयोग गर्न सिकाउने विषयवस्तुयस एकाइमा समावेश गरिएका छन् । यस्ता विषयवस्तुको शिक्षण गर्नका लागि उपयुक्त शैक्षणिक सामग्री, शिक्षण विधिको छनोट गरी त्यसको प्रयोग गर्नुका साथै सिकाइ अवस्थाको मूल्याङ्कन गरी आवश्यकताअनुसार थप सहयोगसमेत गर्नुपर्ने हुन्छ । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा बालबालिकामा विभिन्न प्रकारका जीवनोपयोगी तथा व्यवहारकुशल सिपहरू जस्तै : सञ्चार सिप, अन्तरवैयक्तिक सिप, नेतृत्व सिप आदिको विकास गर्न सहयोग पुऱ्याउनेतर्फ ध्यान दिनुपर्छ । सिकाइ क्रियाकलाप सञ्चालन गर्दा सबै प्रकारका बालबालिका सिकाइ पक्रियामा समावेश हुने कुराको सुनिश्चित गर्नुपर्छ ।

यस एकाइमा समाविष्ट भएका पाठ तथा विषयवस्तुको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, परियोजना कार्य, मस्तिष्क मन्थन, TPS, Gallery Walk, जिग्सअ, अब मेरो पालो (Pens in the Middle), भूमिका अभिनय, Mix Freeze Pair, One stays Others Stray आदि जस्ता शिक्षण विधि र सोहीअनुसारका नमुना क्रियाकलाप विकास गरिएका छन् । शिक्षकले कक्षाको आकार, विद्यार्थी सङ्ख्या, भौतिक सुविधाको उपलब्धता समेतलाई ध्यानमा राखी अन्य सिर्जनात्मक सिकाइ क्रियाकलाप पनि सञ्चालन गर्न सक्नुहुने छ ।

## २. सिकाइ उपलब्धि

यस एकाइको शिक्षण सिकाइपश्चात् विद्यार्थीले निम्नानुसारका सिकाइ उपलब्धि हासिल गर्ने छन् :

१. प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र संवर्धनका लागि भएका स्थानीय प्रयासको खोजी गर्न

२. परम्परागत रूपमा चलिआएका राम्रा सामाजिक नियमहरूको पालना गर्न

३. साथीहरूबिच हुने सानातिना विवादको समाधान गरी शान्तिपूर्ण वातावरण कायम गर्ने कार्यमा सहयोग गर्न
४. सडक सुरक्षा तथा ट्राफिक नियमको पालना गर्न र अरूलाई पनि सचेत गराउन
५. व्यक्तिगत र पारिवारिक सुरक्षामा सहयोग पुऱ्याउने निकायहरूको पहिचान गर्न

## ३. विषयवस्तु, सिकाइ उपलब्धि, शैक्षणिक सामग्री र समय विभाजनसम्बन्धी विवरण

| पाठ | पाठको नाम | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| १ | सम्पदाको संरक्षण गरौँ | प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण र संवर्धनका लागि भएका स्थानीय प्रयासको खोजी गर्न | सम्पदा र यसको संरक्षण सम्बन्धमा लेखिएको कविता/गीतको नमुना, विभिन्न सम्पदा जस्तै : मन्दिर, वेशभूषा, चाडपर्व, जात्रामेला, पाटीपौवा, सङ्ग्रहालय, दरबार, गढी, पुराना सिक्का आदिको चित्र र विषयवस्तुसँग म्बन्धित चार्ट/स्लाइड | ५ |
| २ | हाम्रा परम्परागत सामाजिक नियम | परम्परागत रूपमा चलिआएका राम्रा सामाजिक नियमको पालना गर्न | विषयवस्तुसँग सम्बन्धित चित्र र भिडियो क्लिप तथा चार्ट र पावरपोइन्ट स्लाइड | ५ |
| ३ | विवाद र यसको समाधान | साथीहरूबिच हुने सानातिना विवादको समाधान गरी शान्तिपूर्ण वातावरण कायम गर्ने कार्यमा सहयोग गर्न | विवाद समाधान र मेलमिलाप सम्बन्धित भिडियो क्लिप्स र विषयवस्तुसँग सम्बन्धित चार्ट र स्लाइड | ४ |
| ४ | सडक सुरक्षा र सावधानी | सडक सुरक्षा तथा ट्राफिक नियमको पालना गर्न र अरूलाई पनि सचेत गराउन | ट्राफिक चिह्न र ट्राफिक बत्तीको सङ्केतको चित्र, सडक दुर्घटनासम्बन्धी विभिन्न समाचारहरू लेखिएको पत्रपत्रिकाको कटिङ, सडक दुर्घटनासम्बन्धी सचेतना जगाउने नाराहरू लेखिएको प्लेकार्ड, विषयवस्तुसँग सम्बन्धित चार्ट र स्लाइड | ५ |
| ५ | सुरक्षामा सहयोगी सेवाहरू | व्यक्तिगत र पारिवारिक सुरक्षामा सहयोग पुऱ्याउने निकायहरूको पहिचान गर्न | प्रहरी कार्यालय, एम्बुलेन्स, दमकल आदि जस्ता निकायहरूको कार्य झल्कने चित्र/भिडियो क्लिप्स, पोस्टर, विषयवस्तुसँग सम्बन्धित चित्र र भिडियो क्लिप तथा चार्ट र पावरप्वाइन्ट स्लाइड | ५ |

सहजीकरण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा लैङ्गिकता, अपाङ्गता, धार्मिक सहिष्णुता, समवेशिता तथा सामाजिक एकताको मर्म विपरीत नहुने गरी साथै विविधताको समेत सम्बोधन हुने कुरामा विशेष ध्यान पुऱ्याउनुपर्ने हुन्छ ।

पाठ १

# सम्पदाहरूको संरक्षण गरौँ

**अनुमानित कार्यघण्टा : ५**

## (क) पाठ परिचय

हाम्रा पूर्वजबाट प्राप्त भएका महत्त्वपूर्ण स्थान, वस्तु, कला, संस्कृति र प्राकृतिक वातावरण आदि हाम्रा सम्पदा हुन् । सामान्यतः सम्पदाले सार्वजनिक सम्पत्तिलाई जनाउँछ । यस्ता सम्पदा हाम्रा गहना र  चिनारी हुन् । यिनीहरूले हाम्रो देशको पहिचान र गौरव बढाउने काम गर्छन् । यस्ता सम्पदाले हाम्रो इतिहास र संस्कृतिलाई बचाएका हुन्छन् । देशको इज्जत र प्रतिष्ठालाई माथि उठाएका हुन्छन् । हाम्रो  समुदायमा रहेका यस्ता सम्पदाको अवलोकन गर्न देश विदेशबाट धेरै पर्यटक आउने भएकाले पर्यटन विकासमा यिनीहरूको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । यी सम्पदा कुनै व्यक्तिको मात्र सम्पत्ति नभई समुदाय, समाज र राष्ट्रकै साझा सम्पत्ति हुन् । सम्पदा हाम्रा पुर्खाका आदर्श, धरोहर, कलाकृतिका  नमुना, सभ्यता र परम्पराका द्योतक हुन् । यस्ता सम्पदाले सामाजिक, राजनीतिक, ऐतिहासिक,  प्राकृतिक महत्त्व बोकेका हुन्छन् । हाम्रो देशका यस्ता सम्पदामध्ये केही महत्त्वपूर्ण सम्पदालाई युनेस्कोले  विश्व सम्पदा सूचीमा सूचीकृत गरेको छ । सम्पदा हामी सबैका साझा सम्पत्ति भएकाले यसको  संरक्षणमा हामी नागरिकका तर्फबाट टोलबासी, उपभोक्ता समिति, क्लब, गुठी र नागरिक समाज तथा  सरकारको (वडा कार्यालय, गाउँपालिका, नगरपालिका, प्रदेश र सङ्घ) महत्वपूर्ण भूमिका हुन्छ । यस  पाठमा आफ्नो समुदायमा भएका प्राकृतिक तथा सांस्कृतिक सम्पदाको पहिचान गराउने, तिनीहरूको संरक्षणमा भएका प्रयास र स्थानीय विकास कार्यक्रमसँग परिचित गराउने जस्ता विषयवस्तु समावेश गरिएका छन् ।

यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, परियोजना कार्य जस्ता विद्यार्थी केन्द्रित विधि साथै समालोचनात्मक चिन्तन विधिअन्तर्गत मस्तिष्क मन्थन, TPS, Gallery Walk आदि जस्ता विधि प्रयोग गर्न सकिन्छ । यस पाठको सिकाइ सहजीकरणपश्चात् बालबालिकामा आफ्नो वरपरका सम्पदाको पहिचान गरी तिनीहरूको संरक्षण गर्ने तथा आफ्ना पुर्खाहरूको विरासतमा गर्व गर्ने भावनाको विकास हुने अपेक्षा गरिएको छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| • प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र संवर्धनका लागि भएका स्थानीय प्रयासको खोजी गर्न | • सम्पदाको परिचय दिन र वर्गीकरण गर्न<br>• स्थानीय पर्यटकीय स्थलको सम्भाव्यता पहिचान गर्न<br>• सम्पदा संरक्षणका उपाय उल्लेख गर्न<br>• विभिन्न स्थानीय विकास कार्यक्रमसँग परिचित हुन<br>• स्थानीय स्तरबाट सम्पदा संरक्षणका लागि भएका प्रयासको खोजी तथा सहयोग गर्न |

## (ग) शैक्षणिक सामग्री

- सम्पदाको परिचय लेखिएको र वर्गीकरण गरिएको चार्ट/पावरप्वाइन्ट स्लाइड – विभिन्न सम्पदा जस्तै : मन्दिर, वेशभूषा, चाडपर्व, जात्रामेला, पाटीपौवा, सङ्ग्रहालय, दरबार, गढी, पुराना सिक्का आदिको चित्र
- नेपालमा पर्यटनको सम्भावना लेखिएको चार्ट
- सम्पदा र यसको संरक्षण सम्बन्धमा लेखिएको कविता/गीतको नमुना
- वृक्षरोपण गरिरहेको, बाटोघाटो मर्मत, मन्दिरको सरसफाइ, रङरोगन गरिरहेको, ऱ्याली आदि जस्ता
- चेतनामूलक कार्यक्रम गर्दै गरेको भिडियो क्लिप्स

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

सर्बप्रथम विद्यार्थीलाई सम्पदा र यसको संरक्षणसम्बन्धी तलको जस्तै वा कुनै एउटा कविता/गीत सुनाउनुहोस् र आजको पाठको नाम अनुमान गर्न लगाउनुहोस् । सक्रिय सहभागिताका लागि सबैलाई धन्यवाद दिँदै आजको पाठको नाम भनिदिएर सिकाइ सहजीकरण प्रक्रिया सुरु गर्नुहोस् ।

### (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ : पहिचान र प्रदर्शन**

विद्यार्थीलाई माथि कवितामा भएका जस्तै उनीहरूको स्थानीय

**हाम्रा सम्पदा**

रीतिरिवाज, वेशभूषा, चाडपर्व, मेला हिमाल, पहाड, वनजङ्गल, सुन्दर नदीनाला पाटीपौवा, सङ्ग्रहालय, दरबार र गढी अमूल्य छन् सम्पदा यी, राष्ट्रका सम्पत्ति इतिहास र संस्कृति हुन्, प्रतिष्ठा र मान यिनै भित्र लुकेको छ, देशको पहिचान देश विकास र समृद्धिमा मुख्य पर्यटन सबै मिली गर्नुपर्छ, सम्पदा संरक्षण

स्तरमा भएका विभिन्न सम्पदाको नाम भन्न लगाउनुहोस् । त्यसपछि शिक्षकले हाम्रा रीतिरिवाज, वेशभूषा, चाडपर्व, जात्रामेला, पाटीपौवा, सङ्ग्रहालय, दरबार, गढी आदिको चित्र वा भिडियो क्लिप प्रदर्शन गरी यिनीहरू हाम्रा सम्पदा हुन् भनी जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २ : सोच–जोडीमा छलफल र आदानप्रदान**

शैक्षणिक पाटीमा सम्पदा भनेको के हो भन्ने प्रश्न लेखी प्रत्येक विद्यार्थीलाई यसको उत्तर कापीमा लेख्न लगाउनुहोस् । दुई जना विद्यार्थीलाई जोडीमा बस्न, आफ्नो उत्तर साझा गर्न र दुबै जना मिली साझा धारणा बनाउन लगाउनुहोस् । प्रत्येक जोडीलाई उनीहरूको उत्तर पालैपालो प्रस्तुत गर्ने समय दिनुहोस् । ध्यानपूर्वक सबैको उत्तर सुनेर टिपोट गरी शिक्षकले तल दिइए जस्तै चार्ट/पावरप्वाइन्ट स्लाइड प्रदर्शन गरी सम्पदा सम्बन्धमा थप छलफल गराई प्रस्ट पार्नुहोस्।

| प्राकृतिक सम्पदा | सांस्कृतिक सम्पदा | ऐतिहासिक सम्पदा |
|---|---|---|
| | | |

| | | |
|---|---|---|
| पहाड, वनजङ्गल, नदीनाला, हिमाल | भाषा, वेशभूषा, मन्दिर, मेलापर्व | पाटीपौवा, गढी, दरबार |
| | | |

**क्रियाकलाप ३ : समूह छलफल र तालिका निर्माण**

विद्यार्थीलाई चारओटा समूहमा विभाजन गर्नुहोस् । शिक्षकले तयार गरेर ल्याएको निम्नानुसारको सम्पदाहरूको नाम लेखिएको चार्ट/पावरप्वाइन्ट स्लाइड प्रदर्शन गर्नुहोस्, जस्तै :

भाषा, मन्दिर, वनजङ्गल, पहाड, मस्जिद, पुराना सिक्का, झरना, मस्जिद, कला, वेशभूषा, गुम्बा, चर्च, गढी, दरबार, जीवजन्तु, हिमाल, पहाड, जात्रा, मेलापर्व, सङ्ग्रहालय आदि ।

प्रत्येक समूहलाई चार्ट पेपरमा निम्नानुसारको तालिका बनाउन लगाई उल्लिखित सम्पदाहरू छुट्याउन

लगाउनुहोस् । दृष्टिविहीन विद्यार्थी भएमा समूह कार्यमा संलग्नताका लागि समूहका अन्य सदस्यलाई सहयोग गर्न लगाउनुहोस्।

| प्राकृतिक सम्पदा | धार्मिक सांस्कृतिक सम्पदा | ऐतिहासिक सम्पदा |
|---|---|---|
| | | |

प्रत्येक समूहलाई आफूले तयार गरेको चार्ट प्रदर्शन गर्न लगाउनुहोस्, त्यसमा अर्को समूहलाई सुझाव दिन लगाउनुहोस् । अन्त्यमा शिक्षकले तयार गरेको विभिन्न सम्पदाको वर्गीकरण गरिएको चार्ट/पावरप्वाइन्ट स्लाइड प्रदर्शन गर्नुहोस् । विद्यार्थीको समूहलाई उनीहरूले तयार गरेको चार्टसँग तुलना गर्न लगाउनुहोस् र आवश्यक सहजीकरण गरी प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ४ : समूह छलफल**

विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गर्नुहोस् । पाठमा दिइएको आलमदेवी मन्दिरको संरक्षण र पर्यटन विकासमा त्यहाँका स्थानीयले गरेको प्रयास, जस्तै : विद्यार्थीको स्थानीय स्तरमा भएको कुनै एउटा सम्पदाको व्यवस्थापन र संरक्षणमा भएका कार्य टिपोट गरी त्यसलाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् साथै आवश्यक पृष्ठपोषण पनि दिनुहोस् । त्यसपछि शिक्षकले स्थानीयस्तरमा भएका विकास कार्यक्रम र सम्पदा संरक्षणका लागि भएका प्रयासको सूची प्रदर्शन गरी छलफल गराई प्रस्ट पार्नुहोस् ।

स्थानीयस्तरमा भएका विकास कार्यक्रम र पर्यटन विकासका लागि भएका प्रयासहरू

- जात्रामेला सञ्चालन र व्यवस्थापन
- पिउने पानी र शौचालयको उचित व्यवस्थापन
- बाटामा ढुङ्गा छाप्ने कार्य
- विश्रामस्थल निर्माण

**क्रियाकलाप ५ : अवलोकन भ्रमण**

- विद्यार्थीलाई विद्यालयनजिकै रहेका नदीनाला, वनजङ्गल, मन्दिर, गुम्बा, मस्जिद, चर्च वा कुनै पर्यटकीय स्थलको अवलोकन भ्रमणमा लैजानुहोस् ।
- भ्रमणमा गएको उक्त सम्पदाको अवस्था (सरसफाइ, मर्मत सम्भार, सुरक्षा आदि) पहिचान गर्न लगाउनुहोस् । उक्त स्थानमा शिलालेख भएमा सो पनि अध्ययन गर्न लगाउनुहोस् ।

त्यहाँ भेटिएका विभिन्न जानकार व्यक्तिसँग उक्त सम्पदाका विभिन्न पक्ष र त्यसको संरक्षणका लागि भएका प्रयासका बारेमा प्रश्न सोध्न लगाउनुहोस् र प्राप्त जानकारीलाई टिपोट गर्न लगाउनुहोस् ।

- क्रियाकलाप ६ : समूह छलफल
- आफ्नो समुदाय वरपर तल प्रस्तुत के कस्ता पर्यटकीय सम्भावना रहेका छन् । समूहमा छलफल गरी निष्कर्षमा पुग्नुहोस् ।

**नेपालमा पर्यटनको सम्भावना**

- नेपालको उत्तरी क्षेत्रमा रहेको विशाल हिमशृङ्खला र अग्ला हिमालहरू
- प्राकृतिक सुन्दरता
- ऐतिहासिक तथा धार्मिक स्थलहरू
- सांस्कृतिक विविधता
- प्राकृतिक वनस्पति र जैविक विविधता
- हावापानीमा विविधता
- साहसिक पर्यटन

### क्रियाकलाप ७ : ग्यालरी वाक

सम्पदा संरक्षणका लागि गरिएका कार्य, जस्तै : वृक्षरोपण गरिरहेको, बाटोघाटो मर्मत, मन्दिरको सरसफाइ, रङरोगन गरिरहेको, सचेतना र्‍याली आदि जस्ता कार्यक्रम गर्दै गरेको चित्र तथा भिडियो क्लिप प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई तीनओटा समूहमा विभाजन गरी उनीहरूलाई दिइएको जिम्मेवारीअनुसार समूहको नामकरण गरिदिनुहोस्, जस्तै : वन सम्पदा संरक्षण समिति, युवाक्लब/बालक्लब र वडा कार्यालय । सम्पदा संरक्षणका लागि गरेका ती निकायहरूले गरेका प्रयास/कार्यहरू सम्बन्धित समूहमा छलफल गरी न्युजप्रिन्टमा टिपोट गर्न लगाउनुहोस् । समूहमा कार्य गर्दा सबै प्रकारका बालबालिकाको सहभागितालाई सुनिश्चित गर्नुहोस् ।

समूहले गरेका कामहरूको न्युजप्रिन्ट फरक फरक तीनओटा भित्तामा टाँस्न लगाउनुहोस् । प्रत्येक समूहलाई घडी घुम्ने दिशामा घुम्न लगाई हरेक समूहको कार्यको अवलोकन गर्न र केही थप्नुपर्ने लागेमा थप्न लगाउनुहोस् । उक्त कार्य समाप्त भएपछि प्रत्येक समूहलाई उनीहरूको कार्यको प्रस्तुति गर्ने समय दिनुहोस् । अरू समूहलाई थप सुझावका लागि मौका दिनुहोस् । प्राप्त सुझावसमेत समावेश गरी समूह कार्यलाई परिमार्जन गर्न लगाउनुहोस् र परिमार्जित समूह कार्यलाई केही दिनसम्म प्रदर्शन गरेर कक्षामा राख्न लगाउनुहोस् ।

### क्रियाकलाप ८ : पोस्टर निर्माण

विद्यार्थीलाई पाठ्यपुस्तकको पेज न. ६३ स्वप्रतिबिम्बनको न. २ मा दिइएको सम्पदा संरक्षणमा

हाम्रो भूमिका शीर्षकमा पोस्टर निर्माण गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस्। विद्यार्थीले तयार गरेको पोस्टर विद्यालयको सूचनापाटीमा टाँस्न लगाउनुहोस् । शिक्षकले रुजुसूची बनाई विद्यार्थीको मूल्याङ्कन र त्यसको अभिलेखीकरण गर्न सक्नुहुन्छ ।

**क्रियाकलाप ९ : अब मेरो पालो**

विद्यार्थीलाई आफ्नो कलम टेबुलमा राख्न लगाउनुहोस् । पाठसँग सम्बन्धित विभिन्न प्रश्न सोध्नुहोस् र उत्तर दिन लगाउनुहोस् । उत्तर दिनेलाई आफ्नो कलम लिन लगाउनुहोस् । उत्तर दिन नसक्ने विद्यार्थी भएमा समूहमा रहेका अन्य विद्यार्थीबाट सहयोग लिन लगाउनुका साथै शिक्षकले पनि आवश्यक सहजीकरण गरिदिनुहोस् ।

## (ङ) मूल्याङ्कन ⁄ प्रतिबिम्बन

क्रियाकलाप न. ८ लाई तलको जस्तै रुजुसूची बनाएर विद्यार्थीले परियोजना कार्य गरे नगरेको मूल्याङ्कन गर्नुहोस् ।

**विद्यार्थीको नाम :**

(विद्यार्थीको कार्यको अवलोकन गरेर उपयुक्त स्थानमा ठिक चिह्न लगाउनुहोस्)

| क्र.स. | कामको विवरण | छ | छैन |
|---|---|---|---|
| १ | चित्रका लागि उपयुक्त सम्पदा छनोट गरेको | | |
| २ | चित्र आकर्षक देखिएको | | |
| ३ | चित्रमा उपयुक्त रङको प्रयोग गरेको | | |
| ४ | पोस्टर सन्देशमूलक र आकर्षक | | |
| ५ | पोस्टरलाई सूचनापाटीमा टाँसेको | | |

पाठको क्रियाकलाप र अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विद्यार्थीको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् । थप सिकाइ अवसर प्रदान गर्नुहोस् र आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पारी सिकाइ सहजीकरणको कार्यसमेत गर्नुहोस् ।

**थप नमुना प्रश्न र क्रियाकलाप**

(क) सम्पदा भनेको के हो ? तपाईंको समुदायमा रहेका पाँच पाँचओटा प्राकृतिक र सांस्कृतिक

सम्पदाको नाम लेख्नुहोस् ।

(ख) स्थानीय सम्पदाहरूको संरक्षणमा स्थानीय निकाय र समुदायले के कस्ता कार्यहरू गर्नुपर्ला, लेख्नुहोस् ।

## परियोजना कार्य

(क) विद्यार्थीलाई आफ्नो विद्यालयको कम्पाउन्डको सरसफाइ गर्न, फूलबारी वा गमलामा रोपिएका बिरुवामा गोडमेल गर्न र पानी हाल्न लगाउनुहोस् र आन्तरिक मूल्याङ्कनका लागि उनीहरूको कार्यको अभिलेख राख्नुहोस् ।

## सन्दर्भ तथा स्रोत सामग्री

https://youtu.be/RKIn8bAPFWc¿si=6txQTSiwVbfrro52 https://youtu.be/tZ7Z83nFIwg?si=mm5aKa1kxnx5GD1Q

पाठ २

# हाम्रा परम्परागत सामाजिक नियम

**अनुमानित कार्यघण्टा : ५**

## (क) पाठ परिचय

हरेक समाजलाई व्यवस्थित रूपले सञ्चालन गर्नका लागि समाजका सदस्यहरू मिलेर विभिन्न नियम बनाइएको हुन्छ, त्यस्ता नियमहरूलाई नै सामाजिक नियम भनिन्छ । सामाजिक नियमले समाजमा शान्ति, मेलमिलाप र आपसी सहयोग अभिवृद्धि गर्न मदत गर्नुका साथै सामाजिक सद्भाव र एकता बढाउन मदत गर्छन् । नेपाली समाजमा यस्ता नियम धेरै पहिलादेखि प्रचलनमा थिए र हालसम्म पनि प्रचलनमा रहेका छन् । सामाजिक नियम समुदायका सदस्यको संलग्नतामा बनाइएका हुन्छन् त्यसैले समुदायअनुसार फरक फरक सामाजिक नियम हुन सक्छन् । गुठी, ढिकुर, पर्म, ऐँचोपैँचो, देवाली, बडघर, भेजा आदि हाम्रा समुदायमा प्रचलित राम्रा सामाजिक प्रचलन हुन् । विगतमा यस्ता संस्थाले समुदायमा सङ्गठनका रूपमा काम गर्थे र समुदायका हरेक समस्याको समाधान गर्थे । अहिले पनि  गुठीले धार्मिक सम्पदाको व्यवस्थापन, रेखदेख, संस्कृतिको संरक्षणको काम गरिरहेको छ । ढिकुरले  समुदायका सदस्यहरूमा बचत गर्ने बानीको विकास गरी सङ्कटका वेलामा आलोपालो उक्त रकम/वस्तु समुदायका सदस्यलाई उपलब्ध गराउने तथा लगानीको लागि प्रेरित गर्छ । पर्मले ग्रामीण  भेगमा बिना ज्याला एकअर्काको काममा सहयोग गरी समयमा नै खेतीबालीको काम सम्पन्न गर्न मदत  पुगेको छ । ऐँचोपैँचोले नगद नभएको, नजिकै बजार नभएको तथा व्यक्ति र परिवारमा परेको  आकस्मिक आवश्यकता पूरा गर्न मदत गर्छ । यस पाठमा बालबालिकालाई आफ्नो समुदायमा परम्परागत रूपमा चलिआएका राम्रा सामाजिक प्रचलनहरूको पालना, संरक्षण र प्रचारप्रसारमा सहयोग गर्न सिकाउने विषयवस्तु समावेश गरिएका छन् ।

यस पाठको सिकाइ सहजीकरणपश्चात् विद्यार्थीले आफ्नो समुदायमा प्रचलित परम्परागत सामाजिक  नियमको पहिचान गर्ने, अभ्यास गर्ने र त्यसको प्रचारप्रसार र संरक्षण गर्ने छन् भन्ने अपेक्षा गरिएको छ  । यस पाठ सहजीकरण गर्नका लागि मस्तिष्क मन्थन, प्रश्नोत्तर, प्रदर्शन, छलफल, जिग्सअ, Hot Chair, परियोजना कार्यलगायत विद्यार्थी केन्द्रित विधि प्रयोग गर्नुपर्छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| • परम्परागत रूपमा चलिआएका राम्रा सामाजिक नियमको पालना गर्न | • सामाजिक नियमको परिचय दिन र असल सामाजिक नियमको पहिचान गर्न<br>• गुठी, ढिकुर, पर्म, ऐँचोपैँचोको परिचय दिन र सवल पक्षहरू उल्लेख गर्न<br>• आफ्नो समुदायमा प्रचलित विभिन्न परम्परागत सामाजिक नियमहरूको पहिचान र अभ्यास गर्न<br>• परम्परागत रूपमा चलिआएका राम्रा रामाजिक नियमको पालना र प्रचारप्रसार गर्न |

## (ग) शैक्षणिक सामग्री

- सामाजिक नियमको परिचय र उदाहरण लेखिएको चार्ट/पावरप्वाइन्ट स्लाइड
- गुठी, ढिकुर, पर्म, ऐँचोपैँचो जस्ता सामाजिक नियमको परिचय र सबल पक्षहरू उल्लेख गरिएको चार्ट/पावरप्वाइन्ट स्लाइड
- विषयवस्तुसँग सम्बन्धित चित्र र भिडियो क्लिप
- मेटाकार्ड र साइनपेन

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

पर्म वा गुठी वा ढिकुरसम्बन्धी चित्र, गीत वा भिडियो प्रदर्शन गर्नुहोस् । तपाईंहरूले अहिले हेर्नुभएको सामग्री केसँग सम्बन्धित छ ? यस्ता प्रचलन तपाईंको समुदायमा पनि प्रचलित छन् ? समुदायमा यसलाई के नामले चिनिन्छ ? जस्ता प्रश्न गर्नुहोस् । विद्यार्थीको उत्तरलाई ध्यानपूर्वक सुन्नुहोस्, धेरै जनालाई उत्तर दिन प्रोत्साहित गर्नुहोस् । सबै विद्यार्थीलाई धन्यवाद दिदैँ उनीहरूको उत्तरलाई समेट्दै आज हामी यिनै विषयवस्तुमा छलफल गर्ने छौँ भनी बताउनुहोस् ।

### (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ : समूह कार्य र प्रस्तुतीकरण**

कक्षामा विद्यार्थीलाई चारओटा समूहमा विभाजन गर्नुहोस् । उनीहरूको समुदायमा प्रचलित सामाजिक नियमहरूलाई कापीमा टिपोट गर्न लगाउनुहोस् । उनीहरूले कापीमा टिपोट गरेका

सामाजिक नियमहरूलाई चार्ट पेपरमा उतार्न लगाउनुहोस् । पालैपालो प्रत्येक समूहलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् । उनीहरूको समुदायमा प्रचलित सामाजिक नियम जस्तै नेपाली समाजमा प्रचलित गुठी, ढिकुर, पर्म, ऐँचोपैँचो, देवाली, बडघर, भेजाका सम्बन्धमा शिक्षकले तयार गरेर ल्याएको तलको जस्तै चार्ट/पावरप्वाइन्ट स्लाइड प्रदर्शन गर्नुहोस् र ती असल सामाजिक नियमका सम्बन्धमा थप छलफल गराई प्रस्ट पार्नुहोस् ।

समाजलाई व्यवस्थित रूपले सञ्चालन गर्न समाजका सदस्यहरू मिलेर बनाइएका नियमहरूलाई सामाजिक नियम भनिन्छ । गुठी, ढिकुर, पर्म, ऐँचोपैँचो, देवाली, बडघर, भेजा आदि हाम्रो समाजमा प्रचलित सामाजिक परम्परा हुन् ।

**क्रियाकलाप २ : जिग्स**

- सुरुमा मातृ समूह निर्माण गर्नुहोस् । समूहमा बराबर विद्यार्थी राख्नुहोस् । प्रत्येक मातृ समूहमा १,२,३,४ गरी आफ्नो नम्बर सम्झन लगाउनुहोस् । धेरै विद्यार्थी भएमा पुन १,२,३,४ गणना गर्न लगाउनुहोस् । यति गर्दा पनि कुनै विद्यार्थी गणनामा छुटेमा उसलाई १ वा २ वा ३ वा ४ आदि नम्बर दिई आवश्यकताअनुसार विज्ञ समूह बनाउनुपर्ने छ ।
- अब १/१,२/२, ३/३,४/४ नम्बर भएकालाई एउटै समूहमा राखी विज्ञ समूहमा बनाउनुहोस् । कक्षामा सिकाउनुपर्ने निम्नानुसारका विषयवस्तुलाई कक्षामा शिक्षण गर्नुभन्दा अगाडि नै प्रत्येक विज्ञ समूहलाई जानकारी गराउनुहोस् ।
- अध्ययन गर्नुपर्ने विषयवस्तुसँग सम्बन्धित स्रोतसामग्रीसमेत उपलब्ध गराएर अध्ययन गर्न लगाउनुहोस् ।
- शिक्षकले विज्ञ समूहलाई उनीहरूले आआफ्नो मातृ समूहमा के कसरी छलफल गरिरहेका छन्, अवलोकन गरी थप सहजीकरण गर्नुहोस् ।

  वज्ञ समूह १ गुठी र यसका राम्रा पक्षहरू

  विज्ञ समूह २ ढिकुर र यसका राम्रा पक्षहरू

  विज्ञ समूह ३ पर्म र यसका राम्रा पक्षहरू

  विज्ञ समूह ४ ऐँचोपैँचो र यसका राम्रा पक्षहरू

- विज्ञ समूहमा छलफल गरिसकेपछि विद्यार्थीलाई आफ्नो मातृ समूहमा फर्कन लगाउनुहोस् ।
- विज्ञ समूहबाट आएका प्रत्येक विज्ञले मातृ समूहका अन्य सदस्यलाई पालैपालो सिकाउन लगाउनुहोस् ।
- शिक्षकले प्रत्येक समूहका गतिविधिलाई अवलोकन तथा आवश्यकताअनुसार सहयोग गरी सम्पूर्ण विद्यार्थीले विषयवस्तुलाई राम्रोसँग सिक्ने कुराको निश्चित गर्नुहोस् ।

**क्रियाकलाप ३ :. तातो कुर्सी**

- चारओटै समूहलाई क्रियाकलाप २ मा छलफल गरेको विषयवस्तुसँग सम्बन्धित वस्तुगत वा अति छोटो उत्तर आउने केही प्रश्न निर्माण गर्न लगाउनुहोस् । त्यसपछि कक्षाकोठाको अगाडि एउटा कुर्सी राखी पालैपालो फरक समूहका केही विद्यार्थीलाई उक्त कुर्सीमा बस्न लगाउनुहोस् ।
- Hot seat मा बस्नेबाहेकको समूहलाई प्रश्न सोध्न लगाउनुहोस् । प्रश्न सोध्ने विद्यार्थीलाई अलिक घुमाउरा खालका प्रश्न सोध्न लगाउनुहोस् । अलिक घुमाउरा र कठिन लाग्ने प्रश्न भएकाले यसलाई Hot seat भनिने कुरा बताउनुहोस् ।
- प्रत्येक समूहलाई २/३ पटक प्रश्न गर्नुहोस् ।
- समूहले प्राप्त अङ्क टिप्न एक जना स्वयम्सेवक विद्यार्थी छनोट गर्नुहोस् ।
- धेरै अङ्क प्राप्त गर्ने समूहलाई विजयी घोषणा गर्नुहोस् ।

**क्रियाकलाप ५ : अभिभावक सोधपुछ**

विद्यार्थीलाई उनीहरूको समुदायमा प्रचलित कुनै एक राम्रो सामाजिक नियम वा पर्म, ऐँचोपैँचो परम्पराको अवस्था सम्बन्धमा अभिभावक वा समुदायका जेष्ठ नागरिकलाई सोधपुछ गरी प्राप्त जानकारीका आधारमा निम्न लिखित ढाँचामा विवरण तयार गरी ल्याउन लगाउनुहोस् ।

| सामाजिक नियम | पर्म | ऐँचोपैँचो |
|---|---|---|
| | | |
| | | |

विद्यार्थीले तयार गरेको विवरणलाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । कक्षामा छलफल गराई त्यसको मूल्याङ्कनसमेत गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् र विद्यार्थीको उक्त कार्यलाई आन्तरिक मूल्याङ्कनका लागि अभिलेखमा राख्नुहोस् ।

**क्रियाकलाप ६ : भूमिका अभिनय र सरसफाइ**

विद्यार्थीलाई दुई समूहमा विभाजन गर्नुहोस् । पहिलो समूहलाई घरमा चामल, पिठो सकिएको र नजिकै पसल नभएकाले पल्लो घर वा समूहमा गएर कुनै भाँडोमा भरेर चामल ल्याउन लगाएको त्यसपछि केही दिनपछि घरमा चामल ल्याएपछि पैँचो ल्याएकै भाँडामा राखेर त्यति नै चामल तिर्न पठाएको अभिनय गर्न लगाई यसरी आफूसँग नभएको वस्तु ल्याएर तत्काल आफ्नो आवश्यकता पूरा गर्नु र आफूसँग भएपछि फिर्ता गर्नु नै ऐँचोपैँचो हो भन्ने कुरा प्रस्ट

पार्नुहोस् । विद्यार्थीको कापी सकिएको वा  मसी सकिएको आदि सन्दर्भ जोडेर पनि ऐँचोपैँचोको भूमिका अभिनय गराउन सकिन्छ ।

तिनै दुईओटा समूहमध्ये पहिलो समूहलाई विद्यालय कम्पाउन्ड सरसफाइ गर्न र अर्को समूहलाई विद्यालयको हातामा रहेका बिरुवाको गोडमेल गर्न जिम्मेवारी बाँडफाँड गर्नुहोस् । सरसफाइ गर्न जिम्मेवारी पाएको समूहले बिरुवाको गोडमेल गर्न जिम्मेवारी पाएको समूहका सदस्यलाई बोलाएर सबै जना मिलेर सरसफाइ गर्न लगाउनुहोस् र सरसफाइ सम्पन्न भएपछि सरसफाइ समूह बिरुवा गोडमेल गर्ने जिम्मेवारी पाएको समूहको काममा सहयोग गर्न पठाएर काम गर्न लगाउनुहोस् । यसरी आर्थिक लेनदेन नभई श्रमको साटफेर गर्ने कार्य पर्म हो भन्ने कुरा प्रस्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ७ : समूह कार्य**

कक्षालाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । शिक्षकले गुठी, ढिकुर, ऐँचोपैँचो, पर्मसँग मेलखाने कुरालाई मेटाकार्डमा टिपोट गरेर ल्याउनुहोस् । जति समूह छ त्यति नै मेटाकार्डको गट्टी समूहमा वितरण गर्नुहोस् । हरेक समूहलाई माथि उल्लिखित सामाजिक नियमसँग मेलखाने मेटाकार्डको जोडी  मिलाएर न्युजप्रिन्टमा टाँसी प्रदर्शन गर्न लगाउनुहोस् । उक्त कार्य गर्न सक्नेलाई स्याबासी र नसक्ने कोही भएमा सक्नेलाई सहयोग गर्न लगाउनुहोस् ।

**मेटाकार्डको नमुना**

| | |
|---|---|
| गुठी | धार्मिक सम्पदाको व्यवस्थापन, रेखदेख र संस्कृतिको संरक्षण गर्ने संस्था |
| ढिकुर | समुदायका सदस्यबाट बराबर रकम जम्मा गरी सङ्कटका वेलामा सहयोग गर्ने |
| ऐँचोपैँचो | घरमा चामल, तेल, नुन आदि वस्तु आफूसँग नहुँदा अरूसँग लिने र भएपछि फिर्ता गन |
| पर्म | अरू व्यक्तिको खेतबारीमा हुने काम बिना ज्यालामा गरिदिने र आफ्नो काम पर्दा पनि उनीहरू आई काम गरिदिने चलन |

## (ङ) मूल्याङ्कन/प्रतिबिम्बन

समूहकार्य गराउँदा तल दिइएको नमुनाअनुसार श्रेणी मापन गरी मूल्याङ्कन गर्नुहोस् । आन्तरिक मूल्याङ्कनका लागि अभिलेख कायम गर्नुहोस् ।

| क्र.स. | विद्यार्थीको नाम | समूह कार्यमा सहभागिता | | | नेतृत्व र सक्रियता | | | प्रस्तुतीकरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उत्कृष्ट | मध्यम | सामान्य | उत्कृष्ट | मध्यम | सामान्य | उत्कृष्ट | मध्यम | सामान्य |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अङ्क विभाजनका आधारहरू : उत्कृष्ट ३ मध्यम २ सामान्य १

पाठ्यपुस्तकको पाठमा दिइएका अभ्यास र क्रियाकलाप गराई त्यसैका आधारमा विद्यार्थीको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् । थप सिकाइ अवसर प्रदान गर्नुहोस् र आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पारी सिकाइ सहजीकरणको कार्यसमेत गर्नुहोस्।

**नमुना प्रश्नहरू**

(क) ऐँचोपैँचो परम्पराले सामाजिक एकता कायम गर्न कसरी मदत पुऱ्याउँछ ?

(ख) सामाजिक नियमको पालना गर्दा हुने फाइदा लेख्नुहोस् ।

(ग) तपाईंको समुदायमा प्रचलित सामाजिक नियमको पालनाले तपाईं र तपाईंको परिवारमा कस्तो प्रभाव पारेको छ ?

**सन्दर्भ तथा स्रोतसामग्री**

https://youtu.be/HHaUe4AROQs?si=moOTFzokVQUI7AOh

पाठ ३

# विवाद र यसको समाधान

**अनुमानित कार्यघण्टा : ४**

## (क) पाठ परिचय

विचार वा दृष्टिकोणमा देखिने असहमतिको अवस्था विवाद हो । कुनै विषयमा परस्पर विरोधी विचार राख्नु वा वादविवाद गर्नु नै विवाद हो । एउटा व्यक्तिले राखेको विचार अर्को व्यक्ति वा समूहलाई चित्त बुझ्नेन भने विवाद उत्पन्न हुन्छ । विवाद घरपरिवार, बाटोघाटो, विद्यालय जहाँ पनि हुन सक्छ । हाम्रो जीवनमा विचारमा असमझदारी, रिस, घृणा, विभेद, अन्याय, लोभलालच, अल्पज्ञान, कमजोर नेतृत्व आदिका कारणले विवाद सिर्जना हुन पुग्छ । विद्यालयमा विद्यार्थीबिच सामान्य असमझदारीको अवस्था सिर्जना हुँदासमेत विवाद सिर्जना भएको हुन्छ । विद्यार्थीबिच हुने विवाद सामान्य जस्तो देखिए पनि यसले बालबालिकाको पठनपाठनमा अवरोध सिर्जना गर्ने, मानसिक तनावको अवस्था सिर्जना गर्ने, बदलाको भावना विकास भएर झैझगडा र अशान्तिको अवस्थासमेत सिर्जना भई विद्यालयको वातावरण बिग्रन सक्छ । विवादले सधैँ हानि नै गर्छ भन्ने पनि होइन । विवादको शान्तिपूर्ण समाधानले मेलमिलाप, प्रेम, सद्भाव र आपसी एकता अभिवृद्धि गर्छ, शान्ति कायम गर्छ भने विवादलाई बढाउँदै लगियो भने यसले त्यसमा संलग्न सबैलाई हानि गर्छ । त्यसैले हाम्रो घरपरिवार र विद्यालयमा हुने यस्ता सानातिना विवाद आफ्नै प्रयासबाट समाधान गरी शान्तिपूर्ण वातावरण निर्माण गर्नु हामी सबैको जिम्मेवारी हनुपर्छ । यस पाठमा बालबालिकालाई कक्षाकोठामा साथीहरूका बिचमा हुने विवाद र यसको कारण पहिचान गरी विवादको समाधानमार्फत मेलमिलाप कायम गरी शान्तिपूर्ण वातावरण निर्माण गर्न सिकाउने विषयवस्तु समावेश गरिएका छन् ।

यस पाठको सिकाइ सहजीकरणपश्चात् बालबालिकामा विवादको पहिचान गर्ने, आफू पनि विवाद नगर्ने, साथीहरूबिचको विवाद शान्तिपूर्ण समाधान गर्ने कार्यमा भूमिका निर्माण गर्ने बानीको विकास हुने अपेक्षा गरिएको छ । यस पाठको सिकाइ सहजीकरणका लागि TPS, भूमिका अभिनय, छलफल, प्रश्नोत्तर, Mix Freeze Pair, One stays Others Stray जस्ता विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग गर्नुपर्छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| • साथीहरूबिच हुने सानातिना विवादको समाधान गरी शान्तिपूर्ण वातावरण कायम गर्ने कार्यमा सहयोग गर्न | • विवादको परिचय दिन र विवादका कारण र असर पहिचान गर्न<br>• विवाद समाधानका उपाय उल्लेख गर्न<br>• साथीबिच हुने विवादको समाधान गरी मेलमिलाप कायम गर्न<br>• विद्यालयमा सामूहिक भावनाको विकास गरी शान्तिपूर्ण वातावरण निर्माण कार्यमा सहभागी हुन |

## (ग) शैक्षणिक सामग्री

- विवादकोपरिचय र उदाहरण लेखिएको चार्ट/पावरप्वाइन्ट स्लाइड
- विवादका कारण र असर लेखिएको चार्ट/पावरप्वाइन्ट स्लाइड
- विवाद समाधानका उपाय लेखिएको चार्ट/पावरप्वाइन्ट स्लाइड
- विवाद समाधान र मेलमिलापसम्बन्धी भिडियो क्लिप्स

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

विद्यार्थीलाई उनीहरूले देखेका, भोगेका विवाद वा झगडासम्बन्धी कुनै घटना भए सुनाउन लगाउनुहोस् । विद्यार्थीलाई साथीबिच विवाद वा झगडा हुँदा तपाईंहरूले छुट्याउने कुनै काम गर्नुभएको छ भनी प्रश्न गर्नुहोस् र विद्यार्थीका अनुभव पालैपालो भन्न लगाउनुहोस् ।

### (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ : कथाकथन र सोच जोडीमा छलफल र आदान प्रदान** (TPS)

शिक्षकले विद्यालयमा भएको विद्यार्थीको विवादको कुनै एउटा घटनालाई कथा बनाएर सुनाउनुहोस् त्यसपछि विद्यार्थीलाई घटना केसँग सम्बन्धित थियो ? घटनामा के कारणले विवाद वा झगडा भएको हो ? आदि प्रश्न गर्नुहोस् । प्रत्येक विद्यार्थीलाई उत्तर कापीमा टिपोट गर्न लगाउनुहोस् । नजिकै बस्ने दुई जना साथीबिच जोडी बन्न लगाई उत्तर साझा गर्न समय दिनुहोस् । दुबैजनाको उत्तरलाई समेटेर साझा धारणा बनाउन लगाउनुहोस् । केही जोडीले तयार गरेको उत्तरलाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप २ : वातावरण निर्माण र भूमिका अभिनय**

विद्यार्थीमध्ये दुई जना वा दुईओटा समूहका बिच कृत्रिम विवादको अवस्था सिर्जना गर्न लगाई अभिनय गर्न लगाउनुहोस् । विवादमा संलग्न नभएका विद्यार्थीलाई मध्यस्थको भूमिका निर्वाह गर्न लगाई समस्याको कारण पत्ता लगाउन, समाधानका विकल्प पहिचान र प्रयोग गरी समाधानसमेत गराएको, मेलमिलाप कायम गरेको, झन् बढी मित्रता र एकता कायम भएको अभिनय गर्न लगाउनुहोस् । विद्यार्थीको कार्यको अवलोकन गरी शिक्षकले आवश्यकताअनुसार पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप ३ : एक जना रहने, अरू छरिने** (One stays others stray)

विद्यार्थीलाई तीनओटा समूहमा विभाजन गर्नुहोस् र प्रत्येक समूहलाई नेता चयन गर्न लगाउनुहोस् । समूहलाई पाठ्यपुस्तक वा सन्दर्भसामग्री अध्ययन गर्न लगाउनुहोस् । पहिलो समूहलाई विवादका कारण, दोस्रो समूहलाई विवादका असर र तेस्रो समूहलाई विवाद समाधानका उपाय समूहमा छलफल गरी बुँदा टिपोट गर्न लगाउनुहोस् ।

शिक्षकले समूहमा सबैको सक्रियता भए नभएको अवलोकन गरी आवश्यक सहजीकरणसमेत गर्नुहोस् ।

कक्षाकोठालाई सबै विद्यार्थी घुमेर हिँड्न मिल्ने गरी खुला बनाउनुहोस् । टोली नेतालाई आफ्नै ठाउँमा बसी समूहका अन्य सदस्यलाई अर्को समूहमा गई सिक्न लगाउनुहोस् । समूह नेतालाई उक्त समयमा अन्य समूहका सदस्यलाई अगि छलफल गरेका विषयवस्तुको जानकारी गराउन र अन्य समूहका सदस्यहरूले सोधेका प्रश्नको उत्तर दिन लगाउनुहोस् । समूहमा गएर पढ्ने समय तोक्नुहोस् र वेला वेलामा समय सम्झाउनुहोस् ।

घडी घुम्ने दिशामा पालैपालो अन्य समूहमा जान लगाउनुहोस् र अगिकै प्रक्रिया दोहोऱ्याउनुहोस् ।

तीनओटै समूहका सहभागीले अन्य समूहमा गई सिकिसकेपछि आआफ्नो समूहमा बस्नका लागि भन्नुहोस् । अन्य समूहबाट सिकेका कुरालाई आफ्नो टोली नेतालाई सिकाउने समय प्रदान गर्नुहोस् । शिक्षकले समग्र पाठको सार बताई निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

**क्रियाकलाप ४ : घुलमिल- स्थिर- जोडी**

- विद्यार्थीलाई खुला स्थानमा लैजानुहोस् । विद्यार्थीलाई विवादका कारण र असर के के हुन सक्छन् भनी प्रश्न राखी उत्तर सोच्न लगाउनुहोस् । शिक्षकले खुला रूपमा हिँड (Mix) भन्ने निर्देशन दिएपछि विद्यार्थीलाई यताउता हिँड्न लगाउने, रोक (Freeze) भन्ने निर्देशन दिएपछि यथास्थानमा रोकिन र जोडी(Pair) भनेपछि नजिकको साथीसँग जोडी बाँध्न र कुनै विद्यार्थी बिजोडी भएमा तीन जनाको एउटा जोडीमा रहन भन्नुहोस् ।
- अगि छलफल गरिएको विषयवस्तुमा आधारित भई प्रश्न सोध्नुहोस् । विवादका कारण

सम्बन्धमा दुई मिनेटभित्र साथी साथीबिच आफूले जानेका कुरा आदानप्रदान गर्नुहोस् ।

- केही विद्यार्थीलाई जोडीमा आफूले अरूलाई भनेका र आफूले अरूबाट सिकेका कुरा पालैपालो सुनाउन लगाउनुहोस् ।
- तीन चार पटक Mix Freeze Pair क्रियाकलाप गरेर फरक फरक जोडीसँग फरक फरक विषयवस्तु वा प्रश्नमा आधारित भई विचार आदानप्रदान गर्न लगाउनुहोस् । त्यसपछि सबै विद्यार्थीलाई आआफ्नो स्थानमा बस्न लगाउनुहोस् ।

### क्रियाकलाप न. ५ **तातो आलु खेल**

विद्यार्थीलाई तातो आलु खेल खेलाउन गोलो घेरामा उभिन लगाउनुहोस् र एक जना विद्यार्थीलाई एउटा भकुन्डो वा कागजको डल्लो बनाएर दिनुहोस् । कुनै एक विद्यार्थीलाइ आँखा बन्द गरेर मादल वा गीतको धुन बजाइदिनुहोस् । धुन बजुन्जेल बल पास गरिरहन भन्नुहोस् । जसको हातमा बल पुग्दा धुन बज्न छोड्छ, उसलाई विवादको एउटा कारण भन्न लगाउनुहोस् । केही समय विवादका कारणमा केन्द्रित रहेर खेल खेलाउनुहोस् । अर्को पटक फेरी यो क्रमलाई दोहोऱ्याउनुहोस् र यस पटक धुन जुन विद्यार्थीको हातमा बल पुग्दा रोकिन्छ, विवादका एक एकओटा असर भन्न लगाउनुहोस्, धेरै विद्यार्थीको पालो पुगुन्जेल यस खेल खेलाउनुहोस् । आवश्यक निर्देशन दिँदै यो खेललाई विवाद समाधानमा केन्द्रित गरी फेरि खेल खेलाउनुहोस् । जुन विद्यार्थीका हातमा बल पुग्दा धुन बज्न रोकिन्छ, उक्त विद्यार्थीलाई विवाद समाधानको एउटा उपाय भन्न लगाउनुहोस् । सबै विद्यार्थीको पालो पुगुन्जेल यस क्रमलाई दोहोऱ्याउनुहोस् र विद्यार्थीको भनाइ सुन्दै आवश्यक पृष्ठपोषण दिँदै गर्नुहोस् ।

### क्रियाकलाप न. ६ **अनुभव लेखन**

प्रत्येक विद्यार्थीलाई उनीहरूको साथीसँग विद्यालय, बाटोघाटो वा अन्यत्र विवाद परेका वेला त्यसको समाधान कसरी गर्नुभयो भनी बोर्डमा लेख्नुहोस् । सोसम्बन्धी आफ्नो अनुभव निम्नानुसारको ढाँचामा आधारित भई विवरण तयार गर्न लगाउनुहोस् ।

- विवाद भएको मित :
- विवादको घटना विवरण :
- विवादको कारण :
- विवादको असर :
- विवाद समाधानका लागि गरेको प्रयास :
- विवादपछिको सम्बन्ध :

विद्यार्थीले गरेको कार्यलाई कक्षामा प्रस्तुतीकरणका लागि समय उपलब्ध गराउनुहोस् । कक्षाकोठामा साथीका बिचमा आउन सक्ने विवाद समाधान गरी कक्षाकोठामा मेलमिलाप र विद्यालयमा शान्तिपूर्ण वातावरण बनाई राख्न विद्यार्थीलाई प्रेरित गर्नुहोस् ।

## (ङ) मूल्याङ्कन /प्रतिबिम्बन

तलको जस्तै रुजुसूची बनाएर विद्यार्थीको स्वमूल्याङ्कन गर्न लगाई उनीहरूको मिल्ने बानीमा ठिक चिह्न लगाउन लगाउनुहोस्)

| क्र.स. | विवरण | गर्ने गरेको छ | गर्ने गरेको छैन |
|---|---|---|---|
| १ | साथीको सामान नसोधी प्रयोग | | |
| २ | साथीसँग मिलेर खेल्ने | | |
| ३ | साथीसँग झगडा | | |
| ४ | आफ्नो गल्ती स्वीकार | | |
| ५ | साथीहरूको विवाद मिलाउने | | |

पाठ्यपुस्तकको पाठको अभ्यास र क्रियाकलापमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विद्यार्थीको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस्। थप सिकाइ अवसर प्रदान गर्नुहोस् र आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पारी सिकाइ सहजीकरणको कार्यसमेत गर्नुहोस् ।

### थप नमुना प्रश्न र क्रियाकलाप

(क) विवादका दुईओटा सकारात्मक र दुईओटा नकारात्मक असर लेख्नुहोस् ।

(ख) तपाईंका दुई जना साथीहरूका बिचमा कुनै विषयमा विवाद भई झैझगडाको स्थिति आएमा तपाईं के गर्नुहुन्छ, उल्लेख गर्नुहोस् ।

(ग) कक्षामा शान्तिपूर्ण वातावरण निर्माणमा तपाईंले के के भूमिका खेल्न सक्नुहुन्छ, उल्लेख गर्नुहोस् ।

## (च) थप सन्दर्भ तथा स्रोत सामग्री

https://youtu.be/sMZv8VNicHs?si=rCoilNbx1mxy4-ks https://youtu.be/vsHi_3aYBrI?si=5yLAOE16X-JIDGas

पाठ ४

# सडक सुरक्षा र सावधानी

**अनुमानित कार्यघण्टा : ५**

## (क) पाठ परिचय

देशको समग्र विकासमा यातायातलाई महत्त्वपूर्ण पूर्वाधारका रूपमा लिइएको छ । सडक यातायातमा भएको विकासले देशका विभिन्न भागसँग देशको राजधानी काठमाडौँ र मुख्य सहरी क्षेत्रको सम्पर्क विस्तार भएको छ । सडक विस्तारसँगै सडकमा गुड्ने सवारी साधनको प्रयोग पनि व्यापक रूपमा बढेको छ । बढ्दो सवारी साधनको प्रयोगसँगै देशका विभिन्न भागमा सडक दुर्घटना हुने गरेका छन् भने सहरी क्षेत्रमा ट्राफिक जाम पनि बढ्दै गएको छ । त्यसैले हामी सबैले सडकमा सवारी चलाउँदा वा पैदल यात्रा गर्दा ट्राफिक नियम वा ट्राफिक अनुशासनको राम्रोसँग पालना गर्नुपर्छ । ट्राफिक नियम वा अनुशासनको पालनाले सडकमा सवारी साधनको साथसाथै मानवीय जीवनको पनि सुरक्षा हुन्छ । हामीले सडकमा ट्राफिक नियमको पालना गरी आफू पनि बच्नुपर्छ र अरूलाई पनि बचाउनुपर्छ । सडक सुरक्षा अपनाउन हामीले सडक पार गर्दा जेब्रा क्रसिङबाट मात्र बाटो काट्ने, आकासे पुल भएमा त्यसबाट सडक पार गर्ने गर्नुपर्छ । पैदल यात्रा गर्दा सडक पेटीबाट मात्र हिँड्ने, सडक पेटी नभएमा सडकको छेउबाट मात्र हिँड्नुपर्छ । ट्राफिक बत्ती भएका ठाउँमा बत्तीको सङ्केतअनुसार बाटो काट्नुपर्छ । हामीले सडकमा शिक्षित र सभ्य नागरिकको परिचय दिनुपर्छ । यस पाठमा बालबालिकालाई सडक सुरक्षा र ट्राफिक नियमको जानकारी र सडक सुरक्षाका लागि नियमको पालना गरी सुरक्षित हुन सिकाउने विषयवस्तु समाविष्ट छन् ।

यस पाठको सिकाइ सहजीकरणपश्चात् विद्यार्थीले ट्राफिक नियम वा सडक अनुशासनको पालना गर्ने, सडक सुरक्षा अपनाई सुरक्षित हुने, सडक सुरक्षासम्बन्धी सचेतना फैलाउन मदत गर्ने अपेक्षा गरिएको छ । यस पाठको सिकाइ सहजीकरणका लागि भूमिका अभिनय, प्रदर्शन, छलफल, प्रश्नोत्तर जस्ता विधि प्रयोग गर्नु उपयुक्त हुन्छ ।

> सडक चिह्नलाई सवारी चालक तथा पैदलयात्रीले ध्यान दिएर त्यसको पालना गर्नु नै सडक अनुशासन हो ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| • सडक सुरक्षा तथा ट्राफिक नियमको पालना गर्न र अरूलाई पनि सचेत गराउन | • सडक सुरक्षा तथा ट्राफिक नियमको परिचय दिन<br>• सडक दुर्घटनाको कारण र त्यसबाट बच्ने उपाय उल्लेख गर्न<br>• ट्राफिक सङ्केतको पहिचान गर्न<br>• सडक सुरक्षाका लागि ट्राफिक नियमको पालना गर्न र अरूलाई सचेत गराउन |

## (ग) शैक्षणिक सामग्री

- ट्राफिक बत्ती र ट्राफिक चिह्न वा सङ्केतको चित्र
- सडक सुरक्षा र ट्राफिक नियमको परिचय र सडक पार गर्दा ध्यान दिनुपर्ने कुरा लेखिएको चार्ट/पावरप्वाइन्ट स्लाइड
- सडक दुर्घटनासम्बन्धी विभिन्न समाचार लेखिएको पत्रपत्रिकाको कटिङ
- सडक दुर्घटनाका कारण र बच्ने उपाय आदि समेटिएको भिडियो क्लिप्स
- सडक दुर्घटनाको कारण र त्यसबाट बच्ने उपाय लेखिएको चार्ट/पावरप्वाइन्ट स्लाइड
- सडक दुर्घटनासम्बन्धी सचेतना जगाउने नारा लेखिएको नमुना प्लेकार्ड
- मेटाकार्ड, साइनपेन आदि ।

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

## (अ) सुरुआती क्रियाकलाप

विद्यार्थीलाई तपाईँहरूले ट्राफिक बत्ती देख्नुभएको छ ? ट्राफिक सङ्केत कस कसले देख्नुभएको छ ? सडकमा कालो सेतो पोतेको देख्नुभएको छ, भनी प्रश्न सोध्नुहोस् । ती ट्राफिक बत्ती, सङ्केत, जेब्रा क्रसिङ सडक सुरक्षाका लागि राखिएका हुन् भनी सडक सुरक्षाको अवधारणा प्रस्तुत गर्नुहोस् ।

## (आ) मुख्य क्रियाकलाप

### क्रियाकलाप १ : मस्तिष्क मन्थन

विद्यार्थीलाई उनीहरूले सुनेका वा देखेका कुनै सडक दुर्घटना सम्बन्धमा बताउन लगाउनुहोस् । विद्यार्थीबाट आएका कुरालाई सिकाइ पाटीमा टिपोट गर्दै जानुहोस् । त्यस्ता दुर्घटना के के कारणले भएका होलान्, भनी सोच्न र भन्न लगाउनुहोस् । विद्यार्थीको धारणालाई समेट्दै सडक

सुरक्षा र सावधानी पाठ्यवस्तुमा प्रवेश गर्नुहोस् ।

**क्रियाकलाप २ सोच–जोडी र आदानप्रदान**

विद्यार्थीलाई तपाईंहरू बाटामा हिँड्दा वा सडक पार गर्दा कुन कुरामा ध्यान दिनुहुन्छ ? भनी प्रश्न गर्नुहोस् । प्रत्येक विद्यार्थीलाई प्रश्नको उत्तर सोचेर कापीमा लेख्न लगाउनुहोस् । रोल न. को क्रमअनुसारको जोडी समूहमा आदानप्रदान गर्न लगाउनुहोस् र जोडीलाई सारांश गर्न लगाउनुका साथै केही जोडीलाई उनीहरूको कार्य प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**क्रियाकलाप ३ : स्रोतव्यक्ति आमन्त्रण**

- सहरी क्षेत्र भएमा नजिकको ट्राफिक कार्यालयमा सम्पर्क गरी ट्राफिक अधिकारीलाई स्रोत शिक्षकका रूपमा बोलाइ ट्राफिक सचेतनासम्बन्धी कक्षा लिन लगाउनुहोस् ।
- ट्राफिक नियम जानेको कुनै व्यक्ति समुदायमा भएमा उनलाई स्रोतव्यक्तिका रूपमा आमन्त्रण गर्न सकिन्छ ।
- ट्राफिक अधिकारीलाई स्रोत शिक्षकका रूपमा बोलाउन सम्भव नभएमा सडक दुर्घटनाका कारण र बच्ने उपाय आदि समेटिएको ट्राफिक सचेतनासम्बन्धी भिडियो क्लिप्स प्रदर्शन गरी छलफल गराउनुहोस् र शिक्षकले आफूले तयार पारेको सडक सुरक्षा र ट्राफिक नियमको परिचय र सडक पार गर्दा ध्यान दिनुपर्ने कुरा लेखिएको चार्ट/पावरप्वाइन्ट स्लाइड प्रदर्शन गरी छलफलका माध्यमबाट प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ४ : प्रयोगात्मक अभ्यास**

तपाईंको विद्यालय सहरी क्षेत्रमा भएमा विद्यालयनजिकैको सडकमा लग्नुहोस् । ट्राफिक चिह्न र ट्राफिक बत्तीको सङ्केतका बारेमा प्रत्यक्ष रूपमा जानकारी गराउनुहोस् । ट्राफिक बत्तीको सङ्केतअनुसार रातो बत्ती बलेको वेलामा जेब्रा क्रसिङबाट बाटो काट्ने अभ्यास गराउनुहोस् । सडकमा रहेका ट्राफिक प्रहरीसँग ट्राफिक चिह्न, सङ्केत, सडक सुरक्षासम्बन्धी विभिन्न जानकारी लिन लगाउनुहोस् ।

विद्यालय नजिकै सडक नभएमा विद्यालयको प्राङ्गणमा चुनको प्रयोग गरी जेब्राक्रसिङ बनाई एक जनालाई सवारी चालक, एक जनालाई ट्राफिक प्रहरी र केही विद्यार्थीलाई सडक पार गर्ने यात्रुको भूमिका निर्वाह गर्न लगाई सडक सुरक्षामा के कस्ता कुरामा ध्यान दिनुपर्ने भन्ने कुरा विद्यार्थीलाई नै अभिनय गर्न लगाएर सिकाउनुहोस् ।

### ट्राफिक बत्तीको सङ्केत सम्बन्धी जानकारी

| सडक बत्ती | सवारी साधन | पैदल यात्री |
| --- | --- | --- |
| रातो बत्ती | रोकिने | जेब्रा क्रसिङबाट मात्रै बाटो काट्ने |
| पहेँलो बत्ती | रोकिएका साधन गुड्न तयार हुने | अब जेब्रा क्रसिङमा नजाने, भएकै स्थानमा उभिने |
| हरियो बत्ती | सवारी साधन गुड्ने | रातो बत्तीका लागि पर्खिरहने |

**क्रियाकलाप ५ : ट्राफिक चिह्न निर्माण र छलफल**

ट्राफिक चिह्न र ट्राफिक बत्तीको सङ्केतको चित्र प्रदर्शन गर्नुहोस् । ती चिह्नको पहिचान गर्न लगाउनुहोस् । विद्यार्थीलाई सादा पेपरमा पाठमा भए जस्तै एक एकओटा ट्राफिक चिह्न बनाउन लगाउनुहोस् र पालैपालो आफूले बनाएको चिह्नको अर्थ र यसको प्रयोग कहाँ गरिएको हुन्छ, सोसमेत बताउन लगाउनुहोस् । विद्यार्थीको कुरालाई समेट्दै ट्राफिक चिह्न र ट्राफिक बत्तीको सङ्केतको अर्थका सम्बन्धमा कक्षामा छलफल गर्दै थप प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ६ : र्‍याली र सचेतना**

विद्यार्थीलाई ट्राफिक सचेतनासम्बन्धी नारासहितको प्लेकार्ड बनाउन लगाउनुहोस् । (प्लेकार्ड तयार गर्नका लागि आवश्यक सामग्री, जस्तै : खाली कार्टुन, बाँस वा निगालोका ससाना लट्ठी सङ्कलन गर्नका लागि भन्नुहोस्, मेटाकार्ड, गम र साइनपेन उपलब्ध गराउनुहोस्) । प्लेकार्ड बोकेर विद्यालय प्राङ्गण र नजिकैको टोल, समुदायमा र्‍याली गर्न लगाउनुहोस् । विद्यार्थीले आफूले सिकेका ट्राफिक नियम र सडक अनुशासनसम्बन्धी विविध जानकारी आफ्ना साथी, घरपरिवार र छिमेकका आफ्ना भाइबहिनीलाई पनि सिकाउन भन्नुहोस् । यी कार्यका लागि शिक्षकले कार्यवातावरण तयार गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

### नाराको नमुना

| | |
| --- | --- |
| पैदल यात्रुले जेब्राक्रसिङ वा आकासे पुलबाट मात्र बाटो काट्ने गरौँ | सवारी चलाउँदा मोबाइलको प्रयोग नगरौँ, सवारी दुर्घटनाबाट बचौँ |
| तीव्र गति, जीवन क्षति | सवारी चलाउँदा लेन अनुशासनको पालना गरौँ पालना गरौँ, पालना गरौँ |

## (ङ) मूल्याङ्कन/प्रतिबिम्बन

पाठ्यपुस्तकको पाठको अभ्यास र क्रियाकलापमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विद्यार्थीको मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्नुहोस् । थप सिकाइ अवसर प्रदान गर्नुहोस् र आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पारी सिकाइ सहजीकरणको कार्यसमेत गर्नुहोस् ।

### थप नमुना प्रश्न र क्रियाकलाप

(क) ट्राफिक नियम र सडक अनुशासनसम्बन्धी एउटा नारासहितको प्लेकार्डको नमुना तयार गर्नहोस् ।

(ख) उपयुक्त रङको प्रयोग गरी ट्राफिक लाइटको चित्र बनाउनुहोस्, रातो, पहेँलो र हरियो बत्तीले कुन कुन कुराको सङ्केत गर्छन्, लेख्नुहोस् र कक्षामा प्रदर्शन गर्नुहोस् ।

(च) थप सन्दर्भ तथा स्रोतसामग्री

https://youtu.be/BH8XtKg4SkQ?si=WNWRrNqNyzeAB3n1

https://youtu.be/LHw9d1XXKj8?si=IFWQw2gYIooD0Djp

पाठ ५

# सुरक्षामा सहयोगी सेवाहरू

**अनुमानित कार्यघण्टा : ५**

## (क) पाठ परिचय

हरेक मानिसको आफ्नो परिवार हुन्छ । हामी सबै परिवारमा नै बस्छौँ । परिवार र समाजमा रहँदा हामी सुरक्षित भएको महसुस गर्छौं । तर पनि समाजमा कहिलेकाहीँ चोरी डकैती, हत्याहिंसा, दुर्घटना र आगलागी भएका घटना हामीले सुनेका र देखेका छौँ । कुनै पनि घटना जसले कुनै व्यक्तिलाई मात्र असर गर्छ भने उक्त विषय व्यक्तिगत सुरक्षाभित्र पर्छ । त्यस्तै घरपरिवारलाई नै असर पार्ने खालका घटना भएमा पारिवारिक सुरक्षाभित्र पर्छन् । त्यसैगरी कुनै घटनाले सम्पूर्ण समुदाय र समाज नै प्रभावित हुन्छ, यस्ता विषय सामाजिक सुरक्षासँग सम्बन्धित हुन्छन् । त्यसैले हामी सबै आफ्नो व्यक्तिगत, पारिवारिक र सामाजिक सुरक्षाका बारेमा जानकार हुनुपर्छ ।

शिक्षाको कमी, अज्ञानता, लोभलालच, ईर्ष्या, डाह, अहङ्कार, हेपाइ आदिका कारणले व्यक्तिगत र पारिवारिक सुरक्षामा समस्या उत्पन्न गर्छन् । कहिलेकाहीँ गलत काम गर्न साथी समूहले दिने दबाबका कारण पनि सुरक्षामा समस्या आउन सक्छ । कतिपय अवस्थामा कुनै काम गर्दा होसियारी अपनाउन नसक्दा पनि विभिन्न प्रकारका दुर्घटना निम्तिने गर्छन् । यस्ता घटनाले व्यक्ति, परिवार र समाजमा विभिन्न समस्या उत्पन्न गर्ने भएकाले हामी सबै सचेत रहनुपर्छ । अनुशासनको पालना गर्ने, सुरक्षाका साधन र उपायबारे जानकारी राख्ने, सुरक्षाका निकायहरू र आकस्मिक सुरक्षा र सतर्कताका बारेमा थाहा पाइराख्न र आवश्यकताअनुसार त्यसको प्रयोग गर्न सकियो भने व्यक्तिगत तथा पारिवारिक सुरक्षालाई प्रभावकारी बनाउन सकिन्छ । यस पाठमा बालबालिकालाई व्यक्तिगत र पारिवारिक सुरक्षामा सहयोगी सेवाका बारेमा जानकारी दिने र आवश्यक परेको वेला त्यस्ता सेवाहरूको प्रयोग गर्न सिकाउने विषयवस्तु समावेश गरिएका छन् । यस पाठको सिकाइ सहजीकरणका लागि मस्तिष्क मन्थन, प्रदर्शन, प्रश्नोत्तर, भूमिका अभिनय, छलफल जस्ता विधि प्रयोग गर्नु उपयुक्त हुन्छ ।

| |
|---|
| कुनै डर, त्रास, जोखिम, हस्तक्षेप र भयरहित वातावरणमा जीवन बाँच्न पाउने र निर्बाध रूपमा काम गर्न पाउने अवस्था नै व्यक्तिगत र पारिवारिक सुरक्षा हो । |

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| • व्यक्तिगत र पारिवारिक सुरक्षामा सहयोग पुऱ्याउने निकायको पहिचान गर्न | • व्यक्तिगत र पारिवारिक सुरक्षाको परिचय दिन<br>• व्यक्तिगत र पारिवारिक सुरक्षामा सहयोग पुऱ्याउने निकायको पहिचान गरी सूची बनाउन<br>• व्यक्तिगत र पारिवारिक सुरक्षामा सहयोग पुऱ्याउने निकाय, जस्तै : वारुण यन्त्र, एम्बलेन्स, प्रहरी आदिको कार्य पत्ता लगाउन<br>• आकस्मिक सुरक्षा सतर्कता सेवाहरू (सिसिटिभी, साइरन, सुरक्षा एप्स) आदिको प्रयोगको जानकारी लिन |

## (ग) शैक्षणिक सामग्री

- व्यक्तिगत र पारिवारिक सुरक्षाको परिचय र उदाहरण लेखिएको चार्ट/पावरप्वाइन्ट स्लाइड
- व्यक्तिगत र पारिवारिक सुरक्षामा सहयोग पुऱ्याउने निकायको सूचीको चार्ट/पावरप्वाइन्ट स्लाइड – प्रहरी कार्यालय, एम्बुलेन्स, दमकल आदि जस्ता निकायको कार्य झल्कने चित्र/भिडियो क्लिप्स, पोस्टर
- विषयवस्तुसँग सम्बन्धित चित्र र भिडियो क्लिप्स

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

विद्यार्थीलाई तपाईंको घर वा समुदायमा कतै चोरी डकैती, आगलागी भएको छ ? तपाईंको समुदायमा चोरी डकैती भएमा, आगलागी भएमा वा कोही व्यक्ति आकस्मिक बिरामी भएमा कसलाई बोलाउने गरिएको छ, भनी प्रश्न सोध्नुहोस् । विद्यार्थीलाई उक्त प्रश्नका उत्तर उनीहरूको समुदायमा हुने गरेका घटनासँग सम्बन्धित रहेर पालैपालो भन्न लगाउनुहोस् । उनीहरूको भनाइलाई सही/गलत नभनी सकभर धेरै जनालाई भनाइ राख्नका लागि प्रोत्साहित गर्नुहोस् । विद्यार्थीका भनाइलाई सङ्क्षेपीकरण गर्दै हाम्रो सुरक्षाका लागि विभिन्न सहयोगी सेवा आवश्यक पर्ने सन्दर्भ जोड्नुहोस् ।

### (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ : प्रश्नोत्तर र छलफल**

विद्यार्थीलाई व्यक्तिगत र पारिवारिक सुरक्षा भनेको के हो ? व्यक्तिगत र पारिवारिक सुरक्षामा सहयोग पुऱ्याउने निकाय के के हुन्, भनी प्रश्न सोध्नुहोस् । प्रत्येक विद्यार्थीलाई प्रश्नको उत्तर सोचेर कापीमा लेख्न लगाउनुहोस् । प्रत्येक बेन्चमा बस्ने विद्यार्थीको समूह निर्माण गरी आपसमा उत्तर आदानप्रदान गरी सारांश तयार गर्न लगाउनुहोस् । केही समूहलाई उनीहरूले तयार गरेको सारांश प्रस्तुत गर्न लगाउनुहोस् । त्यसपछि शिक्षकले आफूले तयार पारेको व्यक्तिगत र पारिवारिक सुरक्षाको परिभाषा र व्यक्तिगत र पारिवारिक सुरक्षामा सहयोग पुऱ्याउने निकाय लेखिएको चार्ट/पावरप्वाइन्ट स्लाइड प्रदर्शन गरी छलफलका माध्यमबाट प्रस्ट पार्नुहोस् ।

### क्रियाकलाप २ : **प्रदर्शन र छलफल**

प्रहरी कार्यालय, एम्बुलेन्स, दमकल, सिसिटिभी, साइरन आदि जस्ता निकाय तथा सेवा झल्कने चित्र/भिडियो क्लिप्स वा पोस्टर प्रदर्शन गर्नुहोस् । यस्ता निकायहरूले व्यक्तिगत र पारिवारिक सुरक्षाका लागि गर्ने कार्यहरू छलफल गराउनुहोस् । विद्यार्थीका विचारलाई शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् । सकभर धेरै विद्यार्थीको संलग्नता सुनिश्चित गर्नुहोस् । शिक्षकले तयार गरेको प्रहरी कार्यालय, एम्बुलेन्स, दमकल आदि जस्ता निकाय र सेवाको परिचय र कार्य लेखिएको चार्ट/पावरप्वाइन्ट स्लाइड प्रदर्शन गरी थप छलफलका माध्यमबाट यस्ता निकायको कार्य प्रस्ट पार्नुहोस् ।

### क्रियाकलाप ३ : **ग्यालरी वाक**

विद्यार्थीलाई पाँचओटा समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई टोली नेता चयन गर्न लगाउनुहोस् । प्रत्येक समूहमा साइनपेन र न्यूजप्रिन्ट र साइनपेन उपलब्ध गराउनुहोस् । एउटा समूहलाई वारुण यन्त्र (दमकल), दोस्रो समूहलाई प्रहरी र तेस्रो समूहलाई एम्बुलेन्स, चौथो समूहलाई सिसिटिभी र पाँचौँ समूहलाई साइरन र सुरक्षा एप्सको कार्य समूहमा छलफल गरी न्यूजप्रिन्टमा लेख्न लगाउनुहोस् ।

समूहले गरेका कामहरूको न्युजप्रिन्ट फरक फरक पाँचओटा ठाउँमा टाँस्न लगाउनुहोस् । प्रत्येक समूहलाई घडी घुम्ने दिशामा घुम्न लगाई हरेक समूहको कार्यको अवलोकन तथा अध्ययन गर्न लगाई त्यसमा आफूलाई मन परेको र सुधार गर्नुपर्ने कुरा टिपोट गर्न लगाउनुहोस् । केही विद्यार्थीलाई उनीहरूले टिपोट गरेका कुरा भन्न पनि लगाउनुहोस् । प्राप्त सुझावसमेत समावेश गरी समूह कार्यलाई परिमार्जन गर्न लगाउनुहोस् र परिमार्जित समूह कार्यलाई केही दिनसम्म प्रदर्शन गरेर कक्षामा राख्न लगाउनुहोस् । त्यसपछि शिक्षकले एम्बुलेन्स, नेपाल प्रहरी, दमकल, सिसिटिभी, साइरन र सुरक्षा एप्सको परिचय र कार्य चित्र वा भिडियोमार्फत स्पष्ट पारिदिनुहोस् ।

### क्रियाकलाप ४ : **म पात्रमार्फत साधन चिनारी**

कक्षाका ६ जना विद्यार्थीलाई एउटा एउटा सुरक्षामा सहयोगी निकाय वा सेवा बनेर हाउभाउसहित

आफ्नो परिचय र कार्य बताउन लगाउनुहोस् । शिक्षकले विद्यार्थीको प्रस्तुतिलाई प्रभावकारी बनाउन आवश्यक सहयोग गर्नुहोस् ।

जस्तै म एम्बुलेन्स हुँ । म ह्वाई ह्वाई गरी कराउँछु । मेरो काम भनेको सिकिस्त भएका बिरामी बोक्नु हो । मेरो आवाज सुनेपछि अरू सवारी साधनले मलाई बाटो छोडिदिन्छन् । सिकिस्त बिरामी भएकाबाट खबर आएको छिट्टै नै म बिरामीकहाँ पुग्ने हुँदा बिरामीको उपचार छिटो हुन्छ । अहिले गाउँ गाउँ र दुर्गम क्षेत्रमा पनि मेरो खोजी बढी हुन्छ ।

### क्रियाकलाप ५ : **नाटक प्रस्तुति**

एउटा विद्यार्थीलाई पसले बन्न चोरले उसको पसलको सामान चोरी गरेको र उसले प्रहरीमा खबर गरेको अभिनय गर्न लगाउनुहोस् । विद्यार्थीको एउटा समूहलाई प्रहरी बनी भ्यानमा साइरन बजाउँदै आएको, पसललाई सुरक्षा घेरा कायम गरी छानबिन गरेको अभिनय गर्न लगाउनुहोस् । साइरन बजेपछि सबै सतर्क बनेको, प्रहरी आएको थाहा पाएको र सुरक्षित महसुस गरेको अभिनय गर्न लगाउनुहोस् । प्रहरीको समूहलाई शङ्कास्पद व्यक्ति मानी केही व्यक्तिसँग सोधपुछ गरेको, सिसिटिभी फुटेज हेरी केही शङ्कास्पद व्यक्तिलाई पक्राउ गरेको अभिनयसमेत गर्न लगाउनुहोस् । उक्त कार्य सम्पन्न भएपछि सिसिटिभी, साइरन, मोबाइल एप्स आदिका सम्बन्धमा आवश्यक छलफल गराई यिनीहरूको प्रयोगका सम्बन्धमा प्रस्ट पार्नुहोस् ।

### क्रियाकलाप ६ : **विवरण भरौँ**

विद्यार्थीलाई सुरक्षामा सहयोगी सेवाहरू निम्नानुसारको तालिकामा विवरण भर्ने र उक्त विवरण कक्षाकोठा र घरमा समेत टाँस्ने गरी परियोजना कार्य दिनुहोस् ।

| क्र.स. | घटना विवरण | सम्पर्क गर्नुपर्ने निकाय | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | चोरी भएमा | | |
| २ | आगलागी भएमा | | |
| ३ | शङ्कास्पद व्यक्ति गाउँमा आएमा | | |
| ४ | शङ्कास्पद वस्तु भेटिएमा | | |
| ५ | अकस्मात बिरामी परेमा | | |
| ६ | सडक दुर्घटना भएमा | | |

विद्यार्थीले परियोजना कार्य गरे नगरेको मूल्याङ्कन गरी पृष्ठपोषण पनि दिनुहोस् र उक्त कार्यको अभिलेख आन्तरिक मूल्याङ्कनका लागि सुरक्षित राख्नुहोस् ।

## (ङ) मूल्याङ्कन/प्रतिबिम्बन

तलको जस्तै रुजुसूची बनाएर विद्यार्थीले गरेका कार्य सम्बन्धमा मूल्याङ्कन गर्नुहोस् ।

| क्र.स. | कामको विवरण | छ | छैन |
|---|---|---|---|
| १ | नाटकमा समन्वय | | |
| २ | विषयवस्तुसँग तादाम्यता | | |
| ३ | सन्देश प्रवाह | | |
| ४ | प्रस्तुति | | |

पाठ्यपुस्तकको पाठको अभ्यास र क्रियाकलापमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विद्यार्थीको मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्नुहोस्, थप सिकाइ अवसर प्रदान गर्नुहोस् र आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पारी सिकाइ सहजीकरणको कार्यसमेत गर्नुहोस् ।

### थप नमुना प्रश्न र क्रियाकलाप

(क) अपरिचित व्यक्तिलाई हामीले आफ्नो घरमा बोलाउने र आफ्नो घरको जानकारी दिनु हुँदैन, किन ?

(ख) तपाईंको समुदायमा के कस्ता सुरक्षा सतर्कताका उपायहरू अपनाइएको छ, अभिभावक र समुदायका व्यक्तिहरूसँग सोधेर लेख्नुहोस् ।

थप सन्दर्भ तथा स्रोतसामग्री

https://youtube.com/shorts/w9Bv35L13Es?si=SKewsn8FOgGMP_QLhttps://youtu.be/s5bwBS2 7A1g?si=RbOAQLhqnpsBWxeJ

एकाइ ४

# सामाजिक समस्या र समाधान

**अनुमानित कार्यघण्टा : २०**

## १. एकाइ परिचय

समाजको विकास वा प्रगतिमा बाधा पुऱ्याउने खराब वा विकृत क्रियाकलापलाई सामाजिक समस्या भनिन्छ । हाम्रो समाजमा बालविवाह, मानव बेचबिखन, लागुपदार्थको सेवन, दाइजो, छुवाछुत, छाउपडी, घरेलु हिंसालगायत विभिन्न सामाजिक समस्या र कुप्रथा रहेका छन् । त्यस्ता समस्याको समाधान गर्न चेतना अभिवृद्धि, गरिबी न्यूनीकरण, कानुनको प्रभावकारी कार्यान्वयन जस्ता उपाय अवलम्बन गर्नु आवश्यक हुन्छ । यस एकाइमा बालबालिकालाई आफ्नो समुदायमा भएका सामाजिक विकृति पहिचान गरी सोविरुद्ध आवाज उठाउने, समुदायमा मेलमिलाप कायम गर्ने, शान्ति संस्कृतिको माध्यमबाट असल समाज निर्माणमा सहयोग गर्न सिकाउने, लागुपदार्थको परिचय, यसको सेवनबाट हुने असर र सचेतनासम्बन्धी जानकारी दिने विषयवस्तु समावेश गरिएका छन् । यसैगरी चोरी, डकैती जस्ता सामाजिक समस्या र त्यसबाट बच्ने उपायका सम्बन्धमा जानकारी दिने, चोरीका घटना भई हालेमा सुरक्षा निकायमा खबर गर्न सिकाउने, आफ्नो समुदायमा सामाजिक समस्या समाधानका लागि क्रियाशील विभिन्न सामाजिक सङ्घसंस्थाको पहिचान गर्ने र तिनीहरूको कार्यसँग परिचित हुन सिकाउने विषयवस्तु समाविष्ट छन् । यस्ता विषयवस्तुको शिक्षण गर्नका लागि उपयुक्त शिक्षण विधिको छनोट गरी त्यसको प्रयोग गर्नुका साथै सिकाइ अवस्थाको मूल्याङ्कन गरी आवश्यकताअनुसार थप सहयोगसमेत गर्नुपर्ने हुन्छ । यस एकाइमा समाविष्ट भएका पाठ तथा विषयवस्तुको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, परियोजना कार्य, मस्तिष्क मन्थन, TPS, Gallery Walk, जिग्सअ, अब मेरो पालो(Pens in the Middle), भूमिका अभिनय, Mix Freeze Pair, One stays Others Stray आदि जस्ता शिक्षण विधि र सोहीअनुसारका नमुना क्रियाकलाप विकास गरिएका छन् । शिक्षकले कक्षाको आकार, विद्यार्थी सङ्ख्या, भौतिक सुविधाको उपलब्धता समेतलाई ध्यानमा राखी अन्य सिर्जनात्मक सिकाइ क्रियाकलाप पनि सञ्चालन गर्न सक्नुहुने छ ।

## २. सिकाइ उपलब्धि

यस एकाइको शिक्षण सिकाइपश्चात् विद्यार्थीले निम्नानुसारका सिकाइ उपलब्धि हासिल गर्ने छन् :

१. असल समाजको निर्माणमा सहयोग गर्न
२. लागुपदार्थ सेवनबाट हुने असर बताउन र सचेत रहन
३. समाजमा चोरी, डकैती जस्ता घटनाबाट सुरक्षित रहन
४. सामाजिक समस्या समाधान गर्ने कार्यमा संलग्न सङ्घसंस्थाको योगदान बताउन

## ३. विषयवस्तु, सिकाइ उपलब्धि, शैक्षणिक सामग्री र समय विभाजनसम्बन्धी विवरण

| पाठ | पाठको नाम | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| १ | असल समाजको निर्माण | असल समाजको निर्माणमा सहयोग गर्न | • असल समाजका विशेषता समेटिएको कविता/गीतको नमूना<br>• असल समाजको परिचय र विशेषता लेखिएको चार्ट/पावरप्वाइन्ट<br>• असल समाज झल्काउने चित्र तथा भिडियो<br>• असल समाज निर्माणका आय लेखिएको चार्ट/पावर प्वाइन्ट | ५ |
| २ | लागुपद्धार्थ विरुद्धको सचेतना | लागुपद्धार्थ सेवनबाट हुने असर बताउन र सचेत रहन | • लागुपद्धार्थको परिचय र सचेतना सम्बन्धी कविता/गीतको नमूना<br>• लागुपद्धार्थको परिचय र उदाहरण लेखिएको चार्ट/सलाइड<br>• लागपद्धार्थको सचेतना जगाउने पम्पलेट, पोस्टर<br>• लागुपद्धार्थको सेवनबाट बच्ने उपाए लेखिएको चार्ट/स्लाइड | ५ |
| ३ | चोरी डकैतीबाट सचेत रहौं | समाजमा चोरी, डकैती जस्ता घटनाबाट सुरक्षित रहन | • चोरलाई प्रहरीले समातेर हतकडी लगाएर लगेको चित्र<br>• चोरी डकैतीको परिभाषा लेखिएको चार्ट/सलाइड<br>• चोरी डकैतीको समाचार छापिएको पत्रपत्रिका<br>• चोरी डकैतीको कारण र बच्ने उपाएहरुको सूचि, चार्ट र स्लाइड | ५ |
| ४ | सामाजिक समस्या समाधानमा सङ्घ संस्थाहरु | सामाजिक समस्या समाधान गर्ने कार्यमा संलग्न सङ्घ संस्थाको योगदान बताउन | • सामाजिक समस्या समाधानमा स्थानीय रुपमा सक्रिय केही सङ्घसंस्थाको सूचि /चार्ट<br>• स्थानीय समाजिक सङ्घसंस्थाको योगदान लेखिएको चार्ट/स्लाइड<br>• नेपाल प्रहरी, स्थानीय युवा क्लब, विद्यालय लगायत सङ्घसंस्थाको लोगो, चित्र, सम्बन्धित सङ्घसंस्थाले प्रकासन गरेको प्रतिवेदन, स्मारिका, डकुमेन्ट्री आदि । | ५ |

शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा लैङ्गिकता, अपाङ्गता, धार्मिक सहिष्णुता, समावेशिता तथा सामाजिक एकताको मर्म विपरीत नहुने गरी साथै विविधताको समेत सम्बोधन हुने कुरामा विशेष ध्यान पुर्‍याउनुपर्ने हुन्छ ।

पाठ १

# असल समाजको निर्माण

**अनुमानित कार्यघण्टा : ५**

## (क) पाठ परिचय

विभिन्न स्वभाव, रहनसहन, वेशभूषा, धर्म, भाषा अँगाल्ने मानिसहरूको सामूहिक रूप समाज हो । समाजमा सामाजिक एकता, सद्भाव र सामाजिक मेलमिलाप कायम रहन्छ । समाज व्यक्ति व्यक्तिबिचको सम्बन्धको सञ्जाल पनि हो । समाजका सदस्य समाजका साझा उद्देश्य प्राप्त गर्नका लागि क्रियाशील रहेका हुन्छन् । मानिसहरू एकआपसमा मिलेर काम गर्ने, सहयोग र सहकार्य गर्ने, मेलमिलाप कायम गरेर बस्ने, आआफ्नो जिम्मेवारी पूरा गर्ने, सबैलाई समान व्यवहार गर्ने जस्ता राम्रा अभ्यास र संस्कार भएको समाज असल समाज हो ।

सामाजिक समानता, सहयोग तथा सहकार्य, मेलमिलाप, सामाजिक न्याय, सामाजिक एकता, विभेदरहित वातावरण, जिम्मेवारी वहन, शान्ति संस्कृति आदि असल समाजका तत्त्व हुन् । असल समाज निर्माणका लागि समाजका सबै सदस्यको असल भावना र व्यवहार हुनुपर्छ । समाजका प्रत्येक व्यक्तिले गरेका राम्रा कार्यलाई प्रोत्साहित गर्ने र गलत कार्यलाई निरुत्साहित गर्नुपर्छ । समाजमा रहेको विविधताको सम्मान गरी सामाजिक एकता कायम गर्न र सामाजिक न्यायको विकासमा योगदान पुऱ्याउनुपर्छ । समाजमा हुने सबै प्रकारका छुवाछुत तथा विभेदको अन्त्य गरी सबैलाई सम्मानजनक व्यवहार गरी असल समाज निर्माणमा हामी सबैले आआफ्नो तर्फबाट भूमिका निर्वाह गर्नुपर्छ । यस पाठमा बालबालिकालाई आफ्नो समुदायमा भएका सामाजिक विकृति र कुरीति विरुद्ध आवाज उठाउने, समुदायमा मेलमिलाप कायम गर्ने, शान्ति संस्कृतिको माध्यमबाट असल समाज निर्माणमा सहयोग गर्न सिकाउनेजस्ता विषयवस्तु समावेश गरिएका छन् ।

यस पाठको सिकाइ सहजीकरणपश्चात् बालबालिकाले मेलमिलाप कायम गर्ने, समाजमा सामाजिक विकृति विसङ्गति विरुद्ध आवाज उठाउने, सामाजिक न्यायको पक्षमा उभिने, कक्षाकोठा र समाजमा हुने विभेदको अन्त्य गरी शान्ति संस्कृति निर्माणमा आफ्ना तर्फबाट भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

(ख) **सिकाइ उपलब्धि**

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| • असल समाजको निर्माणमा सहयोग गर्न | • असल समाजको परिचय दिई असल समाजका विशेषता बताउन<br>• समाजमा सहयोग र सद्भाव वृद्धि हुने गतिविधि गरी मेलमिलाप कायम गर्न<br>• शान्ति संस्कृति निर्माणमा सहयोग गर्न<br>• सामाजिक विकृति र कुरीति विरुद्ध आवाज उठाई असल समाज निर्माणमा भूमिका निर्वाह गर्न |

(ग) **शैक्षणिक सामग्री**

- असल समाजका विशेषता समेटिएको कविता/गीतको नमुना
- असल समाजको परिचय र विशेषता लेखिएको चार्ट/पावरप्वाइन्ट स्लाइड
- असल समाज झल्काउने चित्र तथा भिडियो क्लिप्स
- असल समाज निर्माणका उपाय लेखिएको चार्ट/पावरप्वाइन्ट स्लाइड

(घ) **सिकाइ सहजीकरण क्रियाकलाप**

(अ) **सुरुआती क्रियाकलाप**

सर्वप्रथम विद्यार्थीलाई असल समाजका विशेषता समेटिएका एउटा कविता/गीत सुनाउनुहोस् ।

विद्यार्थीलाई आजको पाठ के होला, भनी प्रश्न गर्नुहोस् । सकभर धेरै विद्यार्थीलाई पाठको नाम अनुमान गर्ने मौका दिनुहोस् । सक्रिय सहभागिताका लागि सबैलाई धन्यवाद दिँदै पाठको नाम पनि बताइदिनुहोस् ।

**असल समाज**

सहयोग र सहकार्य सबैभन्दा माथि मेलमिलाप र सामूहिकता चाहिन्छ है साथी सुरक्षा र एकता हो, समाजको चाहना हामी सबैले गरौँ नियमको पालना जिम्मेवारी मुख्य कुरा साथै अपनत्व यिनै हुन्, है साथीहरू असल समाजका तत्त्व !

(आ) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : चार्ट प्रस्तुति**

शिक्षकले निम्नानुसारको चार्ट कक्षामा प्रस्तुत गर्नुहोस् :

| |
|---|
| मेलमिलाप, सहयोग, सहकार्य, सुरक्षा, एकता, जिम्मेवारी, अपनत्व, सामूहिक भावना |

शिक्षकले विद्यार्थीलाई माथिका बुँदालाई आधार मानी उनीहरूको समाजमा मानिसहरू मिलेर बसेका छन् कि छैनन् ? दुःख वा आपत्विपत् पर्दा एकले अर्कोलाई सहयोग गर्छन् गर्दैनन् ? कुनै सामाजिक काम पर्दा सबैको सहभागिता हुन्छ कि हुँदैन ? जस्ता प्रश्न सोध्नुहोस् । विद्यार्थीबाट प्राप्त जवाफलाई समेट्दै असल समाजका विशेषता प्रस्ट पार्नुहोस् ।

### क्रियाकलाप २ : **तुलना र छलफल**

शिक्षकले मेलमिलाप नभएको, विभेद गरेको र सभ्य, सबै मिलेर समाजका विभिन्न कार्यमा संलग्न भएको फरक फरक चित्र/भिडियो क्लिप्स प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई ती दुई प्रकारका समाजका बिचमा तुलना गर्न लगाउनुहोस् । ती दुई प्रकारका समाजमध्ये कुन प्रकारको समाजमा बस्न मन पराउनुहुन्छ, किन ? जस्ता खुला प्रश्न सोध्नुहोस् । केही समय सोच्ने समय प्रदान गर्नुहोस् । धेरैभन्दा धेरै विद्यार्थीलाई उनीहरूको भनाइ राख्ने मौका दिनुहोस् । माथि चित्रमा देखाइएको समाज र विद्यार्थी बसोबास गरिरहेको समाजबिच समेत तुलना गर्न लगाई आवश्यक छलफल गरी असल समाजको अवधारणा प्रस्ट पार्नुहोस् ।

### क्रियाकलाप ३ : **समूह कार्य**

विद्यार्थीलाई चारओटा समूहमा विभाजन गर्नुहोस् । अब प्रत्येक समूहलाई चार्ट पेपरमा निम्नानुसारको तालिका बनाउन लगाई भर्न लगाउनुहोस् :

| भिडियो क्लिप्समा देखिएका राम्रा पक्षहरू | आफू बसोबास गरेको समाजका राम्रा पक्षहरू | आफू बसोबास गरेको समाजका सुधार गर्नुपर्ने पक्षहरू |
|---|---|---|
| | | |

प्रत्येक समूहलाई आफूले तयार गरेको चार्ट प्रदर्शन गर्न लगाउनुहोस् । त्यसपछि शिक्षकले तयार गरेको असल समाजका विशेषता लेखिएको चार्ट/पावरप्वाइन्ट स्लाइड प्रदर्शन गर्नुहोस् । विद्यार्थीको समूहलाई उनीहरूले तयार गरेको चार्टसँग तुलना गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिई असल समाजका विशेषता प्रस्ट पार्नुहोस् ।

### क्रियाकलाप ४ : **ग्यालरी वाक**

विद्यार्थीलाई अगिकै समूहमा रही असल समाज निर्माणका उपाय सम्बन्धमा पाठ्यपुस्तक र अन्य स्रोतसामग्री अध्ययन र छलफल गरी आएको निचोड न्युजप्रिन्ट पेपरमा टिपोट गर्न लगाउनुहोस् । समूहमा कार्य गर्दा सबै प्रकारका बालबालिकाको सहभागितालाई सुनिश्चित गर्नुहोस् । समूहले गरेका कामहरूको न्युजप्रिन्ट फरक फरक चारओटा स्थानमा टाँस्न लगाउनुहोस् । प्रत्येक

समूहलाई घडी घुम्ने दिशामा घुम्न लगाई हरेक समूहको कार्यको अवलोकन गरी जानकारी लिन लगाउनुहोस् । उक्त कार्य समाप्त भएपछि प्रत्येक समूहलाई उनीहरूको कार्यको प्रस्तुति गर्ने समय दिनुहोस् । अरू समूहबाट प्राप्त सुझावसमेत समावेश गरी समूह कार्यलाई परिमार्जन गर्न लगाउनुहोस् र परिमार्जित समूह कार्यलाई केही दिनसम्म प्रदर्शन गरेर कक्षामा राख्न लगाउनुहोस् ।

### क्रियाकलाप ५ : स्रोत व्यक्तिसँग छलफल र अन्तरक्रिया

विद्यालयमा एक जना स्थानीय समाजसेवीलाई बोलाउनुहोस् । विद्यार्थीलाई असल समाज निर्माण कसरी गर्न सकिन्छ, भन्ने सम्बन्धमा समाजसेवीसँग विभिन्न जिज्ञासा राख्न लगाई अन्तरक्रिया गराउनुहोस् र प्रभावकारी अन्तरक्रियाका लागि शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् । अन्तिममा अन्तरक्रियाको निष्कर्ष १/२ जना विद्यार्थीलाई भन्न लगाउनुहोस् ।

### क्रियाकलाप ६ : तालिका निर्माण

कक्षाका सबै विद्यार्थीलाई पाठ्यपुस्तक र अन्य सामग्रीसमेत अध्ययन गरी प्रस्तुति गर्न व्यक्ति समूह, परिवार समूह, समाज समूहमा विभाजन गरी निम्नानुसारको कार्यको जिम्मेवारी दिनुहोस् :

| **व्यक्ति समूह**<br>असल समाज निर्माणमा व्यक्तिको भूमिका | **परिवार समूह**<br>असल समाज निर्माणमा परिवारको भूमिका | **समाज समूह**<br>असल समाज निर्माणमा समुदायको भूमिका |
|---|---|---|
| | | |

विद्यार्थीले समूह कार्यलाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । उनीहरूको प्रस्तुतिलाई जोड्दै असल समाज निर्माणमा व्यक्ति, परिवार र समुदायको महत्त्वपूर्ण भूमिका हुने कुरा प्रस्ट पार्नुहोस् ।

### क्रियाकलाप ७ : स्पाइडर वेभ (माकुरी जालो)

विद्यार्थीलाई एउटा गोलो घेरामा बस्न लगाउनुहोस् । शिक्षकले एउटा लामो धागोको बल बनाएर एउटा विद्यार्थीलाई दिनुहोस् । उक्त विद्यार्थीलाई आफूले असल समाज निर्माणका लागि गर्न सक्ने कुनै एक कार्य गर्ने प्रतिबद्धता जनाउन लगाउनुहोस् र उक्त धागोको एक छेउ उसलाई समाउन लगाई धागोको बललाई अर्को विद्यार्थीलाई पास गर्न लगाउनुहोस् । सबै विद्यार्थीको पालो पुगुन्जेलसम्म यो खेललाई जारी राख्नुहोस् । त्यसपछि शिक्षकले निर्माण भएको धागाको जालो जस्तै मानव समाज पनि यस्तै विभिन्न व्यक्ति मिलेर बनेको छ । त्यसैले हामी

सबै मिलेर राम्रा कार्य गरी आफ्नो समाजलाई असल समाज बनाउनुपर्ने कुरा प्रस्ट पार्नुहोस् ।

### (ङ) मूल्याङ्कन ⁄ प्रतिबिम्बन

विद्यार्थीले कक्षागत सहभागिता, प्रस्तुतीकरण तथा छलफल र अन्तरक्रियामा देखाएको सक्रियताका आधारमा निम्नानुसारको मूल्याङ्कन गर्नुहोस् र अभिलेख राख्नुहोस् ।

| क्र.स. | विद्यार्थीको नाम, थर | क्रियाकलापमा सहभागिता | प्रस्तुतीकरण | छलफलमा देखाएको सक्रियता र नेतृत्व |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

अङ्क विभाजनका आधार (धेरै राम्रोः ३, राम्रो : २, सुधार गर्नुपर्ने : १)

पाठको क्रियाकलाप र अभ्यास गर्न लगाएर त्यसैका आधारमा विद्यार्थीको मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्नुहोस् । यसका साथै थप सिकाइ अवसर प्रदान गर्नुहोस् र आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पारी सिकाइ सहजीकरणको कार्यसमेत गर्नुहोस् ।

पाठ २

# लागुपदार्थ विरुद्धको सचेतना

**अनुमानित कार्यघण्टा : ५**

## (क) पाठ परिचय

लागुपदार्थ भनेको शरीरलाई लट्ठ पारी स्नायु प्रणालीलाई असर पुऱ्याउने वस्तु हुन् । शारीरिक र मानसिक स्वास्थ्य, चेतना र अनुभूतिलाई विकृत तुल्याउने पदार्थलाई लागुपदार्थ भनिन्छ । यस्ता पदार्थले मानिसको केन्द्रीय स्नायु प्रणालीमा प्रभाव पार्नुका साथै उसको भावना र सोचाइमा परिवर्तन ल्याउँछ । कानुनद्वारा निषेधित गाँजा, चरेस, अफिम, हिरोइन, कोकिन, मर्फिन आदि अवैध लागुपदार्थ हुन् भने सूर्तिजन्य पदार्थ र मदिरा कानुनद्वारा नियन्त्रित लागुपदार्थ हुन् । यस्ता वस्तुको लत लाग्नु  लागुपदार्थ दुर्व्यसन हो । लागुपदार्थको दुर्व्यसनले व्यक्तिको शारीरिक र मानसिक स्वास्थ्यमा प्रतिकूल असर पुऱ्याउँछ भने उसको सामाजिक प्रतिष्ठामा समेत आँच आउँछ। लागुपदार्थको सेवनले टाउको दुख्ने, रिङ्गटा लाग्ने, शरीर दुब्लो र कमजोर हुने, विभिन्न रोग लाग्ने र अकालमा मृत्युसमेत हुन सक्छ। त्यस्तै व्यक्तिको स्मरण शक्ति कमजोर हुने, बेचैनी हुने, पढ्न मन नलाग्ने हुन्छ भने परिवारमा दुःख, चिन्ता थपिन्छ, आर्थिक क्षति हुन्छ र सामाजिक इज्जत, प्रतिष्ठामा कमी आउँछ ।

यस पाठको सिकाइ सहजीकरणपश्चात् बालबालिकामा लागुपदार्थको पहिचान गर्ने, आफू पनि  लागुपदार्थको सेवन नगर्ने, अरूलाई पनि सचेत गर्ने कार्यमा भूमिका निर्वाह गर्ने बानीको विकास हुने अपेक्षा गरिएको छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उिल्लखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| • लागुपदार्थ सेवनबाट हुने असर बताउन र सचेत रहन | • लागुपदार्थको परिचय दिन र उदाहरण प्रस्तुत गर्न<br>• लागुपदार्थको सेवनले पार्ने शारीरिक, मानसिक र सामाजिक असर बताउन<br>• लागुपदार्थको दुर्व्यसनबाट बच्ने उपाय बताउन<br>• लागुपदार्थको दुर्व्यसनबाट आफू बच्न र अरूलाई सचेत  गराउन |

## (ग) शैक्षणिक सामग्री

- लागुपदार्थको परिचय र सचेतनासम्बन्धी कविता/गीतको नमुना
- लागुपदार्थकोपरिचय र उदाहरण लेखिएको चार्ट/पावरप्वाइन्ट स्लाइड
- लागुपदार्थको सचेतना जगाउने पम्पलेट, पोस्टर
- लागुपदार्थको सेवनबाट बच्ने उपाय लेखिएको चार्ट/पावरप्वाइन्ट स्लाइड

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

सर्वप्रथम विद्यार्थीलाई लागुपदार्थको परिचय र सचेतनासम्बन्धी एउटा कविता/गीत सुनाउनुहोस् र विद्यार्थीलाई पनि गाउने अभ्यास गराउनुहोस् । विद्यार्थीलाई उक्त गीत/कविताको सन्देश के होला, भनी प्रश्न गर्नुहोस् । सकेसम्म धेरै विद्यार्थीलाई उनीहरूको धारणा प्रस्तुत गर्न लगाउनुहोस् । सक्रिय सहभागिताका लागि सबैलाई धन्यवाद दिँदै विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

**लागुपदार्थ विरुद्धको सचेतना**

गाँजा, चरेस, अफिम आदि लागुपदार्थ हुन
असर गर्छन् स्नायुमा शरीर लट्ठ पार्छन्
देखासिकी, खराब साथी सङ्गत गर्दै जाँदा
घर झगडा, कलह भई तानिदिन्छ गाँजा
टाउको दुख्छ, अपच हुन्छ, रोग पनि लाग्छ
पारिवारिक अशान्ति र इज्जतसमेत जान्छ
बल्लतल्ल पाको जीवन खेर फाल्नहुन्न
सुर्ती, चुरोट जस्ता वस्तु सेवन गर्न हुन्न
हामीले नै चेतनाको दीप बाल्नुपर्छ
बालक्लब गठन गरी सचेत पार्नुपर्छ
जीवन बरबाद गराउने लागुपदार्थ हो जानौँ
असल बनौँ, सचेत रहौँ, कुलतमा नलागौँ

### (आ) मुख्य क्रियाकलाप

क्रियाकलाप १ : **प्रश्नोत्तर, प्रदर्शन र छलफल**

अगि सुनेको तथा गाएको गीत/कवितामा आधारित रही लागुपदार्थ भनेको के हो ? लागुपदार्थ भन्नाले कुन कुन पदार्थलाई बुझाउँछ, भनी विद्यार्थीलाई प्रश्न गर्नुहोस् । विद्यार्थीको भनाइलाई सिकाइ पाटीमा टिपोट गर्नुहोस् । विद्यार्थीका भनाइलाई समेत जोड्दै शिक्षकले आफूले तयार गरी ल्याएको लागुपदार्थको चित्र तथा लागुपदार्थ सेवन गरेको तस्बिर प्रदर्शन गर्नुहोस् र छलफल

गराउनुहोस् । त्यसपछि  लागुपदार्थको परिचय र उदाहरण लेखिएको चार्ट/पावरप्वाइन्ट प्रदर्शन गरी विषयवस्तुलाई प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप २ : कथाकथन र छलफल**

विद्यार्थीलाई लागुपदार्थको सेवनबाट भएको हानि नोक्सानी र त्यसबाट बच्न गरेको प्रयत्न समेटिएको पाठमा दिइएका घटनालाई कथा जस्तै बनाई सुनाउनुहोस् । त्यसपछि उक्त घटनासँग सम्बन्धित भएर निम्नानुसारका प्रश्न सोधी छलफल गराउनुहोस् ।

(क) यो घटना केसँग सम्बन्धित छ ?
(ख) लागुपदार्थ सेवनले के कस्ता हानि पुऱ्याउँछ ?
(ग) तपाईं यति धेरै हानि गर्ने लागुपदार्थ सेवन गर्नुहुन्छ कि गर्नुहुन्न ? किन ?
(घ) लागुपदार्थसम्बन्धी सचेतना अभिवृद्धि गर्न के कस्ता कार्यक्रम सञ्चालन गर्नुपर्छ ? अन्त्यमा विद्यार्थीको छलफलबाट आएका कुरालाई समेट्दै शिक्षकले विषयवस्तुलाई प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ३ : जिग्स**

प्रत्येक समूहमा चार चार जना विद्यार्थी पर्नेगरी चारओटा मातृ समूह निर्माण गर्नुहोस् । प्रत्येक मातृ समूहबाट १/१ जना विद्यार्थी लिएर पुनः चारओटै विज्ञ समूह निर्माण गर्नुहोस् । अब प्रत्येक विज्ञ समूहलाई लागुपदार्थ दुर्व्यसनको समाचार छापिएको पत्रपत्रिकाको कटिङ उपलब्ध गराउनुहोस् । उक्त सामग्री र पाठ्यपुस्तकमा दिइएको पाठसमेत अध्ययन गर्न लगाउनुहोस् । समूहमा छलफल गर्नुपर्ने निम्नानुसारका विषयवस्तु प्रत्येक विज्ञ समूहलाई जानकारी गराई उनीहरूले आआफ्नो मातृ समूहमा फर्केर सिकाउने गरी तयार हुन लगाउनुहोस् ।

विज्ञ समूह १ : लागुपदार्थको शारीरिक असर

विज्ञ समूह २ : लागुपदार्थको मानसिक असर

विज्ञ समूह ३ : लागुपदार्थको पारिवारिक असर

विज्ञ समूह ४ : लागुपदार्थको सामाजिक असर

विज्ञ समूहले आफ्नो तयारी सम्पन्न गरिसकेपछि आआफ्नो मातृ समूहमा बस्न लगाउनुहोस् । विज्ञ समूहबाट आएका प्रत्येक विज्ञले समूहका अन्य सदस्यहरूलाई पालैपालो सिकाउन लगाउनुहोस् । शिक्षकले प्रत्येक समूहका गतिविधिहरूलाई अवलोकन तथा आवश्यकताअनुसार सहयोग गरी सम्पूर्ण विद्यार्थीले विषयवस्तुलाई राम्रोसँग सिक्ने वातावरण निर्माण गर्नुहोस् ।

विद्यार्थी सङ्ख्याका आधारमा शिक्षकले अनुकूल हुने गरी समूह निर्माण गरी क्रियाकलाप गराउन सक्नु  हुने छ ।

### क्रियाकलाप ४ :. **अब मेरो पालो** ( Pens in the middle )

विद्यार्थीलाई गोलो घेरा बनाई समूहमा बस्न लगाउनुहोस् । यो क्रियाकलाप अगाडि पछाडिका २/२ ओटा बेन्चका विद्यार्थीबिच पनि गराउन सकिन्छ । सबैविद्यार्थीलाई आफ्नो कलम टेबुल वा आफ्नो अगाडि एकैठाउँमा राख्न लगाउनुहोस् । अब अगि छलफल गरिएका विषयवस्तुमा आधारित भई कुनै एक प्रश्न सोध्नुहोस् । जस्तै लागुपदार्थ दुर्व्यसनको कुनै एक मानसिक असर भन्नुहोस् । प्रश्न सोध्दा सम्भावित उत्तर हुने खालका प्रश्न सोध्नुहोस् । अब हरेक समूह वा बेन्चमा रहेका विद्यार्थीलाई पालैपालो उत्तर दिन लगाउनुहोस्। सही उत्तर दिनेलाई आफ्नो कलम फिर्ता लिन लगाउनुहोस्। उत्तर नमिलाउनेलाई पनि सही उत्तरका लागि सहयोग गरी कलम फिर्ता लाने वातावरण बनाउन लगाउनुहोस् । १/२ जनालाई के भनेर कलम फिर्ता लानुभयो भनी सोध्नुहोस् । प्रश्न सोध्ने क्रमलाई दोहोऱ्याउनुहोस् । अब फरक प्रश्न सोध्नुहोस् । अगिकै प्रक्रिया ४/५ चोटिसम्म दोहोऱ्याउनुहोस् । शिक्षकले बिच बिचमा आवश्यक सहजीकरण गरिदिनुहोस् ।

### क्रियाकलाप ५ : **प्रदर्शन र छलफल**

लागुपदार्थले पुऱ्याउने हानिनोक्सानी र बच्ने उपायसम्बन्धी सचेतना जगाउन तयार गरिएका पोस्टर, पम्प्लेट प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई निम्न प्रश्न सोध्नुहोस् ।

(क) चित्रमा के के देख्नुहुन्छ ?

(ख) यसका असर के के होलान्?

(ग) यो अवस्थाबाट बच्न के गर्नुपर्ला ?

विद्यार्थीलाई प्रदर्शन गरिएका पोस्टर र पम्प्लेटको अध्ययन गरी सोधिएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् । विद्यार्थीको उत्तर ध्यानपूर्वक सुन्नुहोस्र आवश्यक पृष्ठपोषण दिनुहोस् । छलफल गरी पोस्टर, पम्प्लेटले दिन खोजेको सन्देश प्रस्ट पार्नुहोस् । शिक्षकले तयार गरेको लागुपदार्थको सेवनबाट बच्ने उपाय लेखिएको चार्ट/पावरप्वाइन्ट स्लाइड प्रदर्शन गर्नुहोस् । उक्त चार्टमा लेखिएको लागुपदार्थको सेवनबाट बच्ने उपायसम्बन्धी बुँदामा छलफल गराई प्रस्ट पार्नुहोस् । आफूले सिकेका कुरा साथीभाइ, घरपरिवारलाई पनि भन्न लगाउनुहोस् ।

### क्रियाकलाप ६ : **पोस्टर निर्माण**

विद्यार्थीलाई समूहमा विभाजन गरी वा व्यक्तिगत रूपमा लागुपदार्थ सेवनका असर र रोकथामका उपाय समेटेर गीत, कविता वा छोटो कथा, सचेतनामूलक सन्देश दिने पोस्टर तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । उक्त कार्यको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

### क्रियाकलाप ७ : **ऱ्याली प्रदर्शनी**

विद्यार्थीलाई समूहमा विभाजन गरी लागुपदार्थ विरुद्धमा सचेतना जगाउने नाराहरू लेख्न

लगाउनुहोस् । उत्कृष्ट नाराहरू चयन गरी कार्डबोर्डमा लेखी प्लेकार्ड बनाउन लगाउनुहोस् । विद्यार्थीलाई प्लेकार्ड बोकेर विद्यालयको प्राङ्गण र विद्यालयनजिकैको समुदायमा गएर र्‍याली गर्न र नारा लगाउन लगाउनुहोस् । यी सबै कार्य गर्नका लागि शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

## नाराको नमुना

| | |
|---|---|
| लागुपदार्थको सेवन नगरौँ,<br>आफू पनि बाचौँ, अरूलाई पनि बचाऔँ | लागु औषध त्यागौँ,<br>जीवनलाई स्वस्थ्य र खुसी बनाऔँ |
| लागु औषध नसा हो,<br>प्रयोग गर्नु दशा हो | |

### (ङ) मूल्याङ्कन/प्रतिबिम्बन

विद्यार्थीले तयार पारेको पोस्टरलाई निम्नानुसार मूल्याङ्कन गरी अभिलेखीकरण पनि गर्नुहोस् ।

| क्र.स. | विद्यार्थीको नाम | विषयवस्तुसँग तादाम्यता | आकर्षण | दिने सन्देश | अन्य |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अङ्क विभाजनका आधार : (राम्रो: ३ अङ्क, मध्यम: २ अङ्क, सुधार गर्नुपर्ने: १ अङ्क)
पाठ्यपुस्तकको पाठ दिइएको अभ्यास र क्रियाकलाप गर्न लगाई त्यसैका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् साथै आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् । थप सिकाइ अवसर प्रदान गर्नुहोस् र आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पारी सिकाइ सहजीकरणको कार्यसमेत गर्नुहोस् ।

**नमुना प्रश्न**

(क) लागुपदार्थमा पर्ने वस्तुको सूची तयार पार्नुहोस् ।

(ख) लागुपदार्थ दुर्व्यसनले युवाहरू बढी प्रभावित हुन्छन्, किन, आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

(ग) लागुपदार्थ दुर्व्यसनबाट बच्न तपाईंले के कस्ता सचेतना वा सावधानी अपनाउने गर्नुभएको छ, बुँदागत रूपमा लेख्नुहोस् ।

पाठ ३

# चोरी डकैतीबाट सचेत रहौँ

**अनुमानित कार्यघण्टा : ५**

## (क) पाठ परिचय

चोरी डकैती भन्नाले अन्य व्यक्तिको सामान तथा वस्तु उसको सहमति वा इजाजतबिना नदेख्ने गरी वा देखेरै पनि जबरजस्ती लिने कार्यलाई जनाउँछ । हाम्रो समाजमा चोरी डकैतीलगायत विकृति, विसङ्गति दिनानुदिन बढ्दै गइरहेका छन् । श्रम नगर्ने तर सुखी जीवन बिताउन खोज्ने, मादकपदार्थ र लागुपदार्थको सेवन गर्ने, अरूको देखासिकी गर्ने, जुवातास खेल्ने जस्ता कुलतमा फसेका व्यक्ति चोरी डकैती जस्ता आपराधिक क्रियाकलापमा संलग्न हुने गरेको देखिन्छ । चोरी डकैती जस्ता आपराधिक कार्यले समाजमा अशान्ति हुन्छ भने अन्य थुप्रै विकृति विसङ्गतिसमेत देखा पर्छन् । चोरी डकैतीबाट बच्न व्यक्तिगत रूपमा सावधानी अपनाउनुपर्छ र अरूलाई पनि सजग रहन भन्नुपर्छ । यस पाठमा चोरी डकैती जस्ता सामाजिक समस्या र त्यसबाट बच्ने उपायका सम्बन्धमा जानकारी दिने, चोरीका घटना भइहालेमा सुरक्षा निकायमा खबर गर्न सिकाउने जस्ता विषयवस्तु समावेश गरिएका छन् ।

यस पाठको सिकाइ सहजीकरणपश्चात् बालबालिका चोरी डकैतीबाट सजग रहने, चोरी डकैतीबाट सुरक्षित रहन अपनाउनुपर्ने विभिन्न उपाय अवलम्बन गर्ने, चोरी डकैतीका घटना भएमा सुरक्षा निकायमा खबर गरी जानकारी गराउने, चोरी डकैतीसम्बन्धी सचेतना फैलाउने कार्यमा सक्षम हुने अपेक्षा गरिएको छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| • समाजमा चोरी, डकैती जस्ता घटनाबाट सुरक्षित रहन | • चोरी डकैतीको परिचय दिन<br>• चोरी डकैतीका कारण बताउन<br>• चोरी डकैतीबाट बच्ने उपाय सुझाउन<br>• चोरी डकैतीबाट सुरक्षित हुन र नजिकको सुरक्षा निकायमा खबर गर्न |

## (ग) शैक्षणिक सामग्री

- चोरलाई प्रहरीले समातेर हत्कडी लगाएर लगेको चित्र
- चोरी डकैतीको परिभाषा लेखिएको चार्ट/पावरप्वाइन्ट स्लाइड
- चोरी डकैतीको समाचार छापिएको पत्रपत्रिका
- चोरी डकैतीको कारण लेखिएको चार्ट/पावरप्वाइन्ट स्लाइड

- चोरी डकैतीबाट बच्ने उपायको सूची/पावरप्वाइन्ट स्लाइड

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

सर्वप्रथम प्रहरीले एक जना व्यक्तिलाई हातमा हतकडी लगाएर लैजादै गरेको चित्र/तस्बिर देखाउनुहोस् । विद्यार्थीलाई चित्रमा देखिएको मानिसलाई किन प्रहरीले समातेर लगेको होला, भनी अनुमान गर्न लगाउनुहोस् । धेरै जना विद्यार्थीलाई उनीहरूको विचार प्रस्तुत गर्न लगाउनुहोस् । उनीहरूले बताए जस्तैका विभिन्न कारणमध्ये उक्त व्यक्तिलाई चोरी गरेकीले प्रहरीले समातेर लग्दै गरेको हो भन्ने तथ्य बताइदिनुहोस् । चित्रमा भएको घटना जस्तै आजको पाठ पनि चोरी डकैतीसँग सम्बन्धित रहेको बताएर सिकाइ सहजीकरण प्रक्रिया सुरु गर्नुहोस् ।

### (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ : अनुभव आदानप्रदान, प्रदर्शन र छलफल**

विद्यार्थीलाई उनीहरूको समुदायमा भएका विभिन्न चोरी डकैतीसम्बन्धी घटना सुनाउन लगाउनुहोस्, शिक्षकले पनि चोरीको कुनै घटना सुनाउनुहोस् । चोरी डकैती भनेको के हो, भनी प्रश्न सोध्नुहोस् । विद्यार्थीको उत्तरलाई शैक्षणिक पाटीमा टिपोट गर्नहोस् । त्यसपछि शिक्षकले तयार गरी ल्याएको चोरी डकैतीको परिभाषा लेखिएको चार्ट/पावरप्वाइन्ट स्लाइड प्रदर्शन गर्नुहोस् । उनीहरूले भनेका कुरा र चार्टमा लेखिएको परिभाषाका बिचमा तुलना गर्न लगाई छलफलसमेत गराउनुहोस् र विषयवस्तुलाई स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप २ : समूहकार्य**

विद्यार्थीलाई तीनओटा समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई समूह नेता चयन गर्न लगाउनुहोस् । प्रत्येक समूहलाई चोरीका फरक फरक घटनाका समाचार लेखिएका पत्रपत्रिका अध्ययन गर्न लगाई समूहमा छलफल गरी निम्नानुसारको विवरण चार्ट पेपरमा टिपोट गर्न लगाउनुहोस् । समूह नेतालाई समूहका सबै सदस्यलाई सक्रिय बनाउन लगाउनुहोस् ।

(क) चोरी डकैतीको घटना भएको मिति र स्थान :

(ख) चोरी डकैती भएको नगद र मालसामानको विवरण :

(ग) चोरी डकैतीको घटना हुनुको कारण :

(घ) घटनाका अन्य महत्वपूर्ण विवरण :

प्रत्येक समूहको समूह कार्य समाप्त भएपछि प्रस्तुति गर्न समय दिनुहोस् । विद्यार्थीको प्रस्तुतिलाई समेट्दै विभिन्न सामाजिक समस्यामध्ये चोरी डकैती हाम्रो समाजको प्रमुख सामाजिक समस्या रहेको कुरा प्रस्ट पारिदिनुहोस् ।

### क्रियाकलाप ३ : **चार्ट प्रदर्शन र छलफल**

शिक्षकले तयार गरेको चोरी डकैतीको कारण लेखिएको चार्ट/पावरप्वाइन्ट स्लाइड प्रदर्शन गर्नुहोस् । उक्त चार्टमा उल्लेख गरिएका चोरी डकैतीका कारणमा बुँदागत छलफल गराई प्रस्ट पार्नुहोस् ।

### क्रियाकलाप ४ : **खेल खेलौँ**

विद्यार्थीलाई चोर पुलिस खेल खेलाउनुहोस् । उक्त खेल खेलाउनका लागि विद्यार्थीलाई निम्नानुसारको समूह बनाई निर्दिष्ट भूमिका अभिनय गर्न लगाउनुहोस् । समूहको भूमिकालाई चिट्ठाद्वारा छनोट गराउनुहोस् ।

**(क) पहिलो समूह :** चोरको अभिनय गर्ने, कुनै सामान चोरी गरी भागेको

**(ख) दोस्रो समूह :** चोरी भएको घरको छिमेकी जसले चोरले चोरेको थाहा पाएपछि चोरलाई लखेटेको र प्रहरीलाई खबर गरेको

**(ग) तेस्रो समूह :** प्रहरीको भूमिका अभिनय गर्ने, चोरीको खबर पाउनासाथ आएर घटनाको अध्ययन गरी चोरीको विवरण सङ्कलन गरेको, शङ्कास्पद व्यक्तिलाई छानबिन गरी चोरको प्रक्राउ गरेको, हतकडी लगाएको अन्त्यमा प्रहरीले चोरीको सामान सम्बन्धित धनीलाई फिर्ता गराएको र केही दिनमा प्रहरीले सम्झाइबुझाइ चोरलाई छोडेको, चोरले पनि अब आइन्दा यस्तो कार्य नगर्ने प्रतिबद्धता जनाएको अभिनय गर्न लगाएर खेल खेलाउनुहोस् ।

### क्रियाकलाप ५ :. **अवलोकन भ्रमण/स्रोत व्यक्ति आमन्त्रण**

विद्यार्थीलाई सम्भव भएसम्म विद्यालयनजिकै रहेको प्रहरी चौकी वा सुरक्षा निकायको अवलोकन गर्न लैजानुहोस् । प्रहरी कार्यालयका प्रमुखसँग समय मागेर चोरी डकैतीका घटना, यसका कारण र यसबाट बच्न अपनाउनुपर्ने उपायका सम्बन्धमा अन्तरक्रिया गराउनुहोस् । अथवा प्रहरी कार्यालयलाई अनुरोध गरी एक जना प्रहरीलाई स्रोतव्यक्तिका रूपमा आमन्त्रण गरी चोरी डकैतीसम्बन्धी विविध जानकारी गराउन लगाई विद्यार्थीलाई चोरी डकैतीबाट सचेत रहन अभिप्रेरित गर्नुहोस् ।

विद्यालय रहेको क्षेत्र प्रहरी कार्यालय वा सुरक्षा निकायको पहुँचबाट टाढा भएमा प्रहरी कार्यालय वा सुरक्षा निकायको तस्बिर वा भिडियो प्रदर्शन गर्नुहोस् । चोरी डकैती नियन्त्रणमा प्रहरी कार्यालयले खेल्ने भूमिका सम्बन्धमा छलफल गराउनुहोस् ।

### क्रियाकलाप ६ : **रिले दौड**

विद्यार्थीलाई बराबर सङ्ख्यामा रहने गरी आवश्यक समूहमा विभाजन गर्नुहोस् । रिले रेस

खेल खेलाउनुहोस् । निश्चित दुरीमा कापी र पेन टेबुलमा राखिदिनुहोस् । रिले रेसका नियम बताइदिनुहोस् । प्रत्येक समूहका प्रत्येक सदस्यले दौडेर गएर आफ्नो समूहलाई तोकेको टेबुलमा गई एक एकओटा चोरी डकैतीबाट बच्ने उपाय लेख्न लगाउनुहोस् । टिमका सबैसदस्यले उक्त कार्य गरिसकेपछि सबै समूहको कार्यको अवलोकन गरी जुन समूहले पहिला कार्य सम्पन्न गऱ्यो उसलाई विजेता घोषणा गर्नुहोस् र सहभागी सबैलाई धन्यवाद दिनुहोस् ।

क्रियाकलापको अन्त्यमा शिक्षकले तयार गरेको चोरी डकैतीबाट बच्ने उपाय लेखिएको चार्ट/पावरप्वाइन्ट स्लाइड प्रदर्शन गरी छलफल गराएर चोरी डकैतीबाट बच्ने उपाय प्रस्ट्याउनुहोस् ।

### क्रियाकलाप ७ : **गीत गायन र रचना**

विद्यार्थीलाई पाठ्यपुस्तकको पेज न. ७६ को स्वप्रतिविम्बन (ग) मा दिइएको चोरी डकैती विरुद्धको गीत गाउन लगाउनुहोस् र त्यस्तै प्रकारका सचेतनामूलक गीत रचना गर्न लगाई विद्यालयको सूचना पाटीमा टाँस्न लगाउनुहोस् । गीतको रचना गर्न शिक्षकले आवश्यक सहयोग गर्नुहोस् ।

### क्रियाकलाप ८ : **Mix Freeze Pair**

विद्यार्थीलाई खुला स्थानमा लैजानुहोस् । Mix Freeze Pair विधिको प्रयोग गरी विद्यार्थीलाई जोडीमा बस्न लगाउनुहोस् । अब विद्यार्थीलाई चोरी डकैतीका कारण के के हुन सक्छन् ? २ मिनेटभित्र पालैपालो जोडीमा भन्न लगाउनुहोस् । अब केही विद्यार्थीलाई आफूले भनेका कुरा भन्न लगाउनुहोस् । यसै गरी यही प्रक्रिया अवलम्बन गरी अगि सिकेका विषयवस्तुमा आधारित भई केही प्रश्न सोध्न र छलफल गर्न सक्नुहुने छ ।

## (ङ) मूल्याङ्कन/प्रतिबिम्बन

क्रियाकलाप न. ७ लाई तलको जस्तै रुजुसूची बनाएर विद्यार्थीले परियोजना कार्य गरे नगरेको मूल्याङ्कन गर्नुहोस् ।

**विद्यार्थीको नाम :**

(विद्यार्थीको कार्यको अवलोकन गरेर उपयुक्त स्थानमा ठिक चिह्न लगाउनुहोस्)

| क्र.स. | कामको विवरण | छ | छैन |
|---|---|---|---|
| १ | गीत रचना गरेको | | |
| २ | गीत रचनामा उपयुक्त शब्दको प्रयोग | | |
| ३ | गीत सन्देशमूलक भएको | | |
| ४ | कार्य तोकिएकै समयमा सम्पन्न गरेको | | |

पाठ्यपुस्तकको पाठको अभ्यास र क्रियाकलापमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विद्यार्थीको मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्नुहोस्, थप सिकाइ अवसर प्रदान गर्नुहोस् र आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पारी सिकाइ सहजीकरणको कार्यसमेत गर्नुहोस् ।

**थप नमुना प्रश्न र क्रियाकलाप**

(क) चोरी डकैतीबाट बच्न के के कुरामा सजगता अपनाउनुपर्छ ?

(ख) चोरी डकैतीले समाजमा के के समस्या सिर्जना गर्छ, लेख्नुहोस् ।

## पाठ ४ सामाजिक समस्या समाधानमा सङ्घसंस्थाहरू

**अनुमानित कार्यघण्टा : ५**

### (क) पाठ परिचय

समाजमा रहेका विविध सामाजिक समस्याको समाधान गरी समाजको उन्नति, प्रगति साथै समग्र राष्ट्रको विकास गर्ने उद्देश्यले हाम्रो समाजमा क्रियाशील रहेका विभिन्न सङ्घसंस्थालाई सामाजिक सङ्घसंस्था भनिन्छ । कुनै सामाजिक सङ्घसंस्थाले कुनै स्थान विशेषलाई कार्यक्षेत्र बनाई काम गरेका हुन्छन्, त्यस्ता सङ्घसंस्थाहरूलाई स्थानीय सङ्घसंस्था भनिन्छ । कुनैको कार्यक्षेत्र राष्ट्रव्यापी हुन्छ त्यस्ता संस्थालाई राष्ट्रिय सङ्घसंस्था भनिन्छ । कुनै सङ्घसंस्थाले कार्यक्षेत्र एउटा मात्र नभई एकभन्दा बढी देशमा बनाएको हुन्छ त्यस्तो संस्थालाई अन्तर्राष्ट्रिय सङ्घसंस्था भनिन्छ । हाम्रो समाजमा विद्यालय, गुठी, प्रहरीचौकी, स्वास्थ्यचौकी, स्थानीय क्लब, आमा समूह, टोल विकास समिति जस्ता स्थानीय सङ्घसंस्था सामाजिक समस्या समाधानमा क्रियाशील रहेका छन् । यस पाठमा आफ्नो समुदायमा रहेका सामाजिक समस्या समाधानका लागि क्रियाशील विभिन्न सामाजिक सङ्घसंस्थाको पहिचान गर्ने र सामाजिक समस्या समाधानमा तिनीहरूको योगदानसँग परिचित हुन सिकाउने विषयवस्तु समाविष्ट छन् ।

यस पाठको सिकाइ सहजीकरण पश्चात् बालबालिकाले समाजमा क्रियाशील विभिन्न सङ्घसंस्थाबारे जानकारी हासिल गर्ने, समाजमा सामाजिक विकृति विसङ्गति विरुद्ध आवाज उठाउने, स्थानीय सङ्घसंस्थामा संलग्न भई सामाजिक सामाजिक समस्या समाधानमा आफ्नोतर्फबाट भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| • सामाजिक समस्या समाधान गर्ने कार्यमा संलग्न सङ्घसंस्थाको योगदान बताउन | • सामाजिक सङ्घसंस्थाको परिचय दिन<br>• सामाजिक समस्या समाधानमा क्रियाशील स्थानीय सङ्घसंस्थाको पहिचान गर्न<br>• सामाजिक समस्या समाधानमा क्रियाशील स्थानीय सङ्घसंस्थाको भूमिका उल्लेख गर्न |

### (ग) शैक्षणिक सामग्री

- सामाजिक समस्या समाधानमा स्थानीय रूपमा सक्रिय सङ्घसंस्थाको सूची भएको

चार्ट/पावरप्वाइन्ट स्लाइड

- स्थानीय सामाजिक सङ्घसंस्थाको योगदान लेखिएको चार्ट/पावरप्वाइन्ट स्लाइड
- नेपाल प्रहरी, स्थानीय युवा क्लब, विद्यालयलगायत सङ्घ संस्थाको लोगो र चित्र, सम्बन्धित सङ्घसंस्थाले प्रकाशन गरेको प्रतिवेदन, स्मारिका, डकुमेन्ट्री आदि ।

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

विद्यार्थीलाई तपाईँहरूको समुदाय वा वरपर प्रहरी चौकी छ कि छैन ? युवा क्लब छ कि छैन ? आमा समूह छ कि छैन ? जस्ता प्रश्न सोधेर जानकारी लिनुहोस् । उनीहरूबाट आएको जानकारीलाई समेट्दै विभिन्न स्थानीय सङ्घसंस्थाका उदाहरण दिएर हाम्रो समाजमा रहेका सामाजिक समस्या समाधानमा क्रियाशील सङ्घसंस्था नै सामाजिक सङ्घसंस्था हुन् भनी बताउँदै विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

### (आ) मुख्य क्रियाकलाप

#### क्रियाकलाप १ : सूची निर्माण र चार्ट प्रदर्शन एवम् छलफल

स्थानीय समुदायमा कुन कुन सङ्घसंस्था क्रियाशील छन्, भनी प्रश्न सोध्नुहोस् । सबै विद्यार्थीलाई आफ्नो गाउँ टोल, समुदायमा रहेका केही मुख्य सामाजिक समस्या र सो समस्या समाधानमा क्रियाशील सामाजिक सङ्घसंस्थाको नाम भन्न लगाउनुहोस् । त्यसपछि समुदायमा रहेका समस्या समाधानमा क्रियाशील सङ्घसंस्थाको नामको सूची तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । त्यसपछि शिक्षकले तयार गरेर ल्याएको सामाजिक समस्या समाधानमा सक्रिय सङ्घसंस्थाको सूची भएको चार्ट/पावरप्वाइन्ट स्लाइड प्रदर्शन गर्नुहोस् र छलफलका माध्यमबाट प्रस्ट्याउनुहोस् ।

#### क्रियाकलाप २ : चार्ट निर्माण

शिक्षकले एउटा न्यूजप्रिन्टमा विद्यालयले सामाजिक समस्या समाधानका लागि गरेका कार्य भन्ने शीर्षक लेखी भित्तामा टाँस्नुहोस् । विद्यार्थीलाई उनीहरू अध्ययनरत विद्यालयले सामाजिक समस्या समाधानका लागि के के कार्यहरू गर्दै आएको छ, भनी प्रश्न सोध्नुहोस् । कक्षाका सबै विद्यार्थीलाई व्यक्तिगत रूपमा आफूलाई जानकारी भएको कुनै एक कार्य कागजको साना टुक्रामा टिपोट गर्न लगाउनुहोस् । त्यसपछि पालैपालो न्युजप्रिन्टमा टाँस्न लगाउनुहोस् । कुनै एक जना विद्यार्थीलाई न्युजप्रिन्टमा टाँसिएका कुरा पढ्न लगाउनुहोस् र छलफल गराउनुहोस् । त्यसपछि शिक्षकले तयार गरेको स्थानीय सामाजिक समस्या समाधानमा विद्यालयको भूमिका उल्लेखित चार्ट वा तालिका प्रदर्शन गर्दै विषयवस्तुलाई प्रस्ट पारिदिनुहोस् ।

- सामाजिक समस्या समाधानमा स्थानीय विद्यालयको भूमिका
- विद्यार्थीलाई सामाजिक समस्या र विकृतिका बारेमा जानकारी दिने
- सामाजिक समस्याको पहिचान गर्न सिकाउने, सामाजिक समस्याका कारण, असर र समाधानका उपाय सम्बन्धमा विभिन्न घटना, उदाहरणमार्फत जानकारी गराउने
- विभिन्न क्रियाकलापमा आधारित सिकाइ सहजीकरणमार्फत चेतना अभिवृद्धि गर्ने
- सामाजिक कुरीति र अन्धविश्वास विरुद्ध आवाज उठाउन अभिप्रेरित गर्ने
- समुदायमा चेतनामूलक सडक नाटक, ऱ्याली, अन्तरक्रिया आदि सञ्चालन गर्ने

### क्रियाकलाप ३ : **पाठमा आधारित समूह कार्य र ग्यालरी वाक**

विद्यार्थीलाई पाठ्यपुस्तकमा दिइएको पाठ सामाजिक सङ्घसंस्थामा प्रस्तुत गरिएको बुलेटिन बोर्डको अध्ययन गर्न लगाउनुहोस् । त्यसपछि विद्यार्थीलाई चारओटा समूहमा विभाजन गर्नुहोस् । पहिलो समूहलाई प्रहरी चौकी, दोस्रो समूहलाई स्थानीय युवाक्लब, तेस्रो समूहलाई गुठी तथा चौथो समूहलाई  आमा समूहले स्थानीय सामाजिक समस्या समाधानका लागि गरेका प्रयास/कार्यहरू समूहमा छलफल गरी न्युजप्रिन्टमा टिपोट गर्न लगाउनुहोस् । समूहमा कार्य गर्दा सबै प्रकारका बालबालिकाको सहभागितालाई सुनिश्चित गर्नुहोस् ।

समूहले गरेका कामको न्युजप्रिन्ट फरक फरक चारओटा भित्तामा टाँस्न लगाउनुहोस् । प्रत्येक समूहलाई घडी घुम्ने दिशामा घुम्न लगाई हरेक समूहको कार्यको अवलोकन गर्न र केही थप्नुपर्ने लागेमा थप्न लगाउनुहोस् । उक्त कार्य समाप्त भएपछि प्रत्येक समूहलाई उनीहरूको कार्यको प्रस्तुति गर्ने समय दिनुहोस् । अन्य समूहबाट प्राप्त सुझावसमेत समावेश गरी समूह कार्यलाई परिमार्जन गर्न लगाउनुहोस् र परिमार्जित समूह कार्यलाई केही दिनसम्म प्रदर्शन गरेर कक्षामा राख्न लगाउनुहोस् ।

### क्रियाकलाप ४ : **सन्दर्भ सामग्री अध्ययन र प्रस्तुति**

विद्यार्थीलाई नेपाल प्रहरी, स्थानीय युवा क्लब, विद्यालय, गुठी, टोल सुधार समिति जस्ता सामाजिक  सङ्घघसंस्थाले प्रकाशन गरेको बुलेटिन वा स्मारिका अध्ययन गर्न लगाउनुहोस् । विद्यार्थीको समूह बनाई प्रत्येक समूहलाई बुलेटिन वा स्मारिका अध्ययनबाट प्राप्त विवरण टिपोट गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

(क) स्थानीय सङ्घसंस्थाको नाम :

(ख) स्थापना भएको मिति :

(ग) सामाजिक सुधारमा गरेको कार्यको विवरण :

त्यसपछि शिक्षकले तयार गरेको स्थानीय सामाजिक सङ्घसंस्था योगदान लेखिएको

चार्ट/पावरप्वाइन्ट स्लाइड प्रदर्शन गरी थप छलफलका माध्यमबाट स्पष्ट पार्नुहोस् ।

### क्रियाकलाप ५ : स्रोत व्यक्ति आमन्त्रण

समाजमा रहेका सामाजिक समस्या र विकृतिको समाधानमा क्रियाशील विभिन्न सामाजिक संस्थामध्ये कुनै एउटा स्थानीय सामाजिक सङ्घसंस्थाका प्रतिनिधि वा पदाधिकारीलाई कक्षामा आमन्त्रण गरी सामाजिक समस्या समाधानमा उनीहरूको संस्थाले खेलेको भूमिका सम्बन्धमा छलफल अन्तरक्रिया गराउनुहोस् । छलफल र अन्तक्रियामा सकभर सबै जना विद्यार्थीको सहभागिता गराउनुहोस् । यस कार्यका लागि शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

### क्रियाकलाप ६ : अवलोकन भ्रमण

शिक्षकले स्थानीय सङ्घसंस्थासँग समन्वय गरी विद्यार्थीलाई उक्त संस्थाको अवलोकन भ्रमण गराउनुहोस् । प्रश्नावली निर्माण गर्न लगाई सोही प्रश्नावलीका आधारमा उक्त संस्थाको विषयमा र उक्त संस्थाले स्थानीय स्तरमा कुन कुन सामाजिक समस्या समाधानमा के कस्तो कार्य गरेको छ, भनी उक्त संस्थाको प्रतिनिधि वा पदाधिकारीलाई सोधेर प्राप्त जानकारी टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीले सङ्कलन गरेको विवरण कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । त्यसको मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**प्रश्नावलीको नमुना**

१. यो संस्थाको स्थापना कहिले भएको हो ?
२. यस संस्थाका उद्देश्य के के छन् ?
३. यस संस्थाले कुन कुन ठाउँमा काम गरिरहेको छ ?
४. यस संस्थाले हाम्रो समाजमा रहेका सामाजिक समस्या समाधानका लागि कस्ता कस्ता कार्यक्रम सञ्चालन गर्दै आएको छ ?

### क्रियाकलाप ७ : खेल खेलौँ

समाजमा क्रियाशील विभिन्न सङ्संस्थाको नाम ससाना कागजका टुक्रामा टिपोट गर्नुहोस् । ती कागजका टुक्रालाई एउटा बट्टामा राखेर हल्लाउनुहोस् । दुईओटा औँला मात्र छिर्ने प्वाल राखेर बाक्लो कागजले बट्टाको मुख बन्द गर्नुहोस् ।

### खेलको प्रक्रिया

- विद्यार्थीलाई खुला ठाउँमा गोलो घेरा बनाई उभिन लगाउनुहोस् ।
- तातो आलु खेलका लागि तयार गरेको बट्टा देखाएर नियम बताइदिनुहोस् ।
- एक जना विद्यार्थीलाई मादल बजाउन लगाएर घेरामा रहेका विद्यार्थीलाई कागजको बट्टा पास गर्न लगाउनुहोस् ।
- मादलको धुन जुन विद्यार्थीको हातमा पुग्दा रोकिन्छ, उसलाई बट्टामा भएको एउटा कागजको टुक्रा झिक्न लगाई उक्त टुक्रामा भएको संस्थाको नाम पढ्न र त्यस संस्थाले सामाजिक समस्या समाधानका लागि गरेको एउटा कार्य भन्न लगाउनुहोस् ।
- उत्तर दिने विद्यार्थीलाई घेराबाहिर बस्न लगाउनुहोस् र यसरी नै पालैपालो बट्टा पाउने विद्यार्थीलाई टुक्रामा भएको प्रश्नअनुसार उत्तर दिन लगाउनुहोस् ।
- सबै विद्यार्थीको पालो नपुगेसम्म यो क्रियाकलापलाई दोहोर्‍याउनुहोस् ।

### (ङ) मूल्याङ्कन/प्रतिबिम्बन

पाठ्यपुस्तकको पाठको अभ्यास र क्रियाकलापमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विद्यार्थीको मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्नुहोस्, थप सिकाइ अवसर प्रदान गर्नुहोस् र आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पारी सिकाइ सहजीकरणको कार्यसमेत गर्नुहोस् ।

### नमुना प्रश्न र क्रियाकलाप

(क) सामाजिक समस्याको समाधानमा तपाईंको विद्यालयले खेलेको भूमिका बुँदागत रूपमा लेख्नुहोस् ।

(ख) सामाजिक समस्या समाधान र शान्ति सुरक्षा कायम गर्न नेपाल प्रहरीको कुनै दुईओटा कार्य उल्लेख गर्नुहोस् ।

एकाइ ५

# हाम्रो विगत

**अनुमानित कार्यघण्टा : १८**

## १. एकाइ परिचय

यस एकाइमा बालबालिकालाई नेपाल शब्दको उत्पत्तिसम्बन्धी किंवदन्ती, समुदायमा भएका ऐतिहासिक वस्तुको पहिचान र त्यसको संरक्षण र खोजी गर्न सिकाउने विषयवस्तु समावेश गरिएका छन् । यसैगरी आफू बसेको समुदायको विगतका ऐतिहासिक घटना, चालचलन, रहनसहन, शिक्षा, कृषि, न्याय र सञ्चारका साथै सामाजिक संरचना र गतिविधिको जानकारी गराउने र आफू बसेको समुदायको विगतको वर्तमानसँग तुलना गर्न सिकाउने विषयवस्तु समाविष्ट छन् । यस्ता विषयवस्तुको शिक्षण गर्नका लागि उपयुक्त शिक्षण विधिको छनोट गरी त्यसको प्रयोग गर्नुका साथै सिकाइ अवस्थाको मूल्याङ्कन गरी आवश्यकताअनुसार थप सहयोगसमेत गर्नुपर्ने हुन्छ ।

यस एकाइमा समाविष्ट भएका पाठ तथा विषयवस्तुको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, परियोजना कार्य, मस्तिष्क मन्थन, TPS, Gallery Walk, जिग्सअ, अब मेरो पालो (Pens in the Middle), भूमिका अभिनय, Mix Freeze Pair, One stays Others Stray आदि जस्ता शिक्षण विधि र सोहीअनुसारका नमुना क्रियाकलाप विकास गरिएका छन् । शिक्षकले कक्षाको आकार, विद्यार्थी सङ्ख्या, भौतिक सुविधाको उपलब्धतासमेतलाई ध्यानमा राखी अन्य सिर्जनात्मक सिकाइ क्रियाकलाप पनि सञ्चालन गर्न सक्नुहुने छ ।

## २. एकाइगत सिकाइ उपलब्धि

यस एकाइको शिक्षण सिकाइपश्चात् विद्यार्थीले निम्नानुसारका सिकाइ उपलब्धि हासिल गर्ने छन् :क

१. नेपाल शब्दको उत्पत्तिसम्बन्धी विभिन्न किंवदन्ती बताउन

२. आफ्नो समुदायमा भएका ऐतिहासिक वस्तुको खोजी तथा संरक्षण कार्यमा सहभागी हुन

३. आफू रहेको समाजको विगत र वर्तमान बताउन

४. आफू रहेको समाजको विगत र वर्तमानको सामाजिक संरचना र गतिविधि बताउन

## ३. विषयवस्तु, सिकाइ उपलब्धि, शैक्षणिक सामग्री र समय विभाजनसम्बन्धी विवरण

| पाठ | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| १ | नेपाल शब्दको उत्पत्ति | नेपाल शब्दको उत्पत्तिसम्बन्धी विभिन्न किंवदन्ती बताउन | नेपालको नक्सा, नेपालको इतिहास पुस्तक, विषयवस्तुसँग सम्बन्धित चार्ट/पावरप्वाइन्ट स्लाइड | ४ |
| २ | हाम्रा ऐतिहासिक वस्तु | आफ्नो समुदायमा भएका ऐतिहासिक वस्तुको खोजी तथा संरक्षण कार्यमा सहभागी हुन | विभिन्न ऐतिहासिक वस्तुको नमुना, चित्र, भिडियो क्लिप्स, ऐतिहासिक वस्तुको परिचय, उदाहरण र संरक्षणका उपायहरू लेखिएको चार्ट/पावरप्वाइन्ट स्लाइड | ५ |
| ३ | हाम्रो समुदायको विगत र वर्तमान | आफू रहेको समाजको विगत र वर्तमान बताउन | समुदायको विगत र वर्तमान अवस्था झल्काउने चित्र, भिडियो क्लिप्स, समुदायको विगत र वर्तमान अवस्थाको तुलना गरिएको चार्ट/पावरप्वाइन्ट स्लाइड | ४ |
| ४ | सामाजिक संरचना र रहनसहन | आफू रहेको समाजको विगत र वर्तमानको सामाजिक संरचना र गतिविधि बताउन | समुदायको विगत र वर्तमान अवस्थाको सामाजिक संरचना र गतिविधि झल्काउने चित्र, भिडियो क्लिप्स, विषयवस्तुसँग सम्बन्धित चार्ट/पावरप्वाइन्ट स्लाइड | ५ |

शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा लैङ्गिकता, अपाङ्गता, धार्मिक सहिष्णुता, समावेशिता तथा सामाजिक एकताको मर्म विपरीत नहुने गरी साथै विविधताको समेत सम्बोधन हुने कुरामा विशेष ध्यान पुऱ्याउनुपर्ने हुन्छ ।

पाठ १

# नेपाल शब्दको उत्पत्ति

**अनुमानित कार्यघण्टा : ४**

## (क) पाठ परिचय

नेपाल उपत्यकाको उत्पत्तिका सम्बन्धमा अनेकौँ किंवदन्ती रहेका छन् । नेपाल उपत्यकाको उत्पत्तिका विषयमा विभिन्न भौगोलिक, पौराणिक र ऐतिहासिक मान्यता रहेका छन् । बौद्ध धर्मका धर्म ग्रन्थमा लेखिएअनुसार प्राचीन कालमा काठमाडौँ उपत्यकामा ठुलो ताल थियो । उक्त समयमा चीनबाट मञ्जुश्री नामका भिक्षु नेपाल आएका थिए । उनै मञ्जुश्रीले उपत्यकामा रहेको पानी चोभारको गल्छीमा खड्गले काटेर बाहिर पठाए, त्यसपछि तालको पानी सुकेपछि यहाँ बिस्तारै बस्ती बस्दै गएको भनाइ रहेको छ ।

नेपालको नामकरण कसरी भयो भन्ने सम्बन्धमा फरक फरक तर्क रहेका छन् । नेपाल महात्म्यअनुसार नेपाल उपत्यकामा 'ने' नामका ऋषि बस्थे । उनले नै यस राज्यको उत्पत्ति गरी यहाँका जनताहरूको लालनपालन गरेका थिए । त्यसैले 'ने' मुनिद्वारा पालित भएकाले यस देशको नाम नेपाल रहन गएको मानिएको छ । यसैगरी भाषागत आधारलाई हेर्ने हो भने तिब्बती भाषामा 'ने' को अर्थ घर र 'पाल' को अर्थ उन हुन्छ । प्राचीन समयमा नेपाल उनको लागि प्रसिद्ध भएकाले यसको नाम नेपाल रहन गएको मानिएको छ । यसबाहेक नेपाल शब्दको नामाकरण सम्बन्धमा संस्कृत भाषा, तामाङ भाषा, नेवारी भाषा, किराँत भाषाका विभिन्न आधारसमेत पाइएका छन् । यस पाठमा काठमाडौँ उपत्यकाको निर्माण र नेपाल शब्दको उत्पत्तिको किंवदन्तीसम्बन्धी विषयवस्तु समावेश गरिएको छ ।

यस पाठको सिकाइ सहजीकरण पश्चात् बालबालिकाले नेपाल उपत्यकाको उत्पत्ति र नेपालको नामकरणका सम्बन्धमा जानकारी हासिल गर्ने र नेपाल शब्दको उत्पत्तिका सम्बन्धमा विभिन्न आधार खोजी गर्ने कार्यमा सक्षम हुने अपेक्षा गरिएको छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| • नेपाल शब्दको उत्पत्तिसम्बन्धी विभिन्न किंवदन्ती बताउन | • नेपाल/काठमाडौँ उपत्यका उत्पत्तिको ऐतिहासिक पृष्ठभूमि बताउन<br>• नेपालको नामकरणका सम्बन्धमा ऐतिहासिक र पौराणिक आधार उल्लेख गर्न<br>• नेपाल शब्दको उत्पत्ति/नेपालको नामकरणका सम्बन्धमा भाषागत आधारको सूची बनाउन |

## (ग) शैक्षणिक सामग्री

- नेपालको नक्सा
- नेपाल उपत्यकाको उत्पत्तिसम्बन्धी कथा
- नेपालको इतिहास पुस्तक
- नेपाल शब्दको उत्पत्तिको ऐतिहासिक, पौराणिक र भाषागत आधारको चार्ट/पावरप्वाइन्ट स्लाइड

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

शिक्षकले नेपालको नक्सा प्रदर्शन गरी विद्यार्थीलाई काठमाडौँ उपत्यका कहाँ पर्छ, भनी खोजी गर्न लगाउनुहोस् । पहिला काठमाडौँ उपत्यकालाई नै नेपाल भन्ने गरेको कुरा बताइदिनुहोस् । नेपाल उपत्यकाको उत्पत्ति र नेपाल शब्दको उत्पत्ति कसरी भएको होला, भनी अनुमान गर्न लगाउनुहोस् । उनीहरूका भनाइ सुन्नुहोस् र शिक्षकले यस सम्बन्धमा जानकारी दिन विभिन्न किंवदन्ती छन् भनी विषयवस्तु सुरु गर्नुहोस् ।

### (आ) मुख्य क्रियाकलाप

#### क्रियाकलाप न. १ **कथाकथन**

काठमाडौँ उपत्याकाको ताल र मन्जुश्रीले चोभारमा ताल काटेको चित्र प्रदर्शन गरी बौद्ध धर्ममा उल्लेख भएअनुसारको किंवदन्ती प्रस्तुत गर्नुहोस् । कथा समाप्त भएपछि त्यस कथामा भएका मुख्य घटना व्यक्तिगत रूपमा विद्यार्थीलाई पनि भन्न लगाउनुहोस् । विद्यार्थीले नजानेको ठाउँमा शिक्षकले सहजीकरण गरिदिनुहोस् । यस कथालाई मञ्जुश्रीको भूमिका अभिनय गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

प्राचीन समयमा काठमाडौँ उपत्यकामा पानीको ठुलो ताल थियो । उक्त समयमा चीनबाट मञ्जुश्री नामका भिक्षु नेपाल आएका थिए । उनै मञ्जुश्रीले उपत्यकामा रहेको पानी चोभारको गल्छीमा खड्गले काटेर बाहिर पठाए । केही समयपछि तालको पानी सुक्यो । पानी सुकेपछि यहाँ बिस्तारै बस्ती बस्दै गयो ।

#### क्रियाकलाप न. २ **समूह छलफल**

विद्यार्थीलाई पाठ्यपुस्तक वा अन्य सन्दर्भ सामग्री अध्ययन गर्न लगाई त्यहाँ उल्लिखित नेपाल शब्दको उत्पत्तिसम्बन्धी विभिन्न आधार अध्ययन गर्न लगाउनुहोस् । अब विद्यार्थीलाई तीनओटा समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई टोली नेता चयन गर्न लगाउनुहोस् ।

पहिलो समूहलाई नेपाल शब्दको उत्पत्तिको भाषागत आधार, दोस्रो समूहलाई ऐतिहासिक आधार

र तेस्रो समूहलाई पौराणिक आधार छलफल गरी टिपोट गर्न लगाउनुहोस् । शिक्षकले समूहमा सबैको सक्रियता भए नभएको अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

प्रत्येक समूहले तयार गरेको निष्कर्षलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् । त्यसपछि शिक्षकले तयार गरेको नेपाल शब्दको उत्पत्तिको ऐतिहासिक, पौराणिक र भाषागत आधारको चार्ट/पावरप्वाइन्ट स्लाइड प्रदर्शन गरी प्रस्ट पार्नुहोस् ।

### क्रियाकलाप न. ३ **स्रोत व्यक्ति आमन्त्रण र छलफल**

कक्षामा नेपालको इतिहाससँग जानकार व्यक्ति वा शिक्षकलाई स्रोतव्यक्तिका रूपमा बोलाउनुहोस् । नेपाल शब्दको उत्पत्ति कसरी भयो ? भन्ने सम्बन्धमा उहाँलाई कक्षामा विभिन्न तथ्य तथा जानकारी प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थीलाई स्रोतव्यक्तिसँग नेपाल शब्दको उत्पत्तिसँग सम्बन्धित विभिन्न जिज्ञासा राख्न लगाउनुहोस् । स्रोतव्यक्तिबाट प्राप्त नेपाल शब्दको उत्पत्तिसँग सम्बन्धित विभिन्न जानकारी टिपोट गर्न लगाउनुहोस् । २/३ जनालाई टिपोट गरेका विषयवस्तु भन्न पनि लगाउनुहोस् ।

### क्रियाकलाप न. ४ **हाजिरीजवाफ**

विद्यार्थीलाई प्रत्येक समूहमा चार चार जना हुने गरी समूहमा विभाजन गर्नुहोस् र समूह नेता चयन गर्न लगाउनुहोस् । नेपाल शब्दको उत्पत्तिका सम्बन्धमा पाठ्यपुस्तकमा भएका विभिन्न किंवदन्ती र आधारहरू समेटेर तल नमुनामा दिएका जस्तै हाजिरीजवाफका लागि प्रश्न निर्माण गर्नुहोस् । हाजिरीजवाफको नियमअनुसार कार्यक्रम सञ्चालन गर्नुहोस् । कार्यक्रममा विजेतालाई सामान्य पुरस्कारको व्यवस्था गर्नुहोस् । विजेतालाई बधाई तथा सहभागीलाई धन्यवाद दिएर कार्यक्रम सम्पन्न गर्नुहोस् ।

**हाजिरीजवाफका लागि नमुना प्रश्न**

१. उपत्यकाको पानी कसले बाहिर पठाएको थियो ?

२. लिम्बु भाषामा नेपालको अर्थ के हुन्छ ?

### क्रियाकलाप न. ५ **अभिभावक वा जानकार व्यक्तिसँग सोधपुछ**

पेज ९० को स्वप्रतिविम्बन खण्डको १ मा रहेको तालिका अध्ययन गर्न लगाउनुहोस् । त्यसपछि कक्षाका विद्यार्थीलाई आफू बसोबास गरिरहेको स्थानको नामकरण कसरी भयो भन्ने सम्बन्धमा आफ्ना अभिभावक वा जानकार व्यक्तिसँग सोधपुछ गरी टिपोट गरी ल्याउन लगाउनुहोस् र शिक्षकले पनि आफू जन्मेको वा हाल बसोबास गरेको ठाउँको नामकरण कसरी भएको हो भन्ने सम्बन्धमा बताइदिनुहोस् । यसरी नै विद्यार्थीलाई विभिन्न स्थानको नामकरण कसरी भएको हो, भन्ने सम्बन्धमा सोधखोज गर्न प्रेरित गर्नुहोस् ।

## (ङ) मूल्याङ्कन ⁄ प्रतिबिम्बन

विद्यार्थीले कक्षागत सहभागिता, प्रस्तुतीकरण तथा छलफल देखाएको सक्रियताका आधारमा निम्नानुसारको मूल्याङ्कन गर्नुहोस् र अभिलेख राख्नुहोस् :

| क्र.स. | विद्यार्थीको नाम, थर | समूहकार्यमा सहभागिता | प्रस्तुतीकरण | कक्षा कार्यकलापमा देखाएको सक्रियता |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

अङ्क विभाजनका आधारहरू (धेरै राम्रो: ३ अङ्क, राम्रो: २ अङ्क, सुधार गर्नुपर्ने: १ अङ्क) पाठमा दिइएको क्रियाकलाप र अभ्यास गर्न लगाई त्यसैका आधारमा विद्यार्थीको मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्नुहोस्, थप सिकाइ अवसर प्रदान गर्नुहोस् र आवश्यकताअनुसार सुधारात्मक सिकाइ  योजना तयार पारी सिकाइ सहजीकरणको कार्यसमेत गर्नुहोस् ।

पाठ २

# हाम्रा ऐतिहासिक वस्तु

**अनुमानित कार्यघण्टा : ५**

## (क) पाठ परिचय

इतिहास बोध गराउने धेरै पुराना कुनै पनि वस्तु वा सामग्रीलाई ऐतिहासिक वस्तु भनिन्छ । प्राचीन स्मारक संरक्षण ऐन, २०१३ ले पुरातात्त्विक वस्तु भन्नाले प्राग ऐतिहासिक कालमा मानिसले निर्माण गरी उपभोग गरेको वस्तु वा कुनै पनि देशको इतिहास बोध गराउने हस्तलिखित वंशावली, हस्तलिखित ग्रन्थ, स्वर्णपत्र, शिलापत्र, ताम्रपत्र, काष्ठपत्र, भोजपत्र, ताडपत्र, कागजपत्र, मुद्रा वा ऐतिहासिक घटना घटेको वा ऐतिहासिक विशिष्ट व्यक्ति बसेको घर र त्यस्तो व्यक्तिले प्रयोग गरेको वस्तु, ढुङगा, माटो, काठ, हाड, काँच, कपडा, कागज, धातु आदि वा बेलबुट्टा भरी वा नभरी बनाएको मूर्ति, देवदेवीको  मन्दिर, चैत्य, शालिक, पौभाचित्र, राजप्रसादमा उपयोग भए गरिएका वस्तु सम्झनुपर्छ भनी व्याख्या गरिएको छ ।

हाम्रो स्थानीय क्षेत्रमा पनि यस्ता धेरै प्रकारका ऐतिहासिक तथा पुरातात्त्विक वस्तु रहेका छन् । ऐतिहासिक दरबार, मठमन्दिर, पाटीपौवा, धारा, पोखरी, चौतारा, बाटोघाटो, किल्ला गढी, अभिलेख, मूर्ति, सालिक तपाईं हाम्रो टोल छिमेक र समुदायमा हामी देख्न सक्छौँ । समाजका सबै व्यक्ति, विभिन्न सामाजिक सङ्घसंस्था र स्थानीय सरकारको विशेष पहलमार्फत आफ्नो स्थानीय तहमा रहेका यस्ता वस्तुको संरक्षण गर्न सकिन्छ । यस पाठमा आफ्नो समुदायमा भएका ऐतिहासिक वस्तुको पहिचान र त्यसको संरक्षण तथा खोजी गर्न सिकाउने विषयवस्तु समावेश गरिएका छन् ।

यस पाठको सिकाइ सहजीकरणपश्चात् बालबालिकाले आफ्नो समदायमा रहेका विभिन्न ऐतिहासिक वस्तुको पहिचान, खोजी, प्रचार प्रसार र संरक्षण गर्ने कार्यमा भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| आफ्नो समुदायमा भएका ऐतिहासिक वस्तुको खोजी तथा संरक्षण कार्यमा सहभागी हुन | • आफ्नो समुदायमा रहेका विभिन्न ऐतिहासिक वस्तुको पहिचान गरी सूची तयार गर्न<br>• आफ्नो समुदायमा रहेका ऐतिहासिक वस्तुको संरक्षणका उपाय उल्लेख गर्न<br>• आफ्नो समुदायमा रहेका ऐतिहासिक वस्तुको खोजी र संरक्षणमा सहभागी हुन |

## (ग) शैक्षणिक सामग्री

- विभिन्न ऐतिहासिक वस्तुको नमुना, चित्र, भिडियो क्लिप्स
- ऐतिहासिक वस्तुको परिचय र उदाहरण लेखिएको चार्ट/पावरप्वाइन्ट स्लाइड
- ऐतिहासिक वस्तुको संरक्षणका उपायहरू लेखिएको चार्ट/पावरप्वाइन्ट स्लाइड
- मेटाकार्ड

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

विद्यार्थीलाई उनीहरूको घरमा र घर वरपर के कस्ता पुराना वस्तु छन्, भनी प्रश्न गर्नुहोस् । उनीहरूले त्यस्ता वस्तुको नाम बताउन नसकेमा त्यहाँ वरपर रहेका विभिन्न ऐतिहासिक वस्तु वा स्थलको नाम बताइदिनुहोस् । तिनै वस्तुलाई उदाहरण मानेर आजको पाठ पनि त्यस्तै ऐतिहासिक वस्तुसँग सम्बन्धित रहेको बताएर सिकाइ सहजीकरण प्रक्रिया सुरु गर्नुहोस् ।

### (आ) मुख्य क्रियाकलाप

#### क्रियाकलाप न. १ **प्रश्नोत्तर र छलफल**

विद्यार्थीलाई ऐतिहासिक वस्तु भनेको के हो, भनी प्रश्न गर्नुहोस् । उनीहरूका भनाइ सुन्नुहोस्, सिकाइ पाटीमा टिपोट गर्दै जानुहोस् । शिक्षकले तयार गरेको ऐतिहासिक वस्तुको परिचय लेखेको पावरप्वाइन्ट स्लाइड प्रदर्शन गरी छलफल गराउँदै विषयवस्तुलाई प्रस्ट पार्नुहोस् ।

#### क्रियाकलाप २ **प्रदर्शन र छलफल**

शिक्षकले पाठमा भएको सिन्धुली गढीको चित्र वा भिडियो क्लिप्स प्रदर्शन गर्नुहोस् । सिन्धुली गढीको विषयमा विभिन्न सन्दर्भ जोडेर विषयवस्तुलाई कथा वा सान्दर्भिक गीतमार्फत पनि प्रस्तुत गर्न सक्नुहुन्छ । त्यससँग सम्बन्धित रोचक जानकारी समेटी देशको रक्षाका लागि सिन्धुलीगढीको युद्धमा अङ्ग्रेजसँग हाम्रा पुर्खाले विरताका साथ लडेको इतिहास कथाका रूपमा प्रस्तुत गर्नुहोस् । हामी वीर पुर्खाका सन्तति भएकामा गर्वको अनुभूति गराई आफ्नो समुदायमा भएका यी यस्तै ऐतिहासिक वस्तुको संरक्षणमा प्रेरित गर्नुहोस् ।

#### क्रियाकलाप न. ३ **समूहकार्य**

विद्यार्थीलाई उनीहरूको बसोबास गरेको गाउँ/टोलअनुसार समूहमा बस्न लगाई उनीहरूको गाउँ/टोलमा भएका ऐतिहासिक वस्तुको नाम टिपोट गर्न लगाउनुहोस्, जस्तै : पाटीपौवा, चौतारो, फल्चा, पुराना मूर्ति आदि । प्रत्येक समूहलाई उनीहरूको टिपोट प्रस्तुतीकरण गर्न लगाउनुहोस् । त्यसपछि शिक्षकले तयार गरेको ऐतिहासिक वस्तुको नाम लेखिएको चार्ट/पावर प्वाइन्ट स्लाइड प्रदर्शन गरी विद्यार्थीको समुदायमा भएका र नभएका वस्तु पहिचान गर्न लगाउनुहोस् ।

### क्रियाकलाप न. ४ अभिभावक सोधपुछ र सूची निर्माण

विद्यार्थीलाई उनीहरूको घरमा भएका पहिलेका पुराना वस्तुके के छन्, अभिभावकसँग सोधपुछ गरी सूची बनाउन र केही पुराना वस्तुको चित्रसमेत बनाएर ल्याउन लगाउनुहोस् । उनीहरूले बनाएर ल्याएका पुराना वस्तुको सूची र चित्र प्रदर्शन गर्न लगाउनुहोस् । विद्यार्थीको कार्यको प्रशंसा गरी स्याबासी दिनुहोस् । उनीहरूको कार्यको अभिलेख राख्नुहोस् ।

### क्रियाकलाप न. ५ अवलोकन भ्रमण

विद्यार्थीलाई विद्यालयनजिकै रहेको कुनै गढी, दरबार, सङ्ग्रहालय, पाटीपौवा, मन्दिर, बिहार वा कुनै ऐतिहासिक स्थानको अवलोकन भ्रमणमा लैजानुहोस् । त्यहाँ रहेका ऐतिहासिक वस्तुको अवलोकन गर्न, शिलालेख वा सूचनापाटी वा उपलब्ध ब्रोसर आदिको अध्ययन गर्न लगाउनुहोस् । त्यहाँ उपलब्ध जानकार व्यक्तिसँग सोधपुछ गर्न लगाई ऐतिहासिक वस्तुसँग सम्बन्धित जानकारी टिपोट गर्न लगाउनुहोस् । टिपोट गरेको विवरण कक्षालाई सुनाउन लगाउनुहोस् ।

### क्रियाकलाप न. ६ समूहकार्य

विद्यार्थीलाई चारओटा समूहमा विभाजन गरी सम्बन्धित पाठ अध्ययन गर्न लगाउनुहोस् । सिन्धुली गढीमा जस्तै आफ्नो समुदायमा रहेका ऐतिहासिक सम्पदाहरूको संरक्षणका उपायहरू समूहमा छलफल गरी टिपोट गर्न लगाउनुहोस् । उक्त कार्यका लागि निश्चित समय दिई समूह कार्य समाप्त भएपछि प्रत्येक समूहलाई समूह कार्यको प्रस्तुतीकरण गर्न लगाउनुहोस् । समूह कार्य समाप्त भएपछि सबै समूहले तयार पारेका उपायहरू समेटेर साझा धारणा बनाउन लगाउनुहोस् । शिक्षकले तयार गरेको ऐतिहासिक वस्तुको संरक्षणका उपायहरू लेखिएको चार्ट/पावरप्वाइन्ट स्लाइड प्रदर्शन गरी छलफलका माध्यमबाट प्रस्ट पार्नुहोस् ।

### क्रियाकलाप न. ७ साँचो झुटो खेल

विद्यार्थीलाई पाठ्यपुस्तकको पेज न. ९० को स्वप्रतिविम्बन २ मा भएको तालिका अध्ययन गर्न लगाउनुहोस् । उक्त तालिकामा भएको विवरणलाई समेट्दै ठिक बेठिक छुट्याउने प्रश्न बनाउनुहोस् । त्यसपछि विद्यार्थीलाई खुला ठाउँमा लगी साँचोझुटो खेल खेलाउनुहोस् ।

#### खेलको प्रक्रिया

- विद्यार्थीलाई बाहिर लगेर बराबर सङ्ख्यामा हुने गरी दुईओटा लाइनमा उभ्याउनुहोस् ।
- दुबै लाइनमा बस्ने विद्यार्थीको क्रमसङ्ख्या निर्धारण गरिदिनुहोस् ।
- लाइनको केही दुरीमा दुईतिर एक एकओटा कुर्सी राखी एउटामा सत्य र एउटामा झुटो लेखिएको मेटाकार्ड टाँस्नुहोस् ।

- शिक्षकले आफूले तयार गरेको पहिलो प्रश्न पढ्नुहोस् । विद्यार्थीलाई निर्धारण गरिएको एउटा क्रमसङ्ख्या वाचन गर्नुहोस् । जुन समूहको विद्यार्थी सही उत्तर बुझेर उपयुक्त कुर्सीमा पहिले गएर बस्छ उक्त समूहलाई एक अङ्क दिनुहोस्, गलत कुर्सीमा गएर बसेमा एक अङ्क घटाउनुहोस् । ती दुई जना विद्यार्थीलाई पहिले आफू बसेकै स्थानमा बस्न लगाउनुहोस् ।
- फेरी अर्को प्रश्न पढ्नुहोस् । विद्यार्थीको अर्को क्रमसङ्ख्या तोक्नुहोस्, जुन समूहको विद्यार्थी गएर उपयुक्त कुर्सीमा बस्छ उक्त समूहलाई १ अङ्क दिनुहोस् ।
- समयको ख्याल गरी शिक्षकले तयार गरेको सबै प्रश्न समेट्ने गरी खेल खेलाउनुहोस् ।
- खेलको अन्त्यमा विजेता घोषणा गरी सामान्य पुरस्कार पनि दिनुहोस् । सहभागी सबैलाई धन्यवाद दिनुहोस् ।

**खेल खेलाउनका लागि केही नमुना प्रश्न**

१. माथि उठेको डाँडामा बस्ती बसेको ठाउँलाई डाँडागाउँ भनिन्छ । (ठिक)

२. चाँगुनारायण काठमाडौँ जिल्लामा पर्छ । (बेठिक)

३. रानी महल पाल्पा जिल्लामा पर्छ । (ठिक)

४. सिन्धुलीगढी रामेछाप जिल्लामा पर्छ । (बेठिक)

## (ङ) मूल्याङ्कन/प्रतिविम्बन :

विद्यार्थीको कक्षागत सहभागिता, अवलोकन भ्रमणमा देखाएको सक्रियताका आधारमा निम्नानुसारको मूल्याङ्कन गर्नहोस्र अभिलेख राख्नुहोस् ।

| क्र.स. | विद्यार्थीको नाम, थर | सहभागिता | कार्यकलापमा देखाएको सक्रियता/ नेतृत्व | समूह कार्यको प्रस्तुतीकरण शैली |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

अङ्क विभाजनका आधारहरू (धेरै राम्रोः ३ अङ्क, राम्रोः २ अङ्क , सुधार गर्नुपर्नेः १ अङ्क) पाठको क्रियाकलाप र अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विद्यार्थीको मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्नुहोस्, थप सिकाइ अवसर प्रदान गर्नुहोस् र आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पारी सिकाइ सहजीकरणको कार्यसमेत गर्नुहोस् ।

## थप नमुना प्रश्न र क्रियाकलाप

(क) तपाईंको समुदायमाक भएका कुनै पाँचओटा ऐतिहासिक वस्तुको सूची तयार गर्नुहोस् ।

(ख) ऐतिहासिक वस्तुको संरक्षणमा विद्यार्थी, समुदाय र सरकारको भूमिकाको सूची तयार पार्नुहोस् ।

## थप सन्दर्भ तथा स्रोतसामग्री

https://youtu.be/PU847cR8rOc¿si=dOYzIZsi0LIpaLV9 https://youtu.be/cv4xeVIyK4?si=Q3224m4dS71VsK4_

पाठ ३

# हाम्रो समुदायको विगत र वर्तमान

**अनुमानित कार्यघण्टा : ४**

## (क) पाठ परिचय

मानव समाज विकासको इतिहास धेरै लामो छ । ढुङ्गे युगबाट थालनी भएको मानव समाजको विकासक्रमले आधुनिक युगसम्म आइपुग्दा धेरै परिवर्तन भएका छन् । विगतको कष्टकर जीवन भोगाइ गरेको मानवले समयक्रममा गरेका विभिन्न आविष्कारका कारण अहिले हामीले धेरै प्रकारका सेवा सुविधाको उपभोग गर्न पाएका छौँ । शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार र विद्युत् जस्ता पूर्वाधारको विकासले जीवन सहज बनाएको छ । यस पाठमा विद्यार्थीलाई आफू बसेको समुदायको विगतको अवस्थाको जानकारी खोजी गर्नुका साथै वर्तमान समयमा भएको शिक्षा, स्वास्थ्य, यातायात, विद्युत् र सञ्चार जस्ता पूर्वाधारको विकासको अवस्थाको जानकारी दिने र विगतको अवस्थासँग वर्तमानको अवस्था तुलना गर्न सिकाउने विषयवस्तु समाविष्ट छन् ।

यस पाठको सिकाइ सहजीकरणपश्चात् बालबालिकाले आफ्नो समुदायको विगत र वर्तमानका घटनाका बारेमा जानकारी हुने, विगत र वर्तमानको पूर्वाधार विकासको अवस्थाको जानकारी र  समुदायको विकास कार्यमा भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| आफू रहेको समाजको विगत र वर्तमान बताउन | • आफू बसेको समुदायको विगतको पूर्वाधार विकासको अवस्था खोजी गर्न<br>• शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात जस्ता विकासका पूर्वाधारको वर्तमान अवस्था बताउन<br>• आफू बसेको समुदायको विगतको अवस्थालाई वर्तमानसँग तुलना गर्न |

## (ग) शैक्षणिक सामग्री

- नेपाली समाजको केही दशक अगि र वर्तमान अवस्था झल्काउने चित्र, भिडियो क्लिप्स
- समुदायको विगत र वर्तमान अवस्थाको तुलना गरिएको चार्ट/पावरप्वाइन्ट स्लाइड

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

विद्यार्थीलाई तपाईँहरूले ढिकी, जाँतो, कोल, टुकी, घोडा जस्ता कुन कुन वस्तु देख्नुभएको छ ? ती वस्तु के के काममा प्रयोग गरिन्थ्यो/गरिन्छ ? अहिले त्यस्ता वस्तुका सट्टामा कस्ता वस्तु प्रयोग गरिन्छ ? जस्ता प्रश्न सोध्दै विद्यार्थीको पूर्व ज्ञानको अवस्थाको जानकारी लिनुहोस् । सोका आधारमा केही उदाहरणसमेत प्रस्तुत गर्दै विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

### (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप नं. १ प्रदर्शन र अनुमान**

शिक्षकले देशका विभिन्न स्थानको विगतको अवस्था झल्काउने चित्र, भिडियो क्लिप्स प्रदर्शन गरी विद्यार्थीलाई प्रदर्शित स्थानको विगतको अवस्था पहिचान गराउनुहोस् । तपाईँहरू बसोबास गरेको स्थानको विगतको अवस्था कस्तो थियो होला, अनुमान गर्न लगाउनुहोस् । उनीहरूको अनुमानलाई पालैपालो भन्न लगाउनुहोस् ।

**क्रियाकलाप नं. २ भूमिका अभिनय**

विद्यार्थीलाई पाठमा दिइएको संवादमा त्यहाँ दिइएका पात्रको भूमिका अभिनय गर्न लगाई संवाद गर्न लगाउनुहोस् । पाठमा समेटिएका सामग्री, जस्तै : पाटीपौवा, डोली, कुवा, पँधेरा, टुकी, लालटिन, दियालो आदिको सम्बन्धमा उपलब्ध हुने सामग्री वा चित्रसमेत प्रदर्शन गरी शिक्षकले विगतको अवस्थालाई आफ्नो अनुभवसमेत जोड्दै रोचक प्रस्तुति र छलफल गराई प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप नं. ३ समूहकार्य**

देशका विभिन्न स्थानको वर्तमानको अवस्था झल्काउने चित्र वा भिडियो क्लिप्स प्रदर्शन गर्नुहोस् । त्यस चित्र वा भिडियोमा जस्तै विद्यार्थीको स्थानीय समुदाय वा क्षेत्रमा भएको शिक्षा, स्वास्थ्य, यातायात, सञ्चारको विकासको अवस्था समूहमा छलफल गरी चार्ट पेपरमा लेख्न लगाउनुहोस् । समूह कार्यका लागि उल्लिखित एक एकओटा पूर्वाधारको विकासको अवस्था प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण गर्नुहोस् ।

**क्रियाकलाप नं. ४ परियोजना कार्य**

विद्यार्थीलाई उनीहरूका अभिभावक वा स्थानीय समाजसेवीसँग सोधपुछ गरी स्थानीय समुदायमा विगत २० वर्ष अगाडिको र वर्तमान समयमा (शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, सञ्चार, विद्युत्) भएको परिवर्तन निम्नानुसारको ढाँचामा टिपोट गरी ल्याउनका लागि परियोजना कार्य दिनुहोस् र उक्त विवरण कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

| क्र.स. | विवरण | २० वर्षअगाडिको अवस्था | वर्तमान अवस्था |
|---|---|---|---|
| १ | घरको संरचना | ढुङ्गा माटाको कच्ची, खरको छानो भएको | सिमेन्टको पक्की |
| २ | सडकको अवस्था | गोरेटो र घोडेटो बाटो, साँघुरो बाटो | मोटर चल्ने पक्की चौडा सडक |
| ३ | शिक्षाको सुविधा | | |
| ४ | स्वास्थ्य सुविधा | | |
| ५ | विद्युत् | | |
| ६ | खानेपानी | | |
| ७ | सञ्चार | | |
| ८ | सरसफाइको अवस्था | | |

परियोजना कार्यको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् र विद्यार्थीको उक्त परियोजना कार्य आन्तरिक मूल्याङ्कनका लागि अभिलेख कायम गर्नुहोस् ।

### क्रियाकलाप नं. ५ तुलना र निष्कर्ष

विषयवस्तुसँग सम्बन्धित रहेर गरिएका क्रियाकलापलाई एकीकृत गर्दै शिक्षकले तयार गरी ल्याएको नेपाली समाजको विगत र वर्तमान अवस्थाको तुलना गरिएको चार्ट/पावरप्वाइन्ट स्लाइड प्रदर्शन गर्नुहोस् । उक्त चार्टमा लेखिएको विगत र वर्तमानको अवस्था र विद्यार्थीको स्थानीय समुदायको विगत र वर्तमान अवस्थाको तुलना गर्न लगाई छलफल गराउनुहोस् र निचोड प्रस्तुत गर्नुहोस् ।

### क्रियाकलाप नं. ६ चित्रकला प्रतियोगिता

समुदायको विगत वा वर्तमान अवस्था झल्कने चित्रकला प्रतियोगिता आयोजना गर्नुहोस् । सबै विद्यार्थीले बनाएका चित्र कक्षामा प्रदर्शन गर्न लगाउनुहोस् र उत्कृष्ट चित्रलाई विद्यालयको डिस्प्ले बोर्डमा राख्न लगाउनुहोस् ।

## (ङ) मूल्याङ्कन/प्रतिबिम्बन

क्रियाकलाप न. ४ लाई तलको जस्तै रुजुसूची बनाएर विद्यार्थीले परियोजना कार्य गरे नगरेको मूल्याङ्कन गर्नुहोस् ।

**विद्यार्थीको नाम :**

(विद्यार्थीको कार्यको अवलोकन गरेर र अभिभावकसँग सोधपुछ गरी उपयुक्त स्थानमा ठिक चिह्न लगाउनुहोस्)

| क्र.स. | कामको विवरण | छ | छैन |
|---|---|---|---|
| १ | परियोजना कार्य पूरा गरेको | | |
| २ | दिइएको सबै विवरण उपयुक्त तरिकाले भरेको | | |
| ३ | परियोजना कार्य गर्न अभिभावकको सहयोग लिएको | | |
| ४ | परियोजना कार्य तोकिएकै समयमा सम्पन्न गरेको | | |
| ५ | परियोजना कार्यको सम्पूर्ण विवरण मिलेको | | |

चित्रकला प्रतियोगीताको निम्नानुसार मूल्याङ्कन गरी अभिलेखीकरण गर्नुहोस् :

| क्र.स. | विद्यार्थीको नाम | आकर्षण | विषयवस्तुसँग तालमेल | प्रस्तुति | समन्वय र सहकार्य |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अङ्क विभाजनका आधार : (राम्रो : ३ अङ्क, मध्यमः २ अङ्क , सुधार गर्नुपर्नेः १ अङ्क) पाठको क्रियाकलाप र अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विद्यार्थीको मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्नुहोस्, थप सिकाइ अवसर प्रदान गर्नुहोस् र आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पारी सिकाइ सहजीकरणको कार्यसमेत गर्नुहोस् ।

## थप नमुना प्रश्न र क्रियाकलाप

(क) तपाईंको समुदायको विगत र वर्तमानको अवस्था उदाहरणमा दिइएको जस्तै गरी तालिकामा भर्नुहोस् :

| पहिला | अहिले |
|---|---|
| पाटीपौवा | होमस्टे |
| हलो | ट्याक्टर |
| | |
| | |
| | |

(ख) तपाईंको परिवारमा कुन कुन सञ्चारका सामग्री के के कामका लागि प्रयोग गरिएका छन्, सूची तयार गर्नुहोस् ।

## थप सन्दर्भ तथा स्रोतसामग्री

https://youtu.be/B4Gbv-EygCo?si=TgFknKHLUZmM0pBa
https://youtu.be/-20Gv8SsIYA?si=nrF4O32g7iod-oEw
https://youtu.be/gNr9pXqszHY?si=mrQBxC6gLBr8-eQN

पाठ ४

# सामाजिक संरचना र रहनसहन

**अनुमानित कार्यघण्टा : ५**

## (क) पाठ परिचय

मानव समाज विकासको इतिहास धेरै लामो छ। समाज विकासको क्रमसँगै परिवार, रहनसहन, धर्म, संस्कार र संस्कृतिको विकास हुँदै आएको हो । विगतमा मानिस संयुक्त परिवारमा बस्ने गर्थे । एकआपसमा मिलेर बस्थे । आपसी मेलमिलाप र सहकार्य राम्रो रहेको थियो । पितृसत्तात्मक व्यवस्थाको प्रचलन रहेको र महिला घरायसी काममा सीमित थिए। समाज कला र संस्कृतिमा निपूर्ण थियो। गुरुकुल शिक्षा प्रणालीको प्रचलन थियो तर वर्तमान समाज बिस्तारै परिवर्तन हुँदै गएको छ। घरको काममा सिमित हुने महिला पुरुषसरह बाहिरका काममा सक्रिय हुन थालेका छन् । कृषि पेसामा मात्रै संलग्न हुने अवस्थाबाट पेसा व्यवसायमा विविधता देखिएको छ । शिक्षा र चेतनामा भएको विकासले अन्धविश्वास बिस्तारै घट्दै गएका छन् । यसरी हाम्रा विगतका सामाजिक संरचना र रहनसहनमा समयअनुसार परिमार्जन भइरहेको छ। पहिलादेखि प्रचलनमा रहेका राम्रा संस्कार र अभ्यासको हामी सबैले पालना र संरक्षण गर्नुपर्छ भने नराम्रा संस्कार र अभ्यासलाई हटाउँदै जानुपर्छ । यस पाठमा आफू बसेको समुदायको विगतका चालचलन, रहनसहन, पारिवारिक संरचना, पेसा व्यवसाय, कृषि, न्यायका साथै सामाजिक संरचना र गतिविधिको जानकारी गराउने र आफू बसेको समुदायको विगतको वर्तमानसँग तुलना गर्न सिकाउने विषयवस्तु समाविष्ट छन् ।

यस पाठको सिकाइ सहजीकरणपश्चात् बालबालिकाले आफ्नो समुदायको विगत र वर्तमानको सामाजिक संरचना र रहनसहनका बारेमा जानकारी हासिल गर्ने, विगतदेखि प्रचलनमा रहेका राम्रा संस्कार र अभ्यासको पालना र संरक्षण तथा नराम्रा संस्कार र अभ्यासलाई हटाउँदै जाने कार्यमा भूमिका खेल्ने अपेक्षा गरिएको छ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लेखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| • आफू रहेको समाजको विगत र वर्तमानको सामाजिक संरचना र गतिविधि बताउन | • आफू बसेको समुदायको विगतको सामाजिक संरचना र रहनसहन बताउन<br>• आफू बसेको समुदायको वर्तमानको सामाजिक संरचना र रहनसहन बताउन – आफू बसेको समुदायको विगतको सामाजिक संरचना र गतिविधि वर्तमानसँग तुलना गर्न – विगतदेखि प्रचलनमा रहेका राम्रा संस्कार र अभ्यासको पालना र संरक्षण गर्न |

## (ग) शैक्षणिक सामग्री

- समुदायको विगत र वर्तमान अवस्थाको सामाजिक संरचना र गतिविधि झल्काउने चित्र, भिडियो क्लिप्स
- समुदायको विगत र वर्तमान अवस्थाको सामाजिक संरचना र गतिविधिको तुलना गरिएको चार्ट/पावरप्वाइन्ट स्लाइड
- हाम्रो समाजमा विगतदेखि वर्तमानसम्म प्रचलनमा रहेका सामाजिक रहनसहन र सामाजिक सांस्कृतिक गतिविधिको सूची/पावरप्वाइन्ट स्लाइड

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

विद्यार्थीलाई उनीहरूको परिवारको सदस्य सङ्ख्या कति छन् ? परिवारमा को को हुनुहुन्छ ? परिवारका सदस्यले के के काम गर्नुहुन्छ ? जस्ता प्रश्न सोधी उनीहरूको पारिवारिक संरचना र कार्य जिम्मेवारीको जानकारी लिनुहोस् । विद्यार्थीबाट आएको जानकारीलाई समेट्दै विगतको संयुक्त परिवार र वर्तमानको एकल परिवारको पारिवारिक संरचना र कार्य जिम्मेवारीमा आएको परिवर्तनलाई सान्दर्भिक उदाहरणसहित बताइदिनुहोस् ।

### (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ : अग्रजका अनुभव र छलफल**

समुदायका जेष्ठ नागरिक हाम्रा अग्रज हजुरबुबा र हजुरआमालाई कक्षामा बोलाएर पहिलेका सामाजिक संरचना, रहनसहन र सांस्कृतिक गतिविधि कस्ता थिए ? अहिले त्यसमा के कस्ता परिवर्तन भएका छन्, भन्ने विषयमा उहाँका अनुभव सुनाउन लगाउनुहोस् । उहाँहरूसँग विभिन्न जिज्ञासा राखी छलफल गर्न लगाउनुहोस् । शिक्षकले यस कार्यमा आवश्यक सहजीकरण गर्नुहोस्र उहाँहरूसँगको छलफलको निष्कर्ष दिँदै शिक्षकले समेत विगतको सामाजिक संरचना, रहनसहन तथा सांस्कृतिक गतिविधिका सम्बन्धमा आफ्नो अनुभव सुनाउनुहोस् ।

**क्रियाकलाप २ : प्रदर्शन र छलफल**

शिक्षकले नेपाली समाजको वर्तमान अवस्थाको सामाजिक संरचना, रहनसहन र सांस्कृतिक गतिविधि झल्काउने चित्र, भिडियो क्लिप्स प्रदर्शन गर्नुहोस् । त्यस भिडियो हेरी विद्यार्थीलाई आफ्नो समुदायको वर्तमान अवस्थासँग मेल खाएका कुरा टिपोट गर्न लगाई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् । त्यसपछि शिक्षकले निष्कर्ष बताइदिनुहोस् ।

**क्रियाकलाप ३ : एक रहने अरू छरिने**

विद्यार्थीलाई तीनओटा समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई टोली नेता चयन गर्न

लगाउनुहोस् । समूह नेतालाई कक्षामा भएका अपाङ्गता भएकालगायत सबै प्रकारका विविधता भएका विद्यार्थीलाई समूह कार्यमा संलग्न गराउन निर्देशन दिनुहोस् । अगाडिका क्रियाकलापबाट सिकेका कुरा र पाठको अध्ययनबाट समेतका आधारमा एउटा समूहलाई आफ्नो समुदायको विगतको सामाजिक संरचना, दोस्रो समूहलाई विगतको रहनसहन र तेस्रो समूहलाई विगतको सामाजिक तथा सांस्कृतिक अवस्था समूहमा छलफल गरी निश्चित समयभित्र टिपोट गर्न लगाउनुहोस् । शिक्षकले समूहमा सबैको सक्रियता भए नभएको अवलोकन गरी समूहको कार्यमा समेत आवश्यक सहजीकरण गर्नुहोस् । कक्षाकोठालाई सबै विद्यार्थी घुमेर हिँड्न मिल्ने गरी खुला बनाउनुहोस् । टोली नेतालाई आफ्नै ठाउँमा बसी समूहका अन्य  सदस्यलाई अर्को समूहमा क्रमशः समूहको कार्यको जानकारी लिनका लागि भन्नुहोस् । समूह नेतालाई उक्त समयमा अन्य समूहका सदस्यलाई आफ्नो समूहको कार्य जानकारी गराउन र अन्य समूहका सदस्यलाई नबुझेका कुरामा प्रश्न सोध्न लगाउनुहोस् ।

तीनओटै समूहले अन्य समूहको कार्य अवलोकन गरिसकेपछि आआफ्नो समूहमा बस्नका लागि भन्नुहोस् । अन्य समूहबाट सिकेका कुरालाई आफ्नो टोली नेतालाई सिकाउने र अन्य समूहको सुझावलाई समेत समेटेर समूह कार्यलाई अन्तिमीकरण गर्न लगाउनुहोस् र उक्त क्रियाकलापको सम्बन्धमा समूह नेतालाई आफ्नो अनुभवसहित आफ्नो समूहको निष्कर्ष बताउन लगाउनुहोस् ।

### क्रियाकलाप ४ : **तातो आलु खेल**

विद्यार्थीलाई तातो आलु खेल खेलाउन विद्यालयको प्राङ्गण वा खुला स्थानमा लैजानुहोस् । विद्यार्थीलाई गोलो घेरामा उभिन लगाउनुहोस् र एक जना विद्यार्थीलाई एउटा भकुन्डो वा कागजको डल्लो बनाएर दिनुहोस् । शिक्षकले आँखा बन्द गरेर मादल वा गीतको धुन बजाइदिनुहोस् । धुन नबजुन्जेल बल पास  गरिरहन भन्नुहोस् । जसको हातमा बल पुग्दा धुन बज्न छोड्छ, उसलाई आफ्नो समुदायको विगतको एउटा सामाजिक संरचना वा रहनसन वा हाल त्यसमा भएको परिवर्तनको कुनै एक बुँदा भन्न लगाउनुहोस् । क्रमशः केही समय यो कार्य दोहोऱ्याउनुहोस् । सकभर सबै विद्यार्थीको पालो पुग्ने गरी तातो आलु खेल खेलाउनुहोस् ।

### क्रियाकलाप ५ : **अभिभावक वा जेष्ठ नागरिकसँग सोधपुछ**

विद्यार्थीलाई उनीहरूका अभिभावक र समुदायका जेष्ठ नागरिकलाई सोधपुछ गरी हाम्रो समाजमा विगतदेखि वर्तमानसम्म प्रचलनमा रहेका राम्रा सामाजिक रहनसहन र सामाजिक सांस्कृतिक गतिविधि तलको तालिकामा भर्न लगाउनुहोस् ।

| क्र.स. | विवरण | १५ वर्षअगाडिको अवस्था | वर्तमान अवस्था |
|---|---|---|---|
| १ | लवाइखवाइ | | |
| २ | चाडपर्व मान्ने तरिका | | |
| ३ | पारिवारिक अवस्था (संयुक्त वा एकल) | | |
| ४ | पेसा व्यवसाय | | |
| ५ | मेलमिलाप र सहयोग | | |
| ६ | खानपानमा स्थानीय उत्पादनको प्रयोग | | |
| ७ | सामाजिक नियम (ऐँचोपैँचो, पर्म) | | |

परियोजना कार्यको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् र विद्यार्थीको उक्त परियोजना कार्य आन्तरिक मूल्याङ्कनका लागि अभिलेख कायम गर्नुहोस् ।

## (ङ) मूल्याङ्कन/प्रतिबिम्बन

तलको जस्तै रुजुसूची बनाएर क्रियाकलाप ५ को मूल्याङ्कन गर्नुहोस् :

| क्र.स. | कामको विवरण | छ | छैन |
|---|---|---|---|
| १ | कार्य पूरा गरेको | | |
| २ | दिइएको सबै विवरण उपयुक्त तरिकाले भरेको | | |
| ३ | अभिभावकको सहयोग लिएको | | |
| ४ | कार्य तोकिएकै समयमा सम्पन्न गरेको | | |
| ५ | सम्पूर्ण विवरण मिलेको | | |

पाठको क्रियाकलाप र अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विद्यार्थीको मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्नुहोस्, थप सिकाइ अवसर प्रदान गर्नुहोस् र आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पारी सिकाइ सहजीकरणको कार्यसमेत गर्नुहोस् ।

## थप नमुना प्रश्न र क्रियाकलाप

(क) तपाईंको समुदायमा विगतमा प्रचलनमा रहेका दुईओटा राम्रा र दुईओटा नराम्रा चालचलनको सूची बनाउनुहोस् ।

(ख) बाजेबज्यै/हजुरबुबा हजुरआमाबाट तपाईंले प्राप्त गर्नुभएको जानकारीहरू उल्लेख गर्नुहोस् ।

(ग) खानपानमा स्थानीय उत्पादनको प्रयोग गर्नु पर्छ, किन, आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

## थप सन्दर्भ तथा स्रोतसामग्री

https://youtu.be/wnnk8NiZrhE?si=X3FLZSd9RMzrtj4Q https://youtu.be/u5VbWFOeUCs?si=aI5q5VFLoJRojGv_

एकाइ ६

# हाम्रा आर्थिक क्रियाकलाप

**अनुमानित कार्यघण्टा :२६**

## १. एकाइ परिचय

यस एकाइमा कक्षा पाँचमा अध्ययनरत बालबालिकालाई आफ्नो समुदायमा हुने आर्थिक क्रियाकलापसँग परिचित गराउने, तिनको महत्त्वबोध गर्दै श्रमको सम्मान र सहयोग गर्न सिकाउने विषयवस्तु समाविष्ट छन् । यसका साथै बालबालिकालाई नेपालको हिमाली, पहाडी र तराई क्षेत्रमा हुने मुख्य आर्थिक क्रियाकलापको जानकारी र दैनिक जीवनमा स्वदेशमा उत्पादित तथा निर्मित वस्तु उपभोग गर्न प्रोत्साहन गरिने विषयवस्तु पनि समावेश गरिएका छन् । यी विषयवस्तु शिक्षणसिकाइका लागि उपयुक्त शिक्षण विधिको छनोट, तिनको प्रयोग र सिकाइ अवस्थाको मूल्याङ्कन तथा आवश्यकताअनुसार थप सहयोगसमेत गर्नुपर्ने हुन्छ । शिक्षण क्रियाकलाप सञ्चालन गर्दा बालबालिकामा विभिन्न किसिमका जीवनोपयोगी तथा व्यवहारकुशल सिप विकास गराउन सहयोग पुऱ्याउनेतर्फ पनि ध्यान दिनुपर्छ । यस कुरालाई मध्यनजर गर्दै यस एकाइमा समाविष्ट विषयवस्तु तथा पाठहरू शिक्षण सहजीकरणका लागि खेल, हाजिरीजवाफ, अवलोकन भ्रमण, प्रदर्शन अभिनय आदि विधि र सोहीअनुसारका नमुना क्रियाकलाप विकास गरिएका छन् । शिक्षकले कक्षाको आकार, भौतिक सुविधाको उपलब्धता, भौगोलिकता  लगायतका अवस्थाअनुसार अन्य सिर्जनात्मक सिकाइ क्रियाकलाप पनि सञ्चालन गर्न सक्नुहुने छ ।

## २. एकाइगत सिकाइ उपलब्धि

- आफ्नो समुदाय र क्षेत्रका मानिसले गर्ने श्रम/कामको सम्मान र सहयोग गर्न
- आफ्नो स्थानीय तहभित्रका आर्थिक क्रियाकलापको पहिचान गर्न र महत्त्व बताउन
- स्थानीय समुदायमा उत्पादन हुने वस्तुको सूची तयार गर्न र बिक्री गर्ने बजारको नाम उल्लेख गर्न
- हाम्रो देशका प्रमुख आर्थिक क्रियाकलाप उल्लेख गर्न
- स्वदेशमा उत्पादित तथा निर्मित वस्तुको उपयोगप्रति सचेत रहन

## ३. विषयवस्तु, सामग्री र समय विभाजनसम्बन्धी विवरण

| पाठ | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| १ | काम /श्रमको सम्मान र सहयोग | आफ्नो समुदाय र क्षेत्रका मानिसले गर्ने श्रम/कामको सम्मान र सहयोग गर्न | स्थानीय पेसासँग सम्बन्धित चित्र र भिडियो :<br>भारी बोकेको, खेतबारीमा काम गरेको, आरनमा काम गरिरहेको, कार्यालयमा काम गरेको, डाक्टरले बिरामी जाँचेको चित्र | ५ |
| २. | स्थानीय आर्थिक क्रियाकलाप | आफ्नो स्थानीय तहभित्रका आर्थिक क्रियाकलापको पहिचान गर्न र महत्त्व बताउन | न्युजप्रिन्ट पेपर<br>मेटाकार्ड<br>आर्थिक क्रियाकलापको महत्त्व लेखिएको चार्ट/तालिका<br>स्थानीय आर्थिक क्रियाकलाप झल्कने चित्र र भिडियो | ५ |
| ३ | स्थानीय वस्तु | स्थानीय समुदायमा उत्पादन हुने वस्तुको सूची तयार गर्न र बिक्री गर्ने बजारको नाम उल्लेख गर्न | घन्टी, टेबुल घडी, हाटबजारको चित्र वा भिडियो<br>स्थानीय उत्पादन हुने वास्तविक सामान वा चित्र | ५ |
| ४ | स्वदेशी सामग्रीको उपयोग | स्वदेशमा उत्पादित तथा निर्मित वस्तुको उपयोगप्रति सचेत रहन | बल, सिट्ठी वा मादल<br>स्वदेशी उत्पादनका वस्तुको चित्र, भिडियो आदि | ५ |
| ५ | देशका प्रमुख आर्थिक क्रियाकलाप | हाम्रो देशका प्रमुख आर्थिक क्रियाकलाप उल्लेख गर्न | नेपालका प्रमुख आर्थिक क्रियाकलापसँग सम्बन्धित चित्र वा भिडियो<br>गीत<br>कागजका टुक्रा<br>मेटाकार्ड | ६ |

**एकाइभित्रका पाठ शिक्षण गर्दा ध्यान दिनुपर्ने पक्ष :** यस्ता क्रियाकलाप गर्दा लैङ्गिकता, अपाङ्गता, धार्मिक सहिष्णुता, समावेशीकरण तथा सामाजिक एकताको मर्म विपरीत हुन नहुने तथ्यमा ध्यान पुऱ्याउनुपर्ने छ ।

पाठ १

# श्रमको सम्मान र सहयोग

**अनुमानित कार्यघण्टा : ५**

## (क) पाठ परिचय

यस पाठका माध्यमबाट बालबालिकालाई आफ्नो समुदाय र क्षेत्रका मानिसले अपनाएका विभिन्न पेसा, जस्तै : खेतीपाती गर्ने, मजदुरी गर्ने, डोकोडालो बुन्ने, राडीपाखी बुन्ने, जडीबुटी जम्मा गर्ने, लुगा सिलाउने, फलामको काम गर्ने, घर बनाउने, व्यापार गर्ने, नोकरी गर्ने, सेवा प्रदान गर्नेलगायत काम तथा श्रमका बारेमा जानकारी प्राप्त हुने छ। यसबाट बालबालिकामा श्रम/कामको सम्मान गर्ने तथा ती काममा आफूले सक्ने सहयोग गर्ने बानीको विकास हुनुका साथै समुदायमा हुने आर्थिक क्रियाकलापसँग परिचत हुन र तिनको महत्वबोध गर्न पनि सक्षम हुने छन्। बालबालिकामा सहयोग, तुलना, समन्वय तथा प्रश्न गर्ने जस्ता व्यवहारकुशल सिप हासिल गर्न सहयोग पुग्ने देखिन्छ। यहाँ प्रस्तुत गरिएका शिक्षण विधी तथा क्रियाकलापका साथै शिक्षकले अन्य सिर्जनशील तथा व्यावहारिक क्रियाकलाप सञ्चालन गरी सिकाइ सहजीकरण गर्न पनि सक्नुहुने छ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्क्रमका उल्लेखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| आफ्नो समुदाय र क्षेत्रका मानिसले गर्ने श्रम/कामको सम्मान र सहयोग गर्न | • आफ्नो समुदायका साथै सम्बन्धित क्षेत्रका मानिसले अपनाएका विभिन्न पेसाको पहिचान गर्न<br>• मानिसले अपनाएका विभिन्न पेसाको महत्त्व बताउन<br>• समुदायमा गरिने विभिन्न काममा सहयोग गर्न र काम वा पेसाको सम्मान गर्न |

## (ग) शैक्षणिक सामग्री

- स्थानीय पेसासँग सम्बन्धित चित्रहरू र भिडियो
- भारी बोकेको, आरनमा फलामको भाँडा बनाएको, खेतबारीमा काम गरेको, अफिसमा कम्प्युटरमा काम गरेको, डाक्टरले बिरामी जाँच्दै गरेको चित्र, भिडियो

## (ग) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

पाठ सुरु गर्नुपूर्व कक्षामा श्रमसँग सम्बन्धित केही चित्र प्रदर्शन गर्नुहोस्, जस्तै : भारी बोकेको, आरनमा फलामको भाँडा बनाएको, खेतबारीमा काम गरेको, अफिसमा कम्प्युटरमा काम गरेको, डाक्टरले बिरामी जाँच्दै गरेको आदि । प्रत्येक चित्र देखाँउँदै निम्न लिखित प्रश्न सोध्नुहोस् । (यदि सम्बन्धित भिडियो पनि उपलब्ध भएमा त्यसको प्रदर्शन गर्दै छलफल पनि गर्न सक्नुहुने छ ।)

- यो चित्रमा के गरेको देख्नुभयो ?
- यस्तो काम किन गरिएको होला ?
- यी सबै खालका श्रमको सम्मान किन गर्नुपर्छ ?

यी प्रश्नका सम्बन्धमा विद्यार्थीबाट आएका जवाफ समेट्दै कुनै पनि काम सम्पन्न गर्न मिहिनेत गर्नुपर्छ । कुनै काम गर्नका लागि गरिने शारीरिक वा मानसिक परिश्रम वा मिहिनेतलाई श्रम भनिन्छ भनी प्रस्ट पार्नुहोस् । यस क्रियाकलापमा शिक्षकले आफ्नो शिक्षण कार्यलाई पनि श्रमको उदाहरणका रूपमा उपयोग गर्न सक्नुहुने छ ।

### (आ) मुख्य क्रियाकलाप

#### क्रियाकलाप १: **अनुभव आदानप्रदान र चित्र छलफल**

कक्षाका सबै विद्यार्थीलाई आफ्नो समुदाय वरपरका मानिसले गरेका पेसा वा काम सम्झन र कापीमा टिपोट गर्न भन्नुहोस् । त्यसपछि प्रत्येकलाई एकओटा पेसाको नाम बताउन लगाउनुहोस् । विद्यार्थीबाट आएका कुरा शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । कुनै विद्यार्थीले कुनै पेसा वा कामका सम्बन्धमा थप जानकारी दिन चाहन्छ भने सो अवसर पनि दिनुहोस् । त्यसपछि विद्यार्थीको विचारलाई समेट्दै शिक्षकले समुदायका विभिन्न किसिमका पेसा वा कामको थप उदाहरण दिँदै एकअर्काको कामले आपसमा सहयोग पुग्ने कुरा विभिन्न चित्र र उदाहरणसहित प्रस्ट पारिदिनुहोस् ।

#### क्रियाकलाप २ : **समूह छलफल र प्रस्तुति**

कक्षाको अगाडिको एउटा बेन्चमा बसेका विद्यार्थीलाई एउटा समूह र पछाडि बसेका विद्यार्थीलाई अर्को समूह मान्नुहोस् । उनीहरूमध्ये एउटा समूहको कुनै एक जनालाई पुस्तकको श्रमको ति सम्मान र सहयोग पाठको स्मृतीले बोलेको खण्ड सस्वरवाचन गर्न लगाउनुहोस् । सोही समूहका अन्यलाई साथीलाई मुख्य बुँदा टिपोट गरी कक्षामा प्रस्तुत गर्न भन्नुहोस् । अर्को समूहको कुनै एक जनालाई कैलाशले बोलेको खण्ड सस्वरवाचन गर्न र समूहका अन्यलाई मुख्य कुरा टिपोट गरी कक्षामा प्रस्तुत गर्न भन्नुहोस् । दुबै समूहको प्रस्तुतिपछि पाठमा भएका अन्य महत्त्वपूर्ण

कुरा भए अन्य विद्यार्थीलाई बोल्ने अवसर दिनुहोस् । उनीहरूले भनेका कुरामा थप स्पष्ट गर्नुपर्ने भएमा सो गर्नुहोस् ।

### क्रियाकलाप ३ : **चिट्ठा छनोट र समूह छलफल**

कक्षाका विद्यार्थीलाई चार समूहमा विभाजन गर्नुहोस् । स्थानीय स्तरमा अपनाइएका कुनै चार काम वा पेसा पहिचान गरी प्रत्येक समूहलाई एक एकओटा पर्ने गरी चिट्ठा तयार गर्नुहोस् । समूहबाट कुनै एक जनालाई चिट्ठा निकाल्न भन्नुहोस् । निश्चित समय दिएर प्रत्येक समूहलाई चिट्ठामा परेको काम वा पेसाको महत्व लेख्न र कक्षामा प्रस्तुत गर्न भन्नुहोस् । सबै समूहको प्रस्तुति सकिएपछि शिक्षकलेसम्बन्धित पेसाको महत्व बताइदिनुहोस् ।

### क्रियाकलाप ४ **घटना वर्णन**

तपाइँको घरपरिवार वा समुदायमा पेसा वा कामका आधारमा विभेद गर्ने गरेका वा कामलाई ठुलो सानो भनेर भेद गर्ने गरेको देख्नुभएको छ, भनी कक्षामा प्रश्न गर्नुहोस् । त्यसपछि बोल्न इच्छुक विद्यार्थीलाई हात उठाउन लगाउनुहोस् । पालैपालो ती विद्यार्थीलाई आफ्ना अनुभव वा जानकारीलाई बताउन लगाउनुहोस् । तर कुनै व्यक्तिको नाम बताउँदा अप्ठ्यारो पर्ने अवस्था आउन नदिन विभेद गर्ने व्यक्तिको काल्पनिक नाम राखी घटना बताउन लगाउनु उपयुक्त हुने छ । विद्यार्थीबाट आएका विभेदका घटना अब घट्न नदिन के गर्नुपर्ला भन्ने सम्बन्धमा कक्षामा छलफल गराउँदै हामीले त्यस्ता विभेद गर्न हुँदैन र अरूलाई पनि सम्झाउनुपर्छ भन्दै यो क्रियाकलाप अन्त्य गर्नुहोस् ।

### क्रियाकलाप ५ **व्यक्तिगत धारणा प्रस्तुति**

कक्षाका विद्यार्थीले आफ्नो परिवार वा समुदायका के कस्ता काममा कसरी सहयोग गर्ने गरेका छन् भन्ने कुरा जानकारी लिनुहोस् । यसका लागि व्यक्तिगत रूपमा उनीहरूलाई बोल्न दिनुहोस्। सबैका कुरा सुनिसकेपछि सबैलाई धन्यवाद दिँदै कुनै काम गर्न आफूले सकेको सहयोग गरेपछि काम गर्न सिकिने, कामप्रति सम्मान जाग्ने, अरूलाई सहयोग पुग्ने, फुर्सदको समयको सदुपयोग हुने, काम गर्न छिटो हुने कुराको जानकारी पनि दिनुहोस् । यस्ता फाइदा सम्बन्धमा विद्यार्थीका स्वअनुभव पनि बताउन लगाउन सकिन्छ ।

### क्रियाकलाप ६ **क्षेत्रभ्रमण**

आवश्यक पूर्वतयारी (प्रश्नावली निर्माण) र निर्देशन दिई विद्यार्थीलाई विद्यालय आसपासको क्षेत्रमा स्थलगत भ्रमणमा लैजानुहोस् । जहाँ उनीहरूले विभिन्न काम भइरहेकोदेख्न र ती कामका सम्बन्धमा अन्तरक्रियासमेत गर्न पाउने अवस्था होस् । स्थलगत भ्रमणमा उनीहरूलाई महत्त्वपूर्ण लागेका कुरा टिपोट गरी त्यसलाई गीत, कविता, चित्र, कथा वा अन्य तरिकाबाट

प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

अन्तरक्रियाका लागि केही प्रश्न तयार गर्न पनि लगाउन सकिन्छ, जस्तै :

१. तपाईंले यो काम वा पेसा किन गर्नुभएको हो ?

२. परिवारका सदस्यले के कसरी सहयोग गर्ने गरेका छन् ?

३. तपाईंले गरेको पेसा वा कामबाट समुदायका अरूलाई के कस्तो सहयोग पुग्ने गरेको छ ?

४. तपाईंले अपनाएको पेसालाई हामीले कसरी सम्मान गर्न सक्छौँ ?

## (ङ) मूल्याङ्कन

विद्यार्थीको विषयवस्तुको सिकाइ स्तर मूल्याङ्कनका लागि उनीहरूका गीत, कविता, चित्र, कथा वा अन्य सिर्जनात्मक कार्य प्रस्तुत गर्न लगाई निम्न लिखित आधारमा मूल्याङ्कन गर्नुहोस् :

| विद्यार्थीको नाम | सिकाइसम्बन्धी सिर्जना | राम्रो | मध्यम | सुधार गर्नुपर्ने |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

नोट : राम्रो सिर्जनालाई ३ अङ्क, मध्यमलाई २ अङ्क र सुधार गर्नुपर्नेलाई १ अङ्क दिने

**निम्नानुसारका प्रश्न सोधी सिकाइको मूल्याङ्कन गर्नुहोस् :**

(क) तपाईंको परिवारका सदस्यले के कस्ता श्रम गर्नुहुन्छ ?

(ख) तपाईंले घरपरिवारले गर्ने काममा के कस्तो सहयोग गर्ने गर्नुभएको छ ?

(ग) श्रमको सम्मान किन गर्नुपर्छ, सम्मान नगरे के हुन्छ ?

(घ) मानिसले कुनै पनि काम वा श्रम गरेन भने कस्तो अवस्था आउँछ होला ?

पाठ २

# हाम्रा स्थानीय आर्थिक क्रियाकलाप

**अनुमानित कार्यघण्टा : ५**

## (क) पाठ परिचय

यस पाठका माध्यमबाट बालबालिकाले आफ्नो स्थानीय तहमा हुने आर्थिक क्रियाकलाप पहिचान गर्न र तिनको महत्त्वका सम्बन्धमा जानकारी प्राप्त गर्न सक्ने छन् । यस विषयवस्तुको अध्ययनबाट बालबालिकाले आयआर्जन गर्न सकिने कामहरू, जस्तै : व्यावसायिक कृषि, कुखुरा पालन, व्यापार, पर्यटन व्यवसाय, पुष्प खेतीलगायत क्रियाकलाप आर्थिक क्रियाकलाप हुन भन्ने जानकारी पाउने छन् । साथै आर्थिक क्रियाकलापबाट आम्दानी गर्न सकिने भएकाले मानिसले आयआर्जन हुने विभिन्न पेसा अपनाउने गर्छन् भन्ने कुराको ज्ञान पनि हुने छ । स्थानीय आर्थिक क्रियाकलापले स्थानीय उत्पादनको महत्त्वबोध हुने, स्थानीय पेसा व्यवसाय र प्रविधिप्रति विद्यार्थीको रुचि र जानकारी बढ्नुका साथै स्थानीय उत्पादनलाई प्रवर्धन गर्न मदत पुग्ने अपेक्षा गरिएको छ । हाम्रा स्थानीय आर्थिक क्रियाकलाप यीबाहेक शिक्षकले विषयवस्तु र स्थानीय परिवेशलाई मिल्ने खालका अन्य सिर्जनात्मक र रचनात्मक क्रियाकलाप सञ्चालन गरी सिकाइ उपलब्धि हासिल गर्न थप सहयोग पुऱ्याउन सक्नुहुने छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्क्रमका उल्लिखित सिकाइ उपलब्धि | पाठगत विशिष्ट उद्देश्य |
|---|---|
| आफ्ना स्थानीय तहभित्रका आर्थिक क्रियाकलापको पहिचान गर्न र महत्त्व बताउन | • आर्थिक क्रियाकलापको परिचय दिन<br>• आफ्ना स्थानीय तहभित्रका आर्थिक<br>• क्रियाकलापको पहिचान गर्न र महत्त्व बताउन |

## (ग) शैक्षणिक सामग्री

लुज सिट पेपर, मेटाकार्ड, चित्र, आर्थिक क्रियाकलापको महत्त्व लेखिएको कार्डबोर्ड वा स्लाइड, तस्बिर वा भिडियो ।

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

## (अ) सुरुआती क्रियाकलाप

केही विद्यार्थीसँग भएका वस्तु, जस्तै : घडी, झोला, जियोमेट्री बक्स, छाता, रुमाल वा अन्य बजारबाट किनेका वस्तु छन् भने तपाईंहरूले यी वस्तु कसरी प्राप्त गर्नुभयो भनेर उनीहरूलाई

सोध्नुहोस् । धेरै जनाले बजारबाट वा पसलबाट किनेर ल्याएको भन्ने जवाफ दिन सक्ने छन् । त्यसपछि ती वस्तु किन्ने पैसा कहाँबाट प्राप्त भयो, भनेर फेरि प्रश्न गर्नुहोस् । विद्यार्थीले अभिावकको काम वा पेसासँग जोडेर आम्दानीको स्रोत बताउने छन् । उनीहरूले बताएका केही पेसाको नाम लेख्ने पाटीमा टिप्दै जानुहोस्। त्यसपछि केही स्थानीय आर्थिक क्रियाकलापको चित्र वा भिडियो उपलब्ध भए सोसमेत प्रदर्शन गर्दै स्थानीय स्तरमा बिक्रीवितरण गर्ने वस्तु उत्पादन गर्ने वा आयआर्जन हुने खालका कामलाई आर्थिक क्रियाकलाप भनिने कुरा उदाहरणसहित बताइदिनुहोस् ।

## (आ) मुख्य क्रियाकलाप

### क्रियाकलाप १ : **व्यक्तिगत टिपोट र तस्बिर, भिडियो प्रदर्शनी**

सबै विद्यार्थीलाई आफ्नो समुदाय तथा पालिकाअन्तर्गत भएका आयआर्जन वा आर्थिक क्रियाकलाप के के छन् ? देखेका वा सुनेका आधारमा कापीमा टिपोट गर्न लगाउनुहोस् । त्यसपछि सँगै बसेको साथीसँग छलफल गरी टिपोट गरेका आर्थिक क्रियाकलाप कक्षामा प्रस्तुत गर्न भन्नुहोस् । विद्यार्थीले बताएका पेसा वा का नदोहोरिने गरी लेख्ने पाटीमा टिपोट गर्नुहोस् । तीबाहेक सम्बन्धित स्थानीय तहमा गरिएका अन्य आर्थिक क्रियाकलापसमेतको जानकारी तस्बिर वा भिडियो वा विभिन्न उदाहरणमार्फत दिनुहोस् ।

### क्रियाकलाप २ : **भूमिका अभिनय**

पाठ्यपुस्तकको हाम्रा स्थानीय अार्थिक क्रियाकलाप पाठअर्न्तगत भएको अन्तर्क्रियालाई शिक्षक विद्यार्थी मिलेर हाउभाउका साथ भूमिका अभिनय गराउनुहोस् । भूमिका अभिनयका लागि पात्रअनुसार फरक फरक विद्यार्थीलाई छनोट गर्नुहोस् । सबै पात्रलाई संवाद बुझेर मात्र हाउभाउसहित संवाद गर्न अह्राउनुहोस् । अन्तरक्रियाको अवलोकनका लागि तल दिइएको ढाँचासहित केही विद्यार्थीलाई जिम्वेवारी दिनुहोस् । यो क्रियाकलाप सकिएपछि पात्रको भूमिका निर्वाह गरेका प्रत्येकलाई यो अन्तरक्रियात्मक संवादबाट के कुरा जानकारी पाउनुभयो भनी उनीहरूको विचार अभिव्यक्त गर्न लगाउनुहोस् । त्यसपछि अवलोकनकर्ता विद्यार्थीलाई साथीहरूले गरेको अन्तरक्रिया कस्तो लाग्यो भनी सारांश बताउन भन्नुहोस् । सबै सहभागीलाई धन्यवाद दिँदै अवलोकनकर्ता विद्यार्थीले भरेको अवलोकन ढाँचा हेरी आफूले पुनः मूल्याङ्कन गरी अभिलेखीकरण गर्नुहोस् ।

## अवलोकन फाराम ढाँचा

| सहभागी विद्यार्थीको नाम | भूमिका | विषयवस्तु राम्रोसँग बुझेर संवाद गरेको.३ | विषयवस्तु राम्रोसँग नबुझेरै संवाद गरेको २ | विषयवस्तुमा ध्यान नदिई संवाद गरेको १ |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

### क्रियाकलाप ३ : **अभिनय र पृष्ठपोषण**

बालबालिकालाई तीन समूहमा रही पाठ्यपुस्तकको पेज न. १०१ को क्रियाकलाप १ को भूमिका अभिनय गर्न गर्न आवश्यक सहजीकरण गर्नुहोस् । तीनओटा विषयमा चिट्ठा बनाई तीन समूहको एक एक जनालाई चिट्ठा थुत्न लगाउनुहोस् । सोही आधारमा सबै समूहलाई कार्य जिम्वेवारी दिई अभिनयका लागि केही संवाद बनाउन लगाउनुहोस् । तीनओटै समूहलाई उक्त कार्यका लागि र न्यूनतम अभिनय वातावरण तयार गर्न सहयोग आवश्यक पर्न सक्छ । सो व्यवस्था मिलाउन सहयोग गर्नुहोस् । सबै समूहले संवाद तयार पारिसकेपछि एकअर्काको अभिनय मूल्याङ्कन गरी सुझाव दिनुपर्ने कुरा सबैलाई बताइदिनुहोस् र विद्यार्थीलाई पालैपालो अभिनय गर्न लगाउनुहोस् । अभिनयपश्चात् सबै समूहलाई आफ्नो प्रस्तुति कस्तो लाग्यो भनेर स्वमूल्याङ्कन गर्न लगाउनुहोस् । त्यसपछि प्रत्येक समूहलाई अर्को समूहको प्रस्तुतिमा कुनै सुझाव भए सो प्रस्तुत गर्ने समय दिनुहोस् । क्रियाकलापको अन्यमा सबै सहभागीलाई धन्यवाद दिँदै शिक्षकले थप सुझाव वा सल्लाह दिनुपर्ने देखेमा सो गर्नुहोस् ।

### क्रियाकलाप ४ : **ग्यालरी वाक**

विद्यार्थीको समुदायमा हुने कुनै मुख्य आर्थिक क्रियाकलाप पहिचान गर्नुहोस् । तीमध्ये कृषि, व्यापार, पर्यटन र घरेलु उद्योगसँग सम्बन्धित कुनै चारओटा क्रियाकलाप छनोट गर्नुहोस् । तिनबाट हुने फाइदालाई मेटाकार्डमा लेखी छ्यासमिस पारी दुई ओटा समूहका लागि हुने गरी मेटाकार्ड तयार पार्नुहोस् । अब विद्यार्थीलाई दुई समूहमा रही छ्यासमिस गरिएका मेटाकार्डबाट कृषि, व्यापार, पर्यटन र घरेलु उद्योगसँग सम्बन्धित मेटाकार्ड छुट्याई निम्नानुसाको न्युजप्रिन्ट पेपरमा टाँस्न लगाउनुहोस् । जुन समूहले पहिले र नबिगारी सक्छ, सो समूहलाई ताली बजाएर हौसला दिनुहोस् । अब ग्यालरी वाक विधिमार्फत सबैको कार्य अवलोकन गरी नमिलेको कार्डलाई उपयुक्त ठाउँमा टाँस्न पृष्ठपोषण प्रदान गर्न लगाउनुहोस् । अन्तिममा पालैपालो समूहगत प्रस्तुति गर्न लगाउनुहोस् ।

**कृषिको महत्त्व**

**व्यापारको महत्त्व**

**पर्यटनको महत्त्व**

**घरेलु उद्योगको महत्त्व**

### क्रियाकलाप ५ : अभिभावक छलफल

अगिल्लो दिनको कक्षा सकिएपछि विद्यार्थीलाई अभिभावक वा अन्य कोही जानकार व्यक्तिसँग सोधखोज गरी परिवारमा गरिने आर्थिक क्रियाकलापको महत्त्व टिपोट गरेर ल्याउन भन्नुहोस् । अर्को दिनको कक्षामा एउटै बेन्चमा बस्ने विद्यार्थीबिच सबैले टिपोट गरेर ल्याएको आर्थिक क्रियाकलापको महत्त्व छलफल गर्न भन्नुहोस् । प्रत्येक बेन्चमा सबैबाट आएका समान खालका बुँदा उक्त बेन्चको एक जनालाई प्रस्तुत गर्न भन्नुहोस् । सबैले प्रस्तुत गरेका बुँदा टिपोट गर्दै जानुहोस् । सबै विद्यार्थीको प्रस्तुति सकिएपछि आफूले कार्डबोर्डमा तयार पारेको आर्थिक क्रियाकलापको महत्त्वसम्बन्धी सामग्री प्रस्तुत गर्दै तपाइँहरूले भनेको भन्दा के के फरक कुरा पाउनुभयो भनी सामूहिक रूपमा सोध्नुहोस् । उनीहरूले पहिल्याएका फरक कुरालाई थप उदाहरण र जानकारी दिई प्रस्ट पारिदिनुहोस् ।

### आर्थिक क्रियाकलापको महत्त्व

- आयआर्जन हुने
- एकअर्काको आवश्यकता पूरा गर्न सहयोग पुग्ने
- रोजगारी बढ्ने
- वस्तु तथा सेवा सजिलै प्राप्त गर्न सकिने
- स्थानीय स्रोत साधनको सदुपयोग हुने
- स्थानीय उत्पादन वृद्धि हुने

### क्रियाकलाप ६ : म को हुँ

कुनै एक जना विद्यार्थीलाई अगाडि बोलाउनुहोस् । विद्यार्थीको ढाडमा कृषि वा उद्योग वा पर्यटन वा घरेलु उद्योगको कुनै एक महत्त्व लेखिएको कागज टाँस्नुहोस् । अब विद्यार्थीलाई त्यो महत्त्व कुन क्षेत्रसँग सम्बन्धित छ भनी अनुमान गर्न लगाउनुहोस् । उसलाई विभिन्न विकल्प भन्न लगाएर त्यो आर्थिक क्रियाकलाप पहिचान गर्न लगाउनुहोस् । मानौं विद्यार्थीले कृषिका बारेमा अनुमान गरेको भए उनले यी अनुमान अरू साथीलाई सुनाउनुपर्ने हुन्छ । जस्तै के मैले उत्पादन गरेको उत्पादनले मानिस बाँचेका हुन्छन् । अरूले हो भनेमा उनले अरू अनुमान

गर्नुपर्ने हुन्छ । के मैले उब्जाएको अन्न खाएर मानव जगत् बाँचेको छ ? हो भनेमा उसले कृषि भन्न सक्ने भए । अब त्यस्तै गरी अन्य विद्यार्थीलाइ व्यापार, पर्यटन, घरेलु उद्योगको पनि अभ्यास गराउन सकिन्छ ।

## (ङ) मूल्याङ्कन

अभ्यासमा दिइएका र तल दिइएका नमुना प्रश्नमा आधारित भई मूल्याङ्कन गर्नुहोस् ।

१. तपाईँ बस्ने पालिकामा गरिने कुनै पाँचओटा आर्थिक क्रियाकलापको सूची तयार गरी प्रस्तुत गर्नुहोस् ।

२. तपाईंको परिवारमा के कस्ता आर्थिक क्रियाकलाप हुन्छन् ? तिनबाट हुने आम्दानी के के काममा खर्च गरिन्छ, लेख्नुहोस् ।

३. तपाईं बस्ने समुदाय वा स्थानीय तहमा हुने आयआर्जनका काममध्ये तपाईँलाई कुन बढी मन पर्छ, किन ?

४. तपाईंको समुदायमा हुने आर्थिक क्रियाकलापको महत्त्व छोटकरीमा उल्लेख गर्नुहोस् ।

५. आयआर्जनको काम गरेर के कस्ता आवश्यकता पूरा गर्न सकिन्छ, आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

अभिभावक छलफल क्रियाकलापमा विद्यार्थीले अभिभावकसँग सम्पर्क गरे नगरेको, कुन कुन प्रश्न सोधेको, प्राप्त जानकारी टिपोट गरे नगरेको र कक्षामा गरेको प्रस्तुतिलाई आधार मानी मूल्याङ्कन गर्न सकिन्छ ।

पाठ ३

# हाम्रा स्थानीय वस्तुहरू

**अनुमानित कार्यघण्टा : ५**

## (क) पाठ परिचय

नेपालको भौगोलिक विविधताका कारण फरक स्थानमा फरक खालका वस्तु उत्पादन गरिन्छन् । स्थानीय स्तरमा उत्पादित वस्तुलाई स्थानीय वस्तु भन्ने गरिन्छ । जस्तो कि, जुनार खेती खासगरी सिन्धुलीमा बढी राम्रो हुन्छ भने स्याउ जुम्ला, मुस्ताङ, मनाङ आदि ठाउँमा बढी उत्पादन हुन्छ । माटो, हावापानी, परम्परागत चलन आदिका कारण कतिपय वस्तुले ठाउँ विशेषको पहिचान पनि दिलाएको हुन्छ । यी कुराको जानकारी दिनको लागि हाम्रा स्थानीय वस्तु भन्ने विषयवस्तुलाई पाठको रूपमा राखिएको छ । यस पाठको शिक्षण सिकाइपश्चात् बालबालिकाले आफ्ना स्थानीय समुदायमा उत्पादन हुने वस्तु पहिचान गर्न तथा तीनलाई बिक्रीवितरण गर्ने बजारको नाम बताउन सक्ने अपेक्षा गरिएको छ । पाठ्यक्रमको मर्म र स्थानीय परिवेशसमेतलाई ख्याल गरी सिकाइलाई बढी व्यावहारिक र क्रियाकलापमुखी बनाई सहजीकरण गर्नुपर्ने हुन्छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रमका उल्लिखित सिकाइ उपलब्धि | पाठगत विशिष्ट उद्देश्य |
| --- | --- |
| स्थानीय समुदायमा उत्पादन हुने वस्तुपहिचान गर्न तथा तिनलाई बिक्रीवितरण गर्ने बजारको नाम उल्लेख गर्न | • आफ्ना स्थानीय समुदायमा उत्पादन हुने वस्तु पहिचान गर्न<br>• स्थानीय समुदायमा उत्पादन हुने वस्तु बिक्री गर्ने स्थान वा बजारको नाम बताउन |

## (ग) शैक्षणिक सामग्री

- लुज सिट, साइन पेन, बज गर्ने घन्टी वा टेबुल घडी
- हाट बजारको चित्र वा भिडियो
- घरमा उत्पादन हुने विभिन्न सामानको चित्र

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

## (अ) सुरुआती क्रियाकलाप

एउटा हाटबजारको चित्र प्रदर्शन गर्नुहोस् । त्यसपछि क्रमशः यो के सम्बन्धी चित्र हो ? चित्रमा के के वस्तु राखिएका छन् ? चित्रमा के के क्रियाकलाप भएको देख्नुभयो ? जस्ता प्रश्न

सोध्नुहोस् । सबै विद्यार्थीलाई बोले नबोलेको ख्याल गरी नबाल्ने खालका विद्यार्थीलाई पुनः प्रश्न गर्नुहोस् र उत्तर लिने प्रयास गर्नुहोस् । त्यसपछि तपाईंमध्ये कसले हाटबजार देख्नुभएको छ, भन्दै हाटबजार देख्ने जतिलाई कक्षाको अगाडि आउन भन्नुहोस् । यदि हाटबजार देख्नेको सङ्ख्या बढी हुने भएमा सिटमै बसेर हात उठाउन मात्र लगाउनुहोस् । उनीहरूमध्ये केही विद्यार्थीलाई हाटबजारमा भएका गतिविधिहरू बताउन लगाउनुहोस् । उनीहरूले भनेका मुख्य कुरा, जुन आजको पाठसँग सम्बन्धित छन् । तिनलाई लेख्ने पाटीमा टिपोट गर्नुहोस् । त्यसपछि मुख्य क्रियाकलापमा प्रवेश गर्नुहोस् ।

## (आ) मुख्य क्रियाकलाप

### क्रियाकलाप १ **समूह छलफल र प्रस्तुति**

अगि हात उठाउने विद्यार्थीलाई हाटबजारका सम्बन्धमा आफूले जानेको कुरा बताउन लगाउनुहोस् । त्यसपछि उनीहरूलाई हाटबजारमा बिक्री गर्न राखिएका वस्तु के के थिए, सो स्मरण गरी विवरण कपीमा लेख्न लगाउनुहोस् । त्यसपछि कक्षालाई दुई समूहमा विभाजन गर्नुहोस । समूह विभाजन गर्दा स्थानीय हाटबजार वा स्थानीय बजारको नाममा समूहको नामकरण गर्नुहोस् । विद्यार्थीलाई अगि कपीका टिपोट गरेका वस्तुको विवरणका सम्बन्धमा आआफ्नो समूहमा छलफल गर्न र समूहकै सदस्यमध्ये कसैले वस्तुको विवरण थप गर्न चाहे सो गर्न पनि सक्ने कुरा बताइदिनुहोस् । त्यसपछि दुबै समूहलाई हाटबजार वा बजारमा देखेका वस्तुको विवरण न्युजप्रिन्ट पेपरमा लेखेर कक्षाकोभित्तामा टाँस गर्न लगाउनुहोस् । दुबै समूहलाई एकअर्कोले तयार पारको विवरण अध्ययन गर्न र आफ्नो समूहको भन्दा फरक के के वस्तु पाउनुभयो भनी सो पनि पहिचान गर्न लगाउनुहोस् ।

### क्रियाकलाप २ : **चिनो लगाऔँ**

अगिकै समूहमा रहेर तयार गरेको विवरणमा हाटबजारमा पाइने वस्तुमध्ये कुन कुन वस्तु स्थानीय स्तरमा उत्पादन हुन्छन् र कुन कुन हुँदैनन् ? समूहमा छलफल गरी ती वस्तुमा चिनो लगाउन भन्नुहोस् । समूहमा उक्त काम सकिएपछि दुबै समूहलाई एकअर्को समूहले भित्तामा टाँसेको न्युजप्रिन्ट पेपरमा रहेका स्थानीय उत्पादनका वस्तुमा रातो साइन पेन वा डट्पेनले चिनो लगाउन भन्नुहोस् र स्थानीय उत्पादनका वस्तुको नामसमेत भन्न लगाउनुहोस् ।

विद्यार्थीले गरेको प्रयासको प्रशंसा गर्दै विभिन्न स्थानीय उत्पादनका थप वस्तुका उदाहरण बताएर वा भिडियो या चित्र देखाएर थप सहजीकरण गरिदिनुहोस् ।

### क्रियाकलाप ३ : **मनोवाद लेखन र प्रस्तुति**

विद्यार्थीलाई पाठमा रहेको मनोवाद अध्ययन गर्न लगाई आफ्नो स्थानीय उत्पादनका वस्तुलाई समेटी त्यस्तै खालको मनोवाद बनाउन लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

### क्रियाकलाप ४ : छलफल र विवरण तयारी

कक्षाका सबै विद्यार्थीलाई आआफ्नो घरपरिवारमा के कस्ता वस्तु उत्पादन गरिन्छन् ? तिनलाई बेचबिखन गर्ने गरिएको छ छैन ? बेचिन्छ भने कहाँको बजारमा बेचिन्छ ? जस्ता प्रश्न गरी कक्षामा छलफल गर्नुहोस् । कक्षामा पसल वा बजारबाट वस्तु खरिद गरेर दैनिकी चलाउने विद्यार्थी पनि हुन सक्छन् । उनीहरूको परिवारमा कहाँबाट के कस्ता वस्तु किनेर ल्याउने गरेका छन् ? सोको जानकारी पनि लिने प्रयास गर्नुहोस् । त्यो दिनमा तपाईंले लिन चाहेको सबै जानकारी दिन उनीहरूले सक्दैनन् । तपाईंले उनीहरूलाई अभिभावकसँग सोधेर अर्को कक्षामा निम्न लिखत विवरण लिएर आउन लगाउन सक्नुहुने छ । यस क्रियाकलापलाई पनि मूल्याङ्कन गरी अभिलेखीकरण गर्न सकिने छ ।

| विद्यार्थीको नाम | परिवारले बिक्री गर्ने वस्तुका नाम | बिक्री गर्ने बजार | खरिद गर्ने वस्तुका नाम | खरिद गर्ने बजार |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

### क्रियाकलाप ५: हाजिरीजवाफ

शिक्षकले यो पाठ र अगाडिका दुईओटा पाठसमेतबाट हाजिरीजवाफमा सोध्ने खालका प्रश्न तयार गर्नुहोस् । कक्षाका सबै विद्यार्थीको नामको अल्फाबेट आधारमा कागजमा टिपेर कक्षामा कतिओटा अल्फाबेटबाट नाम आउने विद्यार्थी छन् यकिन गर्नुहोस् । त्यसपछि विद्यार्थीलाई खेल खेल्न तयार रहन भन्नुहोस् । उनीहरूलाई खेल खेल्ने तरिका र नियम पनि बताउनुहोस् । खेलमा केही प्रश्न सोधिने र एउटा अल्फाबेटलाई एउटा समूह मानेर खेल खेलाइने कुरा बताउनुहोस् । सोही आधारमा कुनै पनि अल्फाबेट समूहलाई प्रश्नको उत्तर दिने अवसर दिन सक्नुहुने छ ।

#### खेल खेल्ने तरिका

१. पहिले कतिओटा अल्फाबेटमा सबै विद्यार्थी समेटिए सो निधो गर्नुहोस् ।

२. प्रत्येक प्रश्न सोध्दा सामूहिक रूपमा सोध्नुहोस् तर जवाफका लागि कुनै एउटा अल्फाबेटलाई पहिलो एक मिनेटभित्र उत्तर भन्ने अवसर दिनुहोस् । उत्तर भनेमा उसले १ अङ्क पाउने छ ।

३. उक्त समूहबाट समयमा सही उत्तर नआएमा जोसुकै अल्फाबेट समूहलाई उत्तर भन्न

पाउने गरी खुला गर्नुहोस् । यसका लागि आधा मिनेटको समय दिनुहोस् । यस अवसरमा सबैभन्दा पहिले उत्तर दिने समूहले २ अङ्क पाउने छ । खेलका लागि बज गर्ने घन्टी वा टेबुल घडी पनि प्रयोग गर्न सकिने छ ।

४. सबै समूहलाई समान सङ्ख्यामा पहिलो प्रश्न सोध्नुपर्ने छ । अन्त्यमा जुन अल्फाबेट समूहले बढी अङ्क प्राप्त गर्छ  उही समूह विजयी भएको घोषणा गरी सबैले ताली बजाएर बधाई दिनुहोस् । सम्भव भए विद्यार्थीको प्ररणाका लागि सानो पुरस्कारको व्यवस्था पनि गर्न सक्नुहुने छ ।

**नमुना प्रश्न**

(क) हाम्रो स्थानीय समुदाय वरपरका समुदायका धेरैले अपनाएको मुख्य पेसा के हो ?

(ख) हाम्रो स्थानीय उत्पादनबाट हुने मुख्य फाइदा के हो ?

**क्रियाकलाप ६ : अवलोकन भ्रमण**

सम्भव हुने ठाउँमा सुरक्षित तरिका अपनाई बालबालिकालाई नजिकैको हाटबजार अवलोकन गर्न लैजानुहोस् । हाटबजार नलाग्ने स्थानका बालबालिकालाई नजिकैको स्थानीय बजारमा लैजान पनि सक्नुहुने छ । उनीहरूलाई  समूहमा रहेर बजार वा हाटबजार अवलोकन गर्न लगाउनुहोस् । सम्भव भए फरक वस्तु बिक्री स्थलबाट विवरण सङ्कलन गराउँदा बढी विवरण प्राप्त गर्न सकिने हुन्छ । अवलोकनका क्रममा विद्यार्थीलाई निम्नअनुसार विवरण  सङ्कलन गर्न लगाउनुहोस् । विवरण सङ्कलनका क्रममा व्यापारी वा अन्यसँग संवाद गर्न पर्न सक्ने भएकाले सोका लागि आवश्यक तयारी र स्थलगत सहजीकरण पनि गर्नुहोस् । विद्यार्थीले सङ्कलन गरेको विवरण अर्को दिनको कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । सोको मूल्याङ्कन गरी अभिलेखीकरण पनि गर्नुहोस् ।

| समूहको नाम | स्थानीय उत्पादनका वस्तुको विवरण | उत्पादित स्थानको नाम |
|---|---|---|
| | | |

## (ङ) परियोजना कार्य

पाठ्यपुस्तकको पेज १०७ को परियोजना कार्य गराउनका लागि विद्यार्थी आफूले गर्नुपर्ने कार्य सम्बन्धमा स्पष्ट भए  नभएको बुझ्नुहोस् । कतिपय सहरी क्षेत्रका बालबालिकालाई समुदायमा गरिने उत्पादनका कार्यबारे खासै जानकारी नहुन सक्छ । त्यस्तो अवस्थामा आवश्यक सरसल्लाह दिएर मात्र परियोजना कार्य गर्न लगाउनुपर्ने हुन्छ । यस्तो परिस्थितिमा विद्यार्थीले अभिभावकको सहयोग लिन पनि सक्ने कुरा शिक्षकले बताइदिनुपर्ने छ । यस परियोजना कार्यका लागि शिक्षकले निम्नानुसारको फारम प्रयोग गर्न लगाउन पनि सक्नुहुन्छ ता कि प्रत्येक विद्यार्थीको

कार्यलाई मूल्याङ्कन गर्न सहज होस् । विद्यार्थीलाई यो परियोजना कार्य गर्न लगाउँदा कृषि पेसाभन्दा फरक पेसा गर्ने व्यक्ति भेट्न र उनले गर्ने वस्तु वा सेवाबारे जानकारी लिन पनि प्रेरित गर्नुहोस् ।

| भेटेका व्यक्तिको नाम | के के वस्तु वा सेवा उत्पादन गर्नुहुन्छ ? | वस्तु वा सेवा बिक्री गर्ने बजार कहाँ ? | के के फाइदा भएको छ ? |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

नोट : यसको मूल्याङ्कन गर्दा काम पूर्ण रूपमा सम्पादन गरेको भए ३ अङ्क, काम धेरै सम्पादन गरेको भए २ अङ्क र काम केही मात्र गरेको भए १ अङ्क दिनुहोस् ।

## अभ्यास

१. तपाईंरहेको स्थानीय समुदायमा के कस्ता वस्तु उत्पादन हुन्छन्, कुनै पाँचको नाम उल्लेख गर्नुहोस् ।

२. स्थानीय समुदायमा उत्पादित वस्तुले तपाईंलाई के के सहयोग पुगेको छ, उदाहरण दिएर लेख्नुहोस् ।

३. स्थानीय समुदायमा उत्पादित वस्तुले नजिकको बजारलाई कसरी सहयोग पुऱ्याउन सक्छ, अनुभवका आधारमा पुष्टि गर्नुहोस् ।

४. तपाईंले साथीलाई किन स्थानीय उत्पादनका वस्तु उपभोग गर्न सल्लाह दिनुहुन्छ, कारण बताउनुहोस् ।

पाठ ४

# स्वदेशी सामानहरूको प्रयोग गरौँ

**अनुमानित कार्यघण्टा : ५**

## (क) पाठ परिचय

बालबालिकामा स्वदेशमा उत्पादित समानको प्रयोग गर्न प्रेरित गर्ने उद्येश्यले यो विषयवस्तुलाई पाठका रूपमा समावेश गरिएको छ । केही वर्षदेखि हाम्रो देशमा आयात दिन प्रतिदिन बढ्दै गइरहेको छ । विदेशी सामग्रीको प्रयोग बढेसँगै स्वदेशमा उत्पादित सामानले बजार पाउन छाडेको, भइरहेका उद्योगधन्दा बन्द हुँदै गएको, रोजगारीका लागि नेपाली युवा विदेशतिर जाने गरेकाले नेपालमा आर्थिक अवस्था कमजोर बन्दै गएको छ । यी अवस्थामा सुधार गर्न तथा गुणस्तरीय सामग्री उत्पादन गरी नेपाली सामानको प्रयोग तथा निर्यातसमेतका लागि जोड दिनुपर्ने हुन्छ । यस पाठमा यिनै विषयवस्तुसँग सम्बन्धित अवधारणा विकास गराई बालबालिकामा आत्मनिर्भर अर्थतन्त्रप्रति सचेत र जिम्मेवार हुनेखालका बानी व्यवहार विकास हुने अपेक्षा गर्न सकिन्छ। यसका लागि स्वदेशमा उत्पादित तथा निर्मित वस्तुको उपयोगप्रति सचेत रहने बानीको विकास गराउने खालका क्रियाकलाप विकास गरिएका छन् । प्रस्तुत क्रियाकलापका अतिरिक्त शिक्षकले पाठयक्रमको मर्मअनुरूपका अन्य क्रियाकलाप पनि गराउन सक्नुहुने छ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्क्रमका उल्लिखित सिकाइ उपलब्धि | पाठगत विशिष्ट उद्देश्य |
|---|---|
| • स्वदेशमा उत्पादित तथा निर्मित वस्तुको प्रयोगप्रति सचेत रहन | • स्वदेशमा उत्पादन वा निर्मित वस्तु पहिचान गर्न<br>• स्वदेशमा उत्पादन वा निर्मित वस्तुको उपयोगमा सचेत रहन र उपयोग गर्न |

## (ग) शैक्षणिक सामग्री

बल, सिटी वा मादल, चित्र वा भिडियो, कथा आदि ।

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

कक्षामा विद्यार्थीलाई उनीहरूले प्रयोग गरेको स्वदेशी वस्तु कुन छ ? छ भने नाम भन्न र वस्तु भए देखाउनसमेत लगाउनुहोस्। स्वदेशी वस्तु प्रयोग गरेकामा विद्यार्थीलाई धन्यवाद दिँदै मुख्य विषयवस्तु सुरु गर्नुहोस् ।

## (आ) मुख्य क्रियाकलाप

### क्रियाकलाप १ : **कथावाचन र छलफल**

तलको वा त्यस्तै खालको कथा तयार गरी कक्षामा सबैले सुन्ने गरी र बुझ्ने गरी वाचन गर्नुहोस् । तल दिइएका प्रश्नमा आधारित भई छलफल गराउनुहोस् :

### मिहिनेती मित

पेमा निकै मिहिनेती किसान हुन् । उनको पुर्ख्यौली घर हिमाली जिल्ला मनाङमा छ । उनको घर अहिले पोखरामा पनि छ । पेमाका बाआमा वृद्ध भएकाले उनीहरूलाई पोखरामा ल्याएर राखेका छन् । पेमाका छोराछोरी पोखराका शिक्षण संस्थामा पढ्छन् । उनीहरूले बाजेबज्यैको हेरचाह पनि गर्ने गर्छन् । पेमा र उनकी श्रीमती भने खेती लगाउने र भित्र्याउने वेला मनाङतिरै हुन्छन् । जन्म जिल्लामा पेमाको ठुलो स्याउ फाराम छ भने अन्न लगाउने बारी पनि धेरै नै छ । बढी चिसो हुने भएकाले उनीहरूको बारीमा पहाड र मधेसमा जस्तै धेरै बाली फलाउन सकिँदैन । त्यसैले उनीहरूले गहुँ, उवा, कोदो, फापर आदि अन्न मात्र लगाउने गर्छन् । घरपरिवारलाई बढी हुने खाद्यान्नमध्ये धेरै गाउँमै बिक्री हुने गर्छ । स्याउ उत्पादन हुने समयमा भने पोखराका व्यापारी गाडी लिएरै उनको फाराममा पुग्छन् । पेमाले करिब पचासओटा भेडा र केही चौँरी गाई पनि पालेका छन् । चौँरीको दुध मनाङ बजारका होटल व्यवसायीले किन्ने गरेका छन् भने भेडाको रौँ काटेर पेमाकी श्रीमतीले पन्जा, गलबन्दी र स्वेटर बुनेर बेच्ने गर्छिन् । मनाङको कृषि व्यवसायबाट राम्रै आम्दानीले नै उनीहरूले पोखरामा राम्रो घर बनाएका हुन् ।

पोखरामा पेमाका मित छन् । उनको मितले पोखरामा पर्यटन व्यवसाय, खेतीपातीका साथै माछा पालन पनि गर्ने गर्छन् । पेमाले पोखरामा आउँदा मितलाई स्याउ, फापर, कोदोको पिठो र चौँरीको छुर्पी कोसेली ल्याइदिने गर्छन् । पोखराबाट फर्किंदा पेमाका मितले पनि उनलाई माछा, तरकारी र पोखराको जेठोबुढा धानको चामल दिएर पठाउने गर्छन् । पेमाकी श्रीमतीले हातले बुनेका मोजा, गलबन्दी, स्वेटरहरू मितले पोखरामा आउने विदेशी पर्यटकलाई बेचिदिने गर्छन् । विदेशी पर्यटक यस्ता सामग्रीलाई धेरै पैसा तिर्न तयार हुने भएकाले पेमाकी श्रीमतीले पनि धेरै पैसा कमाउँछिन् ।

### प्रश्नहरू

(क) पेमा के पेसा गर्छन् ?

(ख) पेमाको बारीमा के के खाद्यान्न उत्पादन हुन्छ ?

(ग) पेमाकी श्रीमतीले के के काम गर्छिन् ?

(घ) पेमाका मितले पेमाको परिवारको आयआर्जनमा के कसरी सहयोग गर्ने गर्छन् ?

(ङ) पेमा र उनका मितको मिहिनेत गर्ने बानी तपाईंलाई कस्तो लाग्यो, किन ?

### क्रियाकलाप २ : **समाचार लेखन**

विद्यार्थीलाई पुस्तकको पेज न. १०८ को स्वदेशी सामानको प्रयोग गरौँ भन्ने पाठको समाचार खण्ड अध्ययन गर्न भन्नुहोस् । सो अध्ययन गरिसकेपछि उनीहरूलाई आवश्यक समूह बनाई स्थानीय स्तरमा उत्पादन हुने वस्तुको सम्बन्धमा काल्पनिक समाचार तयार गरी कक्षामा प्रस्तुत गर्न प्रेरित गर्दै उक्त कार्यका लागि निश्चित समय दिनुहोस् । यस कार्यमा शिक्षकले प्रत्येक समूहमा गई सहजीकरण गर्न जरुरी हुन सक्छ । प्रत्येक समूहलाई यस्तै समाचारका थप सामग्री पनि उपलब्ध गराउन सक्नुहुन्छ । समाचार लेखनको कार्य सकिएपछि समूह प्रस्तुति गर्न लगाउँदै अन्य समूहबाट कुनै सुझाव वा प्रतिक्रिया भए सोको अवसर पनि दिनुहोस् । समूह प्रस्तुति सकिएपछि सबै समूहलाई सक्रिय सहभागिताका लागि धन्यवाद दिँदै शिक्षकले आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

### क्रियाकलाप ३ : **बल फ्याँक्ने खेल**

एउटा बल र सिटी वा मादल लिनुहोस् । सबै विद्यार्थीलाई खुला ठाउँ वा खेल्ने चउरमा लगेर गोलो घेरामा उभिन लगाउनुहोस् । खेलको नियम र खेल्ने तरिका स्पष्ट रूपमा बताउनुका साथै सिकाउने काम गर्नुहोस् । त्यसपछि शिक्षकले बल हातमा लिएर स्वदेशी वस्तु प्रयोग तथा उपयोग गर्दा हुने कुनै एक फाइदा बताउँदै बल एक जना विद्यार्थीतर्फ फ्याक्नुहोस् । उक्त विद्यार्थीले कुनै एक फाइदा बताउँदै अर्को कुनै साथीतर्फ बल फ्याक्न भन्नुहोस् । यसरी सबै विद्यार्थीलाई खेलमा भाग लिने अवसर दिनुहोस् । स्वदेशी वस्तु प्रयोग तथा उपयोग गर्दा हुने फाइदा बताउँदा नदोहोरिने गरी बताउन प्रेरित गर्नुहोस् ताकि विद्यार्थीबाट नयाँ कुरा आउन सकोस् । विद्यार्थी सङ्ख्या र समय हेरी प्रत्येकलाई फेरि दुई दुईओटा फाइदा बताउने गरी खेल खेलाउन पनि सक्नुहुने छ ।

खेल खेलाइसकेपछि विद्यार्थीलाई कक्षामा लगि आफूले कार्डबोर्डमा तयार गरेको स्वदेशी वस्तु प्रयोग तथा उपयोग गर्दा हुने फाइदासम्बन्धी सामग्री प्रदर्शन गरी प्रत्येक बुँदालाई स्थानीय परिवेशसँग जोड्दै छलफल गरी विषयवस्तु प्रस्ट पारिदिनुहोस्।

### क्रियाकलाप ४ : **तालिका निर्माण**

पाठ्यपुस्तकको पेज ११० को १ न. को क्रियाकलालाई निम्नानुसारको खाका कापीमा कोर्न लगाई अभ्यास गराउनुहोस् । आफूलाई जानकारी नभएका कुरा आफ्ना अभिभावकसँग सोधेर कार्य गर्न सकिने कुरा पनि विद्यार्थीलाई बताइदिनुहोस् ।

| प्रयोग गरिएको वस्तु वा सामानको नाम | स्वदेशी/विदेशी उत्पादन | स्वदेशी वस्तु भए उत्पादन भएको ठाउँ | प्रयोग गरिनुका कारण |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**क्रियाकलाप ५ : सिर्जना**

स्वदेशी वस्तुको प्रयोगमा प्रोत्साहन गर्ने खालका नारा वा गीत वा कविता वा चित्र तयार पारी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । नारा भए विद्यालयको हातामा टाँस्न लगाउनुहोस् ।

**नाराको नमुना**

स्वदेशी उत्पादन हाइहाई, विदेशी उत्पादन बाइबाई

म नेपाली, मेरो सामान पनि नेपाली

### (ङ) मूल्याङ्कन

क्रियाकलाप ५ को खाका पूरा गरे नगरेको, अभिभावकसँग सोधपुछ गरे नगरेका आधारमा विद्यार्थीको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण दिनुका साथै उक्त कार्यको मूल्याङ्कन र अभिलेखीकरण गर्नुहोस् । मूल्याङ्कनको मापदण्ड पहिलेका क्रियाकलापमा जस्तै गरी वा भिन्न तरिका पनि अपनाउन सक्नुहुने छ ।

अभ्यासमा दिइएका र तल दिइए जस्तै प्रश्न सोधी सिकाइ अवस्थाको आकलन गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**अभ्यासका लागि निम्न लिखित प्रश्न सोध्न सकिन्छ :**

(क) तपाईंलेप्रयोग गर्ने गरेका कुनैं पाँचओटा स्थानीय वा स्वदेशी वस्तुको नाम उल्लेख गर्नुहोस् ।

(ख) तपाईंको विचारमा स्वदेशी वस्तुलाई प्रयोग वा उपयोग गर्दा के के फाइदा हुन्छ ?

(ग) तपाईंको घरपरिवारका सदस्यलाई स्वदेशी सामान प्रयोग गर्नका लागि कसरी सम्झाउनुहुन्छ, उल्लेख गर्नुहोस् ।

## पाठ ५ हाम्रो देशका प्रमुख आर्थिक क्रियाकलाप

**अनुमानित कार्यघण्टा : ६**

### (क) पाठ परिचय

नेपाल विविधताले भरिपूर्ण छ । भौगोलिक तथा प्राकृतिक विविधताका आधारमा नेपाललाई हिमाल, पहाड र तराई गरी तीन क्षेत्रमा विभाजन गरिएको छ । यी क्षेत्रमा हुने आर्थिक क्रियाकलाप तथा जीवनयापनका तरिका फरक फरक हुन सक्छन् । हिमाली क्षेत्रमा पशुपालन, पदयात्रा, पर्वतारोहण जस्ता क्रियाकलापले आर्थिक उन्नयनमा टेवा पु¥याएका छन् भने पहाडी क्षेत्रमा फलफूल खेती, कृषि, वैदेशिक रोजगारी आर्थिक क्रियाकलापको मुख्य क्षेत्र बनेका छन् । त्यस्तै तराईमा औद्योगिक क्षेत्र विकास, कृषि, पशुपालन, मत्स्यपालन जस्ता पेसा व्यवसायले आर्थिक क्रियाकलाप चलायमान बनाएका छन् । देशका यी विभिन्न भागमा हुने मुख्य आर्थिक क्रियाकलाप सम्बन्धमा जानकारी दिने उद्देश्यले यो विषयवस्तुलाई पाठका रूपमा राखिएको छ । विभिन्न शैक्षिक सामग्रीको प्रयोग, छलफल, सान्दर्भिक उदाहरण आदिबाट प्रस्तुत विषयवस्तु स्पष्ट पार्न सकिने गरी विभिन्न क्रियाकलाप विकास गरिएका छन् । यहाँ प्रस्तुत गरिएका बाहेक शिक्षकले अन्य सान्दर्भिक र रचनात्मक क्रियाकलाप गराई हाम्रो देशका प्रमुख आर्थिक क्रियाकलापका सम्बन्धमा थप प्रस्ट पार्न सक्नुहुने छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्क्रमका उल्लिखित सिकाइ उपलब्धि | पाठगत विशिष्ट उद्देश्य |
|---|---|
| • हाम्रो देशका प्रमुख आर्थिक क्रियाकलाप उल्लेख गर्न | • आफ्ना स्थानीय समुदायका आर्थिक क्रियाकलाप पहिचान गर्न<br>• प्राकृतिक स्वरूप र हावापानी अनुसारका आर्थिक क्रियाकलाप हुने कुरा बताउन<br>• आफ्नो प्राकृतिक प्रदेशमा र नेपालमा हुने मुख्य आर्थिक क्रियाकलाप उल्लेख गर्न |

### (ग) शैक्षणिक सामग्री

हाम्रो देशका प्रमुख आर्थिक क्रियाकलापसँग सम्बन्धित चित्र वा भिडियो, यसैसँग सम्बन्धित गीत, कागजका टुक्रा

## (ग) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

विद्यार्थीलाई उनीहरूको परिवारमा हुने आर्थिक क्रियाकलाप सम्झिन लगाउनुहोस् । त्यसपछि उनीहरू रहेको स्थानीय तहमा भएका मुख्य आर्थिक क्रियाकलाप स्मरण गरी टिपोट गर्न लगाउनुहोस् र पालैपालो भन्न लगाउनुहोस् ।

### मुख्य क्रियाकलाप

**क्रियाकलाप १ : अनुमान, टिपोट र छलफल**

विद्यार्थीलाई हिमाली क्षेत्र, पहाडी क्षेत्र र तराई क्षेत्रका मुख्य आर्थिक क्रियाकलाप के के होलान् ? भनी उत्तर बताउन प्रेरित गर्नुहोस् । उनीहरूले भनेका कुरा शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् । यी क्रियाकलाप विभिन्न भौगोलिक प्रदेशमा भए तापनि यिनले समग्र नेपालको आर्थिक क्रियाकलापको प्रतिनिधित्व गरेका हुन्छन् भनी विभिन्न चित्र, चार्ट, भिडियो आदिको प्रदर्शन गर्दै बताइदिनुहोस् ।

**क्रियाकलाप २ गीत गायन र सन्देश**

तलको गीत लय र हाउभाउका साथ गाएर सुनाउनुहोस् र यसले दिने सन्देश पालैपालो भन्न लगाउनुहोस् :

प्रकृतिको भण्डार हो नेपाल देश हाम्रो

हिमाल, पहाड, तराई यहाँ हेर कति राम्रो ।

झल्को आफ्नै देशको, धेरै माया गर्नुपर्छ हामीले नेपाल देशको ।

हिमालतिर भेडा च्याङ्ग्रा चौँरी पाल्ने गर्छन्

राडी, स्वेटर, पन्जा बनाई बेच्न बेसी झर्छन् ।

झल्को आफ्नै देशको, धेरै माया गर्नुपर्छ हामीले नेपाल देशको ।

स्याउ मिठो फापर उवा हिँउ पर्ने ठाउँको

दुध दही घिउ खुवा मिठो लेक गाउँको ।

झल्को आफ्नै देशको, धेरै माया गर्नुपर्छ हामीले नेपाल देशको ।

पहाडमा फल्छन् केरा, सुन्तला फलफूल

हाटबजारमा बेच्न लगे पर्छ राम्रो मोल ।

झल्को आफ्नै देशको, धेरै माया गर्नुपर्छ हामीले नेपाल देशको ।

कोही गर्छन् पर्यटन र व्यापार नि यहाँ

काम पेसा धेरै थरी, होलान् अन्त कहाँ ।

झल्को आफ्नै देशको, धेरै माया गर्नुपर्छ हामीले नेपाल देशको ।

तराई हो अन्न भण्डार उद्योग नि छन् जान

स्वदेशी उत्पादनको गरौँ प्रयोग र सम्मान ।

झल्को आफ्नै देशको, धेरै माया गर्नुपर्छ हामीले नेपाल देशको ।

यस गीतसँग सम्बन्धित प्रश्न बनाई केही विद्यार्थीलाई सोध्नुहोस् । त्यसपछि यो गीतले के सन्देश दिन खोजेको छ भनी सामूहिक रूपमा प्रश्न सोध्नुहोस् । सबै विद्यार्थीलाई उत्तर तयार गर्न र व्यक्तिगत रूपमा भन्न प्रेरित गर्नुहोस् । उनीहरूबाट आएका उत्तर समेट्दै माथिको गीतको सार बताइदिनुहोस् । त्यसपछि केहीबेर सामूहिक रूपमा माथिको गीत गाउने अभ्यास गराउनुहोस् ।

### क्रियाकलाप ३ : **पाठ पठन र छलफल**

कक्षाको एक जना विद्यार्थीलाई पाठ्यपुस्तकको पेज ११३ को अनुच्छेद पढेर सुनाउन भन्नुहोस् । उसले पढिसकेपछि सो खण्डमा प्रस्तुत गरिएका कुराका सम्बन्धमा कक्षामा छलफल गराउनुहोस् । त्यसपछि अर्को एक जना पढ्न इच्छुक विद्यार्थीलाई हात उठाउन भन्नुहोस् । उसलाई पुस्तकको ११४ पेजको तराई क्षेत्र खण्ड सबैले सुन्ने गरी राम्रोसँग पढ्न भन्नुहोस् । यदि एक जनाभन्दा बढी विद्यार्थीले पढ्नका लागि हात उठाएमा पालैपालो उही अंश पढ्न भन्नुहोस् । त्यसपछि उक्त अंश पढ्ने विद्यार्थीलाई नै उक्त अनुच्छेदमा उल्लेख भएका मुख्य कुरा बताउन प्रेरित गर्नुहोस् ।

कक्षाका अन्य विद्यार्थीलाई पनि प्रस्तुत अनुच्छेदमा भनिएका मुख्य कुरा र उक्त क्षेत्रमा हुने मुख्य आर्थिक क्रियाकलापको जानकारी वा अनुभव भए सो बताउने अवसर पनि दिनुहोस् । विद्यार्थीबाट आएका विचार समेट्दै आवश्यकताअनुसार थप सहजीकरण गर्नुहोस् ।

### क्रियाकलाप ४ : **पाठ पठन र छलफल**

क्रियाकलाप ३ मा जस्तै पाठ्यपुस्तकको पेज ११४ र ११५ को पहाडी क्षेत्र र हिमाली क्षेत्र खण्ड एक एक जना विद्यार्थीले पढेर सुनाउने जिम्मा दिनुहोस् । यी खण्ड पढ्नका लागि यदि उक्त क्षेत्रको विद्यार्थी कक्षामा उपलब्ध भएमा उसलाई बोल्न वा उसका थप अनुभव पनि सुनाउन प्रेरित गर्नुहोस् । कक्षामा छलफल गराउँदा पहाडी क्षेत्र र हिमाली क्षेत्रका मुख्य आर्थिक क्रियाकलापलाई छुट्टाछुट्टै रूपमा गराउनुहोस् । प्रत्येक क्रियाकलाप तथा छलफलपछि आफूले थप जानकारीसमेत दिएर मात्र उक्त क्रियाकलाप सम्पन्न गर्नुहोस् ।

### क्रियाकलाप ५ : मेटाकार्ड टाँसौँ तालिका बनाऔँ

हिमाली, पहाडी र तराइ प्रदेशमा हुने आर्थिक क्रियाकलापसँग सम्बन्धित एक एकओटा बुँदा लेखिएको मेटाकार्ड तयार पार्न लगाउनुहोस् । सबै मेटाकार्डलाई एकै ठाउँमा राख्न लगाउनुहोस् । प्रत्येक विद्यार्थीलाई एक एकओटा कार्ड लिन लगाउनुहोस् । शिक्षण पाटीमा निम्नानुसारको तालिका बनाउनुहोस् । विद्यार्थीलाई आफूसँग भएको कार्ड कुन प्रदेशसँग मिल्छ त्यसमा लगेर टाँस्न लगाउनुहोस् । प्रस्तुतीकरणसमेत गर्न लगाई पृष्ठपोषण लिनदिन लगाउनुहोस् ।

| हिमाली प्रदेश पहाडी प्रदेश | तराई प्रदेश |
|---|---|
| | |

### क्रियाकलाप ६ : रिले खेल

तीनओटा कागजमा क्रमशः हिमाली क्षेत्र, पहाडी क्षेत्र र तराई क्षेत्र लेखेर भित्ताको तीनतिर टाँस्नुहोस् । विद्यार्थीको सङ्ख्याअनुसार तीन भागमा बाँड्न मिल्ने गरी H,M,T लेखेर सबै विद्यार्थीलाई पुग्ने गरी चिट्ठा तयार गरी एउटा बट्टामा जम्मा गर्नुहोस् । विद्यार्थीलाई एक एक गरी चिट्ठा थुत्न लगाउनुहोस् । सबैले चिट्ठा थुतेपछि H हुनेलाई तिमीहरू हिमाली क्षेत्र समूह भनेर नाम दिनुहोस् । यसैगरी M / T हुनेलाई पहाडी क्षेत्र र तराई क्षेत्र समूहको नामकरण गरिदिनुहोस् । त्यसपछि पाठका आधारमा अल्फबेट क्रममा आआफ्ना प्रदेशका मुख्य आर्थिक क्रियाकलाप एक पटकमा एउटा सुनाउन भन्नुहोस्, जस्तै : हिमाली क्षेत्र समूहले पहिलो पटकमा हाम्रो प्रदेशमा धेरै पर्यटक आउँछन् भन्न सक्छ । यो खेल करिब पाँच छ पटक खेल्ने अवसर दिनुहोस् । खेल सकिएपछि नअल्मलीकन खेल खेल्ने समूह कुन हो भनी सबै विद्यार्थीलाई सोध्नुहोस् । उनीहरूबाट भएको मूल्याङ्कन सही भए नभएको समेत ख्याल गरी सम्बन्धित समूहलाई विजेता घोषित गर्नुहोस् ।

### क्रियाकलाप ७ : समूहकार्य

कक्षाका विद्यार्थीलाई चार समूहमा विभाजन गर्नुहोस् । चारओटा कागजको टुक्रा लिएर चिट्ठा

तयार गर्नुहोस् । तिनमा उद्योग, व्यापार, कृषि र पर्यटन लेखी पट्याएर एउटा बट्टा वा आफ्ना हातमा राख्नुहोस् । अगि बनाएको समूहबाट एक एक जनालाई बोलाएर एकओटा चिट्ठा थुत्न लगाउनुहोस् । उनीहरूले थुतेका चिट्ठाका आधारमा समूहको नामकरण गर्दै सम्बन्धित आर्थिक क्रियाकलापअन्तर्गत पर्ने कामको सूची बनाई महत्त्व पनि लेख्न लगाउनुहोस् । यस कार्यमा आवश्यक सहयोग पनि गर्नुपर्ने हुन सक्छ । सबैले लेखिसकेपछि कक्षामा प्रस्तुत गर्न लगाई छलफल पनि गराउनुहोस् ।

## (ङ) मूल्याङ्कन

**तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) तराई प्रदेशलाई किन अन्नको भण्डार भनिएको होला ?

(ख) तपाईँ बस्ने प्रदेशका मुख्य आर्थिक क्रियाकलापको सूची तयार गर्नुहोस् ।

(ग) तराई प्रदेशमा धेरै उद्योग हुनुका कारण उल्लेख गर्नुहोस् ।

(घ) हिमाली क्षेत्रमा तराई प्रदेशमा जस्तो धान खेती हुँदैन, किन होला ?

एकाइ सात

# हाम्रो पृथ्वी

**अनुमानित कार्यघण्टा २६**

## १. एकाइ परिचय

भूगोलमा प्रकृति र मानवबिचको अन्तरसम्बन्धको अध्ययन गरिन्छ । यसमा भौगोलिक तथ्यबिचको सम्बन्धलाई विश्लेषण गर्ने कार्य गरिन्छ । पृथ्वीका भौगोलिक तथ्यको विविध पक्षको अध्ययन तथा विश्लेषण पनि गरिन्छ । मानिसका आर्थिक कार्यकलाप, सांस्कृतिक रहनसहन, वेशभूषा, वासस्थान, भौतिक पूर्वाधार, सेवा सुविधा आदि विषय पनि पृथ्वीको सतहमा पाइने भूधरातल र हावापानीका तत्त्वहरूसँग सम्बन्धित हुन्छन । त्यसकारण मानिस र प्रकृतिबिच हरेक स्थान, समय र परिवेशमा निकटतम सम्बन्ध रहेको हुन्छ । यस्ता विविध किसिमका अन्तरसम्बन्ध र तिनका अवस्थालाई हामी हाम्रो वरपर देखिने विभिन्न भूस्वरूप तथा दैनिकजसो घट्ने परिघटनाहरूबाट पनि देख्न, सुन्न र जान्न सक्छौँ । विद्यार्थीलाई सानै कक्षादेखि नै यस्ता विभिन्न भौगोलिक तथ्य तथा विषयवस्तुका बारेमा जानकारी दिने र प्रकृति र मानवबिचको सम्बन्धलाई अझ बढी प्रगाढ बनाउन प्रेरित गर्ने उद्देश्यले यो एकाइ समावेश गरिएको हो ।

यस एकाइमा सौर्यमण्डल, ग्रह र उपग्रहको सामान्य परिचय, पृथ्वीको बनोट, नेपालको प्राकृतिक स्वरूप, हावापानी, वनस्पति, जनसङ्ख्या र सामाजिक जनजीवन, स्थानीय विपत्हरू, नक्सा उतार, नक्सा अध्ययन र प्रयोगसम्बन्धी विषयवस्तु समावेश गरिएका छन् । यी विषयवस्तुको सहजीकरणका लागि उपयुक्त शैक्षणिक सामग्री, शिक्षण विधिको छनोट गरी त्यसको प्रयोग गर्नुका साथै सिकाइ अवस्थाको मूल्याङ्कन गरी आवश्यकताअनुसार थप सहयोगसमेत गर्नुपर्ने हुन्छ । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा बालबालिकामा विभिन्न प्रकारका जीवनोपयोगी तथा व्यवहारकुशल सिपहरू, जस्तै : समालोचनात्मक सोचाइ सिप, सञ्चार सिप, अन्तरवैयक्तिक सिप, नेतृत्व सिप आदिको विकास गर्न सहयोग पुऱ्याउनेतर्फ ध्यान दिनुपर्छ । सिकाइ क्रियाकलाप सञ्चालन गर्दा सबै प्रकारका बालबालिका सिकाइ प्रक्रियामा समावेश हुने कुराको सुनिश्चित गर्नुपर्छ ।

## २. एकाइगत सिकाइ उपलब्धि

यस एकाइको सिकाइ सहजीकरणपश्चात् विद्यार्थीले निम्नानुसारका सिकाइ उपलब्धि हासिल गर्न सक्षम हुने छन् :

१. सौर्यमण्डल, ग्रह र उपग्रहको सामान्य परिचय दिन

२. पृथ्वीको बनोटको परिचय दिन

३. नेपालको प्राकृतिक स्वरूप, हावापानी वनस्पति, जनसङ्ख्या र सामाजिक जनजीवन उल्लेख गर्न

४. स्थानीय विपत्को पहिचान गर्न र सावधानीका उपाय अपनाउन

५. आफू रहेको प्रदेशको नक्सा उतार गरी आफ्नो जिल्ला र स्थानीय तह देखाउन

६. नेपालको नक्सा अध्ययन र प्रयोग गर्न

## ३. विषयवस्तु, सिकाइ उपलब्धि, शैक्षणिक सामग्री र समय विभाजनसम्बन्धी विवरण

| पाठ | पाठको नाम | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| १ | सौर्यमण्डल ग्रह र उपग्रह | सौर्यमण्डल, ग्रह र उपग्रहको सामान्य परिचय दिन | सौर्यमण्डलको मोडल वा चित्र भिडियो, चार्ट ग्लोब | ४ |
| २ | पृथ्वीको बनावट | पृथ्वीको बनोटको परिचय दिन | ग्लोब, उसिनेको अन्डा, आरुबखडा, लिची, पृथ्वीको भित्री बनोट स्पष्ट देखिने चित्र, तहहरूको विशेषता लेखिएको चार्ट, एनिमेटेट भिडियो | ४ |

| | | | | |
|---|---|---|---|---|
| ३ र ४ | नेपालको प्राकृतिक स्वरूप, हावापानी वनस्पति र सामाजिक जनजीवन | नेपालको प्राकृतिक स्वरूप, हावापानी वनस्पति, जनसङ्ख्या र सामाजिक जनजीवन उल्लेख गर्न | प्राकृतिक विभाजनसहितको नेपालको नक्सा, नेपालमा पाइने विभिन्न प्रकारका माटाका नमुना, प्राकृतिक स्वरूप, हावापानी र जनजीवन झल्कने भिडियो, चित्र तथा फोटोहरू, नेपालको प्राकृतिक स्वरूपअनुसार यहाँ पाइने वनस्पतिसहितको नेपालको नक्सा, तालिका र चार्टहरू | ८ |
| ४ | विपत् पहिचान गरौं | स्थानीय विपत्को पहिचान गर्न र सावधानीका उपायहरू अपनाउन | विभिन्न प्रकोप र विपत्भल्किने चित्र वा भिडियो, प्रकोपका कारण र सावधानीका उपाय लेखिएको चार्ट | ५ |
| ५ | नक्सा निर्माण र अध्ययन | आफू रहेको प्रदेशको नक्सा उतार गरी आफ्नो जिल्ला र स्थानीय तह देखाउन नेपालको नक्सा अध्ययन र प्रयोग गर्न | सात प्रदेशसहितको नेपालको नक्सा, विभिन्न तथ्यसहितको नेपालको नक्सा, आफू रहेको प्रदेशको नक्सा, कार्डबोर्ड पेपर, पेन्सिल, विभिन्न भौगोलिक तथ्य र तथ्य जनाउने सङ्केत भएको चार्ट | ५ |
| जम्मा | | | | २६ |

शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा लैङ्गिकता, अपाङ्गता, धार्मिक सहिष्णुता, समवेशिता तथा सामाजिक एकताको मर्म विपरित नहुने गरी साथै विविधताको समेत सम्बोधन हुने कुरामा विशेष ध्यान पुऱ्याउनुपर्ने हुन्छ ।

पाठ १

# सौर्यमण्डल, ग्रह र उपग्रह

**अनुमानित कार्यघण्टा : ४**

## (क) पाठ परिचय

सूर्य एउटा तारा हो, यसबाट नै सबै ग्रह र उपग्रहको उत्पत्ति भएको हो । ग्रहहरूले सूर्यको परिक्रमा गर्छन् । उपग्रहहरूले आआफ्नो ग्रहको परिक्रमा गर्छन् । सूर्यको परिक्रमा गर्ने ग्रहहरू र ग्रहको परिक्रमा गर्ने उपग्रहहरूको समग्र समूह वा परिवारलाई सौर्यमण्डल (Solar System) वा सौर्यपरिवार भनिन्छ । सौर्यमण्डलको केन्द्रका रूपमा सूर्य रहेको हुन्छ । हामी बसेको पृथ्वी पनि सौर्यमण्डलकै एक सदस्य हो ।

यस पाठमा सौर्यमण्डलको परिचय, ग्रह र उपग्रहको सङ्ख्या, विशेषतासम्बन्धी विषयवस्तु समावेश गरिएको छ । सौर्यमण्डलको सम्बन्धमा विद्यार्थीमा भएका जिज्ञासालाई मेटाउन र भविष्यमा यसको रहस्यलाई अझ खोजी गर्न उत्प्रेरित गर्नु पनि यस पाठको उद्देश्य हो । यसका लागि उपयुक्त शिक्षण विधि र शैक्षिक सामग्रीको प्रयोग गरी विद्यार्थीका पूर्वअनुभव र दैनिक जिवनसँग जोडेर सरल रूपमा प्रस्तुत गरी विषयवस्तुको स्पष्ट ज्ञान, सिप र धारणाको विकास गराउनुपर्छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| • सौर्यमण्डल, ग्रह र उपग्रहको सामान्य परिचय दिन | • सौर्यमण्डलको परिचय दिन<br>• ग्रह र उपग्रहको परिचय, सङ्ख्या र विशेषता बताउन<br>• सौर्य मण्डलका सदस्यको नमुना तयार पार्न |

## (ग) शैक्षणिक सामग्री

- सौर्य मण्डलको मोडल वा चित्र
- भिडियो, चार्ट
- ग्लोब

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

विद्यार्थीलाई हामी कहाँ बसेका छौं ? अथवा हामी बसेको ग्रहको नाम के हो ? यो कसरी बनेको होला, भन्ने प्रश्न गर्नुहोस् । विद्यार्थीको उत्तर सुन्नुहोस् र उनीहरूको विचारलाई समेट्दै आजको पाठमा प्रवेश गर्नुहोस्।

## (आ) मुख्य क्रियाकलाप

### क्रियाकलाप १ **प्रश्नोत्तर र प्रदर्शन**

सौर्यमण्डल भनेको के हो ? ग्रह र उपग्रह भनेको के हो ? ग्रहहरू कतिओटा छन् ? जस्ता प्रश्नहरू गरी सौर्यमण्डल, ग्रह, उपग्रहका बारेमा विद्यार्थीको पूर्वज्ञान वा उनीहरूलाई थाहा भएका जानकारी भन्न लगाउनुहोस् । सबै विद्यार्थीका धारणा एकै नहुन पनि सक्छन्, उनीहरूले भनेका जानकारी धैर्यतापूर्वक ध्यान दिएर सुन्नुहोस् । सबैका कुरा सुनिसकेपछि सौर्यमण्डलको चित्र देखाउँदै सूर्य, ग्रह र उपग्रहसहितको समूह वा परिवारलाई सौर्यमण्डलको भनिन्छ भन्ने परिभाषा बताउनुहोस् ।

### क्रियाकलाप २ : **प्रस्तुतीकरण र छलफल**

सुर्य, पृथ्वी र अन्य ग्रहको उत्पत्तिको कसरी भयो भन्ने सम्बन्धमा प्रचलित कथा वा चित्र वा एनिमेटेड भिडियोमार्फत प्रस्तुत गर्नुहोस् र छलफल गरी सौर्यमण्डलको उत्पत्तिसम्बन्धी अवधारणा प्रस्ट पार्नुहोस ।

### क्रियाकलाप ३ **प्रदर्शन र छलफल**

एनिमेटेड भिडियो, चित्र, चार्ट आदिमार्फत सौर्यमण्डल, ग्रह र उपग्रहको परिचय प्रस्तुत गर्नुहोस । सूर्यको वरिपरि घुम्ने आकाशीय पिण्डलाई ग्रह भनिन्छ । ग्रहको वरिपरि घुम्ने आकाशीय पिण्डलाई उपग्रह भनिन्छ भन्ने जानकारी बताउनुहोस् । यस्ता ग्रहहरू आठओटा छन् । यीमध्ये पृथ्वी पनि एक ग्रह हो र यो सूर्यको वरिपरि घुमिरहन्छ । पृथ्वीलाई सूर्यको परिक्रमा गर्न ३६५ दिन ६ घण्टा लाग्छ । अन्य ग्रहलाई पनि सूर्यको परिक्रमा गर्न फरक फरक समय लाग्ने जानकारी बताइदिनुहोस् । चन्द्रमा पृथ्वीको उपग्रह भएकाले पृथ्वीको वरिपरि घुम्छ भन्ने जानकारी बताउनुहोस् । सूर्यका आठ ग्रहमध्येको एउटा ग्रह पृथ्वीमा मात्र जीवजन्तु र वनस्पति रहेका छन् भन्ने तथ्यलाई कारणसहित प्रस्ट पार्नुहोस् ।

### क्रियाकलाप ४ **भूमिका अभिनय**

सूर्यको वरिपरि घुम्नेलाई ग्रह र ग्रहको वरिपरि घुम्नेलाई उपग्रह भनिन्छ भन्ने सन्दर्भ प्रस्ट पार्नका लागि विद्यार्थीलाई सूर्य, ग्रहहरू र चन्द्रमाको भूमिका दिएर अभिनय गराउनुहोस् । अभिनय गराउँदा ग्रहहरूले  सूर्यलाई घुम्ने अन्डाकार बाटाहरू बनाउनुहोस र आठओटा ग्रहलाई आआफ्नो स्थान र बाटामा घुम्न लगाउनुहोस् । यसरी घुम्दा कुनै वेला सूर्यको नजिक पुगेको र कुनै वेला सूर्यको टाढा पुगेको कुरा जोड्दै पृथ्वी निश्चित भागमा कुनै समयमा जाडो र कुनै समयमा गर्मी हुने तथ्यलाई कारणसहित प्रस्ट पार्नुहोस् ।

### क्रियाकलाप ५ : म को हुँ

विद्यार्थीलाई आठओटा ग्रहको तथ्य अध्ययन गर्न लगाउनुहोस् । अध्ययनपश्चात् पहिलो चरणमा आठ जना विद्यार्थी छनोट गरी एउटा एउटा ग्रह बनेर पालैपालो आफ्ना बारेमा प्रस्तुत गर्न लगाउनुहोस्, जस्तै : म बुध ग्रह हुँ । म सूर्यको सबैभन्दा नजिकको ग्रह हुँ ।......................विद्यार्थी सङ्ख्याका आधारमा सकेसम्म धेरै विद्यार्थीले प्रस्तुत गर्ने मौका दिनुहोस् ।


### क्रियाकलाप ६ : खेल खेलौँ

विशेषताका आधारमा आकाशीय पिण्डलाई चिन्ने खेल खेलाउनुहोस् । यसका लागि विद्यार्थीलाई गोलो घेरामा उभिन लगाउनुहोस् । सर्वप्रथम शिक्षकले गोलो घेराको बिचमा उभिएर आफूलाई कुनै एक आकाशीय पिण्डका रूपमा सोच्नुहोस् र त्यसका विशेषता भन्नुहोस्, जस्तै : म सौर्यमण्डलको सबैभन्दा ठुलो ग्रह हुँ, म सूर्यबाट पाँचौँ स्थानमा रहेको छु, मेरा ६७ ओटा उपग्रह छन्, मलाई सूर्यको परिक्रमा गर्न ११.८६ वर्ष लाग्छ, म सबैभन्दा छोटो दिन हुने ग्रह हुँ, चिन्नुहोस् म को हुँ विद्यार्थीमध्ये सबैभन्दा पहिला जसले सही उत्तर भन्छ उसलाई बिचमा बोलाएर कुनै एउटा आकाशीय पिण्डको विशेषता भन्न लगाउनुहोस् तर पिण्डको नाम भन्न नपाइने कुरा भन्नुहोस् । उक्त विद्यार्थीले भनेको विशेषताका आधारमा कुन पिण्डको भनी अन्य विद्यार्थीलाई भन्न लगाउनुहोस् । यही क्रममा खेललाई जारी राख्नुहोस् ।

### क्रियाकलाप ७ नाम भरौँ

पाठ्यपुस्तकको पेज न. १२३ मा रहेको क्रियाकलाप १ मा सौर्यमण्डलको चित्रमा ग्रहको नाम लेख्न लगाउनुहोस् र आवश्यक सहजीकरण गरी पृष्ठपोषण गर्नुहोस् ।

जस्तै :



**क्रियाकलाप ८ : प्रयोगात्मक कार्य**

१२३ को क्रियाकलाप २ गराउँदा निम्नानुसार गराउनुहोस् :

यो क्रियाकलाप विद्यार्थीलाई गर्नका लागि सर्वप्रथम स्पष्ट निर्देशन दिनुहोस् । उपलब्धताका आधारमा माटाको सट्टामा रङ्गिन क्ले पनि प्रयोग गर्न सकिने गरी व्यवस्था गर्नुहोस् । काठको फल्याक वा कार्डबोर्ड पेपरमा बिचमा सूर्य रहने ठाउँ राखी त्यसको वरिपरि ग्रह उपग्रहहरूले सूर्यलाई घुम्ने अन्डाकार बाटा कोर्न लगाउनुहोस् । त्यस बाटामा ग्रहहरूको रङ, आकार र क्रम मिलाएर आफ्नो आफ्नो स्थानमा टाँस्न लगाउनुहोस् । बाटो बनाउनका लागि मसिनो तार, धागो वा मार्करले कोरेर पनि बनाउन सकिन्छ ।

## (ङ) मूल्याङ्कन / प्रतिबिम्बन

(क) शिक्षणसिकाइ क्रियाकलापकै क्रममा विद्यार्थीलाई छोटा प्रश्न सोधी, उनीहरूको क्रियाकलाप र हाउभाउ हेरी बुझे नबुझेको पहिचान गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ख) पाठ्यपुस्तकमा दिइएका क्रियाकलाप र अभ्यासका प्रश्न गर्न लगाई मूल्याङ्कन गर्नुहोस् र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ग) विद्यार्थीले गरेको अभिनय र प्रस्तुतीकरणलाई निम्न लिखित आधारमा मूल्याङ्कन गर्नुहोस् :

- सक्रिय सहभागिता
- आफ्नो जिम्मेवारी वहन
- विषयवस्तुको अवधारणाप्रति स्पष्टता
- हाउभाउ र प्रस्तुतीकरण
- साथीहरूसँगको सहकार्य, सहयोग र मेलमिलाप

(घ) विद्यार्थीले गरेको परियोजना कार्यलाई निम्न लिखित आधारमा मूल्याङ्कन गरी अभिलेख राख्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् :

- सौर्यमण्डलको नमुनामा ग्रह र उपग्रह प्रस्ट छुट्टिएको छ कि छैन ?
- सूर्य, ग्रह र उपग्रहलाई उपयुक्त स्थानमा राखिएको छ कि छैन ?
- ग्रहहरूको रङ र आकार मिलेको छ कि छैन ?
- प्रस्तुतीकरण आर्कषक छ कि छैन ?

## (ङ) थप अध्ययन सामग्री

https://www.ratopati.com/story/74725/sun-planet-satalite

https://kantipurjob.com/article/resources-center/saurymnnddl-rprthviismvndhii-saamaany-jaankaarii

https://loksewagyan.com/content/2/57

पाठ २

# पृथ्वीको बनावट

**अनुमानित कार्यघण्टा : ४**

## (क) पाठ परिचय

पृथ्वी सौर्यमण्डल वा सौर्य परिवारको एक सदस्यका रूपमा रहेको छ । सौर्यमण्डलका आठओटा ग्रहमध्ये पृथ्वी मात्र यस्तो ग्रह हो जसमा जीवजन्तुको बसोबास रहेको छ । हामी पृथ्वीमा बस्छौँ । यो सम्पूर्ण जीवजन्तुको वासस्थान हो । पृथ्वी हामी सबैको साझा घर हो । पृथ्वीको बनोट कस्तो छ भन्ने सम्बन्धमा विद्यार्थीलाई जानकारी गराउनु यस पाठको मुख्य उद्देश्य हो । यस पाठबाट विद्यार्थीमा विषयवस्तुको ज्ञानका साथै समालोचनात्मक सोचाइ सिपको विकास हुने अपेक्षा गरिएको छ ।

यस पाठमा पृथ्वीको बनोट कस्तो छ, कतिओटा तह रहेका छन्, ती तहको विशेषता के छ भन्नेजस्ता विषयवस्तु समावेश गरिएको छ । यस पाठलाई विद्यार्थीका दैनिक जीवनसँग जोडिएका सामग्रीको प्रयोग गरी सरल रूपमा प्रस्तुत गरेमा सजिलैसँग धारणा स्पष्ट पार्न सकिन्छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| पृथ्वीको बनोटको परिचय दिन | • पृथ्वीको बनोटको परिचय दिन<br>• पृथ्वीको बनावटको अवधारणा वताउन<br>• पृथ्वी बनावट झल्कने गरी चित्र बनाउन |

## (ग) शैक्षणिक सामग्री

ग्लोब, उसिनेको अन्डा, सुन्तला, भकुन्डो, लिची, पृथ्वीको भित्री बनोट स्पष्ट देखिने चित्र, तहहरूको विशेषता लेखिएको चार्ट, एनिमेटेट भिडियो

## (घ) शिक्षण सिकाइ क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

विद्यार्थीलाई भकुन्डो, स्याउ वा सुन्तला वा ग्लोब देखाउदै यी के हुन् ? कस्तो आकारका छन् ? भनी पहिचान गर्न लगाउनुहोस् । विद्यार्थीका विचार सुन्नुहोस् । यिनीहरूको आकार र पृथ्वी

आकार मिल्दो हुन्छ भन्ने कुरा बताइदिनुहोस् । त्यसपछि ग्लोब देखाउँदै यो पृथ्वीको नमुना हो । यसलाई ग्लोब भनिन्छ । हामी बसेको पृथ्वी पनि यस्तै गोलो छ भनी पृथ्वीको आकारसम्बन्धी धारणा प्रस्ट पार्नुहोस् । साथै भकुन्डोलाई स्याउ वा सुन्तलासँग तुलना गर्दै पृथ्वी भकुन्डो जस्तो पूरै गोलो नभई स्याउ वा सुन्तला जस्तै गोलाकार छ भन्ने अवधारणा दिँदै विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

## (आ) मुख्य क्रियाकलाप

### क्रियाकलाप १ : प्रदर्शन र छलफल

विद्यार्थीलाई तिमीहरूले भकुन्डो खेलेका छौ ? भनी प्रश्न गर्नुहोस् । उनीहरूको उत्तरलाई सुनिसकेपछि भकुन्डोभित्र के हुन्छ भन्ने प्रश्न गर्नुहोस् । पक्कै पनि हावा हुन्छ भन्ने उत्तर आउने छ । त्यसो भए पृथ्वी पनि भकुन्डो जस्तै हुन्छ पृथ्वीभित्र पनि हावा नै हुन्छ कि अरू नै केही हुन्छ, सोच्न लगाउनुहोस् । उनीहरूका विचार सुन्नुहोस् । पृथ्वीभित्र पनि भकुन्डोमा जस्तै हावा मात्र भएको भए के हुन्थ्यो होला सोच्न लगाउनुहोस् । यसले उनीहरूमा समालोचनात्मक सोचाइको विकास गराउने छ । त्यसैगरी लिची, आलुबखडा, अन्डा आदि देखे नदेखेको खाए नखाएको र तिनीहरूको बनोट कस्तो हुन्छ भन्ने सम्बन्धमा छलफल गर्नुहोस् । सम्भव भएसम्म वास्तविक वस्तु नै ल्याएर देखाउनुहोस् र ती वस्तुको बनोट र पृथ्वीको बनोट उस्तै हुन्छ भन्ने कुरा तुलना गर्दै बताउनुहोस् ।

### क्रियाकलाप २ : प्रदर्शन र व्याख्या

पृथ्वीको भित्री बनोट स्पष्ट देखिने उसिनेको अन्डा वा चित्र वा एनिमेटेट भिडियो र तहहरूको विशेषता लेखिएको चार्ट, प्रदर्शन गर्दै प्रत्येक तहका विशेषतालाई पालैपालो व्याख्या गर्दै प्रस्ट पार्नुहोस् ।

### क्रियाकलाप ३ : चित्र कोरौँ

विद्यार्थीलाई पृथ्वीको बनोटको चित्र बनाई प्रत्येक तहको नाम लेख्न लगाउनुहोस् । विद्यार्थीले चित्र बनाउँदा आवश्यक सहजीकरण गर्नुहोस् र मूल्याङ्कन गरी पृष्ठपोषण दिनुहोस् । केही उत्कृष्ट चित्रलाई कक्षाकोठामा टाँस्न लगाउनुहोस् ।

### क्रियाकलाप ४ : समूह कार्य

विद्यार्थीलाई तीन समूहमा विभाजन गरी एउटा समूहलाई स्थलमण्डल, दोस्रो समूहलाई मध्यमण्डल र तेस्रो समूहलाई केन्द्रमण्डलसम्बन्धी विवरण खोजी गरी तयार गर्न लगाउनुहोस् । तयारी विवरण प्रस्तुतीकरणपश्चात् एक अर्को समूहको प्रस्तुतिमा पृष्ठपोषण दिने मौका दिनुहोस् ।

छुटेका कुरा छलफल गरी प्रस्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ५ : प्रयोगात्मक कार्य**

विद्यार्थीलाई माटो वा क्लेको प्रयोग गरी पृथ्वीको बनावट बनाउन लगाउनुहोस् । हरेक तहलाई फरक फरक रङले देखाउनुहोस् । तयार भएको नमुना कक्षामा प्रदर्शन गरी पृष्ठपोषण आदानप्रदान गर्न लगाउनुहोस् ।

## ५. मूल्याङ्कन/प्रतिबिम्बन

(क) शिक्षण सिकाइ क्रियाकलापकै क्रममा विद्यार्थीलाई छोटा प्रश्न सोधी उनीहरूको क्रियाकलाप अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ख) पाठ्यपुस्तकमा दिइएका क्रियाकलाप र अभ्यासका प्रश्न साथै पाठबाट यस्तै अन्य प्रश्न बनाई गर्न लगाई मूल्याङ्कन गर्नुहोस् र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

# पाठ ३ : नेपालको प्राकृतिक स्वरूप तथा हावापानी र
# पाठ ४: नेपालमा वनस्पति र सामाजिक जनजीवन

**अनुमानित कार्यघण्टा : ८**

## (क) पाठ परिचय

नेपालको भूस्वरूप एकै प्रकारको छैन । कतै अग्ला अग्ला हिमाल छन् । कतै पहाड, खोच, बेंसी छन् । कतै तराई र भित्रिको समथर भूभाग रहेको छ । त्यसैगरी नेपालमा साना ठुला गरी धेरै नदी र ताल पनि रहेका छन् । प्राकृतिक स्वरूपका आधारमा नेपाललाई हिमाल, पहाड र तराई गरी तीनओटा प्रदेशमा विभाजन गरिएको छ । भूस्वरूपअनुसार नेपालका विभिन्न क्षेत्रमा फरक फरक हावापानी पाइन्छ । ठाउँअनुसार त्यहाँ पाइने माटो पनि फरक फरक रहेको छ । हावापानी र त्यहाँ पाइने माटोअनुसार त्यस ठाउँमा पाइने वनस्पति र उत्पादन हुने बालीनालीमा विविधता रहेको छ । त्यस्तैगरी भूस्वरूप, हावापानी र वनस्पतिको विविधता सँगसँगै त्यहाँको जनजीवनमा पनि विविधता रहेको छ । नेपालमा पाइने यस्तै भौगोलिक स्वरूप र हावापानी र जनजीवनको विविधतासँग परिचित गराउनु यी पाठको मुख्य उद्देश्य रहेको छ । यी पाठको सहजीकरण गर्दा विद्यार्थीको अनुभव, आफ्नो समुदायको प्रत्यक्ष अवलोकन, विषयवस्तुसँग सम्बन्धित भिडियो, नक्सा, चित्र, चार्ट तालिका आदि प्रयोग गर्नुपर्छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| नेपालको प्राकृतिक स्वरूप, हावापानी वनस्पति, जनसङ्ख्या र सामाजिक जनजीवन उल्लेख गर्न | • नेपालको प्राकृतिक स्वरूपको परिचय दिन<br>• नेपालमा पाइने हावापानीका प्रकार उल्लेख गर्न<br>• नेपालमा पाइने माटाका प्रकार बताउन<br>• नेपालका प्रमुख नदी र तालको परिचय दिन<br>• प्राकृतिक स्वरूपका आधारमा नेपालको सामाजिक जनजीवन उल्लेख गर्न |

द्रष्टव्य : यहाँ हाम्रो पृथ्वी एकाइअन्तर्गतका पाठ ३ को नेपालको प्राकृतिक स्वरूप तथा हावापानी र पाठ ४ को नेपालमा वनस्पति र सामाजिक जनजीवनलाई एकीकरण गरी शृङ्खलाबद्ध सिकाइ सहजीकरणको नमुना प्रस्तुत गरिएको छ । यसर्थ यसमा पाठ्यक्रम निर्धारण गरेका विषयहरु र कार्यघण्टा एकीकृत भएर रहेका छन् ।

## (ग) शैक्षणिक सामग्री

- प्राकृतिक विभाजनसहितको नेपालको नक्सा
- नेपालमा पाइने विभिन्न प्रकारका माटाका नमुना वा चित्र
- प्राकृतिक स्वरूप, हावापानी र जनजीवन झल्कने भिडियो, चित्र तथा फोटो
- नेपालको प्राकृतिक स्वरूपअनुसार यहाँ पाइने वनस्पतिसहितको नेपालको नक्सा

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

विद्यार्थीलाई तपाईंको समुदाय वरिपरिको भूस्वरूप कस्तो छ ? जाडो गर्मी कतिको हुन्छ ? आदि प्रश्न गर्नुहोस् । उनीहरूका उत्तर सुन्नुहोस् । उनीहरूको विचारलाई समेत जोड्दै विषयवस्तुको सुरुआत गर्नुहोस् ।

### (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ : प्रदर्शन र छलफल**

नेपालको विभिन्न भौगोलिक स्वरूप, जस्तै : हिमाल, पहाड, तराई झल्कने चित्र तथा भिडियो प्रदर्शन गर्दै ती भूस्वरूप र विद्यार्थी आफू रहेको स्थानको भूस्वरूप सम्बन्धमा छलफल गर्नुहोस् । भूस्वरूपको छलफलपछि विद्यार्थी बसोबास गर्ने ठाउँमा हावापानी कस्तो खालको छ, जाडो गर्मीको कत्तिको हुन्छ ? आदि सन्दर्भ जोड्दै भूस्वरूप र हावापानीको सम्बन्ध र प्रकार स्पष्ट पारिदिनुहोस् ।

**क्रियाकलाप २ : प्रदर्शन र छलफल**

विद्यार्थीलाई आफ्नो समुदायमा पाइने विभिन्न वनस्पतिका नाम भन्न लगाउनुहोस् । ती वनस्पति पाइने भौगोलिक क्षेत्र सम्बन्धमा पनि छलफल गर्नुहोस् । नेपालको भौगोलिक प्रदेश भएको नक्सा तथा विभिन्न क्षेत्रमा पाइने वनस्पतिको चित्र वा भिडियो प्रदर्शन गर्दै नेपालको भूस्वरूप र वनस्पति सम्बन्धमा छलफल गर्नुहोस् ।

**क्रियाकलाप ३ : जोडीमा छलफल**

नेपालका मुख्य नदी र ताल र यिनीहरूको उपयोगिता सम्बन्धमा जोडी जोडीमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् र स्थानीय नदी वा तालको उपयोगिताको अवस्थालाई समेत जोड्दै प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ४ : तालिका निर्माण**

फरक फरक प्रकारका माटो हुने कुरा विद्यार्थीलाई थाहा भए नभएको सम्बन्धमा पूर्वज्ञानको

जानकारी लिनुहोस् । माटो धेरै प्रकारको हुने कुरा विद्यार्थीको अनुभवसमेतलाई जोड्दै स्पष्ट पार्नुहोस् । विद्यार्थीलाई नेपालमा पाइने विभिन्न प्रकारका माटाको प्रकार सम्बन्धमा पाठमा दिइएको विवरण अध्ययन गर्न लगाई तालिकामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**नेपालमा पाइने माटाका प्रकार**

| माटाको प्रकार | पाँगो माटो | बलौटे पत्थरिलो माटो | रातो फुस्रो माटो | तलैया माटो | हिमाली माटो |
|---|---|---|---|---|---|
| विशेषता | | | | | |
| उत्पादन हुने बालीनाली | | | | | |

### क्रियाकलाप ५ : अवलोकन भ्रमण

विद्यार्थीलाई विद्यालय रहेको समुदायको भ्रमण गराउनुहोस् वा प्रत्यक्ष अवलोकन तथा स्थानीय जानकार व्यक्तिसँग सोधपुछ गरी त्यहाँको प्राकृतिक स्वरूप र विशेषता, हावापानी र विशेषता, त्यहाँ भएका खोला, नदी वा ताल र तिनीहरूबाट भएको फाइदा र त्यस क्षेत्रमा पाइने माटो र त्यसमा हुने उत्पादन सम्बन्धमा विवरण सङ्कलन गर्न लगाउनुहोस् । त्यसपछि समूहगत रूपमा कार्य जिम्मेवारी दिएर एउटा एउटा चार्ट तयार गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

### क्रियाकलाप ६ : प्रदर्शन र छलफल

विद्यार्थीले लगाउने कपडा, खानेकुरा, उनीहरूको परिवार र समुदायमा मनाउने चाडपर्व, गरगहना आदिको बारेमा छलफल गर्नुहोस् । प्राकृतिक बनोट, हावापानी, वनस्पति आदिअनुसार वेशभूषा, खानपान, चालचलन, रहनसहन, चाडपर्व संस्कार आदि फरक हुने कुरा विभिन्न उदाहरण, चित्र, भिडियो आदिमार्फत प्रस्ट पारिदिनुहोस् ।

### क्रियाकलाप ७ : भित्र बाहिर छलफल (Speed Dating)

विद्यार्थीलाई बराबर सङ्ख्या हुने गरी दुई समूहमा विभाजन गर्नुहोस् । विद्यार्थीलाई कक्षाको खुला ठाउँमा वा चउरमा लैजानुहोस् । दुइटा समूहमध्ये एउटा समूहलाई भित्री गोलो घेरामा र अर्को समूहलाई बाहिरी गोलो घेरामा उभिन लगाउनुहोस् । भित्री र बाहिरी घेराका विद्यार्थीलाई आमनेसामने हुने गरी उभिन लगाउनुहोस् । भित्री घेरामा रहने विद्यार्थी स्थिर रहनुपर्ने र बाहिरी घेरामा रहेका विद्यार्थी चलायमान (Movable ) हुने तथ्य बताउनुहोस् । सुरुमा पाठसँग सम्बन्धित कुनै विषयवस्तुमा दुई मिनेट समय दिई

आफ्नो सामुन्ने रहेको साथीसँग पालैपालो छलफल गर्न लगाउनुहोस्, जस्तै : नेपालमा पाइने वनस्पतिको प्रकार सम्बन्धमा छलफल गर्नुहोस् । त्यसपछि बाहिर घेराका साथी एक  कदम अगाडि बढ्नुपर्ने र उनले अब नयाँ साथीसँग फरक विषयवस्तुमा छलफल गर्नुपर्ने छ भनी बताइदिनुहोस् । फेरि छलफलको विषय दिनुहोस्, जस्तै : नेपालमा पाइने नदी र ताल र तिनको महत्त्वमा छलफल गर्नुहोस् । छलफल सकिएपछि कुनै जोडीलाई के छलफल गर्नुभयो भनी सोध्नुहोस् । एवम् रीतले ४/५ ओटा विषयवस्तुमा छलफल गराउनुहोस् ।

**(ङ) मूल्याङ्कन/प्रतिबिम्बन**

विद्यार्थीले गरेको क्षेत्र भ्रमण कार्यलाई निम्न लिखित आधारमा मूल्याङ्कन गर्नुहोस् :

१. विषयवस्तुको अवधारणाप्रति स्पष्टता

२. विषयवस्तुको सङ्कलन

३. प्रस्तुतीकरण सिलसिला

४. समन्वय, सहकार्य

५. अन्तरक्रिया

पाठ ५

# विपत् पहिचान गरौँ

**अनुमानित कार्यघण्टा : ५**

## (क) पाठ परिचय

कुनै पनि कारणले आपत्कालीन अवस्था सिर्जना हुनु विपत् हो । यो मानवीय र प्राकृतिक दुबै कारणले हुन सक्छ । विभिन्न प्राकृतिक प्रकोप, जस्तै : बाढी, पहिरो, भूकम्प, हावाहुरी, चट्याङ आदिले विपत्का अवस्था सिर्जना हुन सक्छ । त्यसैगरी मानवीय लापरवाहीका कारणले हुने आगलागी, डढेलो, महामारी आदिले पनि विपत् सिर्जना हुन्छ । विपत् जुनसुकै समयमा र जुनसुकै स्थानमा आइलाग्न सक्छ । यस पाठको मुख्य उद्देश्य विद्यार्थीलाई विपत्को अवस्थासँग परिचित गराउनु र मुख्य रूपमा आफ्नो स्थानीय स्तरमा हुने विपत्को पहिचान गरी सावधानीका उपाय अवलम्बन गर्न अभिप्रेरित गर्नु हो । यस पाठमा स्थानीयस्तरमा हुने विपत्का रूपमा हावाहुरी, आगलागी र डढेलोसम्बन्धी विषयवस्तु समावेश गरिएको छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| स्थानीय विपत्को पहिचान गर्न र सावधानीका उपाय अपनाउन | • हुरी बतास र आगलागीको परिचय दिन – हुरी बतास, आगलागी र डढेलोका कारण, क्षति र सावधानीका उपाय बताउन<br>• आफ्नो स्थानीय स्तरमा हुने विपत्को पहिचान गरी सावधानीका उपाय अपनाउन |

## (ग) शैक्षणिक सामग्री

विभिन्न प्रकोप र विपत् झल्किने चित्र वा भिडियो, प्रकोपका कारण र सावधानीका उपाय लेखिएको चार्ट

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### सुरुआती क्रियाकलाप

तपाईंहरूले कतै आगलागी भएको वा बाढी पहिरो गएको देख्नुभएको वा सुन्नुभएको होला ? भनी प्रश्न सोध्नुहोस् र उनीहरूका अनुभवलाई जोड्दै विपत्को अवधारणामा प्रवेश गर्नुहोस् ।

## मुख्य क्रियाकलाप

### क्रियाकलाप १ : प्रदर्शन र जोडीमा छलफल

विभिन्न प्रकोप र विपत्सम्बन्धी भिडियो क्लिप वा चित्र देखाउँदै चित्रमा के भइरहेको छ ? यो कस्तो प्रकारको विपत् हो ? आदि प्रश्न गर्दै छलफल गर्नुहोस् । साथै पाठ्यपुस्तकको पृष्ठ १४० मा दिइएको चित्रसमेत कुन प्रकोपसँग सम्बन्धित छ, जोडी जोडीमा छलफल गरी पहिचान गर्न लगाउनुहोस् ।

### क्रियाकलाप २ : कथा श्रवण र सिर्जनात्मक विचार प्रस्तुति

विद्यार्थीलाई आँखा चिम्लेर ध्यानमा बस्न लगाउनुहोस् । उनीहरूलाई केवल आफूले भनेको तथ्यमा मात्र ध्यान दिन भन्नुहोस् र पाठ्यपुस्तकमा दिएको मनिषको कथा सुनाउनुहोस् । बिच बिचमा अब के हुन्छ होला ? मनिषको ठाउँमा तपाइँ भएको भए के गर्नुहुन्थ्यो आदि प्रश्न गर्दै विद्यार्थीलाई अनुमान गर्न र आफ्ना सिर्जनात्मक विचार राख्न लगाउनुहोस् । कथा सकिएपछि कथा कस्तो लाग्यो ? तपाइँहरूको जीवनमा पनि यस्ता घटना घटेका छन् कि छैनन् आदि प्रश्न गर्दै हावाहुरी र यसले पार्ने असर सन्दर्भमा प्रस्ट पार्नुहोस् ।

### क्रियाकलाप ३ : ग्यालरी वाक

विद्यार्थीलाई तीन समूहमा विभाजन गरी एउटा समूहलाई हावाहुरीले पार्ने असर, दोस्रो समूहलाई हावाहुरीले पुऱ्याउने क्षति र तेस्रो समूहलाई हावाहुरीबाट सुरक्षित रहने उपाय सम्बन्धमा सामूहिक रूपमा छलफल गरी चार्ट तयार पारी टाँस्न लगाउनुहोस् । ग्यालरी हिँडाइ विधिको प्रयोग गरी पालैपालो सबै समूहले तयार पारेको सामग्री अध्ययन गर्ने, केही थप्ने वा सुझाव दिने अवसर प्रदान गर्नुहोस् । विद्यार्थीको प्रस्तुतिपछि आफूले बनाएको चार्ट प्रस्तुत गर्दै हावाहुरीले गर्ने क्षति र सावधानीका उपाय सम्बन्धमा थप प्रस्ट पार्नुहोस् ।

### क्रियाकलाप ४ : भूमिका अभिनय

पाठ्यपुस्तकमा दिएको आगलागीको घटनाको आधारमा विद्यार्थीलाई समूह समूहमा भूमिका अभिनय गराउनुहोस् । भूमिका अभिनयका लागि बोलिने संवाद र हाउभाउको पूर्वतयारी गर्न समय दिनुहोस्, समूहमा आवश्यक सहजीकरणसमेत गर्नुहोस् । प्रत्येक समूहको भूमिका अभिनयपश्चात् विद्यार्थीलाई आफ्नो अनुभव भन्ने मौका दिनुहोस् । बाँकी समूहका विद्यार्थीलाई राम्रो लागेका र सुधार गर्नुपर्ने पक्ष भन्न अभिप्रेरित गर्नुहोस् । भूमिका अभिनयपश्चात् विषयवस्तुलाई जोड्दै आगलागी हुने कारण, यसले गर्ने क्षति र आगलागीबाट बच्ने उपाय सम्बन्धमा छलफल गर्दै थप प्रस्ट पार्नुहोस् ।

### क्रियाकलाप ५ : माकुरी जालो

विद्यार्थीलाई गोलो घेरामा उभिन लगाउनुहोस् । एउटा धागोको लरियो वा डल्ला लिनुहोस् ।

आगलागी वा हावाहुरीबाट सुरक्षित रहन आफूले गर्ने कुनै एक प्रतिबद्धता सुनाउनुहोस्, जस्तै : हावाहुरी चल्दा म विद्युत्का स्विच अफ गर्छु । अब धागोको एक छेउमा समाई बाँकी धागोको डल्ला अन्य कुनै विद्यार्थीलाई फ्याक्नुहोस् र उसलाई पनि कुनै एक सुरक्षित रहने उपाय अपनाउने प्रतिबद्धता भन्न लगाउनुहोस् र धागोको एक भाग आफूले लिँदै बाँकी डल्लो अर्को साथीलाई फ्याक्न भन्नुहोस् । यसरी पालैपालै सबै विद्यार्थीलाई एक एकओटा प्रतिबद्धता भन्न लगाउनुहोस् । अन्तिममा सबैले आफूले लिएको धागोलाई तन्काउँदै सामूहिक प्रतिबद्धता जनाउन लगाउनुहोस् ।

## ५. मूल्याङ्कन ⁄ प्रतिबिम्बन

(क) शिक्षण सिकाइ क्रियाकलापकै क्रममा विद्यार्थीलाई छोटा प्रश्न सोधेर, उनीहरूको क्रियाकलाप अवलोकन गरेर आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ख) पाठ्यपुस्तकमा दिइएका क्रियाकलाप र अभ्यासका प्रश्न साथै पाठबाट यस्तै अन्य प्रश्न बनाई सोधेर वा लेख्न लगाएर मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ग) विद्यार्थीले गरेको नाटक वा भूमिका अभिनयलाई निम्न लिखित आधारमा मूल्याङ्कन गर्नुहोस् ।

१. सक्रिय सहभागिता

२. विषयवस्तुको अवधारणाप्रति स्पष्टता

३. आफ्नो जिम्मेवारी बहन

४. प्रस्तुतीकरण सिलसिला

५. हाउभाउ

(घ) पाठ्यपुस्तकको पृष्ठ १४३ को क्रियाकलाप न. २ मा दिइएको तालिका भर्न लगाई हावाहुरी र आगलागीबाट बच्नका लागि विद्यार्थीले होसियारी अपनाए नअपनाएको सम्बन्धमा स्वमूल्याङ्कन गर्न लगाउनुहोस् ।

पाठ ६

# नक्सा निर्माण र अध्ययन

**अनुमानित कार्यघण्टा : ५**

## (क) पाठ परिचय

नक्सा निर्माण एक सिप वा कला हो । नक्सा विभिन्न तरीकाले बनाउन सकिन्छ । सुरु सुरुमा छापेर र ट्रेसिङ गरेर नक्सा बनाउन सकिन्छ । नक्सा निर्माण गर्दा यसका आधारभूत तथ्य र नक्सा निर्माण प्रक्रियाको जानकारी हुनुपर्छ । नक्सामा सिमाना, दिशा, नापो र सङ्केत हुन्छ । विभिन्न तथ्यलाई नक्सामा विभिन्न सङ्केतका माध्यमबाट देखाइन्छ । यस पाठमा नक्सा बनाउने आधारभूत तथ्य, नक्सामा प्रयोग हुने सङ्केत, आफू रहेको प्रदेशको नक्सा निर्माण र नेपालको नक्सा अध्ययन गर्ने अभ्यास गराइने छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| • आफू रहेको प्रदेशको नक्सा उतार गरी आफ्नो जिल्ला र स्थानीय तह देखाउन<br>• नेपालको नक्सा अध्ययन र प्रयोग गर्न | • नक्सा बनाउँदा आवश्यक पर्ने आधारभूत तथ्य पहिचान गर्न<br>• नक्सामा प्रयोग हुने सङ्केत चिन्न र बनाउन – आफ्नो प्रदेशको नक्सा बनाउने अभ्यास<br>• नेपालको नक्सामा दिइएका तथ्य अध्ययन गर्न |

## (ग) शैक्षणिक सामग्री

- सात प्रदेशसहितको नेपालको नक्सा
- विभिन्न तथ्यसहितको नेपालको नक्सा
- आफू रहेको प्रदेशको नक्सा
- कार्डबोर्ड पेपर
- विभिन्न भौगोलिक तथ्य र तथ्य जनाउने सङ्केत भएको चार्ट

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

विद्यार्थीलाई आफ्नो घरबाट विद्यालयसम्म आउँदाको बाटो, सडक, जङ्गल, खोला, बस्ती

आदि सम्झन लगाउनुहोस् र त्यसका आधारमा सामान्य नक्सा कोर्न लगाई सँगैको साथीलाई देखाउन लगाउनुहोस् । एक दुई जना विद्यार्थीले बनाएको नक्सा प्रदर्शन गर्न लगाई आजको पाठ सुरुआत गर्नुहोस् ।


## (आ) मुख्य क्रियाकलाप

### क्रियाकलाप १ : **नक्सा निर्माणको आधारभूत जानकारीमा छलफल**

विद्यार्थीलाई नक्सा के हो र नक्सा कसरी कोर्न सकिन्छ भन्ने प्रश्न सोध्दै छलफल गर्नुहोस् र नक्सा निर्माण कसरी गर्न सकिन्छ भन्ने सम्बन्धमा आधारभूत जानकारी प्रदान गरी छलफल गर्नुहोस् ।

जस्तै :

- नक्सा कोर्दा पहिले बाहिरी रेखा कोर्ने अभ्यास गर्नुपर्छ ।
- नक्साको बाहिरी रेखा कोरिसकेपछि नक्सामा विभिन्न तथ्य भर्नुपर्छ ।
- नक्सा छापेर र ट्रेसिङ गरेर कोर्न सकिन्छ । यसरी नक्सा बनाउँदा बनाउँदै पछि बिस्तारै बानी बस्छ र राम्रो नक्सा बनाउन सकिन्छ ।
- नक्सामा सिमाना, दिशा, नापो र सङ्केत हुन्छ ।
- नक्सामा जहिले पनि उत्तर दिशा माथितिर हुन्छ । यसैका आधारमा अन्य दिशा पत्ता लगाउन सकिन्छ ।
- विभिन्न तथ्यलाई नक्सामा विभिन्न सङ्केतका माध्यमबाट देखाइन्छ ।




### क्रियाकलाप २ : **सङ्केत बनाऔँ**

नक्सामा प्रयोग हुने विभिन्न सङ्केत चार्टका माध्यमबाट प्रदर्शन गर्दै नक्सामा कुन तथ्यलाई कुन वा कस्तो सङ्केत प्रयोग गरिन्छ भन्ने कुरा प्रस्ट पार्नुहोस् । विद्यार्थीलाई शिक्षण पाटीमा लगेर पालैपालो सङ्केत लेख्ने अभ्यास गराउनुहोस् ।

### क्रियाकलाप ३ : **विद्यालय वरपरको नक्सा निर्माण**

विद्यार्थीलाई सुरुमा आफ्नो विद्यालयको वरिपरि के के छ, अवलोकन गर्न लगाउनुहोस् । नक्सामा पूर्व, पश्चिम, उत्तर, दक्षिण दिशा कता पर्छ भन्ने तथ्यलाई प्रस्ट पार्नुहोस् । त्यसपछि विद्यालयको सामान्य नक्सा बनाउन लगाउनुहोस् । नक्सामा विद्यालयको वरिपरि (पूर्व, पश्चिम, उत्तर, दक्षिण) रहेका बाटो, कार्यालय भवन, खोला, ताल, पोखरी, मन्दिर, गुम्बा, मस्जिद,

चर्च, जङ्गल आदिसमेत देखाउन लगाउनुहोस् । विद्यार्थीले बनाएको नक्सा आफ्नो नजिकैको साथीसँग तुलना गर्न लगाउनुहोस् । शिक्षकले हरेक नक्साको अवलोकन गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

### क्रियाकलाप ४ **समूह सङ्केत निर्माण र प्रदर्शन**

विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी हरेक समूहलाई कार्डबोर्ड पेपरमा विभिन्न तथ्यलाई जनाउने सङ्केत बनाउन लगाउनुहोस् र बनाएको सङ्केतलाई कक्षाका विभिन्न ठाउँमा टाँस्न लगाउनुहोस् । पालैपालो सबै समूहलाई एकअर्काको कार्य अवलोकन गरी आवश्यक सुझाव दिने अवसर प्रदान गर्नुहोस् ।

### क्रियाकलाप ५ : **नक्सा अध्ययन**

पाठमा दिइएको कर्णाली प्रदेशको नक्सा अध्ययन गर्न लगाई छलफल गर्नुहोस् । कर्णाली प्रदेशमा रहेका जिल्लाको सङ्ख्या र नाम, सिमाना, प्राकृतिक स्वरूप, सम्पदा सम्बन्धमा तथ्य प्रस्तुत गर्दै  प्रस्ट पार्नुहोस् ।

### क्रियाकलाप ६ : **जोडीमा छलफल र नक्सामा तथ्य अध्ययन**

इन्टरनेट वा अन्य माध्यमबाट विद्यार्थीलाई आफू बस्ने प्रदेशको विभिन्न तथ्यसहितको नक्सा खोजी गर्न लगाउनुहोस् । सम्भव नभएमा आफैँले खोजेर वा तयार पारेर उपलब्ध गराउनुहोस् । उक्त नक्सामा उल्लेख गरिएका तथ्य सम्बन्धमा जोडी जोडीमा छलफल गराउनुहोस् । छलफलबाट तयार गरेको निष्कर्ष कक्षामा सुनाउन लगाउनुहोस् । छुटेका तथ्य भएमा शिक्षकले सहजीकरण गरी प्रस्ट पार्नुहोस् ।

### क्रियाकलाप ७ : **प्रदेशको नक्सा निर्माण**

सुरुमा विद्यार्थीलाई सातै प्रदेश र जिल्लासमेत खुलेको नक्सा उपलब्ध गराई आफ्नो प्रदेश र जिल्ला पहिचान गर्न लगाउनुहोस् । त्यसपछि आफ्नो जिल्लाको नक्सामा स्थानीय तहसमेत भएको नक्सा उपलब्ध गराई आफ्नो स्थानीय तह पहिचान गर्न लगाउनुहोस् । त्यसपछि सात प्रदेशसहितको नेपालको नक्साबाट छापेर, ट्रेसिङ गरेर वा हेरेर आफ्नो प्रदेशको नक्सा बनाउने अभ्यास गराउनुहोस् । त्यसमा आफ्नो जिल्ला र स्थानीय तहसमेत देखाउन लगाउनुहोस् । नक्सामा प्रदेशमा भएका विभिन्न तथ्य सङ्केतसहित भर्न लगाउनुहोस् । साथीहरूको नक्सासँग तुलना गरी आवश्यक सुझाव आदानप्रदान गर्न प्रेरित गर्नुहोस्। विद्यार्थीलाई पालैपालो सिकाइ पाटीमासमेत नक्सा बनाउने अभ्यास गराउनुहोस् ।

### क्रियाकलाप ८ : **नेपालको नक्सा अध्ययन र तथ्य पहिचान**

विभिन्न तथ्यसहितको नेपालको नक्सा प्रदर्शन गर्दै नक्सा अध्ययनको अभ्यास गराउनुहोस् । नेपालको  सिमाना, छिमेकी देशहरू, प्रदेशहरू, जिल्लाहरू, प्रमुख धार्मिक स्थल, हिमाल, राष्ट्रिय निकुञ्ज आदि तथ्य पत्ता लगाउने अभ्यास गराउनुहोस् । यसरी अभ्यास गराउँदै पेज १४८ को क्रियाकलाप १ लाई समेत समेट्ने गरी अभ्यास गराउनुहोस् ।

## (ङ) मूल्याङ्कन/स्वप्रतिबिम्बन

(क) विद्यार्थीको व्यक्तिगत कार्य र सामूहिक कार्यलाई उनीहरूको सक्रियता, सहभागिता, सफा र उपयुक्तता र जिम्मेवारी बोधका आधारमा मूल्याङ्कन गर्नुहोस् ।

(ख) पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।